# कालो सूर्य

## उपन्यास

२०३६

लेखक

भरत जङ्गम

# कालो सूर्य

**लेखक** : **भरत जङ्गम**

जङ्गम निवास, बानेश्वर, काठमाडौं

**फोन नं.** : ०१४७९२१२९/९८५१०४९३८५

**इमेल** : bharat.jangam@gmail.com

**वेभसाइड** : www.jangam.com.np/www.anticorruption.edu.np

**प्रकाशक** : शब्दयात्रा प्रकाशन (प्रकाशनमाला-२१८)

अक्षरधाम, नीलकण्ठेश्वर, बनेपा-६, काभ्रे

©सर्वाधिकार लेखकमा सुरक्षित

पहिलो संस्करण : १००० प्रति २०३६ चैत्र

दोस्रो संस्करण : ३००० प्रति २०३८ मार्ग

तेस्रो संस्करण : ५००० प्रति २०४६ फागुन

चौथो संस्करण : ५००० प्रति २०६२ बैशाख

पाँचौं संस्करण : ३००० प्रति २०८० मार्ग १०

(लेखकको ७७ औं जन्मोत्सव)

**मुद्रक :** सनातन प्रेस, बानेश्वर काठमाडौं

**मूल्य :** ४००।-

ISBN : 978-9937-653–80–0

---

"Kalo Surya" A Novel By : Bharat Jangam

# कालो सूर्य विभिन्न भाषामा

## मूल लेखक - नेपाली भाषा : भरत जङ्गम

| | | | |
|---|---|---|---|
| १. अङ्ग्रेजी | : | दि ब्ल्याक सन | सरोजकुमार शाक्य, काठमाडौं |
| २. हिन्दी | : | काला सुरज | डा. रामदयाल राकेश, काठमाडौं |
| ३. चिनियाँ | : | हाई थयाङ्ग | चाउ जाङ्ग तथा चेन ली, ग्वाङ्चाउ, चीन |
| ४. रुसी | : | चोर्ने सोन्स | अलेक्जेण्डर पाब्लोभ, अडेसा, युक्राइन |
| ५. जापानी | : | कुराजी ताइयो | काजीहितो साहेगी, टोकियो, जापान |
| ६. बङ्गला | : | काला सुरय | सेहबुद्धिन अहमद, ढाका, बङ्गलादेश |
| ७. असमी | : | काला खुरज | प्रा.गीता उपाध्याय, तेजपुर, असम, भारत |
| ८. उर्दू | : | काला सुरज | एस.ए.सिद्दिकी, ढाका |
| ९. मैथिली | : | कारि सुरज | एस.एन. पण्डित, विराटनगर |
| १०. नेवारी | : | हाकुम्ह सूर्द्यः | ध्रुव मधिकर्मी, भक्तपुर |
| ११. कन्नड | : | कप्पु सूर्य | प्रा. दक्षिणामूर्ति, बैंगलोर |
| १२. संस्कृत | : | कालार्क | रोहिणी तिमिल्सिना |
| १३. डोट्याल | : | कालो सूर्या | आर. डि. प्रभास चटौत |
| १४. भोजपुरी | : | कारी सूरज | डा. गंगाप्रसाद अकेला |
| १५. चित्र | : | कला र साहित्य संगम | इन्दु पन्त |

विश्वेश्वर प्रसाद कोइराला

फोन नं. १२५६९
चावहिल, काठमाडौं

१२ कार्तिक २०३६

प्रिय भाइ नगेन्द्रजी,

तपाईंले लेख्नु भएको उपन्यास 'कालो सूर्य' लाई चाखका साथ पढें। हिजोआजको हाम्रो राष्ट्रिय जीवनमा, प्रत्येक स्तरमा, भएको नैतिक ह्रास को चित्रण तपाईंले प्रस्तुत गर्नु भएको छ। कुनै पनि संवेदनशील नेपाली का लागि यस्तो परिस्थिति गहन वेदना को कुरा भएकोछ। तपाईंले आफ्नो लेखनीद्वारा यस्तो स्थिति को उद्घाटन गर्नु भएकोछ जो प्रशंसनीय छ। साधारण पाठकहरूले दिनदिनै आफ्नै जीवन मा यस्तो स्थिति को परिणाम भोग्नु परी रहेछ। तपाईंको उपन्यासलाई साधारण पाठकहरूले पढी दिए शायद उनीहरूको निष्क्रिय भएको नैतिक चेतना केही मात्रा मा भए पनि पुनः जागृत हुन्छ कि भन्ने लाग्छ। अझ शायद आफ्नो एकान्त दुःखमा केही सहयोगीभावना ले मुक्त हुन सक्ने कि!

तपाईंको उपन्यासले दाहक चित्र उपस्थित गरेको छ र यो उपन्यासको उद्देश्य पनि त्यति मात्र हो। अर्थात् यसको उद्देश्य यति मात्र हो पाठकलाई भन्ने कि हेर हाम्रो राष्ट्रिय जीवन कति भ्रष्ट पारिएको छ। तर अब आवश्यकता छ यस्तो स्थिति लाई बदल्ने, राष्ट्र लाई यस्तो पतनबाट पनि बचाउने भन्ने र कहिले यस्तो भयो भन्ने कुरा पनि सोच्ने दृष्टिकोण को विकास तपाईंलाई चाहिन्छ। मैले राजनीतिक क्षेत्रमा गर्दै लिएको कार्य को उद्देश्य राष्ट्रिय जीवन मा पुनः नैतिक मूल्य को स्थापना हो। तपाईंले आफ्नो क्षेत्र बाट आफ्नो अर्तिको ठाउँबाट यसमा सहयोग पुर्याउन खोज्नु भएकोछ। धन्यवाद—

तपाईंको
विश्वेश्वर प्र. कोइराला

# प्रकाशकीय

'कालो सूर्य' उपन्यासको प्रकाशन गर्ने अभिभारा प्राप्त गरेकोमा उपन्यासकार भरत जङ्गमप्रति शब्दयात्रा प्रकाशन आभारी छ। आफ्नै सल्लाहकार तथा आजीवन सदस्यले लेखेर अन्तर्राष्ट्रिय ख्याति आर्जन गरिसकेको पुस्तकको प्रकाशक हुन पाउनु संस्थाका लागि त्यसै पनि गौरवको विषय हो ।

काठमाडौँ उपत्यकाको प्राचीन नगर भक्तपुरस्थित टौमढी टोलमा २००४ साल मङ्सिर १० गते जन्मनु भएका र काठमाडौँको बानेश्वरमा बस्नुभएका भरत जङ्गम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त व्यक्ति हुनुभएकाले उहाँका बारेमा र उहाँले गर्नुभएका कार्यहरूका बारेमा विश्वप्रसिद्ध विकिपिडिया, सर्च इन्जिन गुगल र विभिन्न वेबसाइटले उल्लेख गरेका छन् ।

भरत जङ्गमका बारेमा 'भरत जङ्गम : विचार र दृष्टिकोण' (अन्तर्वार्ता सङ्ग्रह), 'कालजयी व्यक्तित्व भरत जङ्गम' (अभिनन्दनग्रन्थ), 'भरतेन्दु' (महाकाव्य), 'कालो सूर्यका उज्याला किरण' (समीक्षा), 'भरतांशु' (महाकाव्य), 'भरत' (महाकाव्य), 'भ्रष्टविरोधी शास्त्रका प्रवर्तक : नवीन दर्शनका दार्शनिक' (कालजयी व्यक्तित्व भरत जङ्गम : दोस्रो भाग) र 'शिरोवर्ती भरत जङ्गम' जस्ता कृतिहरू प्रकाशित भइसकेका छन् । उहाँ र उहाँको सिर्जनाका विषयमा त्रिभुवन विश्वविद्यालयबाट १८ जनालाई स्नातकोत्तर तहको शोध र नेपाल संस्कृत विश्वविद्यालयबाट एकजनालाई विद्यावारिधि गराइएको छ । उहाँका बारेमा लेखिएको एउटा महाकाव्य प्रकाशोन्मुख छ भने एकजना विद्यावारिधि गर्दै हुनुहुन्छ । उहाँले २०७३ सालमा विश्वप्राज्ञिक समाजलाई नेपालका तर्फबाट भ्रष्टविरोधी शास्त्र (एन्टिकरप्टोलोजी) उपहार दिनुभएको हुँदा उहाँकै कारणबाट विश्वले पहिलोपटक भ्रष्टविरोधी शास्त्रका रूपमा भ्रष्टाचारविरोधी विज्ञान पाएको छ । उहाँले प्रतिपादन गर्नुभएको भ्रष्टाचारविरुद्धका विषयमा नेपालको त्रिभुवन विश्वविद्यालयमा अध्ययन-अध्यापन प्रारम्भ भइसकेको छ । त्यसैले उहाँ भ्रष्टाचारविरोधी विज्ञानका पिता (अ फादर अफ एन्टिकरप्सन साइन्स) हुनुहुन्छ । भ्रष्टविरोधी शास्त्र विभिन्न भाषामा अनुवाद भएका छन् र भइरहेका पनि छन् ।

भरत जङ्गमका प्रकाशित पुस्तकहरू 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम', 'पचास प्रसङ्ग', 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान', 'भ्रष्टाचार : वैचारिक आन्दोलन', 'ख्वपदेश', 'उर्लिएका लहरहरू', 'छचल्किएका रहरहरू', 'निर्बन्ध बन्धन', 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' र 'भ्रष्टविरोधी शास्त्र' हुन् । यी पुस्तकहरूमध्ये 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम' र 'भ्रष्टविरोधी शास्त्र' नेपाली बाहेकका विभिन्न भाषाहरूमा अनुवाद भएका छन् ।

भरत जङ्गमका प्रकाशित पुस्तकहरू 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम', 'पचास प्रसङ्ग', 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान', 'भ्रष्टाचार : वैचारिक आन्दोलन', 'ख्वपदेश', 'उर्लिएका लहरहरू', 'छचल्किएका रहरहरू', 'निर्बन्ध बन्धन', 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' र 'भ्रष्टविरोधी शास्त्र' हुन्। यी पुस्तकहरूमध्ये 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम' र 'भ्रष्टविरोधी शास्त्र' नेपालीबाहेकका विभिन्न भाषाहरूमा अनुवाद भएका छन् ।

भरत जङ्गमलाई अनेक व्यक्तित्व भएका एक व्यक्ति मानिन्छ । समाजमा फैलिएका र फैलिरहने अनेक विकृतिहरू हटाउने विषयमा चिन्तन गर्दै २०२७ सालदेखि भ्रष्टाचार विरुद्धको अभियानमा समर्पित भएर नेपाली समाजमा क्रियाशील रहनुभएका उहाँसफल पत्रकार, शीर्षस्थ साहित्यकार, कुशल अभियन्ता, कडा प्रशासक, कानुनका ज्ञाता, कर्तव्यमा समर्पित कर्मयोगी, इतिहास र संस्कृतिका मर्मज्ञ तथा भ्रष्टविरोधी विज्ञानका प्रवर्तक एवं विश्वप्राज्ञिक क्षेत्रमा भ्रष्टविरोधी शास्त्रका पिताका रूपमा स्थापित हुनुभएको छ । उहाँको व्यक्तित्वका यिनै बहुआयामहरूले उहाँलाई नवीन दर्शनका दार्शनिकका रूपमा स्थापित गराएका छन् ।

यसरी भरत जङ्गमलाई समुन्नत, सभ्य, सुसंस्कृत र भ्रष्टाचाररहित मानव-समाजको परिकल्पना गरी साहित्य, पत्रकारिता, राजनीतिक चिन्तन, प्रशासन, अध्यात्म, कानुन, समाजसेवा, इतिहास, पुरातत्त्वसम्बन्धी अनुसन्धान, भ्रष्टाचारविरोधी अभियान तथा भ्रष्टाचारविरोधी विज्ञान आदि विविध क्षेत्रबाट सर्वतोमुखी मानव-कल्याणका लागि समर्पित विश्व वाङ्मयका अमूल्य निधि भ्रष्टविरोधी शास्त्रका प्रवर्तक एवं नवीन दर्शनका दार्शनिक भन्न सकिन्छ ।

यसबाहेक नेपालको राजनीतिक, प्रशासनिक, कानुनी, न्यायिक, साहित्यिक र सामाजिक वृत्तमा देखिने भ्रष्ट आचार-विचार र व्यवहारहरूका विरुद्ध लामो समयदेखि व्यक्तिगत, संस्थागत र सामाजिक रूपमा सङ्घर्ष गर्दै नेतृत्व तहदेखि सामान्य तहसम्म हुनुपर्ने सदाचारी जीवन-पद्धतिका निम्ति आफ्नो जीवन समर्पण गर्नुभएका भरत जङ्गमसँग सम्बन्धित केही अभिलेखहरू पनि जोडिएका छन् । नेपालमा एउटै व्यक्तिका बारेमा दुईपटक सार्वजनिक रूपमा जनस्तरीय अभिनन्दन गर्न राष्ट्रका विशिष्ट व्यक्तित्वहरू सम्मिलित समारोह समिति बनेको र दुवैपटक करिब नौ-नौ सय पृष्ठको अभिनन्दन ग्रन्थ निस्केको व्यक्ति भरत जङ्गम नै हुनुहुन्छ ।

नेपालमा पहिलोपल्ट उहाँकै ६० औं जन्मोत्सवलाई मोती महोत्सवका रूपमा मनाइएको थियो । आफ्नै विषयमा १८ वटा शोधप्रबन्ध तयार पारी त्रिभुवन विश्वविद्यालयका छात्रछात्राले स्नातकोत्तर तह उत्तीर्ण गरेको देख्ने लेखक पनि उहाँ नै हुनुहुन्छ । पूर्वमन्त्रीले शोधप्रबन्ध लेखी विद्यावारिधि उत्तीर्ण गर्नका लागि कृति छानिएका नेपालका जीवित लेखक पनि उहाँ नै हुनुहुन्छ । उहाँ आफ्नै जीवनकालमा आफ्ना विषयमा लेखिएका तीनवटा महाकाव्य पढ्न पाउने र दुईवटा महाकाव्य लेखिँदै गरेको जानकारी पाउने भाग्यमानी नेपाली लेखक पनि हुनुहुन्छ । आफ्नो पहिलो साहित्यिक कृति नै विश्वका १५ वटा भाषामा अनूदित भई धेरै भाषामा अनूदित हुने कृतिका रूपमा स्थापित भएको देख्ने नेपाली लेखकका रूपमा पनि उहाँ सुपरिचित हुनुहुन्छ । आफ्नो विधामा ख्याति आर्जन गरेका विभिन्न अनुसन्धाताहरूले अनेकौं अनुसन्धान गरी स्थापित गरिसकेको ऐतिहासिक मान्यतालाई छुट्टै प्रमाण र तर्क दिएर एकैपटक गलत सावित गर्न आँट गर्ने व्यक्तिको परिचय पनि उहाँले पाउनुभएको छ । उहाँ पत्रकारका रूपमा, इतिहासकारका रूपमा, कानुनविद्का रूपमा, समाजसेवीका रूपमा, आध्यात्मिक अभियन्ताका रूपमा, सामाजिक अभियन्ताका रूपमा, दार्शनिकका रूपमा, व्यवसायीका रूपमा, प्रशासकका रूपमा, अनुसन्धाताका रूपमा र चिन्तकका रूपमा प्रसिद्धि पाएका साहित्यकार हुनुहुन्छ । करिब साढे पाँच दशकसम्म एउटै अभियानमा निरन्तर र अथक रूपमा लागिरहने र त्यसको सफलताका लागि वाङ्मय क्षेत्रका अनेकौं विधालाई माध्यम बनाउने व्यक्ति तथा आफू पूर्णकालीन राजनीतिकर्मी नभएर

पनि सडक-आन्दोलन र विद्युतीय सञ्चार-माध्यमबाट राजनीतिक खबरदारी गरिरहने नेपाली लेखकको परिचय पनि उहाँले प्राप्त गर्नुभएको छ । एक्काइसौँ शताब्दीको विश्वलाई नेपालका तर्फबाट नवीन दर्शन र सिद्धान्त उपहार दिई विश्वमानचित्रमा नेपालको गौरव बढाउने र त्यही सिद्धान्तलाई विश्वका विभिन्न विश्वविद्यालयको स्नातकोत्तर कार्यक्रमको पाठ्यक्रममा स्वीकृत गराई विश्वविद्यालयभित्र त्यसैका लागि छुट्टै विभाग खोलेर नियमित रूपमा अध्ययन-अध्यापन गराउन सक्ने व्यक्ति पनि उहाँ नै हुनुहुन्छ ।

पूर्वप्रधानमन्त्री तथा साहित्यकार बीपी कोइरालाले तत्कालीन समाजको जीवन्त अभिलेखका रूपमा चित्रण गरेपछि भरत जङ्गमको 'कालो सूर्य' उपन्यासको चर्चा एकाएक चुलिएको थियो । २०३६ सालमा इन्दु प्रकाशन प्रकाशक बनी इन्डियाको बनारसबाट प्रकाशन भएयता यो उपन्यास नेपाली भाषाको चौथो संस्करणसम्ममा लाखौँ पाठकको हातमा परिसकेको छ । त्यो संस्करण पनि बजारमा पाइन छाडेपछि उपन्यासकार भरत जङ्गमको सदिच्छाबमोजिम पाँचौँ संस्करणका रूपमा शब्दयात्रा प्रकाशनबाट यो उपन्यास प्रकाशन हुन लागेको हो । यसबाट यस संस्थाको गौरव र गरिमामा बृद्धि भएको हामीलाई लागेको छ ।

आफ्नो बहुचर्चित र विश्वप्रसिद्ध उपन्यासको प्रकाशनका लागि शब्दयात्रा प्रकाशनको स्मरण गर्नुभएकोमा भरत जङ्गमप्रति पुनः आभार व्यक्त गर्दछु । प्रकाशनका सन्दर्भमा आ-आफ्ना तर्फबाट सहयोग गर्ने सबैलाई यस संस्थाका तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**१० मङ्सिर, २०८०** **हरि मञ्जुश्री**

संस्थापक अध्यक्ष

# लेखकको कलमबाट

'कालो सूर्य'को पाँचौं संस्करण प्रकाशित हुन लागेकोमा मलाई खुसी लाग्नु स्वाभाविक हो । स्वच्छ, इमान्दार र विश्वासयोग्य व्यक्तिहरूको बस्तीले बाहुल्य पाएको प्रकाशमय नेपाली समाजमा एकाएक झूठ, बेइमानी र अनैतिकता सल्बलाउन थाल्यो, यसैगरी स्वार्थी एवं औसरवादीहरूको बोलवाला चल्न थालेपछि विस्तारै नेपाली समाजलाई अन्धकारले घेराबन्दी ठोक्न थाल्यो । हो, यस्तै नेपाली समाजको अवस्था र त्यसको उतारचढाउको अनुभवको धरातलमा उभिएर 'कालो सूर्य' जन्मिएको हो ।

अपरिचित हिमालको आरोहण-यात्रामा समर्पित म एकल यात्रीले गन्तव्यविन्दुको पहुँचका लागि अनेकानेक माध्यम प्रयोग गर्दै अगाडि बढिरहेको छु । यस्तो अनौठो यात्रामा मैले साहित्यको माध्यमलाई प्रयोग गरी आफ्नो गन्तव्यको खोजी जारी राखें । विचारलाई विभिन्न कसीमा रगड्दै, परीक्षणमा उत्रँदै र प्रयोग गर्दै मेरा मन, मस्तिष्क, प्रयत्न र कलम अगाडि बढ्दै गए । यसै परिप्रेक्ष्यमा २०३६ सालमा नेपाली समाज र नेपाली भाषाभाषीको माझमा उदाएको 'कालो सूर्य' नेपालमा मात्र सीमित नरही विश्वका अन्य भू-भागमा समेत फैलन समर्थ भयो ।

अङ्ग्रेजी भाषाको अतिरिक्त बढी जनसङ्ख्याले पढ्ने रुसी र चिनियाँ भाषामा समेत अनूदित भएर 'कालो सूर्य' ले हाल विश्वबजारमा चलेका अन्य साहित्यसँग प्रतिस्पर्धा गर्न कस्सिएर लागेको छ । 'कालो सूर्य'ले नेपाली भाषाको मूल्य र मान्यता मात्र होइन नेपाली वाङ्मयलाई विश्वभर चलेका अन्य भाषाभाषीका बीच राम्ररी चिनारी गराउने छ भन्ने मैले बलियो विश्वास लिएको छु ।

मलाई थाहा थिएन सोभियत रुस र जापानजस्ता शक्तिसम्पन्न मुलुकका नागरिकको आर्थिक तथा सामाजिक रीतिस्थिति र अवस्था पनि पिछडिएको भनी कहलिएका हामी नेपालीको सामाजिक मूल्यमान्यता तथा

जनजीवनसँग मिल्दोजुल्दो हुँदो रहेछ भनेर ! यो सत्यताको बोध मलाई त्यतिखेर हुनगयो जतिखेर ती देशका अनुवादकहरूले 'कालो सूर्य' अनुवाद गर्ने क्रममा स्वीकृतिका लागि म समक्ष प्रस्ताव राख्न थाले । वास्तवमा विश्वका कुनै पनि साना वा ठूला मुलुकहरूमा बसोवास गर्ने नागरिकमा एकै किसिमका मनोदशा र समस्या हुँदा रहेछन् ।

सर्वप्रथम अङ्ग्रेजी भाषामा 'कालो सूर्य' अनूदित भएर 'द ब्ल्याक सन' नामक पुस्तक प्रकाशित भएपछि क्रमशः हिन्दी, बङ्गला, जापानी, चिनियाँ, रुसी, हुँदै विश्वको चौध भाषामा अनूदित भएर प्रकाशित भयो । साथै यो उपन्यास साहित्य र कला संगमको नाममा चित्रमा अनूदित भएर विश्वप्रसिद्धि प्राप्त गर्न सफल भएकोमा मलाई अत्यन्तै खुसी लागेको छ ।

अन्तमा, यो 'कालो सूर्य' विक्रमीय एक्काईसौँ शताब्दीको तीसको दशकमा तत्कालीन नेपाली समाजमा विद्यमान आर्थिक तथा सामाजिक परिवेशमा रचना भएको हुँदा पाठकहरूलाई त्यही परिवेशको आधारमा यसको मूल्याङ्कन गर्नुहुन सादर अनुरोध गर्दछु ।

**२०८० साल मंसिर १०** **भरत जङ्गम**

# आइतबार

धेरै दिनदेखि मेरो मनःस्थिति असन्तुलित छ । यी गाउँ र सहरहरूको भविष्यसँग वर्तमानले खेलबाड गरेको देख्ता मलाई वर्तमानसँगै घृणा पैदा भएको छ । यो देशका प्रत्येक मानवीय जीवनसँग जोरी खोजिरहेको परिस्थितिले मेरो हृदय कम्प गराइरहेछ । म भन्न अनि निश्चित गर्न सक्तिनँ धेरै दिनदेखि मलाई किन यस्तो भइरहेछ ? मेरा प्रत्येक अङ्ग-प्रत्यङ्गहरू कामेर जुरमुराउन खोज्छन् केही निश्चित बाटो पहिल्याउन, सुन्दर भविष्य तयार गर्न, तर पनि स्थिति यति विकराल छ जहाँ म खुट्याउन पनि सक्तिनँ ।

आज म सबेरै बिउँभिएको छु । दैनिक कार्यतालिकाअनुसार मेरो चिया आइपुगेको छैन । चिया आइपुग्न अभै दुई घण्टा बाँकी छ । चियाका लागि मैले दुई घण्टा प्रतीक्षा गर्नु छ । मैले निश्चय गरेँ, आज बिहानको चिया म मेरो साथी जीवनकहाँ पिउँछु । यो विचार गरी म घरबाट निस्किएँ ।

जीवन मेरा धेरै पुराना साथी हुन् । उनी एक सरकारी कार्यालयमा नायवसुब्बा छन् । काठमाडौँको ठाउँ, एउटा सानो डेरा ! बस्, राम्रै छ । उनकी श्रीमती आफैँ खाना बनाउँछिन् । दुई बच्चा स-साना, स्कुलमा पठाउने बेला भइसकेको छ । जीवन अफिस जानुअघि र अफिसबाट फर्किएपछि छोराछोरीसँग भुल्ने गर्छन् । किनभने उनकी श्रीमतीलाई उनले बिहान-बेलुका बच्चाबाट फुर्सद पनि त दिनु छ ! उनको पारिवारिक सुख देख्ता मलाई आहारिस लाग्छ । कति रमाइलो वातावरण छ उनको घरमा ! सबै काम विनानोकर टाकटुक सकिन्छ ।

जीवनको कोठाको ढोकामा नपुग्दै अनायास मेरो खुट्टा रोकिन्छ । भित्र

दुई लोग्नेस्वास्नीबिचमा भएको गनगन सुन्न पुगेँ । मैले जीवनलाई बोलाउने हिम्मत गर्न सकिनँ र त्यहाँभन्दा अगाडि बढ्न पनि सकिनँ । ती दुईको कुराकानी म टड्कारो सुनिरहेको छु ।

"तिमी किन कुरा बुझ्दिनौ बाबा ! मात्र कचकच गरिरहन्छ्यौ । पैसा हुनेले बोर्डिङमा पढाउन्, दार्जिलिङ पठाउन् र लन्डन पुऱ्याउन्, मलाई केको मतलब छ ? भएको खान देऊ । घरमै पढाऊ । अर्को साल त्यो दोबाटोको प्राइमरी स्कुलमा भर्ना गरिदिउँला । मेरो प्रमोसन पनि हुन्छ र पैसाले पनि पुग्छ ।"

"हजुरले पोहोर साल पनि त त्यसै भन्नुभएको थियो ! छोरो छ वर्ष पुगिसक्यो, छोरी चार वर्ष पुगिसकी । कहिले स्कुल भर्ना गर्ने, केही निधो भएन । उहाँ रामकृष्णका छोराछोरी परारदेखि नै बोर्डिङ्मा पढ्दै छन् । हजुरकै जस्तो सुब्बासाहेब दर्जा त हो नि उसको !"

श्रीमतीले कुरा नबुझेकीमा जीवन झर्कंदै भन्छन्– "तिमी कस्ती अबुझ छ्यौ ! तिमीलाई थाहा छ मेरो तलब कति छ ? त्यसबाट घर राम्रो गरी चल्छ कि चल्दैन ? कति महिना भइसक्यो चिया खान छाडेको । बिहान-बेलुका उसिना चामलले मात्र तिम्रो पेट भर्न सकेको छैन भने कसरी यो साल केटाकेटीलाई स्कुल पठाउनु ! भन्न सजिलो छ, स्कुल पठाउने त हो नि ! लुगा हालिदेऊ, किताब किन, तिर स्कुलको फिस । अब तिमी कुरा गर्छ्यौ रामकृष्णको । उसले किन नपढाउनु ! त्रिभुवन एयरपोर्ट भन्सार कार्यालयको जागिरे नासु । उसको दैनिक आम्दानीले उसकै तीन महिनाको तलबलाई जित्छ । त्यति मात्रै ? एक वर्ष टिक्यो भने जिन्दगीभर सुती-सुती खान पुग्छ । अब हेर न, दुई वर्षअगाडि खरदार हुँदा तीन महिना बस्न पाएको थियो । उसको स्ट्यान्डर नै अर्कै भयो । उसको कुरा गरेर पनि हामीलाई हुन्छ ? भो नकराऊ, भात पकाउन जाऊ । अफिस जान अबेर हुन्छ ।"

बढी उत्सुक हुँदै जीवनकी श्रीमती सोध्छिन् – "यो त्रिभुवन एयरपोर्ट भन्सार कहाँ छ ?

कुरा टुङ्ग्याउन खोज्दै जीवन उत्तर दिन्छन्- गौचर भन्सार के !"

"तब हजुरले पनि त्यहीँ सरुवा हुनुपऱ्यो यो प्रमोसनभन्दा ।"

झर्कंदै जीवन भन्छन्- अँ, तिम्रो बाबुको पेवा हो एयरपोर्ट भन्सार, भन्नेबित्तिकै सरुवा भइहालूँ !"

एकछिनको मौनतापछि जीवन बरबराउन थाल्छन् -"मेरो को छ पावरमा ? कतैबाट नाता लगाउँदा पनि सचिव आफ्नो नाता पर्दैन । चाकडी गर्न सुरु गरुँ, घरमा केटाकेटी नहेरे चुलो बल्दैन । दिउँसो अफिसमा केही कुरा गर्ने कुरै भएन । कोसेलीपात ओसार्न आफूसँग केही छैन । अनि म कसरी आम्दानी हुने अड्डामा सरुवा हुनु ! अस्ति मात्र एक जनालाई आफ्नै टेबलमा राखी महिनौँ सिकाएँ, सघाएँ । अब त सचिवज्यू खुसी हुनुहोला, कर, अन्तःशुल्क र भन्सार कुनै ठाउँमा परुँला भन्ने ठुलो आशा बोकेको थिएँ तर के गर्नु, कर्ममा नभएपछि हुँदो रहेनछ । उही मैले सिकाएको केटो पो छोटी भन्सारको हाकिम हुन पुग्यो । अब एक वर्षपछि ऊ घर फर्कँदा बोक्न नसक्ने गरी रुपियाँ भित्र्याउँछ । किन मौका नपाउनु त्यस्ताले ! सचिवज्यूको सालोको ज्वाइँ न ठहर्‍यो ! आशाले मानिसलाई बचाउँछ । चिन्ता नगर । मेरो पनि मौका आउला । त्यसपछि छोराछोरीलाई बोर्डिङमा पढाउँला, तिमीलाई सुनै सुनले सजाउँला । जाऊ खाना बनाउन । साढे ६ बजिसक्यो ।"

यही बिच छोराछोरी रुन थाल्छन् । सायद केटाकेटी भर्खरै बिउँझिए । उनीहरूको कुराको विषय अर्कैतिर मोडिन्छ । जीवन भन्छन् - आज पाउरोटी छैन, चाँडो खाना बनाऊ ।"

म जीवनको घर नगएको धेरै भइसकेको थियो । बाहिर बाटोमा हिँड्दा उनको मुस्कान छरिएको अनुहारसँग मात्र म परिचित रहेछु । जीवनको घरमा चिया बन्न छाडेको पनि त महिनौँ भइसकेछ ! केटाकेटीका लागि पाउरोटीसम्म नभएको जीवनको घरमा बिहान मैले चियाको आशा राख्नु बेठिक सम्झेँ । फेरि जीवनलाई बोलाउनसमेत हिचकिचाहट पैदा भयो । सोचेँ, दिउँसो कार्यालयमा भेट्न जान्छु ।

जीवनसँग गाँसिएको आशा र धैर्यले उनलाई डोर्‍याएकोसम्म छ, सायद बाँच्ने सहारा दिएको छ । काठमाडौँ सहरमा बसेर पनि उनी बसौँसम्म छोरालाई पढाउन चाहँदैनन्, उसिना चामल पेटभर खान खोज्दैनन् । आफ्नो बासको खोजी छैन उनलाई । यस्तै तर्क उठ्छ उनीप्रति मेरो हृदयमा ।

यत्तिकैमा म घर पुग्छु । सात बजेको छ । मेरो कोठामा चियाको प्याला आइपुग्छ । चियाको बाफ मेरो अनुहारको अगाडिबाट उडिरहेको छ । समय-समयमा मेरो चुस्की क्रमबद्ध छ कप नपिएसम्म । मेरा आँखा अगाडि जीवनजस्ता मेरा सयौँ दौँतरीहरू खेल्न थाल्छन् । कहाँ छन्, के छन्, कस्तो स्थिति छ, कसरी सहन गर्छन् आदि-आदि प्रश्नले मेरो रित्तो छाती कोरिन्छ र म एउटा सिङ्गो प्रश्न बन्ने अठोट गर्छु यो वर्तमान समाजमा ।

म जीवनको अफिसमा पुगेर सोध्छु-"दस बजिसक्यो । कर्मचारी कोही आएका छैनन् ?"

"कसलाई भेट्नु छ ?"-एउटा अधबैँसे व्यक्ति मलाई प्रश्नात्मक उत्तर दिन्छन् ।

"जीवन सुब्बासाहेब ।"-मैले आफ्ना ओजपूर्ण आँखा मेच, टेबल र कोठामा चारैतिर घुमाउँदै भनेँ-"सुब्बासाहेब बस्ने कोठा यही हो ?"

"हजुर !"-उनी मुन्टो हल्लाउँदै औँल्याउन थाले- "यहाँ खरदारसाहेब बस्ने, यहाँ सुब्बासाहेब बस्ने । ऊ त्यहाँ भित्र उपसचिवज्यू बस्ने ।"

मैले हाँस्दै सोधेँ - "तपाईँ कहाँ बस्ने त ?"

उनी अलमलिए र एकै छिनपछि जवाफ दिए -"कहाँ बस्ने र ! पिउन जाबोलाई मेचमा बस्नु पनि नपर्ने र बस्ने ठाउँ पनि छैन । कोठाबाहिर बसिरह्यो, घन्टी बजाउँछन्, भित्र पस्यो । चिया भन्छन्, चिया बनायो । चुरोट भन्छन्, चुरोट ल्यायो । बस्नु किन पर्‍यो र ?"

उनले आफ्नो कामलाई त्यति सजिलोसँग व्यक्त गरेकाले उनीप्रति मनमा झन् उत्सुकता बढ्यो र रमैले सोधेँ–"कति वर्षदेखि तपाईँ यहाँ काम गर्दै हुनुहुन्छ ?"

"चौबिस पुगेर पच्चिस लाग्यो ।"– नअलमलिईकन उनले जवाफ दिए र टेबलको कुनामा रहेको मेचलाई सङ्केत गर्दै भने–"बस्नुहोस् न त्यहाँ ! सुब्बा साहेबको टेबल पनि त्यही हो । म अर्को कोठा खोल्न जान्छु ।"

खाली कोठामा म एक्लै छु । मेरा नजर कोठाका चारैतिर दौड्न थाले । कोठामा स्टिलका तीनओटा बन्द दराज र तिनमाथि अस्तव्यस्त कागजपत्र र

फाइलहरू छन् । कोठाको कुनामा हिटर, चियादानी, कप-प्लेटहरू र भित्तामा क्यालेन्डर छन् । पर्दा भएको एक ढोकामा पर्दाको चेपबाट उपसचिवको कोठाको एक रिवल्भिङ चेयर र टेबल मात्र देखिन्छ । प्रवेश-निषेधको बोर्ड झुन्डिएको छ । त्यहाँ बस्ने उपसचिव कस्ता होलान् ? प्रश्न कोरिन्छ मेरो दिमागमा । यत्तिकैमा जीवनको आवाज सुनिन्छ –"कृष्णबहादुर !" जीवन कोठामा प्रवेश गर्नेबित्तिकै मलाई देख्ता झस्कन्छन् र भन्छन् – "अहो ! कहाँबाट यहाँ ? धेरै काल भयो भेट पनि नभएको !"

"अँ, तिमीलाई नै भेटूँ भनेर । दसै बजे आइपुगेको थिएँ ।"

प्रफुल्ल मुद्रामा जीवनले भने – "हेर न ! घरबाट साढे नौ बजे निस्किएँ । बस चढ्न पनि अफिस समयमा ज्यादै भिड । म त हिँडेर नै आउँछु । जति चाँडो आऊँ भने पनि सवा दस – साढे दस भइहाल्छ । चाँडो आएर पनि के गर्नु ! उपसचिवज्यू एघार नबजी आउनुहुन्न । उहाँ नआए कामै छैन ।"

जीवन दराजतर्फ लम्किए र दराजबाट चार-पाँचओटा फाइल निकाली आफ्नो टेबलमा राखे । त्यत्तिकैमा कृष्णबहादुर कोठामा प्रवेश गरेर भने– "हजुरले मलाई बोलाएको ?"

कृष्णबहादुरलाई चिया तयार गर्ने सङ्केत गर्दै जीवन भन्छन्– "खरदारसाहेब आउनुभएको छैन ?"

"आज उहाँलाई उपसचिवज्यूले काममा पठाउनुभएको छ । हिजै अफिस आउन्नँ भनेर भन्नुहुन्थ्यो । सुब्बासाहेबलाई थाहा छैन ?"– कृष्णबहादुरले भने ।

"के भन्नु ? कर्मचारीहरूलाई त यी हाकिमहरूले बाँधा जत्तिकै सम्झन्छन् । महिनामा पन्ध्र दिन त उनकै काम गर्नुपर्छ ।"– लामो सास लिँदै जीवन भन्छन्–" के गर्नु, सरकारी कार्यालयमा नोकरी गरेको छु भनेर नाक फुलाउनु पनि व्यर्थ हो । नगरूँ भने हाकिम रिसाइहाल्ने ! हाकिम रिसाएपछि सरुवा हुने वा राजिनामा दिनेबाहेक अरू कुनै उपाय नै रहँदैन । हाकिमलाई खुसी तुल्याए रेकर्ड पनि राम्रो हुने, आफूले सहुलियत पनि मनग्गे पाइने । फाइदा हेर्नु कि बेफाइदा हेर्नु, भन त ?" मतर्फ हेर्दै जीवन आफ्नो मनको गरुङ्गो भारी बिसाउँछन् ।

म अलमलमा छु। कार्यालयको रीतिस्थिति आफूले नबुझेको, आफूले नभोगेको। यसै हो भन्न पनि नसकिने, तर जीवनले भने मैले पनि बुझेकैजस्तो गरी बयान गरे। केवल प्रश्नवाचक आँखा जीवनका अनुहारमा परे। मैले केही जवाफ दिन सकिनँ।

"आज सचिवज्यूले यो फाइल बनाएर ल्याउनू भनी भन्नुभएको छ। आफ्नो विवेक र बुद्धिले भ्याएको कुरा लेखिसकेको थिएँ तर उहाँलाई चित्त बुझेन। अब म यो फाइल कसरी बनाऊँ! मेरो दिमागले काम दिएको छैन।"- जीवनले हातबाट फाइल टेबलमा राखी टोपी हल्लाउन थाले र भने –"उहाँले भनेजस्तो गरूँ भने मेरो विवेकले दिँदैन, नगरूँ भने यसबाट फुर्सद पाइएन।"

अझै उनको कुरा मेरो समझभन्दा टाढा छ। म केही बोल्ने स्थितिमा छुइनँ। यसैबिच जीवनले मलाई सोधे – "विशेष केही थियो कि ?"

तुरुन्त उनलाई मैले केही जवाफ दिन सकिनँ, किनकि उनलाई भेट्ने मेरो विशेष केही थिएन। म त केवल जीवनको घरको बिहानको गन्थनका सन्दर्भमा उनलाई भेट्नपुगेको थिएँ। उनका बारेमा केही जान्ने उत्सुकता बोकी उनको कार्यालयसम्म आएको हुँ।

उनलाई मैले घबराहटमा नै भनें – "विशेष त केही थिएन। बस्, तिमीलाई भेटूँ भनेर। धेरै भयो भेट नभएको, त्यसैले।"

म पूर्णरूपमा नखुलेकोमा उनलाई आश्चर्य लाग्यो होला। किनभने केही वर्षअघि हामी साह्रै मिल्ने साथीमध्येका हौँ। आज परिस्थितिले हामीलाई सङ्कोच पैदा गराएको छ। जीवन एक जिम्मेवार कर्मचारीका साथै घरका जिम्मेवार मालिक पनि हुन्। जीवन फेरि दोहोर्‍याउँछन् – "केही त अवश्य होला !"

यसैबिच कृष्णबहादुरले दुई कप चिया टेबलमा राख्छन्। कुरा थाल्ने बिन्दु तयार हुन्छ चिया !

मैले भनें – "भर्खर खाना खाएर आएको होइन र ? अहिले चिया पिउने ?

जीवन अलि रोकिँदै जवाफ दिन्छन् – "अँ, बिहान खाना रुच्दै रुच्दैन।

फेरि अफिसमा आएपछि चिया खाने आदत पनि बसिसकेको छ । के गर्नु, यो चिया पनि सरकारी सहुलियतमध्येकै हो । यसको उपभोग गर्नुपर्छ नै । हामीजस्ता साना कर्मचारीलाई विशेष के सहुलियत छ र ! यो पनि हाकिमको तजबिजको कुरो हो । पाउनुपर्छ भन्ने केही छैन । हाकिमलाई मन लागेन भने भोलि रोक लागिहाल्छ ।"

सहुलियतको चियामा मेरो हात पर्छ । चियाको चुस्कीसँगै मेरो ध्यान बिहानको वार्तालापमा केन्द्रित हुन पुग्दछ । जीवनले सायद खाना खान मन नभएर कम खाएका होइनन् । नासु को जागिर, काठमाडौँको बसाइ, घटीमा एक सय पचास रुपियाँ घरभाडा, कति नै पुग्दो हो र चार प्राणीका लागि । उसिना चामलै खाए पनि चार जनालाई महिनामा सत्तरी केजी लागिहाल्छ । तरकारी, नुन, तेल, मसला लाग्ने नै भयो । यो त महिनाको खर्च भयो । वार्षिक खर्चमा चाडपर्व, लुगाफाटो र आउनापाहुना हिसाब गर्दा, म त जीवनको घरको बजेटै बनाउन असमर्थ छु । कसरी चलाएका छन् ?

टेबलको दुईतर्फबाट आएको चियाको चुस्कीलाई चिर्दै म भन्छु – "जीवन ! तिमीले जागिर खाएको कति भयो ?"

"यस्तै दस वर्ष । तिमीलाई थाहै छ जब मेरो घरबाट पैसा आउन छाड्यो, मैले आफ्नो कलेजको पढाइलाई बाध्य भएर रोक्नुपर्‍यो । यिनै मेरा हाकिम उपसचिव हाम्रै क्लासका साथी शिवनाथ शर्मा हुन् । उनका रुपियाँ बलिया थिए, उच्च शिक्षा हासिल गरे । उनले जागिर खाएको छ वर्ष त भयो ! उनी मेरा हाकिम छन् । जागिरको दृष्टिकोणले उनीभन्दा म चार वर्ष जेठो छु । दर्जाको दृष्टिकोणले मभन्दा उनी दुई तह बढी छन् र तलबको हिसाबले मेरोभन्दा तीन गुना बढी छ ।"

"ए ! उही शिवनाथ ?"– मैले भनें – "उनका बाबु काफी धनी थिए रे ! राणाका पालाका डिट्ठा ! पकनाजोलमा घर हुने होइन ?"

"हो, उनै !" – जीवनले निराशापूर्वक जवाफ दिए – "के गर्नु, उनको घरमा साथी भएर गएका थियौँ । आजभोलि उनको नोकरका रूपमा बिजुलीको पैसा तिर्ने, टेलिफोनको पैसा तिर्ने र चाडबाडमा किनमेल गरिदिने गर्नुपर्छ ।"

मैले जीवनलाई भनेँ– “आफ्नो साथी हाकिम भएका अड्डामा त झन् राम्रो हुनुपर्ने, होइन र?”

जीवन भन्छन् – “हाम्रो यस सरकारी अड्डाको परम्परा नै यस्तो छ कि हाकिमको हातमा नै कर्मचारीको जीवन हुन्छ। हाकिमलाई कुनै कर्मचारी मन परेन भने त्यसलाई सताउने अनेक नियम-उपनियमको व्यवस्था छ। फेरि अर्कातर्फ कुनै नियम-उपनियम नभए पनि हाकिमले चाहेमा आफूभन्दा माथिको हाकिमको हवाला दिँदै पेल्ने परम्परा छ। त्यसैले यसभित्र सबै छिर्नैपर्छ, नछिरी धरै छैन। फेरि हाम्रो हाकिमले पनि माथिको हाकिमलाई रिझाउनुपर्छ। हाकिमले चाहेमा महिनौँ दिनमा हामीलाई लखपति बनाउन सक्छन्। यो वास्तविकता हो। त्यही आशामा हामीले उनीहरूलाई रिझाउनुपर्छ। यो हाम्रो परम्परा नै भइसकेको छ।”

जीवनसँग म धेरै कुरा सोध्न चाहेर पनि सोध्न सक्तिनँ। हाम्रो मित्रतामा कुनै कमी छैन, तर पनि म सोध्न सक्तिनँ। जीवनको वास्तविकतासँग अब म धेरै टाढा छुइनँ। म उनको मुखबाट नै सुन्न पाए पूर्णता सम्झन्छु। उनी फाइल लिएर सचिवज्यूकहाँ जाने तरखरमा छन्। यत्तिकैमा हामीतर्फ हेर्दै नहेरी शिवनाथ आफ्नो कोठामा प्रवेश गर्दछन्। साथै जीवन पनि आफ्नो सलामी चढाउन कोठामा प्रवेश गर्दछन्। केही क्षणमै जीवन कोठामा आई मलाई भन्छन् – “म यो फाइलको काममा सचिवज्यूकहाँ जान्छु, तिमी तबसम्म शिवनाथजीसँग कुराकानी गर। म आइपुगिहाल्छु।”

जीवन चाँडै आउने आश्वासन दिँदै मसँग बिदा हुन्छन्। मलाई शिवनाथ भेट्ने कुतूहल जाग्छ। कृष्णबहादुरलाई बोलाई शिवनाथकहाँ आफ्नो नामको स्लिप पुऱ्याउने सङ्केत गरेँ। मेरो अनुरोधअनुसार कृष्णबहादुरले स्लिप पुऱ्याए, तर शिवनाथले मलाई तुरुन्त बोलाएनन्। ‘एकै छिन बस न’ भनी पठाए। कृष्णबहादुरप्रति मेरो ध्यान आकर्षित भयो।

हाकिमको घन्टीको तालमा भित्र-बाहिर गर्न सिपालु कृष्णबहादुरले जागिर खाएको पच्चिस वर्ष भएछ। उनी जुन बखत जागिरे थिए, सायद शिवनाथले बाह्रखरी खारेका थिएनन् होला। सरकारी कार्यालयमा पिउनभन्दा मुनिको दर्जा त अवश्य छैन। त्यसैले कृष्णबहादुरले सुरुमै पिउनमा जागिर

खाएको हुनुपर्दछ र सायद पिउनबाट नै अवकाश पाउँछन् । यो कस्तो निजामती नियम हो ? पिउनमा जागिरे हुन नेपाली लेखापढी चाहिन्छ, तर सिपाही र पुलिसमा भर्ती हुन भने अनिवार्य छैन । पुलिसमा सुरुमा कन्स्टेबलमा भर्ना भएको व्यक्ति इन्स्पेक्टर र एस पी हुनमा कुनै रोक छैन । सिपाहीमा भर्ती भएर पनि पेन्सन पकाउँदा सुबेदार र लप्टन हुन सक्छन् । तर पिउनको नोकरी पच्चिस वर्ष हुँदा उसको एक तहसम्म नबढ्ने ! सुनेको थिएँ, राणाको पालामा सिपाही र लेख्न जान्ने सिपाहीको वर्गीकरण गर्दै नौसिन्दा हुँदै बहिदार हुन्थे रे ! उनी आफ्नो पदमा रमाएकै देखिन्छन् । कार्यालयमा पनि सबैभन्दा चाँडै उपस्थित हुन सक्छन्, सबैभन्दा पछिसम्म पनि उनी नै बस्छन् ।

नेपाली वेशभूषामा एक युवक कोठामा प्रवेश गर्छन् । यिनी यसै कार्यालयका शाखाअधिकृत हुन् भन्ने कुरा एउटा सुसज्जित टेबलमा गएर बसेपछि मैले निश्चय गरेँ । आफूले नचिनेको अनुहार भएको हुँदा उनीतर्फ म आकर्षित हुने आवश्यकता ठानिनँ । केही क्षणमा उनी शिवनाथको कोठामा प्रवेश गरे । शिवनाथले उनलाई अबेला भएको कारणको सोधाइको उत्तरमा भन्न लागे, जो म स्पष्ट सुन्न सक्तिनँ ।

“सचिवज्यूका छोराको... जाउलाखेल... सेन्ट जेवियर्स... भिड बस ... !”

शाखाअधिकृत बाहिर कोठामा आउँछन् । शिवनाथको कोठाबाट बोलावटको विद्युत् घन्टी बज्छ । घन्टीको आवाज नटुङ्गिँदै कृष्णबहादुर हुत्तिएर कोठाभित्र पस्छन् र कोठाबाट बाहिर आई मलाई कोठाभित्र प्रवेश गर्ने सङ्केत गर्दछन् ।

म कोठाभित्र प्रवेश गरी शिवनाथसँग हात मिलाई औपचारिकता पूरा गर्छु । शिवनाथ मसँग खुलेर बस्न सकिरहेका छैनन् । हुन सक्छ, उनलाई आफ्नो पदको घमन्ड छ । मलाई लाग्छ, उनले असजिलो महसुस गरिरहेका छन् । शिवनाथको आँखा टेबलको चारैतर्फ घुमिरहेछ, मानौँ केही हराएको वस्तुको खोजमा आँखा दौडिरहेछ । कोठामा छाएको मौनताको पर्दा खिच्तै मैले भनेँ – “शिवनाथजी ! तपाईँ यहाँ हुनुहुन्छ भन्ने कुरा मलाई थाहै थिएन । कहिलेदेखि तपाईँ यहाँ ?”

“प्रमोसन भएदेखि, करिब एक वर्ष हुन लाग्यो ।” – शिवनाथ बडो गम्भीर मुद्रामा उत्तर दिन्छन् ।

हामी दुईको कुराकानी नभएको पनि धेरै समय भइसकेको थियो । हिजो र आजका शिवनाथमा आकाश-जमिनको अन्तर छ । औपचारिक कुराकानी टुङ्गिन लाग्दा पनि उनी राम्रो गरी मसँग खुल्न सकेका छैनन् । मैले विद्यार्थी-जीवनको केही सम्झना फुकाउँदा उनमा केही स्पष्टता देखिन थाल्यो । मेराबारेमा उनको सोधाइ विशेष थिएन । मैले खुला हृदयले आफ्ना अतीतका दिनहरूको बयान गरेँ, मेरो भविष्यका सम्बन्धमा निश्चितता नभएको बेहोरा सुनाएँ । साथै शिवनाथलाई मैले सोधेँ–“कुन-कुन कार्यालयमा काम गर्नुभयो ? अब कहीँ सरुवा हुने विचार त छैन ?’’

“लोकसेवाले यसै मन्त्रालयमा छ वर्षअगाडि खटाएको थियो । एक वर्ष यसै मन्त्रालयमा काम गरेँ । त्यसपछि अन्तःशुल्क, कर कार्यालयहरूमा दुई वर्ष काम गरेँ । अब पाए वीरगन्ज या विराटनगर भन्सारमा जाने तरखरमा छु ।”–शिवनाथले आफ्नो कुरालाई पुष्टि दिँदै भने–“यो मन्त्रालयमा बसेर के गर्नु ? दस-पाँच बजाउने मात्र काम छ । काम छ भनूँ भने पनि छैन, छैन भनूँ भने पनि एक-दुईओटा तलबाट आएका फाइल माथि फरवार्ड गर्ने । यत्ति त हो ! यही मन्त्रालयमा बसिरह्यो भने मानिसको मानसिक, शारीरिक र आर्थिक शक्ति क्षीण हुन्छ । म त चाहन्छु कुनै व्यस्त हुने कार्यालयमा जाऊँ । हेरौँ, के हुन्छ !”

शिवनाथको चित्तवृत्ति सहजै बुझ्ने मौका पाएँ । मप्रति उनको सङ्कोच हराएजस्तो छ । सङ्कोच लिनुपर्ने अवस्था पनि त छैन ! म एक साधारण नागरिक, मेरो अगाडि शिवनाथजस्ताले आफ्नो गुणगान सुनाउँदा उनकै मूल्य बढ्दछ । मैले पनि यही मौकामा कुरा थपेँ – “चार वर्षसम्मको अन्तःशुल्क र कर कार्यालयको अनुभवले निश्चय पनि तपाईँलाई भन्सार कार्यालयमा काम गर्न योग्य तुल्याएको होला !”

“यहाँ अनुभवको आधार कहाँ हेरिन्छ र !” – शिवनाथ आफ्ना बारेमा स्पष्टीकरण दिन्छन्– “लोकसेवाले यहाँ मलाई खटाउँदा कत्रो सोर्स लगाउनुपर्‍यो । मेरै बुबाले तालिम गराएका व्यक्ति लोकसेवामा रहेछन्,

उनीकहाँ बुबा आफैँ गई जसरी पनि अर्थ या परराष्ट्रमा पार्न कोसिस गर्दा पो त यहाँ सिफारिस भई आएँ । यहाँ आएर पनि मलाई एक वर्षसम्म कुनै कामको जिम्मा दिइएन । पछि बडो कोसिस गरी अन्तःशुल्कमा गएँ, तब मात्र मेरो जिन्दगीको बाटो राम्रो गरी बन्यो ।"

मैले मनमनै विचार गरेँ, शिवनाथले अन्तःशुल्क र करमा बस्दा मनग्गे पैसा कमाएको हुन सक्छ । अब फेरि भन्सारमा जाने ताकमा छन् । आर्थिक स्थिति बडो बलियो बनाउने तरखरमा लागेका शिवनाथ पैसा नकमाइने अड्डा र पैसा नकमाउने मानिसलाई बेकम्मा ठान्दा रहेछन् । उनको प्रस्तुतीकरणमा मेरो कुनै प्रतिक्रिया छैन । यसै सिलसिलामा मैले सोधेँ– "तपाईंको तलब कति आउँछ ?"

उपहासको मुस्कान दिँदै भने– "कति भन्नु, चुरोटसम्म महिनाभरि पुग्छ । त्यही चार सय चानचुन हात पर्छ । घर बनाउन तेजारथ सापटी लिएको थिएँ, कट्टा भइहाल्छ । फेरि सञ्चयकोष कट्टी गर्दा त केही हात पर्दैन भने पनि हुन्छ ।"

"घर कहाँ बनाउनुभयो ?"

"ठमेलमा बनाएको छु । सरकारी सापटीको रकमले जग्गा किन्न पनि पुगेन ।" – खुसीको लामो सास फेर्दै भने – "दुई लाखजति आफूसँग थियो, एउटा सानो बङ्गला बनाएँ । घरको अंश केही लिइनँ मैले त !"

"छोरो भएर पैतृक सम्पत्तिको आश गर्नु राम्रो पनि त होइन !" – मैले उनको कुरामा जोड दिँदै भनेँ – "जे छ, दुःखजिलो आफैँले गर्नु बेस होइन र ?"

शिवनाथको विचारको विपरीत मेरो विचार व्यक्त छैन । उनलाई अब एउटा कार किन्ने साह्रै ठुलो धोको बाँकी रहेछ । यति मात्र होइन, त्यसलाई प्रयोग गर्न सक्ने क्षमता हासिल गर्नमा पनि उनी निश्चित छन् । उनलाई उनको हाकिमप्रति पूर्ण विश्वास र भरोसा छ कि निकट भविष्यमै उनी भन्सारको हाकिम हुन जाँदै छन् ।

मैले सोधेँ – "वीरगन्ज र विराटनगर भन्सारमा कुन राम्रो छ ?"

"त्यस्तै हो दुवै ! अझ विशेष वीरगन्ज राम्रो छ, किनभने काठमाडौँको

ढोका हो त्यो ।"

"ए ! त्यहाँ बढी राम्रो भए त्यहीँ जानुपर्छ ।" – म अझ उनको कुरालाई पुष्टि गर्छु ।

"कर र अन्तःशुल्कमा बसुन्जेल चौबिसै घण्टा त्रासमा बाँच्नुपर्ने । भन्सारमा त माथिसम्म थाहा भएको कुरा हो । तलदेखि माथिसम्म दर्जाअनुसार भाग लागेर आउने कुरा कसलाई थाहा छैन र ? कमबेसीसम्म मात्र हो । फेरि इच्छा लाग्यो भने अनुचित नै गरे पनि मालामाल । यो कुरा त राणाको पालादेखि चलिआएकै कुरा हो ।"

"अनुचित कार्य नगरीकनै आउने त उचित नै भयो !" – म उनको कुरालाई बढावा दिँदै भन्छु – "कस्तो आम्दानी छ त्यहाँ ?"

"यही महिनाको अठार हजारदेखि बिससम्म पुग्छ । अरू त के कुरा, जाबो कारिन्दो बहिदारको भागमा चार हजार पर्छ । फेरि तलब बाँडेको भोलिपल्ट एकाउन्टेन्टले नै त्यो सलामी रकम बाँड्दछ । यसले गर्दा कसैद्वारा छुपेको छैन । अनुचित रकम भन्न पनि नमिल्ने । त्यसैले त मेरो पूर्ण कोसिस त्यसैमा छ !"

टेबलमा भएको टेलिफोनको घन्टीले हाम्रो कुरालाई रोकिदिन्छ । शिवनाथले हातको इसाराले 'एकै छिन' भन्दै आफ्नो हात टेलिफोनमा बढाउँछन् ।

"हलो ... हजुर, नमस्कार हजुर ... !" – टेलिफोनमा शिवनाथ बोल्दै जान्छन् – "हजुर ... मैले जीवनलाई भनेको थिएँ ... त्यहीँ फाइल लिएर आएका छन् हजुर ... हजुर ... उसको दिमागले भ्याउँदैन । म यहाँ सेक्सन अफिसर र जीवनलाई गर्न लगाइदिन्छु, पठाइबक्सियोस् हजुर ... हजुर ... नमस्कार हजुर !"

टेलिफोन राखेर मतिर हेर्छन् र भन्छन् – "सचिवज्यूको कुरा कर्मचारी नबुझ्ने, कर्मचारीको कुरा सचिवज्यू नबुझ्ने । आफू परेँ बिचमा, दुवैको मध्यस्थता गर्नुपर्ने ।"

विषयवस्तुसँग आफू परिचित नभएको हुँदा केही नबोली उनको कुरामा

सम्मतिसम्म जनाएँ । यत्तिकैमा जीवन कोठामा प्रवेश गर्छन् । जीवन मलाई हेर्दै नहेरी टेबलको अर्को छेउ, शिवनाथको कुर्सीको छेउमा गएर उभिए । फाइलको विषय सम्बन्धमा आफ्नो मन्तव्य व्यक्त गर्न लागे – "यो फाइलमा सचिवज्यूले भनेजस्तो गर्न आर्थिक नियमले दिँदै-दिँदैन । म कसरी आर्थिक नियमविपरीत लेखौँ ? सचिवज्यू भन्नुहुन्छ, 'नियमसियम सबै मिलाएर ल्याउनू' । नियममा उहाँले भनेजस्तो छैन । लौ विचार गर्नुहोस् हाकिमसाहेब, ठेक्काको काम सम्झौताअनुसार समाप्त भइसक्यो । पाउने रकम ठेकेदारले पाइसक्यो । अब यो नचाहिँदो दावी कसरी श्री ५ को सरकारले स्वीकार गर्ने ? पचास-साठी हजार भए एउटा कुरा, असी लाखको दावी ! खोइ, म त केही विचार गर्न सक्तिनँ । हामी त साना कर्मचारी, जागिरको भरमा जीवन बचाउनुपर्छ । भोलि विशेष प्रहरी विभाग अथवा अख्तियार दुरुपयोगले छानबिन गऱ्यो भने के बुझाउने ? लौ हाकिमसाहेब, तपाईँ नै विचार गर्नुहोस् ।"

"खोइ फाइल ल्याउनुहोस् !" – शिवनाथ जीवनको हातबाट फाइल समात्दै फाइल पल्टाउन थाल्छन् र भन्दछन् – "सचिवज्यूले आज्ञा भएको कुरामा तपाईँ धेरै तर्क नगर्नुहोस् । तपाईँको गए सानो जागिर, सचिवज्यूको गए विचार गर्न सक्नुहुन्छ ? उहाँले भनेपछि हामीले कुनै हालतमा पनि मिलाउनुपर्छ । फेरि निर्णय गर्ने अधिकारी सचिवज्यू हो । सचिवज्यू त केवल एकै मन्त्रालयमा एकै फाइलको टिप्पणीमा राय नफाटोस् भन्नेसम्म चाहनुहुन्छ । आफै डस्ने काम उहाँ निश्चय पनि गर्नुहुन्न । फेरि फसे नै पनि उहाँलाई नेपालमा केही गर्न सक्ने कसैको तागत छैन । उहाँ कसको मान्छे, तपाईँलाई के थाहा ! जे होस्, हामीले नुन खाएका छौँ, उहाँको आज्ञा शिरोपर गरी काम गर्नुपर्छ ।"

केही मिनेटको फाइलको अध्ययनपछि शिवनाथजी भन्दछन्–"लौ, लेख्ने बाटो पाइहाल्नुभयो । यस किसिमबाट लेख्नुहोस् । निर्माण-यातायात मन्त्रालयले पनि दिनुपर्ने किसिमको राय दिएकै रहेछ । यसैको आधारमा सम्झौताअनुसार ठेकेदारले काम सक्नुपर्नेमा बढ्दै गएको महँगाइ र नक्सा-इस्टिमेटभन्दा केही बढी काम ठेकेदारले गर्नुपर्नेसमेत ठेकेदारको मिति-मितिको पत्रबाट ज्ञात हुन आएको र सम्बन्धित मन्त्रालयको समेत दिनुपर्ने किसिमको राय भएको हुँदा आर्थिक नियममा उल्लेख नभएको परिस्थिति सृजना भएकाले

हाल एक पटकलाई ठेकेदारको दावीबमोजिम असी लाख दिनुपर्ने देखिएकाले निकासाका लागि बेहोरा प्रस्तुत गर्दछु भनेर लेखिदिए भइहाल्छ । तपाईँ-हाम्रो घर-घरानाबाट जाने होइन ! दिनेले दिन इच्छा गरेपछि तपाईँ-हामीलाई के टाउको दुखाइ ! जानुहोस्, आजै फाइल पेस गर्नुपर्छ ।"

शिवनाथको सजिलो बयान जीवनको मस्तिष्कमा घुसेको छैन । जीवन फाइल समात्नसम्म पनि हिचकिचाएका छन् । शिवनाथको दुई-तीन पटकको आदेशपछि फाइल समातेर केही नबोली जीवन कोठाबाट बाहिर निस्कन्छन् ।

शिवनाथ हाँस्तै भन्छन् – "जीवन हाम्रो सहपाठी हो । चिन्नुभएन ? कस्तो कुरा नबुझ्ने ! त्यसैले त उसको उन्नति भएको छैन । जागिर खाएको दस वर्ष भइसक्यो ।"

टेलिफोनको घन्टी बज्दछ । शिवनाथ टेलिफोनमा बोल्न सुरु गर्छन् – "हेलो... नमस्कार हजुर !... हजुर... लगाइसकेँ हजुर... हजुर... आजै पेस हुन्छ हजुर... हजुर... हवस्, म आइहालेँ । नमस्कार हजुर !"

मतिर हेर्दै शिवनाथ भन्छन् – "मलाई सचिवज्यूकहाँ जानुपर्‍यो । भोलि-भोलि आउनुहोस् न, गफ गरौँ । अहिले म जाऊँ कि ?"

शिवनाथ र म कोठाबाट बाहिर निस्कियौँ । शिवनाथ गए र म बाहिरको कोठामा अलमलिएँ । जीवनले उनको टेबलको मेचमा बस्ने सङ्केत गरे । त्यहीँ बसेँ । शाखाअधिकृतको नजरमा म नौलो भएको हुँदा जीवन र मेरो अनुहार बारम्बार हेरिरहन्थे । यसैबिच जीवनले मेरो परिचय शाखा अधिकृतलाई दिन्छन्, मलाई शाखाअधिकृतको । मैले गरेको नमस्कारको प्रतिउत्तर खुसी मुद्रामा नमस्कार फिर्ती गर्दछन् । हाम्रो साधारण कुरा सुरु हुन थाल्दछ । उनी पनि नोकरीमा भर्खरै प्रवेश गरेका रहेछन्, तीन वर्ष मात्र भएको रहेछ । सरसर्ती हेर्दा साधारण पोसाक, कुनै तडकभडक छैन । मलाई लाग्छ, यिनले जागिरको रसरङ्ग पाएका छैनन् । यिनी सुख्खा तलबमा आश्रित छन् ।

शाखा अधिकृतलाई सम्बोधन गर्दै जीवन भन्छन्–"भन्नुहोस् हाकिमसाहेब, यो फाइल कसरी बनाउने सचिवज्यूको अनुकूल ?"

"हेर्नुहोस् सुब्बासाहेब ! तपाईँ जस्तो टिप्पणी लेख्नुहुन्छ, म त्यसैमा

दस्तखत गरी माथि पठाउने हुँ । फेरि तपाईँलाई उपसचिवज्यूले भनिसक्नुभएको छ भने फेरि किन यस विषयमा वादविवाद गरिरहने ! जागिरखान मन छैन भने राजिनामा लेख्ने हो, खान मन छ भने भनेजस्तो गर्ने हो । बिनसित्तिमा समय बर्बाद गरेर केही फाइदा छैन ।"

जीवन बोल्दै नबोली फाइल पल्टाएर टिप्पणी ड्राफ्ट गर्न सुरु गर्न लागे । नगरेर पनि के गर्नु ! जीवन नोकरीसँग जोरी खोज्न सक्तैनन् । जागिर छोडेर गर्ने पेसा उनको केही छैन । जीवनका लागि नायब सुब्बाको जागिर सिङ्गो जीवन हो ।

यस कोठाको गन्थन र समस्यासँग मलाई केही चाख छैन, किनकि यो मेरो विषय नै होइन र मेरो सुझबुझभित्र पस्न पनि सक्तैन । मलाई त केवल वर्तमानको जीवनसँग मात्र वास्ता छ । यसै प्रसङ्गमा मलाई शाखा अधिकृत कृष्णगोपालजीसँग केही सोध्ने उत्सुकता बढ्दछ । कृष्णगोपालजीलाई सम्बोधन गर्दै म भन्दछु – "कृष्णगोपालजी ! जागिरे जीवन तपाईँलाई कस्तो लाग्यो ?"

मेरो प्रश्नले उनको अनुहारमा गम्भीरता छायो । उनले तत्काल उत्तर दिन सकेनन् । फेरि मलाई मेरो प्रश्न दोहोऱ्याउन आग्रह गरेर मैले प्रश्न दोहोऱ्याएँ । उनको अनुहारमा ज्वारभाटा पैदा भयो । उनले गम्भीर स्वरमा भने – "बडो कठिन प्रश्न गर्नुभयो तपाईँले ।"

मैले हाँसेर भनेँ – "कुनै अप्ठ्यारो महसुस गर्नुभएको छ भने भैगो ! मैले यस कारणले जान्न चाहेको कि रमाइलो रहेछ भने म पनि जागिर खाने तरखर गरौँ भनेर । अरू विशेष केही होइन ।"

कृष्णगोपालजी भन्दछन् – "कुनै अप्ठ्यारो त छैन मलाई । तर तपाईँको तीन सेकेन्डको प्रश्नमा मेरो तीन घण्टाको उत्तर छ । त्यसैले मैले भन्न हिचकिचाएको । सरकारी उच्च ओहदामा तपाईँका कोही नजिकका नातेदार छन् भने जागिर खानुहोस्, होइन भने कुकुरले नपाएको दुःख पाउनुहुन्छ । अँ, अर्को उपाय एउटा छ । तपाईँ तेल बेसार घस्न सिपालु हुनुहुन्छ भने पनि हुन्छ ।"

जीवन बिचैमा बोल्छन् – "सोझै भनिदिनुहोस् न हाकिमसाहेब – तीन 'च' अर्थात् चाकडी, चुक्ली र चम्चागिरी !"

जीवनले व्यक्त गरेको तीन 'च' को अर्थले ममा हाँसो छुटायो । तीनै जना हाँस्न लाग्यौँ । कोठाको वातावरण नै रमाइलो हुन लागेको थियो । जीवनको अनुहारमा गम्भीरता छायो । उनी उही ठेक्कासम्बन्धी फाइल केलाउँदै छन् । उनको अनुहारमा मेरो नजर पर्ने बित्तिकै स्थिति विषयमा मलाई सोच्न कर लाग्यो, कस्तो परिस्थितिमा जीवनका दिन गुज्रिरहेका रहेछन् । उनले यस्ता दिनहरू हजारौँ बिताइसके । धन्य हो सहनशीलता र सहिष्णुताका लागि । मानिसले मौकाको पर्खाइमा कति कष्ट सहनुपर्दो रहेछ ! अभावको दौडमा चलेको घरमा उनलाई के शान्ति मिलेको होला र, अनुचितताको कार्यतालिकामा चलेको कार्यालयमा उनलाई के आराम मिलेको होला ! तथापि उनले नरमाएको कुनै सङ्केत देखिँदैन, किनभने उनी नेपाली हुन् । गाउँ र सहरको हावामा सम्मिश्रित एउटा जीवन ।

जीवनलाई फाइल कोर्न बाध्य गराउने हाकिमहरूको मनोवृत्ति सम्बन्धमा खोज्ने र जान्ने कुनै अधिकार छैन उनलाई । उनको विवेकले सरकारी राजस्वको असी लाख दिन चाहँदैन । विवश छन् उनी । नचाहेर पनि उनले लेख्नु छ, टिप्पणीको सुरुवात गर्नु छ । दैनिक दस रुपियाँमा बितेको जीवन । उनले सिङ्गो जीवनलाई बेचेका छन् ।

जीवन फाइलमा आफ्नो काम समाप्त गरी शाखा अधिकृतको टेबलमा फाइल दिँदै भन्छन् – "लौ, माथि पठाउनुहोस् । जागिर जोगाएँ मैले त !"

कृष्णगोपालजी फाइल पल्टाउँदै भन्छन्– "यति गरेअनुसार अन्तःशुल्क या कर कार्यालयमा जान पाइयो भने त बेसै भयो ।"

कृष्णगोपालको आशावादी वाक्यसँग सहमति जनाउँदै जीवन भन्छन् – "कोसिस गर्नुहोस् हाकिमसाहेब, सरुवा हुन कोसिस गर्नुहोस् भन्दा तपाईं गर्नुहुन्न । तपाईंलाई बसी-बसी कसले दिन आउँछ ?"

"त्यही न भयो ! के गर्नु जीवनजी ! भनेको त हो नि, नहुने ! तपाईं-हाम्रो कोही भएको भए यसरी थच्चिएर बस्नुपर्थ्यो ? हेर्नुहोस् न, हरिकान्त भर्ना हुनेबित्तिकै अन्तःशुल्कको पनि डिस्टिलरी शाखामा खटिए । मोहर आफूले लगाउनु पनि नपर्ने, घरमा बसी-बसी महिनाको पच्चिसौँ हजार बुझाउन पनि ल्याउने ! अब उसले एम ए पास गऱ्यो भन्दा केको उदेक ! हाल फेरि

सप्तरीको मालपोत कार्यालयमा सरुवा भएको छ । केही नभए पनि वर्षको पाँच लाख भित्र्याइहाल्छ । त्यही सरहका हामीलाई एक छाक मिठो गरेर मासु खान त परै जाओस् असनको तरकारी खानसम्म रहर छ ।"

जीवन भन्छन् – "तिनी त हाम्रा मन्त्रीजीका भान्जा भए, छाडिदिऊँ । शिवबहादुरकै कुरा गरौँ न ! स्थानीय विकास विभागमा खरदार छँदा कुन गति थियो । फेरि जिल्ला कार्यालयमा अस्थायी नासुमा काम गर्दा पनि त्यति केही देखिएको थिएन । जब यहाँ आएर भन्सारमा छ महिना बसेका थिए, हेर्नुहोस् उनको बिल्डिङ ! अब उनले किन जागिर खानुपर्‍यो । घरको बहाल मात्रले तपाईंजस्ता सात हाकिम खाने भए । हुन त मसान कुरेपछि मुर्दा पक्कै फेला पर्छ । हेर्दै जाऊँ । हामी लाटाका खुट्टा पनि त बाटामा पर्लान् नि !"

कृष्णगोपाल र जीवनका बिचका कुरामा मैले प्रतिक्रिया जनाइनँ, किनभने यस्ता कुराकानी उनीहरूको दैनिक तालिकाभित्र पर्छन् ।

कृष्णबहादुर आफ्नो ड्युटीमा सतर्क छन् । हाकिमसाहेबलाई चिया ल्याउन सोधेकोमा सकारात्मक सङ्केत पाउँछन् । तुरुन्तै तीन कप गरम-गरम चिया टेबलमा आइपुग्छ । चिया पिउँदै कृष्णगोपाल भन्छन् – "जीवनजी ! म आज चाँडै जान्छु । अलि सस्तो डेरा बानेश्वरतर्फ छ अरे, हेर्न जानु छ । कसैले सोधे 'अफिसकै कामले गएको छ' भनिदिनुहोला । ए ! यो फाइल सचिवज्यूको कोठामा लगिदिनुहोस् ।"

कृष्णगोपाल कोठाबाट बाहिर निस्कन्छन् । कोठामा जीवन र म मात्र हुन्छौँ । जीवन आफ्ना बारेमा मसँग केही भन्न लागेको जस्तो अनुहारमा फाइल ओल्टाइपल्टाइ गरिरहेका छन् । उनले केही बोल्न सकेका हुँदैनन् । मैले बिचैमा छेडिदिएँ– "जीवन ! घरमा बच्चाहरू र भाउजूलाई सन्चै छ ?"

"ठिकै छ बच्चाहरू कहिले स्वस्थ कहिले अस्वस्थ, यस्तै छ ।"

"बच्चाहरूलाई स्कुलमा राख्ने बेला भयो, होइन ?"–मैले सुस्तसँग कुरा उक्काएँ ।

"बेला त भइसक्यो । तर...!" – सम्हालिँदै उनले भने–"आगे साल राख्ने विचारमा छु ।"

"जीवन अझै मसँग लुकाउन खोज्छन् आफ्नो वास्तविक जीवन । नेपाली समाजको यस्तै मनोवृत्ति छ । जस्तै दुःख परे पनि नआत्तिने । 'इज्जत' को त्रास । कसैले आफ्नो वास्तविकता थाहा नपाओस् भन्ने धारणा । यो कहिलेसम्म टिक्न सक्छ ?

जीवन मेरा बारेमा धेरै-धेरै प्रश्नहरू अगाडि ल्याउँछन् । म आफ्नै किसिमबाट उत्तर दिँदै जान्छु । जीवन मेरो बयानमा सन्तुष्ट हुँदैनन् । विशेष कारणवश म जीवनलाई भेट्न आएको होइन । मेरो उत्सुकताले तानेर ल्याएको कुरा म भन्न सक्तिनँ । तैपनि साथीभाइका विषयमा कुरा सुरु भएपछि उनी शङ्का रहित भए । उनलाई सचिवज्यूकहाँ फाइल लिएर जानु छ । त्यसैले छोटकरीमा कुरासम्म टुङ्ग्याई मलाई केही बेर त्यहीँ बस्न भनेर जीवन निस्के ।

कोठामा म एक्लै छु । मेरो नजर कृष्णबहादुरको खोजीमा छ । केही बेरपछि कृष्णबहादुर कोठामा पस्छन् । मैले उनलाई रोक्ने विचारले कुरा निकालिहालेँ र भनेँ – "कृष्णबहादुरजी ! तपाईँ चिया बडो राम्रो बनाउनुहुँदो रहेछ ।"

"के राम्रो हुन्थ्यो र !" – मेरो नजिकै आई लजाएजस्तो गरी भने – "होटलको जस्तो कहाँ बनाउन जान्नु ? हाकिमसाहेब चिया नै नराम्रो भयो भनेर गाली गरिरहनुहुन्छ ।"

"त्यसो भन्नु त हाकिमहरूको बानी हो ।" मैले भनेँ – "साँच्चै राम्रो छ ।"

कृष्णबहादुरको अनुहारमा खुसी छायो । उनी मसँग केही भन्न र सोध्न खोजेजस्तो गरी यताउता हेर्न लागे । मैले नजिकैको मेचमा बस्न आग्रह गरेँ । मेच अलि पर सारी मेचको एक छेउमा टुसुक्क बसेर उनले भने – "हजुर आज दिनभरि बस्नुभयो । फेरि ठुला-साना सबै हाकिमलाई चिन्नुभएको रहेछ । बिहान त सुब्बासाहेबलाई मात्र खोज्नुहुन्थ्यो !"

मैले आफ्नो टाउको मात्र हल्लाई उनलाई सकारात्मक जवाफ दिएँ र भनेँ – "कृष्णबहादुरजी ! तपाईँले पच्चिस वर्षसम्म यही कोठामा मात्र काम गर्नुभयो ?

मेरो प्रश्नले उनलाई हाँसो फुटायो । केही सम्हालिएर उनले भने – "के हुन्थ्यो यही कोठामा मात्रै ! यो कोठामा त तीन वर्ष भयो । यही पिउन भएर मैले धेरै अड्डामा काम गरेको छु । कति ओटा मन्त्रीको कोठामा पनि बसेँ । चार मन्त्रालयको काम गरिसकेँ अहिलेसम्म । अब कति गर्नुपर्ने हो !"

"तपाईंको तलब कति छ नि ?"

"सुरु-सुरुमा अस्थायी जागिर खाइयो, पछि स्थायी भएपछि जम्मा भएको ग्रेडसमेतले गर्दा अझै दुईसय पुगेको छैन । चार वर्षपछि दुई सय पुग्ला ।"

"घर कहाँ नि ?"

"दहचोक । यहाँबाट कस्सिएर हिँड्दा तपाईंहरूलाई तीन घण्टा, हामीलाई दुई घण्टा लाग्छ ।"

"अहो ! त्यत्ति टाढादेखि दिनहुँ आउनुहुन्छ ?"

"नआएर के गर्नु, हामी हाकिम होइनौं ।"

"किन, हाकिम भए आउनुपर्दैन र ?"

"आए पनि उनको खुस, नआए पनि उनको खुस । घरसम्म मोटर लिन जाँदा त एघार नबजी कुनै आइपुग्दैनन् । फेरि हाजिर बजाएपछि पुगिहाल्यो । साना कर्मचारीलाई पो छड्के लाग्छ, उनीहरूलाई लाग्दैन ।"

कृष्णबहादुरका रमाइला कुरामा म आफैं हराउँदै जान्छु । पच्चिस वर्षसम्म विभिन्न सरकारी कार्यालय र हाकिम छानेका कृष्णबहादुर निश्चय पनि भुक्तभोगी भइसकेको मलाई अनुभव हुन्छ । उनको भनाइमा स्पष्टता छ । धेरै बुझिसकेको कारणले धक र डर हराएको छ उनमा । सायद उनका हाकिमको अभावमा उनले आफूलाई स्वतन्त्र महसुस गरेका हुन सक्छन् ।

"कृष्णबहादुरजी ! तपाईंलाई तलबले खान पुग्छ ?"- म मुख्य प्रश्न फुकाउँछु ।

मतर्फ फरक्क फर्केर कृष्णबहादुर नमिठो हाँसोमा भन्छन् – "तपाईंले बुझ पचाएर सोध्नुभएको यस्तो कुरा ? कृष्णबहादुरको अर्थ म एउटा सिङ्गो

शरीर मात्र त होइन ! मसँग सम्बन्धित मेरा जहान-छोराछोरी पनि त छन् ! बरु यसरी सोध्नुहोस्, तपाईंको तलबले घरको नुनतेलसम्म त चल्छ ?"

कृष्णबहादुरको तीक्ष्ण दिमाग देखेर म केही छिन रनभुल्लमा परेँ । मेरो एक प्रश्नको अनेक उत्तर पाउँदा तुरुन्त मैले प्रश्न गर्ने हिम्मत गर्न सकिनँ । मैले आश्चर्यचकित अनुहारमा उनलाई हेर्दै गएँ । फेरि कुराकानीको विषयवस्तु बदल्दै मैले भनेँ– "यति लामो अवधिसम्म जागिर खानुभएका तपाईंले नेपालका ठुला-ठुला मानिस पनि त चिन्नुभएको होला ?"

"किन नचिन्नु ! मन्त्री, सचिव, डाइरेक्टर, हाकिम कति हो कतिको चाकरी गरियो । किन नचिन्नु । बेसरी चिनिन्छ ।" – एकैछिन मौन रही कृष्णबहादुर भन्दै जान्छन् – "हामी गरिबका लागि कोही चिनेर पनि काम छैन । आफ्नो दुःख आफूसँगै छ । धेरै हाकिमहरूको गुह्य हामीलाई थाहा छ । त्यही फुस्काउला भनेर अफिस छोडेपछि पनि भेट भएपछि 'कृष्णबहादुर, अझै जागिरमै छौ ? कहाँ छौ ? लौ चिया खाऊ' भनेर एउटा रुपियाँ फालिदिन्छन् ।"

उनी फेरि भन्दै जान्छन्– "यो हातले कति हाकिमहरूको स्वागत गरियो, गरियो । अड्डाको चालामाला बुझ्न सुरु-सुरुमा 'कृष्णबहादुर' सिवाय हाकिमको मुखमा अरू केही हुँदैन । जब बुझेर अलि सप्रन थाल्छन्, घन्टी लगाउन बिर्सेर 'घन्टी सुनिनस् ?' भनी उल्टै झपार्न थाल्छन् । पछि त मैले उनका मनको कुरा बुझेर काम गर्नुपर्दछ ।"

"के तपाईंले हाकिमहरूलाई अफिसको चालामाला बुझाउनुपर्छ ?"– नजानिदो स्वरमा मैले भनेँ ।

"सबैले कहाँ जानेर आएका हुँदा रहेछन् र ! अर्को कुरा, एउटा हाकिमले गरेको व्यवहार अर्कालाई नसुनाउँदा रहेछन् नि ! नयाँ हाकिमलाई महिनौँ दिनसम्म त मैले भन्नुपर्छ । फाइल यहाँ छ । फलानाको घर यहाँ छ । फलानोले फलानोसँग यसरी भेट्छ । साबिक हाकिमसँग सम्पर्क भइरहेका व्यक्ति यी-यी हुन् । यस्तै त हो नि ! नमोटाउन्जेल मानिसको व्यवहार एउटा हुन्छ, मोटाइसकेपछि अर्कै हुन्छ ।"

भाग्यलाई दोष दिई चित्त बुझाउने कृष्णबहादुर आफ्नो काममा त्यति

असन्तुष्ट देखिँदैनन् । कसैले पैसा कमाई अत्यन्त धनी भएकोमा पनि उनलाई कुनै ईर्ष्या छैन । कामअनुसारको तलब नभएकोमा असन्तुष्टि व्यक्त गरे पनि उनीसँग पूर्तिको उपाय शून्य छ। त्यसैले उनी सन्तुष्ट नै देखिन्छन् । यो हाम्रो नेपाली समाजको गुण भन्नु या दोष ?

कृष्णबहादुरलाई कुन कार्यालयमा कति कमाइन्छ त्यो थाहा छैन, तर कुन हाकिमले कति कमायो निश्चित रूपमा उनलाई थाहा छ । हाकिमको पुरानो घर वा डेरा उनलाई थाहा छ। साथै नयाँ घरका चोटा-कोठा पनि उनले गनिसकेका छन् । हाकिम हुन दैवी शक्तिको आवश्यकता हुन्छ भन्नेमा उनी पूर्ण विश्वस्त छन् । त्यसैले प्रत्येक हाकिमलाई ईश्वरीय शक्तिका रूपमा उनले मानिआएका छन् । उनलाई कहिलेकाहीँ साधारण रोगले सताएको बेलामा हाकिमले हप्काउँदा रोग भागेको एक दुई घटना मलाई सुनाउँछन् । पन्ध्रौँ दिनसम्म एक दाना अन्न मुखमा नहाली दैनिक चार घण्टाको घोडेदौड गर्दै अफिस धाई जागिर जोगाइराखेको घटना सुनाउँछन् । छोरीको बिहेमा रुपियाँको अभाव हुँदा भोग्नुपरेको दुःख र छोरीको घर नभएर माइतमै राख्नुपर्नेजस्ता दुःखपूर्ण घटना बोकेका कृष्णबहादुर पाएमा हाकिमी पद चलाउन सक्ने व्यहोरा मलाई सुनाउँछन् ।

पिउन दर्जामा काम गरिरहेका कृष्णबहादुर आफ्नो अनुभवका आधारमा हाकिमी चलाउन सक्ने अठोट व्यक्त गर्दा म आश्चर्यमा पर्दछु । उनको साधारण हिसाबकिताब छ । "कुरा गर्ने, साधारण नेपाली लेखापढी गर्ने र सहीछाप गर्ने त हो ! मुख्य काम खरदार र सुब्बाले सकिहाल्दछन् । बाँकी रह्यो सहीछाप !" – यसै सिलसिलामा उनले भने– "जिम्मेवारी कसैको छँदै छैन । काम बिग्रियो भने 'माथिबाट भएको' भनी थोपरिदिन्छन् । कहाँ माथि ? कति माथि ? माथिको टुङ्गो छैन । त्यति भनेर फुर्सद पाइरहेका हाकिम मैले पनि देखेको छु । भन्नुहोस् त ! त्यसो भन्न पाए मैले हाकिमी चलाउँदिनँ ?"

कृष्णबहादुर आफ्नो होस सम्हाल्दै भन्छन्– "हुन त आफूलाई यो कुरा 'आकाशको फल आँखा तरी मर्' भनेजस्तै हो । आफ्नो त जातै पिउन बाबुआमाले जन्माउँदा जुनसुकै जात दिए पनि परिस्थितिले आफ्नो जात कायम गरिदिएको छ । पच्चिसौँ वर्ष त कृष्णबहादुर पिउन भनेर भनाइयो भने

अब कति नै बाँचिन्छ र यसलाई हेला गर्नु । फेरि हाम्रो शास्त्रले भनेको छ, 'जो आफ्नो छ त्यसलाई हेला नगर्नू ।"

कृष्णबहादुरको कुरा नटुङ्गिँदै जीवन आइपुग्छन् । उनी ज्यादै खुसी अनुहारमा आफ्नो टेबुलतर्फ लम्कँदै भन्छन्– "हेर न, सचिवज्यूकहाँ क्युमा बसी पस्नुपर्ने, अबेर भइहाल्यो ।"

जीवनको अनुहार हँसिलो छ । बिहानको भन्दा जीवन अहिले रमाएका देखिन्छन् । विशेष कुरा नपरी जीवनमा यत्रो परिवर्तन पक्कै पनि आएको छैन । बसौँको सुख्खा आशामा कोपिला लागेको जस्तो छ । उनको अनुहारबाट म सहजै बुझ्न सक्छु, उनीदेखि सचिव खुसी भएछन् । मैले उनीसँग सोधेँ – "तिम्रो कामदेखि तिम्रा हाकिम खुसी भए ?"

मेरो कुरा सुनेर जीवन झस्किए । ओठलाई कमाउँदै, अचम्म पर्दै भने – "कसरी थाहा पायौ ?"

मैले हाँसेर जवाफ दिएँ– "कुन ठुलो कुरा हो र ? भन न बरु, के भयो ?"

कृष्णबहादुरलाई बाहिर गएर बस्ने सङ्केत गर्दै जीवन लामो सास लिन्छन् र भन्छन् – "सचिवज्यूको आजको जस्तो 'मुड' त मैले जिन्दगीभर देखेको थिइनँ । जानेबित्तिकै मैले फाइलको बेहोरा अवगत गराएँ, घर्रामा राख्न भन्नुभयो, राखिदिएँ । टेबलकै छेउमा आज्ञा लिन उभिएको थिएँ, सचिवज्यूबाट आज्ञा भयो – 'सुरुदेखि नै मन्त्रालयमा नै छौ ?' मैले 'हजुर' भन्न नपाउँदै 'कुन कार्यालयमा जाने विचार गरेका छौ ?' भनेर सोध्नुभयो । एक्कासि त्यस्तो कुरा सुन्दा मेरो सम्पूर्ण शरीर काम्न थाल्यो । भन्न खोजेर पनि मेरो ओठ जोरिएन । केही भन्न नसकी दुवै हात जोरी निहुरिएर बसेँ ।"

सचिवज्यूको कोठामा भएको घटना मलाई बताउँदा अहिले पनि उनको शरीर कामेको म देख्तै छु । उनको अनुहारमा लाली चढिसकेको छ । मानौँ उनी सचिवकै कोठामा छन् । भन्दाभन्दै उनको वाक्य बन्द हुन्छ । उनले केही भनेका छैनन् तर उनको परिवर्तित अनुहारले टड्कारो मलाई बताइरहेछ । उनलाई मैले बिउँझाउँदै भनेँ– "अनि के भयो जीवन ?"

जीवन स्वयं सम्हालिँदै भन्छन् – "अँ ! सचिवज्यूले मलाई 'लाटा' भनी सम्बोधन गर्नुभयो । मैले अझ केही बोलिनँ । 'हेर, तिमीलाई मात्र यो छान्ने मौका दिएको हुँ' भन्ने मर्जी भयो । मेरो मस्तिष्कमा ज्वारभाटा उत्पन्न भयो । कहाँ राम्रो कहाँ नराम्रो, ठम्याउन सकिनँ । आफू बसेको ठाउँबाहेक सबै राम्रो देखेको छु । जिन्दगीमा आएको पहिलो मौका राम्रै ठाउँमा भन्नुपर्‍यो । त्यो राम्रो स्थान मेरो मस्तिष्कमा चढेन । मेरो मुखमा केवल यति मात्र आएछ 'साह्रै दुःख पाएको छु, जहाँ आज्ञा हुन्छ ।' सचिवज्यूबाट आज्ञा भयो, 'करमा जान्छौ ? भैगो, मारवाडीसँग चाँजो मिलाउन तिमी सक्तैनौ' । मेरो मुटु काम्न थाल्यो । एउटा अगाडि आएको कार्यालयको मौका क्षणमै गुम्यो । मेरो दिमागमा आयो कतै रसुवाको माल कार्यालयमा त नखटाइयोस् ! आफ्नो होस सम्हाल्दै भनेँ 'भन्सार जान पाए हुने थियो !' मेरो मुखबाट फुत्केको वाक्यले सचिवज्यूमा हाँसो फुट्यो । 'अघि नै किन नभनेको लाटा ?' भन्ने मर्जी भयो । भन्न त भनेँ, फेरि मलाई अर्को ताप पर्‍यो । कतै उत्तरी भेकको भन्सारमा पठाए भने त यत्रो मौका गुम्यो । कसरी मैले आफ्नो इच्छा बताउने भन्ने द्विविधामा थिएँ । फेरि सचिवज्यूबाट आज्ञा भयो 'छोटी भन्सार जाने कि ?' लक्ष्य त मेरो प्राप्ति भयो, जसको प्रतीक्षामा मेरो दस वर्षका दुःखका दिनहरू कटे । सुन्नेबित्तिकै मैले आनन्दको सास लिएँ । यही प्रस्तावलाई 'हुन्छ' भन्ने लागेको मात्र थिएँ, मेरो नजरमा रामकृष्णको स्ट्यान्डर घुम्न थाल्यो । उसका केटाकेटीले हँसिलो अनुहारमा स्कुलबस कुरेको सम्झेँ । आफ्नो इच्छा व्यक्त गर्ने दृढ निश्चय गरी एक पाइला पछाडि हटी हात जोड्दै भनेँ 'निगाह हुन्छ भने एयरपोर्ट भन्सार पाऊँ' । मेरो कुरा टुङ्गिनेबित्तिकै सचिवज्यूबाट आज्ञा भयो 'त्यहाँ जाने त भन्छौ, चलन थाहा छ ?' यथार्थमा कुरा नबुझे पनि सारांशमा कुरा बुझिहालेँ । त्यसैले मुन्टो हल्लाएर सम्मति जनाएँ । उहाँबाट आज्ञा भयो 'भोलि नै शिवनाथलाई मैले भनेको भनी टिप्पणी ल्याउन भन्नू' । हर्षले मेरो खुट्टा टेकिएन । पछि हट्तै म बाहिर निस्किएँ ।"

यति सुनाइसकेपछि उनको शरीरमा कम्पन सुस्ताउँदै गएको छ । उनी ज्यादै खुसी देखिन्छन् । उनले आफ्नो कमजोरी बताउँदैनथे होला म यस बखत यहाँ नभएको भए । जीवनका बारेमा मैले यहाँभन्दा जान्नु जरुरी सम्झिनँ ।

अब म कुनै प्रश्न गर्ने पक्षमा छुइनँ । केवल उनको खुसीमा साथ दिँदै मैले भनेँ – "धेरै राम्रो भयो आज । अब केही दिनपछि त एयरपोर्टतिर भेट हुन्छ हगि ?"

"धेरै होइन, धेरै-धेरै राम्रो भयो ।" – जीवनले तुरुन्त व्यक्त गरे । "तिमीलाई थाहा छैन मेरा दुःखका दिनहरूको सम्बन्धमा । अब भगवान्ले दिए भने केही महिनामै बास जोड्न सक्छु ।"

जीवन आफूले विगतमा गरेका मूर्खतापूर्ण कुरालाई अगाडि बढाउँदै भन्छन् – "हेर न, जुन फाइलमा म केही लेख्न चाहन्नथेँ त्यही फाइलले मेरो जीवन बदलिदियो । मैले आजसम्म यही नगरेर नै दुःख पाएको रहेछु । जागिर खाएपछि सुझबुझलाई बिर्सिएर आज्ञापालन गर्नुपर्ने रहेछ ।"

जीवनले आफ्नो सुखमय भविष्यका सम्बन्धमा मलाई धेरै कुरा सुनाए । अर्को त्रासको कुरा पनि गरे, त्यहाँ विशेष निगरानी पनि छ रे । भए पनि सबैलाई चाहिने त्यही त हो नि ! त्यो भएपछि कसैले केही गर्न सक्तैनन् भन्नेमा पनि उनी विश्वस्त छन् ।

धेरै समय भइसकेको हुँदा म जीवनसँग बिदा हुन खोज्छु । उनी मलाई कुराले अलमल्याउँदै जान्छन् । अन्तमा जीवन मलाई एक कप चिया पिलाएर मात्र बिदा दिन मन्जुर हुन्छन् । उनको अनुरोध म काट्न सक्तिनँ । जीवनको आज्ञाअनुसार कृष्णबहादुर चिया बनाउन जान्छन् ।

रातको दस बजिसक्यो । निद्रा आएको छैन । बिछ्यौनामा पूरा शरीर फ्याँकेर सुतेको छु । मेरा आँखाको वरपर जीवनको घरको घटनादेखि कार्यालयको स्थिति र पछि सचिवको आश्वासनपछि जीवनमा आएको परिवर्तन एक-एक गरी आउँदै जान्छन् । शिवनाथ र कृष्णगोपालजस्ता जिम्मेवार व्यक्तिको चित्तवृत्ति सम्बन्धमा सोच्ता म आफैँ डराउँछु । मेरो शरीर आरामरहित छ । घण्टौँसम्म कृष्णबहादुरका सम्बन्धमा आएको सोचाइपछि फेरि जीवन घुम्न थाल्छन् मेरो मस्तिष्कभित्र । मेरो मनस्थिति असन्तुलित हुँदै जान्छ ।

# सोमबार

यो देशजस्तै मेरो घर पनि प्रत्येक दिन अभावले सताइएको छ । प्रत्येक दिन श्रीमतीको गनगन सुन्नुपर्छ मैले । कहिले नुन छैन, कहिले तेल छैन, कहिले दाउरा छैन त कहिले चामलै छैन । महिनाको किनमेल पूरा रूपले गर्न चाहेर पनि हुँदैन । बजारमा सबै दिन सबै थोक पाइँदैन । प्रत्येक दिन मूल्यपरिवर्तनको सरकारी घोषणाले आफ्नो बजेट असन्तुलित भइदिन्छ । कुनै चिज कम ल्याए पनि टार्नु-पुऱ्याउनुपर्नेमा अभाव घोषणा नहुन्जेलसम्म मेरी श्रीमती बजारमा अभाव छ भन्नेमा विश्वस्त हुन्नन् । म घर हेर्दिनँ, घरको आवश्यकतालाई ध्यान दिन्नँ भन्ने मात्र उनको भनाइ हुन्छ मप्रति ।

आज सबेरै मैले सुनेँ, 'चिनी छैन ।' मैले मनमनै विचार गरेँ, 'जो सुन्नुपर्थ्यो, सुनेँ ।' अस्ति मात्र डिल्लीबजारमा एक घण्टा क्युमा बसी ल्याएको आधा केजी चिनी आज सिद्धिएको सुन्दा कुनै आश्चर्य पनि लागेको छैन । अर्कोतर्फ पूरा देशमा छैन भनिएको वस्तु मेरो घरमा पनि छैन । केको अचम्म ? यो दुई हप्तामा चिनीको मूल्य दुई पटक वृद्धि भइसकेको छ । पहिलो पटकको वृद्धि दश प्रतिशत भयो भने दोस्रो पटककोमा पैँतालिस प्रतिशत वृद्धि भइसकेको छ । मेरो सानो बुद्धिले भन्छ, यत्रो मूल्यवृद्धि भइसक्ता पनि यो कसरी अभाव हुन सक्छ ?

अभावको कारणले मूल्यवृद्धि गरिएको कुरा सरकारी घोषणापत्रमा उल्लेख छैन । बरु सबैतिर चिनी उपलब्ध गराइएको समाचार झुन्ड्याइएको छ । अनि घरमा बस्ने मेरी श्रीमतीले कसरी विश्वास गर्ने कि चिनी पाइँदैन भनेर, उनलाई यो थाहा छैन । यहाँ वास्तविकता एउटा र समाचार अर्कै हुन्छ । म उनीसँग बहस गर्न सक्तिनँ र सम्झाउन पनि । किनभने उनीसँग प्रमाण

छ, मसँग छैन । त्यसैले मैले अभावको शृङ्खला तोडी अभावपूर्ति गर्नु छ ।

बानेश्वरका प्रत्येक पसलमा पसिसकेँ । पसलेहरूको नकारात्मक मुन्टोहल्लाइमा मेरो पाउ अगाडि बढ्दै छ । घट्टेकुलोको सुरुको पसलदेखि पस्तै हिँड्न लागेँ । कोही मलाई देखी हाँस्छन् । कोही झर्केर 'छैन' भन्छन् । कसैलाई मेरो सोधाइको उत्तरमा मुन्टो हल्लाउनेसम्म चाख देखिँदैन । घरका लागि चिनी उपलब्ध गराउने जिम्मा बोकेर हिँडेको म कुनै पसलेलाई नसोधी छोड्न सक्तिनँ । म सोद्धै जान्छु । एकाएक मेरो आँखामा पर्न जान्छ ठुला-ठुला अक्षरले लेखिएको रातो बोर्ड 'यहाँ साल्ट ट्रेडिङ लिमिटेडबाट उपलब्ध चिनी र नुन बिक्री हुन्छ, चिनी मूल्य रु. ... के.जी, नुन मूल्य रु. ... केजी ।' मूल्य लेखिनुपर्ने स्थानमा सेतो कागज टाँसिएको छ । खुसीको लामो सास फेर्दै टक्क उभिएँ र गोजीमा रुपियाँ छाम्दै सोचेँ, नुन पनि लगिराख्नु बेस हो । आफ्नो हातको झोला अगाडि बढाउँदै दुई केजी चिनी र चार केजी नुन राखिदिन दोकानदारलाई अनुरोध गरेँ ।

दोकानदारले मलाई तलदेखि माथिसम्म हेरी झर्कँदै भने – "तपाईँलाई थाहा छैन, चिनी छैन भनेको ?"

एकछिन त मैले उनको कुरा बुझिनँ । समझमा आएपछि मैले भनेँ – "तपाईँको दोकानमा म भर्खरै आउँदै छु । कसरी थाहा पाउने तपाईँकहाँ छैन भनेर ?"

"छैन भनेर थाहा पाउँदा पनि मानिसहरू सोधिरहेछन्, सोधिरहेछन् !" – दोकानदार झन्झट अनुभव गर्दै भन्छन् – "अरू थोक मात्र बेच्नु नपर्ने हो भने दोकान बन्द गर्थें ।"

दोकानदारको गनगनमा मलाई विश्वास हुँदैन । नजिकै रहेको सानो स्टुलमा बस्तै मैले भनेँ – "त्यो माथि झुन्ड्याइएको बोर्डमा 'छैन' भनेको छैन । मलाई के थाहा ? मैले त बोर्ड हेरेँ, तपाईँको दोकानभित्र पसेँ ।"

दोकानदार कुनै उत्तर दिन इच्छुक देखिँदैनन् । हुन सक्छ बिहानैदेखि मजस्ता कति ग्राहकलाई भन्दा-भन्दा थाकेर मलाई पनि भनिसकेको अनुमान गरे । म पनि त कैयौँ पसलबाट गुज्रिँदै यहाँ आइपुगेँ । म उनलाई कसरी सम्झाऊँ ! केही समयको मौनतापछि सौम्य तरिकाले दोकानदारले भने- "आज

मात्र चिनी नभएको हो र ? कैयौँ दिन भइसक्यो । तपाईँहरू बुझ्नुहुन्न । बोर्डको कुरा गर्नुहुन्छ तपाईँ ! यो हाम्रो रहरले झुन्ड्याइएको होइन । यो त साल्ट ट्रेडिङले आफ्नो काम देखाउन ठाउँ-ठाउँमा मेराजस्ता धेरै पसलहरूमा झुन्ड्याएको छ। हामी उसका डिलर होइनौँ भनेका छैनौँ, पक्कै हौँ। त्यहीअनुसार हामीलाई बिक्रीका लागि चिनी उपलब्ध गराइदिनुपर्दैन ? भन्नुहोस् त ! के भन्नु ! उनीहरू कोठाभित्र घुमाउने मेचमा छन् । हामीले भने ग्राहकहरूसँग रातो-पिरो हुनुपर्छ ।"

"साँच्चै नै चिनी छैन ?- म विश्वस्त हुन चाहन्छु ।

"छैन । भए आफूलाई फाइदा नै हुने हो । नभएको के लाग्छ ।"

"यो के कारणले अभाव भएको हो ?"

"खोइ, कारण त हामीलाई पनि के थाहा हुन्छ र ! अहिले मूल्य बढेपछि पाउनुपर्ने हो । अस्ति अफिसमा जाँदा पाइन्छ, रुपियाँ बुझाई जानुहोस् भनेअनुसार बिस बोराको रुपियाँ दाखिल गरेर आएँ । रोज एक जनाले साल्ट ट्रेडिङको चक्कर लगाउँदा पनि पाइएको छैन । आजदेखि डिलरहरूलाई खाली नहुने किसिमबाट एक-एक बोरा दिने भन्ने पनि सुनेको छु । त्यही एक बोरा मात्र पाए एक पाउ, दुई पाउ गरी आएका मानिसलाई दिन पाइयो भने बेसै हुन्थ्यो !"

मैले तुरुन्तै भनेँ – "साहुजी ! त्यसो भए भरे यहाँ आउँदा आधा के.जी. पाउँछु त मैले ?"

उनले नरमाइलो हाँसो हाँस्तै भने – "के विश्वास यस्ता कर्मचारीका कुराको ! तपाईँ भन्नुहोस्, आज दस दिनदेखि रुपियाँ जम्मा गर्न लगाएर त आजसम्म दिएका छैनन् ! अब यो एक बोरा दिने भन्नेमा कसरी विश्वास गर्नु ? म त यी निगमका कर्मचारीहरूदेखि वाक्क भइसकेको छु । यिनीहरू व्यापारी भए पो व्यापार गर्न जान्दछन् ! कागजपत्र लेखापढी गर्न जान्दैमा व्यापारी हुने भए सबै पढेकाले व्यापार गर्ने थिए, धन कमाउँथे, टाठा र बिडला हुन्थे । यो नेपालमा त कसले के गर्न सक्छ कसले के गर्न सक्तैन भन्ने कुरा नै छानबिन छैन । जसले जे गरे पनि हुन्छ । विचार गर्नुहोस् ! मेरो भनाइको अर्थ हो जुन व्यापार निगमहरूलाई जिम्मा दिइएको छ, के त्यो सफल छ ?"

दोकानदारले व्यक्त गरेको यो विचारप्रति म आकृष्ट भएँ। मेरो अनुहारले उनलाई कुरा अगाडि बढाउन प्रेरणा दिइरहेको छ । उनी भन्दै जान्छन् – "यो चिनीको अभावको कारण डिजेल अरे ! भन्नुहोस्, डिजेलको पनि त यही हप्तामा नै भाउ बढेको हो !यी निगमहरूले जनतालाई झुक्याएर हुने कुरा हो र ? विश्वासै गर्न नसकिने तर्क दिन्छन् । डिजेलको अभावको कारणले त्रिभुवन राजपथ रोकियो भनेको भए विश्वास गर्ने कुरा हो । त्यो पनि त रोकिएको छैन ! त्यसमाथि पनि अर्को एक संस्थानको रोपवे पनि त चल्छ ! सारांशमा कुरो यही हो कि व्यापारीले व्यापार गरेको भए पो इज्जत बचाउन जस्तोसुकै स्थितिको पनि सामना गरी सामान उपलब्ध गराउँथ्यो ! यो त पर्‍यो कर्मचारीको हातमा ! यस्तो अभाव हुँदा झन् उसको मूल्य बढ्छ । स-साना व्यापारी चाकरीमा आउँछन् । ठुला व्यापारीले होटलमा निम्तो गर्छन् । स्वास्नी, छोराछोरी र नातेदारसम्मलाई भनसुन सुरु हुन्छ । अनि ? यस्तो अभाव नभए पनि गराउँछन् ।"

उनी भन्दाभन्दै एक्कासि रोकिन्छन् र हातले कोट्याउँदै मलाई सजग गराउँछन् । सडकको पारिपट्टि फुटपाथमा हिँडिरहेको एक अधबैँसे मानिसलाई औँल्याउँदै उनी हतारिँदै भन्दछन्– "त्यो मानिस चिन्नुहुन्छ ?"

दोकानदारको कुरामा केन्द्रित मेरो मस्तिष्कले फुटपाथतर्फ झट्ट दृष्टि दिन सक्तैन । म अलमलिएर फेरि सोद्धछु – "को ? को ?"

"ऊ त्यो क्या मोटो-मोटो !"

"ए ! अहँ, म चिन्दिनँ ।"

"त्यस्तो मान्छेलाई तपाईँ नचिन्ने ?"

"त्यो मान्छेलाई मैले कहिल्यै देखेको छैन ।"

"तपाईँको घर कहाँ पर्‍यो ?"

"घर त यहीँ काठमाडौँ नै हो ।"

तब त चिन्नै पर्ने हो ।"

"पाँच लाख जनसङ्ख्या भएको सहरमा सबैले सबैलाई चिन्न सक्छ र ? सम्पर्क-सम्बन्ध जोसँग छ त्यसलाई पो चिनिन्छ ।"

"खैर, नचिनेको पनि हुन सक्छ ।"– उनको विश्वासमा आँच आएको हुँदा लामो सास खिचेर आफ्नो अनुहारलाई बदल्दै भन्छन्–"ठिक हो । तपाईँलाई पनि त म चिन्दिनँ ।"

उनी मौन हुन्छन् । सिलसिलाको कुरा मोडिइसकेको छ । त्यो व्यक्तिका विषयमा मलाई जान्ने कुतूहल पैदा भयो । पक्कै यो विशेष मान्छे हुनुपर्छ । मैले बिस्तारै दोकानदारतर्फ हेर्दै भनेँ–"को हो त्यो मान्छे ?"

उनले बडो सरल किसिमबाट भने–"उही खाद्य संस्थानको हाकिम त हो नि !"

"किन त मोटरबिना पैदल हिँडेका छन् ?"

"भूत भइसकेकाले । पावरमा हुँदा यसरी कहाँ देख्न पाउनु ! उनका चाकरीदार मात्र पनि भेट्न मुस्किल । अब जनतासँग घुलमिल गर्न फुटपाथमा हिँड्न सुरु गरेको हुन सक्छ । के नपुगेर हिँडेको हो र ? निगमहरूमा यस्ता-यस्ता मान्छे भएर त बजार यो स्थितिमा पुगेको छ ! अब हेर्नुहोस् ! संस्थानलाई घाटा पारे, जनतालाई मारे । उनीहरू नै छाती फुकाएर, नाक ठाडो पारेर निर्धक्क हिँडिरहेका छन् । लाज पटक्कै छैन । हामी देख्नेले लाज मान्नुपरेको छ ।"

मलाई केही महिनाअगाडिको 'गोरखापत्र' को समाचार सम्झना आउँछ । त्यही समाचारका सम्बन्धमा मैले भनेँ – "साहुजी ! खाद्य संस्थानले दूषित तेल बेचेको अभियोगमा केही व्यक्तिहरूलाई सरकारी स्तरमा कार्यवाही चलाएको भन्ने केही महिनाअगाडि समाचार पढेको थिएँ । त्यही संस्थान हो ?"

"हो, त्यही संस्थान । अँ, तेलको कुरा भन्नुभयो । त्यही दूषित तेल त जनताले खान पाएनन् ।"

पचास-पचपन्नजति उमेर भएका यी दोकानदार स्पष्ट देखिन्छन् । मसँग निःसङ्कोच आफ्ना विचारहरू व्यक्त गर्दै छन् । सायद यस घडी मनले रमाइलो महसुस गरेका छन् । उनलाई फुर्सत छ, किनकि दिनको एघार बजेको छ ।

मेरो कुतूहलको त्यो व्यक्तिका सम्बन्धमा कुरा उक्काउँदै भनेँ – "त्यो अघिको मान्छेका बारेमा कुरा त्यसै रोकियो ।"

“आ ! के कुरा गर्नु त्यस्ता अत्याचारीहरूको ! मैले त तपाईंले पनि चिन्नुभएको होला भनेर देखाइदिएको । त्यस्ताका बारेमा सम्झनेबित्तिकै मेरो त दिल-दिमाग खलबलिन्छ, रगत तातेर आउँछ । यी देश र जनताको रगत चुसुवाहरूलाई भुत्ते खुकुरीले छ्याकछ्याक पारी दोसाँधमा पुऱ्याउन मन लाग्छ । के गर्नु ! आफूसँग शक्ति छैन । हात हालूँ, आफैँ बौलाहा भइहालिन्छ । अनि के गर्नु ! यही असन्तोष व्यक्त गर्नुबाहेक अरू हाम्रो के उपाय छ ?”

उमेरमा बुढा देखिए तापनि उनका जोसपूर्ण कुराले अझै केही गर्न घचघच्याइरहेको मानवीय शक्ति म स्पष्ट देखिरहेछु । दोकान केवल उनको पेसा हो भन्ने मैले सम्झेँ । भावनाअनुसार अझै मौका पाए केही गर्ने उनमा जोस रहेछ । उनी जे भन्दै छन्, उनको यसमा स्वार्थ छैन ।

म त्यहाँ बस्ताबस्तै दसौँ व्यक्ति चिनीको खोजमा आए, तर सबै निराश भएर फर्के । कसैले भने – ‘भोटाहिटीमा चिनी दिँदै छ, त्यहीँ जानुपऱ्यो ।’ मैले सोचेँ, मानिसलाई चिनी किन यति महत्त्वपूर्ण हुँदै गयो ? चिनीबिना मानिस बाँच्नै सक्तैन कि ? किन यसरी समय बरबाद गरी हिँडिरहेछन् ? यसको उत्तर सिङ्गो मै पो रहेछु । मेरो पनि त समय बरबाद भइरहेछ । यसै सन्दर्भमा मैले कुरा उक्काएँ – “चिनीको माग पूर्ति गर्न नसकेपछि सरकार स्पष्ट रूपमा किन घोषणा गर्दैन ? छैन भनेपछि मानिसले उपाय खोजिहाल्छ नि ! होइन र ?”

“यहाँको विचार सोह्रै आना ठिक हो । यस्तै सरकारी नीतिले त दुनियाले दुःख पाउनुपरेको छ ! जो चिज छैन, त्यसको विकल्प मानिसले तुरुन्त खोज्छ । यो मानिसको गुण हो । यहाँ त मानिसलाई दोधारमा पारेर लुट्नुपरेको छ । अनि किन त्यसो गर्नु ?तपाईंलाई थाहा छ, चौबिस घण्टाको कृत्रिम अभाव देखाउन सफल भए भने काठमाडौँ सहरमा मात्र प्रत्येक वस्तुमा पाचौँ लाख उपभोक्ताबाट शोषण हुन्छ ? यस्तै सट्टाले त कर्मचारी र ठुला-ठुला व्यापारी रातोरात मालामाल हुन्छन् । अँ, सुन्नुहोस् ! तपाईंलाई अचम्म लाग्ला । अस्ति चिनीको भाउ बढेकामा एकै व्यापारीले पहिलो पटक सात लाख रुपियाँ र दोस्रो पटक बिस लाख रुपैयाँ नाफा कमाए । अब त्यो कसले हेर्ने ? बजारमा चिनीको अभावै छ । चिनी खानेले चिनी खान छाडे भनेजस्तोचाहिँ मलाई लाग्दैन । तपाईंलाई चिनीको आवश्यकता छ भने तपाईं जति पनि तिरी किन्नुहुन्छ ।

तपाईँका लागि दुई-तीन रुपैयाँको त फरक पर्ने हो नि ! होइन त ?"

मुन्टोसम्म हल्लाएर म उनको विचारमा सम्मिलित हुन्छु । उनी भन्दै जान्छन् – "यो देशलाई कर्मचारी भए पुग्छ । शासन चलाउने कर्मचारी, उद्योग गर्ने कर्मचारी, ठेक्कापट्टा लिने कर्मचारी, व्यापार गर्ने कर्मचारी । सबै कर्मचारीले नै त चलाइरहेका छन् ! तपाईँ भन्न सक्नुहुन्छ, यहाँ कुन त्यस्तो महत्त्वपूर्ण कुरा छ जो कर्मचारीले चलाएका छैनन् ?"

"तस्करी ।" – मेरो समझले देखेको कुरा तुरुन्त भनेँ ।

"त्यो पनि कर्मचारीको सहयोगबिना भएको ठान्नुहुन्छ ?"

उनको प्रश्नको उत्तर मसँग छैन । उनमा अझ मैसँग कुरा गर्ने उत्साह बढिरहेछ । उनी भन्छन् – "यो समयमा चामलको भाउ घट्ने समय हो, तर दिनप्रतिदिन बढ्दो छ । यही रूपले चामलको भाउ बढ्ने हो भने वर्षासम्म यति बढ्छ कि सीमित आय हुने व्यक्तिले चामल खान बाध्य भएर छोड्नुपर्छ । सागपात र दाल हेर्नुहोस्, गत वर्षभन्दा दोब्बर भइसक्यो । केही चिज बेचिसक्नु छैन । आफू त सानो व्यापारी । जुन रेटमा खरिद पर्छ, त्यहीअनुसार मुनाफा राखी बेच्नुपर्छ । मलाई मनमा भने सन्तोष छैन । सन्तोष नभएर पेसा छोड्न पनि त सक्तिनँ ! यो मेरो मात्र होइन, हाम्रो कमजोरी हो ।"

मैले विस्तारै सोधेँ–"तपाईँले दोकान राख्नुभएको कति भयो ?"

"यही पाँच वर्ष भयो ।"

"नोकरीमा थिएँ, महालेखा परीक्षकको कार्यालयमा । सुरुमा जागिर त नौसिन्दामा कुमारीचोकमा खाएको हुँ ।"

"धेरै अगाडि ?"

"पद्मशमशेरका पालामा । जीवनको धेरै लामो अवधि जागिरमा बिताएँ । पेन्सन पाकिसकेको थियो, राजीनामा गरी निस्किएँ ।"

"ए !"

"राजिनामा गर्नुको पनि विशेष कारण छ । आफ्नो स्वभाव पर्‍यो लन्ठ्याङमन्ठ्याङ मन नपर्ने । त्यहाँ नियमित केही देखिँदैन । राजस्वको कुरा, मनले मान्दैन छोड्न । समातूँ, छेउ समातूँ कि टुप्पो ! आँखाले देखादेख

निचोरिएर बस्नुपर्छ । ध्यान दिएर गर्ने हो भने यति बेरुजु पक्रिन सकिन्छ, जो सय वर्षमा पनि फर्स्यौट हुन सक्तैन । त्यस्तो गर्न नसक्ने भएपछि राजस्वलाई घाटा दिई तलब खानु उचित सम्झिनँ । मैले छाडिदिएँ । नोकरी छोडेपछि केही काम नगरी कसरी बस्ने भनी सोचेँ । कामको खोजमा उद्योग विभाग धाउन थालेँ । आफूसँग जो नोकरी छोड्दा आएको रुपियाँ थियो, त्यसैले काम गर्नु थियो । सुहाउँदो उद्योग खोल्न स्वीकृति माग्दा 'यो त बन्द छ' भन्ने जानकारी पाएँ । जुन पायो उही उद्योग खोल्दा नेपालमा बजार छैन । बजार मिल्न सक्ने स्थितिको उद्योग ठुला-ठुलाले ओगटिसकेका रहेछन् । एउटाले कुनै उद्योग खोल्न स्वीकृति लिएपछि त्यस ठाउँमा त्यस्तै अर्को उद्योगको स्वीकृति नदिने सरकारी नीतिले गर्दा बसौँसम्म धाउँदा पनि उद्योग खोल्न असफल भएँ । अन्तमा यही दोकानदारीको शरण लिनुपऱ्यो ।"

केही समयको बसाइमा दोकानदारको र मेरो बिचमा घनिष्ठता कायम भयो । यो भएको उनकै स्पष्टताका कारणले हो । दोकानदारलाई पहिले मैले जुन दृष्टिले हेरेको थिएँ, अब त्यो दृष्टि रहेन । अहिले उनीप्रति पनि श्रद्धा जागेर आयो । भोलिका दिनहरूदेखि त्यो बाटो हिँड्दा मुख मोड्नु नपरोस् भन्ने दृष्टिले उनको नाम सोधेँ । आफ्नो पनि परिचय दिएँ ।

रत्नबहादुरजस्ता परिपक्व र भलादमी दोकानदार काठमाडौँमा बिरलै पाइन्छन् होला । उनमा व्यापारी मनोवृत्तिको अभाव पाएँ । उनका कुराबाट बजारका अरू धूर्त व्यापारीभन्दा उनको अलग्गै व्यक्तित्वको अनुभव मलाई भयो । यस्तै व्यापारी बजारभरि भए त बजार साँच्चै नै 'आदर्श बजार' हुने थियो होला ।

बजारमा बढ्दै गएको महँगीलाई रोक्ने उपायका बारेमा सोधिएको मेरो प्रश्नको उत्तरमा उनी भन्छन् – "यो महँगी प्रशासनिक कमजोरीबाट हुन गएको हो । साथै, सरकारी नीतिले पनि यसमा प्रभाव पारेको छ । बजार-नियन्त्रण गर्ने पूर्ण अधिकार भएर पनि प्रशासन मौन रहन्छ । एउटा अप्ठ्यारो प्रशासनलाई परेको हुन सक्छ । त्यो हो निगम र संस्थानहरूको मनोमानी मूल्यनिर्धारण । त्योभन्दा बाहेकका अरू वस्तुहरू पनि छन् जो खुला बजारमा मनोमानी भाउमा बिकिरहेका छन् । त्यसलाई सम्म त हेर्न सक्छ ! विचार गर्नुहोस् त, दोब्बर मूल्य लिई बजारमा माल बेचेका छन् । विदेशी वस्तु बेच्ने

दोकानमा तपाईंको जाने हिम्मत आउँदैन । त्यहाँ त चाहेको मोल छ । त्यहाँको एउटा नमुना सुन्नुहोस् । जुन इलेक्ट्रोनिक घडी आजभोलि एक सय पचासमा पाउनुहुन्छ, त्यो घडी त्यही बजारमा आठ सय पचाससम्ममा बिकेको थियो । भन्नुहोस्, आज एक सय पचासमा बेच्ता पनि पक्कै मुनाफामा बेचेका छन् भने आठ सय पचासले बेच्ता कति बढी लिए ! आफैँ हिसाब गर्नुहोस् । यसरी प्रत्येक वस्तुमा हेर्दै जानुहोस्, यस्तै पाउनुहुन्छ । खैर, छोडिदिउँ विदेशी वस्तुका कुरा । अब जानुहोस् लत्ताकपडापट्टि । नेपाली र भारतीय कपडामा पचास प्रतिशतभन्दा बढी नाफा लिएर बेच्छन् भने जापानी र हङकङका कपडामा शतप्रतिशत नाफामा आरामसँग बेचेका छन् । के प्रशासन अन्धो छ ? छानबिन गर्ने उसलाई अधिकार छैन ? नियम र ऐनको व्यवस्था केवल पुस्तकको शोभा मात्र हो ?"

मलाई 'गोरखापत्र' को समय-समयको समाचार सम्झना आउँछ र भन्छु– "होइन, प्रशासनले समय-समयमा कालाबजारीलाई कार्वाही गरी दण्डसमेत गरेको समाचार पढेको छु । तपाईं भन्नुहुन्छ केही कार्वाही गरेकै छैन । के हो, मैले त बुझ्नै सकिनँ ।"

"तपाईंले पढ्नुभएको समाचारमा कालाबजारीलाई दस हजार, पाँच हजार र एक हजारसम्म दण्ड गरेको पढ्नुभएको छ

"यस्तै पाँच रुपियाँदेखि एक सय पचास रुपियाँसम्म दण्ड गरेको पढेको छु ।"

"तब ? यो एक-डेढ सय दण्ड गरेको ठुला स्टकिस्टलाई होइन । ठुला व्यापारीलाई त कसैले छुनै सक्तैन । पहिलो कुरा त उससँग पैसाको शक्ति हुन्छ । दोस्रो कुरा, हाम्रो भइरहेको ऐन-नियम यति सरल छ जो भएभरको हद तोक्दा पनि ठुला व्यापारीलाई कुनै असर पर्दैन । खैर, यो छोडिदिऊँ, सरकारी नीतितर्फ विचार गरौँ । भन्नुहोस्, हाम्रोजस्तो गरिब मुलुकले खाद्यान्नजस्तो वस्तु निर्यात गर्न छुट दिन्छ । देशभित्र उब्जेको अन्नले देशभित्रकालाई प्रशस्त खान पुग्नेमा खाना कटाई डलर जमाउने नीति राख्छ । फलस्वरूप मुट्ठीभर व्यक्तिलाई फाइदा हुन्छ, अधिकांश जनता भोकै पर्छन् । दाल, खोर्सानी, अदुवा, लसुन र भटमासजस्ता कम उब्जाउ हुने वस्तुहरू निर्यातका लागि योग्य ठहरिन्छन् । अनि कसरी सस्तो हुन्छ ?"

रत्नबहादुरजी ज्यादै अनुभवी रहेछन् । हुन सक्छ, उनले यो देशको नीति र प्रशासनिक दक्षता बुझेर खली पचाएका छन् । पद्मशमशेरको पालादेखि जागिर खाएर विभिन्न सरकारी कार्यालय छामेका रहेछन्, बुझेका रहेछन् ।

उनीबाट धेरै महत्त्वपूर्ण कुरा पाउने आशाले मैले सोधेँ – "मूल्य नियन्त्रण गर्ने केही उपाय छ ?"

उनले तुरुन्त जवाफ दिए–"निश्चय छ । हाम्रो देशको कुनै पनि सहरको मुटुको बजार कसको हातमा छ, थाहा छ तपाईंलाई ? हो, यिनीहरूले नै हाम्रो देशलाई महँगीग्रस्त बनाएका हुन् । मेचीदेखि महाकालीसम्म हेर्नुहोस्, यिनै छन् । काठमाडौंको बजारमा हेर्नुहोस्, मुटुमा यिनै छन् । यिनीहरूको मनोवृत्ति केवल धन जम्मा गरेर घर पुऱ्याउनु मात्र हुन्छ । हुन त जन्मसिद्ध नागरिक ठहरिएका हामीसमानका यो देशका नागरिकको हामीसमानको हक सुरक्षित छ । त्यसका साथसाथै उनका ठाउँमा पनि त्यत्तिकै सुरक्षित छन् । यी दुवै हातमा लड्डु लिएर बसेकाहरू कसैप्रति इमानदार छैनन्, केवल 'धन' प्रति मात्र छन् । यसमाथि नियन्त्रण अनिवार्य छ । मैले भनिसकेँ, सरकारी नीति हाम्रो आवश्यकताअनुकूल हुनुपऱ्यो । निगम-संस्थानका कर्मचारीलाई स्वतन्त्रता प्रदान गर्नु भएन । प्रशासन दत्तचित्त भएर मूल्यनियन्त्रणमा लाग्नुपऱ्यो ।"

चित्तबुझ्दो जवाफ पाएँ । ममा अरू कुनै प्रश्न गर्ने हिम्मत पनि भएन । मलाई चिनी खोज्नु छ । चिनीबिना घर नफर्कने अठोट लिएर निस्केको म । घण्टौं बसियो रत्नबहादुरजीको दोकानमा । जतिसुकै तिरेर पनि चिनी लान्छु भनी भोटाहिटी पुग्ने निश्चय गरेँ र भनेँ – "धेरै-धेरै खुसी लाग्यो यहाँसँग भेट भएकामा । अब त चिनापर्ची भयो । पछि पनि भेट होला । साथै मेरो हार्दिक धन्यवाद तपाईंलाई महत्त्वपूर्ण कुरा जानकारी दिनुभएकोमा । अहिले म बिदा पनि भएँ । मलाई चिनी खोज्नु छ ।"

रत्नबहादुरजीसँग बिदा भएर पूर्ववत् कार्यमा लागेँ । म सडकका वारि र पारिका पसलमा पस्न व्यस्त छु । म एउटा दोकानबाट निस्केर अर्को दोकानमा पस्न लाग्दा एउटा व्यक्तिले मेरो ध्यान आकर्षित गर्छन् – "दाजु ! यो असन हो ?"

एउटा झोला काँधमा भिरेका भरखरका युवक, बिस-बाइससम्म अड्कल गर्न सकिने, मैलो, खद्दरको दौरा-सुरुवालको पहिरन, त्यसमाथि वेस्टकोट ।

वेस्टकोटका खल्ती ज्यादा प्रयोगले झोल्लिएका । सानो धरो कम्मरमा पटुकी कसेका । खुट्टा खाली भए पनि अव्यवस्थित टोपी दाहिने ढल्काएर टपक्क लगाएका । म सहजै अड्कल गर्न सक्छु, यिनी काठमाडौंका लागि नौलो अनुहार र उनका लागि काठमाडौं नौलो ।

मैले सोधेँ – "भाइको घर कहाँ हो ?"

"घर त पहाड, पूर्व तीन नम्बर सोलु हो ।" – टोलिएर भने – "असन यही हो ?"

"भाइ ! यो असन होइन ।"

"यस्तै घरैघर भएको, चारैतिर पसल भएको भन्थे । यो होइन ? कहाँ त ?"

"यहाँबाट केही टाढा छ । भाइ काठमाडौं पहिलो पटक आएका हौ ?"

मुन्टो हल्लाएर उनले मेरो प्रश्नलाई सकारे । मलाई पनि भोटाहिटीसम्म जानु छ । मैले भनेँ–"एकै छिन पख है ! मलाई पनि उतै जानु छ ।"

मेरो एक-दुई पसलको सोधपुछसम्म उनी एकै ठाउँमा बसी मेरो प्रतीक्षा गर्न लागे । केही मिनेटमा म त्यहाँबाट अवकाश लिएर उनीसँग भोटाहिटीका लागि प्रस्थान गरेँ ।

"भाइ ! असनमा के काम छ ?"

"किनमेल छ । घरबाट किनमेल गर्न आएको ।"

"कहिले यहाँ आइपुग्यौ ? पहिले पनि आएका थियौ कि पहिलो पटक आएका हौ ?"

"हिजो बाह्रबिसेबाट बस चढेर आएको, बाटैमा छोडिदियो । आफू नौलो मान्छे, कहिल्यै नआएको ... !"

"किन बसले बाटैमा छोडिदियो ? बस बिग्रियो ?"

"खोइ, बिग्रियो कि के भयो थाहा छैन । तेल सिद्धियो पनि भन्दथे । बस त्यहीँ बस्यो, मान्छे सबै हिँडे । म पनि हिँडेँ । पैसा त पूरै लिएको थियो ।"

"राति कहाँ बास बस्यौ त ?"

"यतै बसेँ । खोइ, कहाँ हो कहाँ हो ! बास बसेको घरमा उनले कुरा

गरेको म बुझ्दैनथेँ । ती त नबुझ्ने कुरा पो गर्थे । अँ, त्यस्तै कुरा गर्नेले त मेरो कुखुरा लिए !"

"के ? कुखुरा लिए ?"

"अँ ! मेरो मन नहुँदा नहुँदै पनि कुखुरा लिए ।"

"पैसा दिएनन् ?"

"होइन, पैसा त दिए, पुग्दो दिएनन् ।"

"कति दिए ?"

"एक सय, एक बिस र छ रुपियाँ ।"

"कति कुखुरा थिए ?"

"एक बिस र एउटा ।"

"किन त्यति मात्र त ?"

"त्यही त भनेको ! दिन्नँ भन्दा पनि आठ-दस जनाले घेरी नाना थरीका कुरा गर्न थाले । 'ढाकर बोकेर पनि नेपाल जानु हुन्छ, पैसा बोकी आरामले बसमा चढेर नेपाल जाऊ' भन्न लागे । बसको मान्छेलाई सोधेको त कुखुरा लाने गरेको छैन, लग्नैपर्‍यो भने धेरै पैसा लाग्छ भन्यो । आफू परियो एक्लो, अनि के गर्नु ! छोड्नैपर्‍यो !"

"यहाँ ल्याएर बेचेको भए धेरै पैसा पाइन्छ भन्ने थाहा थिएन ?"

"थाहा भएर त ल्याएको नि ! अब बाटैमा त्यस्तो होला भन्ने थाहा थिएन । ठुला-ठुला महाजनले त्यसरी कम पैसा देलान् भन्ने के पत्तो ! ए, त्यसो भए यहाँ धेरै नै पैसा आउँथ्यो ?"

"त्यहाँ पाएको भन्दा चौगुना पाउन सक्थ्यौ । अब सिद्धिएको कुरा छोडिदेऊ । काठमाडौँमा के किनमेल गर्न आएका नि ?

"वर्षभरिलाई चाहिने नुन, मट्टितेल, कपडा ।"

"ए !भाइको नाम के नि ?"

"तोपबहादुर भन्नुपर्‍यो । गाउँघरमा रिट्ठे भन्छन् !"

सगरमाथाको काख सोलुमा हुर्किएका तोपबहादुर अति नै सरल र

शुद्ध देखिन्छन् । लोभलालसा र लप्पनछप्पन नभएका, शुद्ध पहाडी प्रकृतिमा घुलेमिलेका श्रमजीवी देखिने तोपबहादुरको अनुहारमा म सिङ्गो नेपाल देख्छु ।

म सहजै अनुमान गर्न सक्छु, उनको गोजीको रुपियाँबाट उनको आवश्यकता पूर्ति हुँदैन । उनको घरबाट गरिएको हिसाब र अब गरिने हिसाबमा मेल नखाएपछि यिनले के सोच्ने हुन् र त्यसको पूर्ति यिनले कसरी गर्छन् ? यी प्रश्न मलाई कोट्याउन मन लाग्यो र भनें – “भाइ ! तिमीसँग कति रुपियाँ छ ?”

“बाह्रबिसेमा हिजो पाएको पैसा आज बिहान हिसाब गर्दा एक सय चार रुपियाँ थियो । बिहान पाँच रुपियाँको खाने कुरा खाइयो । अब एक रुपियाँ घटी एक सय छ ।”

“कपडा कति किन्नु छ ?”

“बाबुलाई एउटा भोटो र कछाड । आमा र बहिनीलाई एकुन्टा गुन्यू । पैसाले भ्याए मलाई कमिज र सुरुवाल, नभ्याए भोटो-सुरुवालको कपडा ।”

“नुन-तेल पनि लानु छ, होइन ?”

“लानु छ । वर्षभरिलाई चाहिने नुन-तेल त लानैपर्‍यो ।”

“नुन-तेल कति लाने ?”

“चौध कुरुवा नुन लानुपर्ला । तेल त्यस्तै बिस-बाइस कुरुवाजति लानैपर्छ ।”

उनको जुन हिसाब मैले सुनें त्यसबाट यो सहजै अनुमान गर्न सकिन्छ कि उनको गोजीमा भएको रकमको पाँच दोब्बर बढी रकमको आवश्यकता छ । तर उनी निश्चिन्त देखिन्छन् कि उनको गोजीको रकमले उनको आवश्यकता पूर्ति हुन्छ । मैले उनीसँग ठट्टाका रूपमा सोधें – “भाइ ! यसभन्दा बाहेक अरू पनि केही किन्नु छ कि ?”

उनी तुरुन्त जवाफ दिन्छन् – “अँ, चिनी र चियापत्ती पनि लानु छ । बाउलाई पेट दुखेको बेलामा तातो चिया खाएपछि सन्चो हुन्छ । सधैं खाने होइन, कहिलेकाहीं मात्र हो । मैले त बिर्सिएको !”

उनको कुराले मलाई हाँसो फुटायो । हिँड्दाहिँड्दै म टक्क रोकिएँ र

उनलाई हेरेँ । घबराहटमा उनले भने – "धेरै चाहिने होइन, आधा धार्नी मात्र चिनी चाहिएको हो । किन हाँस्नुभयो ?"

मैले भनेँ– "म पनि चिनी खोज्न हिँडेको, पाएको छैन ।"

"असनमा त पाइएला नि ?"

"खोइ, भन्न सकिन्न । तैपनि जाऊँ । पाइहालियो भने बेसै भयो ।"

उनले मलाई तलदेखि माथिसम्म हेर्दै भन्छन् – "दाजुको घर कहाँ हो कुन्नि ?"

मैले उत्तर दिएँ – "यहीँ काठमाडौँ नै हो भाइ ! किन र ?"

"तपाईं पनि टाढैबाट आउनुभएको हो कि भनेर, अरू त केही होइन । किन, चिनी पाइँदैन र ?"

"पाइएको छैन ।"

"घरमा बाउले भनेथे, असन पुग्, त्यहाँ सब कुरा पाइन्छ । अलि पर जानू, कपडा पाइन्छ । कपडा किन्दा चाहिँ भनेजति नतिर्नू भनेर भनेथे । त्यहाँ निकै छट्टू देशी महाजन हुन्छन् अरे ! मलाई बाउले सबै कुरा सिकाएर पठाएका छन् ।"– तोपबहादुर बुद्धिमत्तापूर्ण ढङ्गले भन्दै जान्छन्– "ती महाजन हाम्रा कुरा गर्दैनन् अरे । अलि-अलि गरे पनि हामीले गरेभन्दा बेग्लै हुन्छ अरे !"

उनको कुरा गराइमा कुनै बठ्याइँ छैन । मसँग कुरा गर्दा कुनै असजिलो महसुस गरेका पनि छैनन् । उनी भन्दै जान्छन् – "आज किनमेल सकेर भोलि सबेरै हिँडियो भने त पाँच दिनमा घर पुगिहालिन्छ । आउँदा त तीनै दिनमा आइपुगियो । जाँदा भारी हुन्छ ।"

उनको गोजीको पैसाले यहाँको बजारसँग मेल खाँदैन भन्ने विषयमा उनी अनभिज्ञ छन् । उनलाई विश्वास छ – उनले किनमेल गरिसके, अब उनी घर फर्कने तरखरमा छन् । सायद उनले घर छोडेको चार दिन भइसक्यो । अब घरको सम्झना आउन थाल्यो उनलाई । काठमाडौँबाट घरमा सामान उतारेपछि उनका बाबु, आमा र बहिनी खुसी हुने कुरा उनले सम्झन थालेको हुन सक्छ ।

मैले विस्तारै उनलाई सोधेँ – "कपडा कतिको किन्नु भनेर बाउले

अह्राएका छन् ?"

"पाँच हातको बाक्लो खद्दरको कपडा बाउलाई भोटो, उनैलाई नौ हातको दुईदेखि दुई रुपियाँ सुकासम्म कपडा हेरी तिर्नू भनेका छन् । पोहोर-पोहोर बाउ आफैँ आउँथे । म यसपालि आएको । खोइ, पुगे मलाई राम्रै खालको कमिज-सुरुवालको कपडा लानुपर्ने । नपुगे पनि भोटो-सुरुवाल त लानैपर्‍यो । पैसाले भ्याए एउटा इस्टकोट पनि लान्छु । अँ, एउटा लाइटर पनि किन्ने आँट राखेको छु । हाम्रो गाउँका माथ्लाघरे काइँलाले लगेका छन् । झुलो-चकमक नै बोक्तैनन्, कति आनन्द ।"

उनका हिसाबले उनीसँग भएको रुपियाँले मनग्गे पुग्छ । त्यसैले उनले एउटा लाइटर किन्ने पनि आँट गरेका छन् । मैले सोधेँ – "भाइ ! मट्टितेल र नुनलाई कति तिर्नु भनेका छन् ?"

उनी सम्झँदै भन्छन् – "दस रुपियाँको नुन किन्नू, मट्टितेल बिस कुरुवाको एक बिस दस रुपियाँजति पर्छ । चार-पाँच रुपियाँमा खाली कन्टर पाइहालिन्छ । बढीमा एक बिस चौध-पन्ध्रजति मट्टितेलमा लाग्छ भनेका छन् ।"

मैले भनेँ – "हिसाब गरेका छौ ? तिमीले भनेजतिमा माल पाइयो भने पनि तिमीसँग भएको पैसाले भ्याउँछ ?"

"खोइ, त्यो त हिसाब गरेको छैन । हिजोदेखि म यही कुरा मनमा गुनिरहेछु । हिसाबै नपुग्ला कि भनेजस्तो छ । बाह्रबिसेमा कुखुरा साह्रै सस्तो पर्‍यो भनेजस्तो त मनमा लागेकै थियो । साँच्चै, मैले भनेजति माल मेरो पैसाले भ्याउँदैन कि क्या हो ?"

म उनलाई केही जवाफ नगरी हिँडि नै रहेँ । फेरि उनले सोध्ने कोसिस पनि गरेनन् । हामी हिँड्दै गयौँ । बाटोमा सडक पार गर्ने ठाउँमा म टक्क उभिएँ । उनी के अगाडि बढ्न लागे, उनको कुम समाती मैले रोकेँ । एउटा मोटर बेगसित हाम्रो अगाडिबाट गुड्यो । त्यसपछि अर्को, अर्कोपछि अर्को । हामी मोटरको ताँती नसकिएसम्म उभिइ नै रह्यौँ । त्यसै बखत तोपबहादुर भन्छन्– "अहो ! हेर्न पनि बिर्सेछु । बाटो काट्ता चारैतिर हेरी दगुर्नू भनेर बाउले भनेथे ।"

उनको फतफताइसँग मलाई केही मतलब थिएन । मैले उनको स्वरमा स्वर मिलाउने चासो पनि देखाइनँ । ममा एउटै चिन्ता उठेको छ उनीप्रति कि उनको क्रयशक्तिले एक वस्तुसम्म उपलब्ध हुन नसक्ने स्थिति छ । उनका बाउले एक्काईसओटा कुखुरा पठाएर त्यसको बराबरको किनमेल जो तोकेर पठाएका थिए त्यो वस्तु ठिकसँग बिकेको र काठमाडौँको दुई महिना अगाडिको बजारभाउ रहिदिएको भए तोपबहादुरले आशा गरेभन्दा बढ्ता सँगी-साथीलाई कोसेलीसमेत लान सक्थे । तर के गर्नु !अभावको कुरा ! न उनले ल्याएको वस्तु ठिकसँग बिक्यो, न बजारभाउ नै दुई महिनाअगाडिको जस्तो छ । आजभोलि काठमाडौँको कुनै बजारको निश्चित रूप छैन । चौबिस घण्टाभित्र शतप्रतिशतको बेगमा मूल्यवृद्धि भइरहेछ ।

हामी भोटाहिटी पुग्यौँ । मैले चिनीको खोजमा एक-दुई पसलअगाडि खडा भई सोध्न सुरु गरेँ । तोपबहादुर पनि म खडा भए हुन्थे र म हिँडे हिँड्दथे । यसै क्रममा एउटा दोकानदारबाट जवाफ पाएँ– "हिजोसम्म त थियो, दिएको थिएँ । अब चिनीको भाउ बढ्ने भएकाले डिलर आफैँले स्टक गरेका छन् । हामीलाई दिँदैनन् । हामीले कसरी दिनु ?"

दोकानभित्र पस्तै अनुरोधपूर्वक दोकानदारलाई भनेँ– "तपाईँकहाँ पाइन्छ भनेर धेरै टाढादेखि आएको हुँ । जति लिनुहुन्छ दिन्छु, दिनुपर्‍यो ।"

नरम मिजाससँग दोकानदार भन्छन्– "सत्ते छैन ! भए आफूलाई फाइदा हुने, तपाईँको पनि काम चल्ने, नदिने त कुरै छैन । तपाईँहरूकै सेवाका लागि त हो नि म बसेको ! हिजो मात्र आउनुभएको भए म जति पनि दिइपठाउँथेँ । आज छैन हजुर, माफ गर्नुहोस् !"

फेरि विनम्रतापूर्वक मैले भनेँ – "साहुजी ! मलाई धेरै होइन, आधा केजी मात्र, पन्ध्र-बिस जति लिनुहुन्छ ।"

उनले पनि विनम्र स्वरमा मलाई भने – "हेर्नुस् हजुर ! हाम्रो काम सामान बेच्ने । डिलरले मलाई जो भाउमा दिएको थियो, मुनासिब मुनाफा राखी बेचेँ । अब भाउ बढ्दै छ भनेर डिलरले हामीलाई सामान नदिएपछि हामीले कसरी बेच्ने, भन्नुहोस् त ? हो, हामीलाई थाहा छ, हाम्रा ग्राहकहरू मूल्यमा घटी-बढी कुनै वास्ता राख्तैनन् । सामान पाइयो भने भयो । अहिलेको

समय पनि यस्तै छ । डिलरले मलाई निर्धारित मूल्यभन्दा बिस प्रतिशत बढी लिई एक सय बोरा चिनी दिएको थियो । मैले पनि सरकारी नियमअनुसार बिस प्रतिशतभन्दा बढी आफूलाई मुनाफा नराखी तीनै दिनमा सबै चिनी बेचिपठाएँ । छैन हजुर, सत्ते-सत्ते छैन ! माफ पाऊँ !"

निराश भएर म लामो सुस्केरा हाल्छु । भोटाहिटीसम्म आएको पनि केही लाभ भएन । उपायको खोजीमा मैले बिस्तारै दोकानदारसँग सोधेँ – "कहाँ पाइएला त ?"

"खोइ, असनमा त साल्ट ट्रेडिङको डिपो छ । भनेजति भने पाइँदैन होला । सुनेको छु, मच्छिन्द्रबहालमा दिँदै छ अरे !"

म दोकानबाट सडकमा झरेँ । तोपबहादुर चारैतर्फको रमितामा मस्त रहेछन् । मबिना उनी असन पुग्न सक्तैनन् । त्यसैले उनी मेरो प्रतीक्षामा छन् । मैले तोपबहादुरलाई झस्काउँदै भनेँ – "के हेरिरहेका तोपबहादुर ? हिँड, असन आइपुग्यो ।"

हामी केही मिनेटभित्रै असन दोबाटो पुग्दै छौँ । तोपबहादुरका लागि त सबै असन नै हो । तथापि मैले त्यस दोबाटोलाई मात्र असन सम्झेको हुँदा दोबाटोमै पुऱ्याउने निश्चय गरेँ । मलाई पनि आफ्नो अभावपूर्ति गर्नु छ त्यसै दोबाटोमा पुगी । असनचोक प्रवेश नगर्दै तोपबहादुरलाई असन औँल्याइदिएँ । घरबाट हिँडेको चार दिनपछि टुङ्गोमा पुगेकामा तोपबहादुर हर्षित देखिन थाले । उनी आफ्नो नजरलाई चोकको चारैतर्फ दौडाउन थाले । बिसै पाइलाको दौरानमा हामी चोकको मध्यभागमा पुग्यौँ । मैले भनेँ – "भाइ ! यही हो असन ।"

मानिस, गाई, रिक्सा र गाडीको भिडमा आँखा घुमाउँदै तोपबहादुरले छक्क पर्दै भने – "यही हो असन ?"

"हो, यही हो ।"

मसँग तोपबहादुर यति विश्वस्त भइसकेका थिए कि उनले मेरो भनाइमा शङ्का गर्ने ठाउँ नै थिएन । उनले होइन पनि भन्न सकेनन् । अहिले उनले जुन असन पाए, त्यो असन उनको कल्पनाभित्रको थिएन । असनलाई सिङ्गो नेपाल सम्झने हाम्रा गाउँका दाजुभाइले पहिलोपल्टको दर्शनमा विश्वस्त नहुनु

स्वाभाविक हो । यस्तै छ हाम्रो राजधानीको आवश्यक वस्तुहरूको बजार । तिस हजार स्क्वायर फिटमा अवस्थित असनमा घण्टौंमा लाखौंको कारोबार हुन्छ । सयौं वर्षदेखि प्रख्यात यो बजार आज पनि त्यही रूपमा चलिरहेको छ ।

"मट्टितेल र नुन कहाँ पाइन्छ ?" तोपबहादुर मलाई सोध्छन् –"खोइ, म त यहाँ अलमलिन्छु ।"

मैले चोकको कुनामा बोर्ड देखें 'नेपाल आयल निगमबाट प्राप्त मट्टितेल यहाँ पाइन्छ ।' त्यही बोर्डमुनिबाट सुरु भएको क्यू हाम्रो नजिकसम्म छ । मैले भनें – "भाइ !यही लाइनमा लाग, तिम्रो पालो आएपछि मट्टितेल थाप ।"

उनले खुसी हुँदै भने – "त्यसो भए खाली कन्टर किन्नुपर्‍यो ।"

हाम्रो नजिकै खाली टिनहरू बेच्न राखेको ठाउँमा देखाउँदै मैले तोपबहादुरलाई भनें – "भाइ !खाली टिन यहाँ किन अनि लाइन लागेर मट्टितेल थाप । मलाई चिनी खोज्नु छ ।"

साल्ट ट्रेडिङको बोर्ड झुन्ड्याइएको दोकानतर्फ म लागें । त्यहाँ केवल बोर्ड मात्र छ, न मानिस न चिनी । मैले नजिकैको दोकानदारलाई सोधें । 'सिद्धियो होला' भन्ने जवाफ पाएपछि उनैको सल्लाहअनुसार मच्छिन्द्रबहाल जाने निश्चय गरें ।

तोपबहादुर चोकमा अलमलिएरै बसेका छन् । उनले आफ्नो किनमेल सुरु गरेका छैनन् । म उनीनजिकै गएर औंल्याउँदै भनें – "भाइ ! खाली टिन किन्ने त्यहाँ र मट्टितेल लिने त्यहाँ ! म गएँ है ?"

म उनको हार्दिक स्वीकृति पाउँदिनँ । उनले नरमाइलो किसिमले मुन्टो मात्र हल्लाए । म असनबाट मच्छिन्द्रबहालको बाटो लागें ।

मच्छिन्द्रबहालको चोकमा लाइन लगाई चिनी बाँडिरहेको देखें । देख्नेबित्तिकै म यति खुसी भएँ कि लाइनमा नलागी चिनीको बोराछेउमा उभिएर भनें – "साहुजी ! मलाई पनि चिनी दिनुहोस् ।"

बिक्रेता आफ्नै कार्यमा व्यस्त छन् । यसैबिच लाइनमा उभिएका एक भद्र पुरुषले मलाई भने – "तपाईंलाई चिनी चाहिन्छ भने लाममा लागेर आउनुहोस् । हामी पनि घण्टौंदेखि लाममा छौं ।"

ती व्यक्तिको वाक्य नटुङ्गिदै लाजले मेरो अनुहार रातो भयो । मैले आफैंले बुझ्नुपर्ने कुरा ती व्यक्तिबाट सुन्नुपर्दा मैले अप्ठ्यारो महसुस गरेँ । मैले केही भन्ने हिम्मत गरिनँ । मैले आफ्नो आँखा क्युमा दौडाएँ । सयौँ व्यक्ति उभिएका छन् । अन्यथा सोच्ने कुरै भएन । असजिलै मानेर पनि क्युमा आफूलाई सम्मिलित गराएँ ।

लाम बडो मुस्किलले चलेको छ । सयौँ व्यक्तिपछि मात्र आफ्नो पालो आउने स्थितिमा उभिएको म दुई घण्टा लाग्ने सहजै अनुमान गर्न सक्छु । दिन पनि ढल्किसकेको छ । सोचेँ, अब यहीँ चिनी लिएपछि साँझ पर्छ ।

झोला थाप्तै मैले दुई केजी मागेँ । आधा-आधा केजी मात्र दिने कुरा बिक्रेताले सम्झाए । आधा केजी चिनी लिई क्युबाट निस्किएँ ।

म असन हुँदै घरतर्फ लाग्छु । एकाएक मैले तोपबहादुरलाई एउटा टिनको छेउमा उभिएको देखेँ । मैले सोचेँ उनले मट्टितेल किनिसकेका छन् । तोपबहादुरको छेउमै गएर मैले सोधेँ – "भाइ ! मट्टितेल किनिसक्यौ ?"

तोपबहादुरले मेरो अनुहारमा पुलुक्क हेरे । उनको गहभरि आँसु टल्पलिएको मैले देखेँ । उनले मलाई केही जवाफ दिएनन् । उनलाई मैले फेरि सोधेँ – "के भयो, मट्टितेल त किन्यौ होइन ?"

उनी असनको एक कुनामा आँखा फालेर टोलिएर बस्छन् । मलाई हेर्न सकेका छैनन् । मेरो प्रश्नको उत्तर दिन पनि कुनै चाख देखाउँदैनन् । मैले उनको मुन्टो मपट्टि फर्काएर सोधेँ – "के भयो तोपबहादुर ? भन न भन, के भयो ?"

प्रतिउत्तरमा उनको आँखाबाट आँसु झर्छ । उनी आफ्नो दौराको फेरले आँसु पुस्छन् र रुन्चे स्वरमा भन्छन् – "मट्टितेलमै मेरो सबै रुपियाँ सकियो । अब किनमेल गर्ने पैसा नै छैन । सामान नलगे घर फर्कनै पर्दैन । बाउले बर्सेनि त्यत्ति नै कुखुरा ल्याई वर्षभरिको सामान लान्थे । मैले मट्टितेल मात्र लग्दा घरभित्र पस्नै पर्दैन । फेरि घर जाने पैसा पनि छैन । सबै ती महाजनले लिए ।"

मैले सोधेँ – "मट्टितेल कति लियौ ? कति पैसा दियौ ?"

उनले भने – "खाली कन्टर आठ रुपियाँमा लिएँ र लाममा बसेँ । धेरै

बेरपछि आफ्नो पालो आयो । कति हालौँ भनेर महाजनले सोधे । बिस कुरुवा हाल भनेँ । तेल हालिसकेपछि रुपियाँ त जति दिए पनि पुग्दैन ल्याऊ भन्न थाले । एक बिस एक लिटर हालेको छ भनेर भने । मभन्दा पछाडिकाले 'हिसाब पछि गर्दै गरौँला, महाजनले भनेजति रुपियाँ देऊ' भने । भएभरको रुपियाँमा दुई रुपियाँ बाँकी राखी सबै दिएँ । लामबाट बाहिर निस्कनेबित्तिकै अर्का मान्छेले कन्टर समाती रखाइदिए । उनले तीन रुपियाँ मागेका थिए । मसँग दुई रुपियाँ मात्र बाँकी रहेको कुरा सुनाएँ । 'पछि एक रुपियाँ दिनू' भनी थुतिलिए । अब मसँग एक रुपियाँ पनि छैन । कसरी किनमेल गरूँ? कसरी घर जाऊँ?"

उनलाई सम्झाउँदै भनेँ – "अब के गर्ने त ? तिमीसँग रुपियाँ नै कम थियो । तिमीसँग मट्टितेलको साहुले चार बिस नौ रुपियाँ लियो । अब पैसा नभएपछि के गर्ने ? बाउलाई सबै कुरा सुनाउनू । के गर्छन् त बाउले ?"

उनले भने– "घर जाने त बाटै मेटियो ।"

उनको समस्याको समाधान उनैसित सोधेँ – "के गर्छौ त ?"

"यो एक कन्टर तेल लानुभन्दा नलानु बेस छ । यो तेल बेच्नका लागि भनेको थिएँ । त्यो महाजनले बेच्ने भए किन्छु भनेका छन् । बेचेर रुपियाँ लिन्छु ।"– उनी भन्दै जान्छन्– "असनसोलमा मेरो दाजु कोइलाखानीमा काम गर्छन् । म पनि त्यहीँ गएर दुई-चार महिना काम गरी रुपियाँ कमाउँछु । अनि घरमा लानेजति सामान लिएर जान्छु ।"

"कहाँ हो असनसोल ? तिमी गएका छौ ?"

"गएको त छैन । जान आँटेपछि पुगिहालिन्छ नि ! के गर्नु घर जाने बाटै मेटिएपछि, अरू उपाय नै के छ र ?"

उनीसँग मट्टितेल लिने कुरा छिनिसकेका व्यक्ति हाम्रो अगाडि आई भन्छन् – "दिने हो ? लौ दिने भए दिइहाल, मलाई अर्कै काममा जानु छ ।"

तोपबहादुरले मुन्टो हल्लाएर स्वीकृति दिए । ती व्यक्तिले आफ्नो पसल देखाउँदै ल्याउन अह्राए । तोपबहादुरको आग्रहअनुसार म पनि त्यहाँ गएँ । ती पसलेले मट्टितेल भरेर लिने आशय व्यक्त गरे । त्यसका लागि मैले स्वीकृति दिएँ । उनले टिन फोरी मेरै सामु मट्टितेल भर्दा सोह्र लिटर मात्र पुऱ्याए ।

तोपबहादुरले एक्काइस लिटर लिएका थिए, तर अहिले भर्दा सोह्र लिटर मात्र पुग्यो । फेरि मैले दोहोरो भर्न लगाएँ । त्यति नै रहेछ । पसलेले सोह्र लिटरको अठसट्ठी रुपियाँ, टिनको सात रुपियाँ गरी पचहत्तर रुपियाँ तोपबहादुरलाई जिम्मा लगाए ।

मट्टितेलमा कमी देखेर मैले आफ्नो चिनीमा पनि शङ्का उठाएँ । जोख्ता साँच्चै पचास ग्राम कम रहेछ । अब मेरो हातमा चिनी आधा केजी नभई चार सय पचास ग्राम मात्र छ । आफ्नै सामु बिक्रेताले जोखेर -भरेर दिएकोमा चित्त बुझाई हिँडेपछि फेरि पुगेन भन्न जानु आफ्नै मूर्खता हो । मैले सम्झेँ, यो नियन्त्रित मूल्यमा लिएको वस्तु यस्तै हुन्छ ।

तोपबहादुर र म असनचोकमा निस्कन्छौँ । अहिले उनको हातमा केवल पचहत्तर रुपियाँ मात्र छ । असनको नाटकमा उनले पूरा चौबिस रुपियाँ गुमाए । चौबिस रुपियाँले उनकी आमालाई वर्षभरि पुग्ने गुन्यु असनचोकमा बिलाएर गयो । अनि उनका बाबुलाई भोटो र कछाड, बहिनीलाई गुन्यु र आफूलाई नयाँ लुगा केवल सपना मात्र भयो । उनको घर वर्षभरि अन्धकार हुन्छ । परिवारको भान्सा वर्षभर अलिनो हुन्छ । उनलाई यो सम्झना भएन । उनलाई केवल सामानका लागि रुपियाँको आवश्यकता छ । उनले रुपियाँ कमाएर मात्र घर फर्कने निधो गरे । तोपबहादुर कोसौँ टाढादेखि पैताला खियाएर असन आइपुगे । जति उनी असनलाई श्रद्धा-विश्वास गर्दछन्, असन त्यति नै उनलाई हेला र शोषण गर्दछ । असन बुझ्दैन कि सकेसम्म उनलाई इमानदारीपूर्वक सहुलियत प्रदान गरेर खुसी तुल्याऊँ । ऊ त जान्दछ, यस्तै मूर्खहरूलाई नक्कली र मिसावटको सामान जिम्मा लगाएर बाँच्न ।

तोपबहादुरको आवश्यकता पूर्ति गर्न म असमर्थ छु । पाँच-दसको सहयोगले नहुने । त्यसैले म लाचार छु । म उपायरहित छु । म उनलाई विदेश भासिनबाट रोक्न सक्तिनँ !

तोपबहादुरसँग म दुःखित हुँदै भन्छु – "तिमी घर जाऊ भाइ ! लाहुरमा झन् बढी दुःख हुन्छ । कहिल्यै नगएको र नदेखेको ठाउँ । जाने आँट नगर । भोलि बिहानको बसमा बाह्रबिसे हुँदै घर जाऊ । तिम्रो घरमा आमाबाबुले तिमीलाई केही भन्दैनन् । विश्वास गर, घर जाऊ भाइ, घर फर्क !"

उनी मलिन स्वरमा भन्दै जान्छन् – "म घर त जाँदै जान्नँ। के मुख लिएर म घर जानु ? बरु दाजु भएको ठाउँमा गई दाजुसँगै कोइलाखानीमा काम गर्छु, रुपियाँ कमाउँछु। अनि घर फर्कंदा भनेको भन्दा धेरै-धेरै माल लिएर जान्छु।"

"आज कहाँ बस्छौ त ?"

"यतै कतै बसुँला।"

"म जाऊँ त ?"

"हुन्छ।"

"तिमी यतै बस्छौ ?"

"यतै त बस्नुपर्ला आज।"

म तोपबहादुरसँग बिदा लिँदै आफ्नो बाटो समात्छु र सोच्तै जान्छु। यहाँबाट यसै गरी देशको युवाशक्ति विदेसिन्छ समय र परिस्थितिको चपेटामा परी। यो महँगी र उर्लिंदो बजारले तोपबहादुरजस्ता इमानदार श्रमजीवी यो देशले गुमायो। बुढाबुढी उसका आमाबाबुले एउटा सहयोगी छोरो गुमाए। उसकी बहिनीले माया गर्ने एउटा दाजु गुमाई। उसका सँगीसाथीले एउटा असल मित्र गुमाए।

# मङ्गलबार

एउटा सरकारी कार्यालयको कोठामा म घण्टौँदेखि बसिरहेछु । मेरो काम भइरहेको छैन । यी फाँटवालालाई मसँग बोल्नेसम्म पनि फुर्सद देखिएको छैन । मसमेत चार जना अझै कामको पर्खाइमा छौँ । उनले मलाई जानेबित्तिकै 'एकै छिन पर्खनुहोस्, तपाईंको काम गरिदिन्छु' भनेर दिएको आश्वासनले म अलमलिएको छु । यो कोठामा मेचको अभाव छ । म कहिले उभिन्छु, कहिले एउटा अपरिचित व्यक्ति बसिरहेको मेचको कुनामा बेसरम बस्न पुग्छु । धेरै बेर बस्ता शरीर अप्ठ्यारो हुन्छ, त्यसैले कहिले कोठाबाहिर निस्कन्छु । मैले यो बिचमा फाँटवालालाई दुई पटक अनुरोध गरिसकेँ 'मेरो कागज अर्को फाँटमा पठाइदिनुहोस् न' भनेर । 'काम गरिरहेको देख्नुहुन्न ?' भन्दै झन्झट मानेर दिएको ओठेजवाफले मलाई फेरि भन्न मन लागेको छैन ।

आज म यस कार्यालयमा दुई हप्तापछि प्रवेश गरेको छु । महिनौँदेखि अलमलिएको यो काम कुनै जटिल थिएन । काम सकूँ भनेर लाग्ने हो भने करिब बिस मिनेटमा सकिने मेरो काम, बिस पटकको धावाले पनि केही हुन सकेको छैन । काम साधारण छ । मैले केही महिनाअघि त्यसै कार्यालयमा एक कर्मचारीको सल्लाहअनुसार तीन सय पच्चिस रुपियाँ बुझाएको थिएँ । नियमतः त्यो काम नहुने जानकारी पाएँ । काम नभएपछि त्यो तीन सय पच्चिस रुपियाँ मलाई फिर्ता गर्न मौखिक आश्वासन दिएअनुसार कार्यालय धाउन थालेँ । रुपियाँ नपाउने पनि भन्दैनन् । पाउने चाँडो कार्यवाही पनि हुँदैन । धेरै-थोरै जति भए पनि पैसाको माया हुन्छ । त्यसमा पनि आफूले बुझाएको पैसा !

मेरो सानो रकमको काम भएर हो कि फाँटवालाले मेरो काममा ध्यान नदिएको ? मैले तरिका बुझ्न नसकेर हो कि मेरो काम नभएको ? मैले तीन सय पच्चिस रुपियाँका लागि त्योभन्दा पनि बढी खर्च गरिसकेँ । मेरो समयको पनि मूल्य हुन्छ र यहाँ आइपुग्न पनि मलाई केही खर्च लाग्छ । प्रत्येक पटकमा घटीमा मैले दुई घण्टा बिताएको छु । बिसौँ पटकको धावामा घन्टौँको प्रतीक्षापछि पनि काम नहुँदा फेरि नधाउने निश्चय गरेर रुपियाँलाई माया मारी कार्यालयबाट फर्कन्छु तर केही दिनपछि 'आफ्नो पाउने रुपियाँ किन छोड्ने ? पाएमा एउटा काम त चल्दछ' भन्ने आशामा फेरि कार्यालयमा धाएको हुन्छु ।

म कोठामा आफ्नो कामको पर्खाइमा उभिइरहेको छु । फाँटवाला एउटा फाइलको काममा व्यस्त देखिन्छन् । उनले मसँग र अरू मजस्तै उनको टेबलअगाडि बस्नेहरूसँग पनि बोल्ने फुर्सद देखाइरहेका छैनन् । यही वातावरणलाई खलबल्याउँदै एउटा मानिस कोठामा प्रवेश गर्दै भन्दछन् – "ओ, हजुर ! मेरो काम भयो ?"

उनलाई देख्नेबित्तिकै चिनेँ । उनी महेशकुमार केडिया हुन् । उनलाई म दसौँ वर्षदेखि चिन्दछु, उनी काठमाडौँ प्रवेश गरेदेखि ।

उनको गरुङ्गो आवाज फाँटवालाको कानमा नपुग्दै मेचबाट जुरुक्क उठी भन्न लागे – "आउनुहोस्, आउनुहोस् महेशकुमारजी !"

फाँटवालाले महेशकुमारलाई सँगैको टेबलको एक मेच तान्दै बस्न अनुरोध गरे । महेशकुमारले भने मलाई समेत तान्दै मेचतर्फ बढाए ।

उनी मेचमा बसे र म उनकै मेचको हातमा टुसुक्क बसेँ । मेरो बारेमा सोधे । मैले आफ्नो कामका लागि आएको कुरा बताएँ । उनी पनि इम्पोर्ट लाइसेन्सको काममा आएका रहेछन् ।

फाँटवालाले आदरपूर्वक उनलाई भने – "महेशकुमारजी ! तपाईँ हिजो नै आउनुहुन्छ भन्ने लागेको थियो । काम सब सकेर तयार राखेको छु, केवल डाइरेक्टरसाहेबको सहीछाप बाँकी छ ।"

हाँस्तै महेशकुमारले भने – "मै हिजो आउन सकेन । मै आज आयो । चाँडो काम सक्याउनुस् ।"

फाँटवालाले महेशकुमारको आज्ञापालन गर्दै दराजबाट फाइल निकाले र भने – “तपाईं एकै छिन बस्नुहोस् । म डाइरेक्टरसाहेबको सहिछाप गराई ल्याउँछु ।”

“कोही बात छयन ।”

फाँटवाला फाइल लिई कोठाबाहिर निस्किए । मैले जिज्ञासापूर्वक सोधेँ – “महेशकुमारजी ! अहिले विदेश-व्यापार आफैँले सुरु गरेको ?”

मेरो प्रश्न सुन्नेबित्तिकै मेरो हात समातेर हलुकासँग दबाउँदै अहिले मौन रहने इसारा गरे उनले । मुखले केही जवाफ नदिएकाले मलाई उनीप्रति शङ्का उत्पन्न हुन लाग्यो । हुन पनि उनी भारतीय पासपोर्टबाट नै तीन महिनाअगाडि हङकङ गएको मलाई थाहा थियो । दस वर्षदेखि काठमाडौँमा बसे पनि उनी आफूलाई नेपाली नागरिक बनाउने तरखरमा नलागेको कुरा पनि मलाई थाहा छ । बर्मामा जन्म भएका महेशकुमार बर्माबाट निस्काशित भएर नेपालमा बसोबास गर्न थाले पनि आफूलाई भारतीय नागरिक भन्नमा गर्व गर्दथे । यसैबिच म एउटा सरकारी नीति सम्भन्छु – ‘प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै पनि विदेशीले यो व्यापार गर्न सक्तैन ।’ यस नीतिको विरुद्ध एउटा विदेशीलाई किन यति बढी स्वागत छ ? किन यति बढी सहुलियत छ ? मेरो मनमा एउटा कुतूहल पैदा भयो यस विषयमा जान्ने र बुझ्ने ।

महेशकुमारले मलाई सोधे – “तपाईंको धेरइ काम छ ?”

मेरो काम भएमा धेरै बेरको त थिएन । नभएको हुँदा छैन भने पनि हुन्छ किनकि आज नै मेरो काम नगर्ने स्थिति मैले देखिसकेको छु । त्यसैले उनलाई मैले जवाफ दिएँ – “सानो काम छ । सायद आज हुँदैन होला ।”

उनले सोधे – “तपाईं गाडीमा या पैदल ?”

“पैदल नै आएको । हामीजस्ताले यस्तो महँगो पेट्रोल हाली सधैँ गाडी चढ्न सक्छौँ र ?”- मैले उनलाई भनेँ- पैदल हिँड्नु स्वास्थ्यका दृष्टिकोणले पनि राम्रै छ ।”

यत्तिकैमा फाँटवाला भित्र पस्दै भन्छन् – “महेशकुमारजी ! काम सकियो । यो फाइल लानुहोस् र पैठारी शाखामा दिनुहोस् । तपाईंको कागज यहीँ छ । त्यहीँबाट बुझिलिनुहोस् ।”

फाँटवालाले महेशकुमारलाई फाइल दिए । महेशकुमार मलाई 'एक मिनट' भन्दै फाइल लिई कोठाबाट बाहिर निस्किए । मैले फाँटवालाई मेरो कामका बारेमा अनुरोध गरेँ । उनले आज काम नभ्याउने कुरा मलाई जनाउँदै 'भोलि आउनुहोस्, तपाईंको काम गरिदिउँला' भने । भोलि नै पनि हुने कुनै लक्षण म देख्तिनँ । उनले 'भोलि गरिदिन्छु' मात्र भनेको भए पनि म आशा लिएर भोलिका लागि फर्कने थिएँ होला तर उनले 'गरिदिउँला' भन्ने अनिश्चित वाक्यको प्रयोग गरे र म निराश भएर केही नबोली 'हवस्, भोलि आउँछु' भनेर कोठाबाट निस्कँ ।

म कार्यालयको तल ढोकामा मात्र पुगेको छु । महेशकुमार आफ्नो काम समाप्त गरी मेरा अगाडि आइपुगे । मैले उनलाई भनेँ – "यति चाँडै काम सक्नुभयो ?"

"हाँ तो ! धेरइ समय लगाउने कुनै बातै छयन ।"

"कति दिनदेखि 'पेन्डिङ' काम हो यो ?"

"बस्, अस्ति मात्र दिएको । धेरइ दिन भयो भने मुल्लाहरूले खान पनि त पाउँदैन ।"

मेरो मनमा जेसुकै गुज्रिएको भए पनि ओठमा हाँसो ल्याई भनेँ – "बडो चाँडो काम सक्नुहुँदो रहेछ । हुन पनि तपाईंहरूजस्ता व्यापारीलाई धेरै फुर्सद पनि त हुँदैन ! जति सक्यो चाँडै काम सक्नु राम्रो पनि हो ।"

उनले मेरो कामका बारेमा सोद्धै भने – "तपाईंको काम सकियो ?"

"आज कामले भ्याएन रे, भोलि बोलाएका छन् ।"

"क्या ? सकिएन ? मै भनिदिन्थेँ आफ्नै मान्छे भनेर । पहिले किन भन्नुभएन मैलाई ?"

उनको कुरा सुन्दा मलाई उदेक लाग्यो, आफ्नो देशमा उनी एक विदेशी मान्छे भनेर मैले चिनिनुपर्ने स्थिति देखेर । हुन त उनले मेरै फाइदाका लागि भनेका हुन् । यो कुरा मेरा लागि फाइदै भए पनि सहन गर्न सक्तिनँ म । मैले मनमनै भनेँ, बरु मेरो काम नहोस् तर यस्तो स्थिति कहिल्यै नआओस् !

मैले उनका कुराको कुनै प्रतिक्रिया जनाइनँ । म मौन रहेँ । उनले भने

– "तपाईं अब कहाँ जानुहुन्छ ?"

मेरो आजको काम त्यही थियो जो हुन सकेन । विशेष कहीँ जाने काम थिएन । त्यसैले मैले भनें – "घरै जान्छु होला ।"

"दिनमै घर जाने ? फुर्सद छ भने मैसँग चल्नुस् ।"

"कहाँ ?"

"मेरो अफिसमा ।"

मैले उनीसँग जाने सम्मति जनाएँ । उनी कारतर्फ बढे र म पनि । कारको फ्रन्ट सिटमा दुवै बस्यौं । गाडी उनको अफिसतिर लाग्यो । उनले कुरा निकाले – "तपाईं पनि फरेन ट्रेडमा लाग्नुभयो ?"

"लागेको त छैन । लाग्ने विचारले कार्यालय धाउन थालेको । खोइ, नहुने भयो । हामीजस्ताले कसरी गर्ने ?"

सम्भवतः मलाई उनले विदेश-व्यापारका बारेमा सल्लाह गर्न उनको अफिसमा लाँदै छन् । मैले उनलाई बिस्तारै सोधें – "के तपाईंले विदेश-व्यापार सुरु गर्नुभयो ?"

"विदेश-व्यापार त मै पहिलेदेखि गर्थें । तपाईंलाई थाहै छ, पहिले अर्काको इम्पोर्ट लाइसेन्स खरिदेर गर्थें, अहिले आफ्नै फर्म छ । बस्, फर्क तेति हो ।"

मैले उनलाई सम्झाउँदै भनें – "तपाईं त भारतीय नागरिक, कसरी आफ्नो फर्म रजिस्ट्रेसन गर्नुभयो ? कि नेपाली नागरिकता लिइसक्नुभयो तपाईंका साथी धारीवालले जस्तो ?"

"पछि भनूँला ।" – उनले कुरा टुङ्ग्याउँदै भने ।

उनका काठमाडौंका सुरु-सुरुका दुःखका दिनहरू पनि मैले राम्रो गरी देखेको छु । उनले दुई सय पचासको नोकरीमा काठमाडौंका फुटपाथहरू माडेका छन् । एउटा कोठामा पचास रुपियाँ तिरी उनले महिना गुजारेका हुन् । आज महेशकुमारका तीन-तीन ओटा कारहरू अठार सयको बङ्गलाको ग्यारेजमा मौजुद छन् । उनी आफ्नो कुनै पनि कुरा मलाई बताउन हिचकिचाउँदैनन् तर अहिले किन बताएनन्, मैले बुझ्न सकिनँ ।

हामी उनको अफिसको मुनि सडकमा आइपुग्यौं । उनले आफ्नो गाडी रोक्तै भने – "मै तपाईंसँग सल्लाह गर्न चाहेको छु । जाऊँ माथि अफिसमा ।"

हामी दुवै उनको अफिसमा पुग्यौं । म करिब तीन महिना भइसकेको थियो उनको अफिसमा नआएको । अफिसमा ठुलो परिवर्तन भइसकेको रहेछ । स्टाफहरू पनि थपिएका रहेछन् । उनको छुट्टै केबिन रहेछ । पुग्नेबित्तिकै उनले मलाई 'गरम या ठन्डा' खाने प्रस्ताव गरे ।

उनले आफ्नो अफिसको पिउनलाई बोलाउँदै भने – "बहादुर ! ए बहादुर !"

एउटा नवयुवक कोठाको ढोका खोली उपस्थित भए– "किन सा'प ?"

मैले यस्तो बहादुर भन्ने शब्द भारतको कलकत्ता, दिल्ली र बम्बईमा मात्र सुनेको थिएँ । आज काठमाडौंमा पनि सुनेँ । सुन्नेबित्तिकै मेरो मनमस्तिष्कमा झस्को पऱ्यो । मलाई महेशकुमारप्रति नराम्रो भावना पैदा भयो । यस विषयमा केही नबोली म चुप बस्न सकिनँ र त्यो युवकलाई सोधेँ – "भाइ ! तिम्रो नाम बहादुर हो ?"

युवकले जवाफ दिए – "हो हजुर ।"

उनको कुरामा अविश्वास गर्दै भनेँ – "के बहादुर मात्र नाम हुन्छ ?"

"यहाँ सा'पले बहादुर भन्नुहुन्छ । त्यसैले मेरो नाउँ नै बहादुर भयो ।"

"यहाँ नोकरी गरेको कति भयो ?"

"तीन महिना हुन लाग्यो ।"

"यहाँभन्दा पहिले के नाम थियो तिम्रो ?"

"नाम त रामप्रसाद हो ।"

"तब किन बहादुर भनेको त, रामप्रसाद भन न !"

महेशकुमारले मेरो आशय बुझे । उनले अप्ठ्यारो मान्दै भने – "रामप्रसादभन्दा बढी लामो नाम छ । 'कान्छा' भनूँ भने अर्को मान्छेको नाम पनि 'कान्छा' छ, त्यसैले सजिलोका लागि 'बहादुर' भनेको ।"

मैले उनलाई सम्झाउँदै भनेँ – "यिनले केही बहादुरी गरेको भए

'बहादुर' भन्दा राम्रै थियो । यिनले कुनै बहादुरी गरेजस्तो त लाग्दैन, किन बिनसित्तिमा 'बहादुर' को उपाधि दिएको ?"

महेशकुमार नमिठो मुख लगाउँदै भन्न लागे – "बहादुरी गरेको थियो कुनै जवानामा नेपालीले, त्यसैले बहादुर त राम्रो हो । होइन ? सबै त नोकरलाई 'कान्छा', 'बहादुर' भन्छन् !"

"बहादुर शब्द त राम्रै हो, तर पनि हामीलाई सुन्दा नराम्रो लाग्छ ।"

"अच्छा, यो कुरा छोडिदिऊँ ।" – उनले भने – "आजकल क्या गर्दै हुनुहुन्छ ?"

'काम त केही विशेष छैन' भन्दै मैले उनलाई भनेँ – "आफ्नै घरको कामकाज र कारोबार हेर्दै छु ।"

उनी आफ्नो अफिसको फाइल केलाउन थाले । एकै छिनको मौनतापछि मैले सोधेँ – "महेशकुमारजी ! आजकल विदेश-व्यापार के आफ्नै फर्मबाटै गर्दै हुनुहुन्छ ?"

"हाँ तो, क्या गर्ने ! नेपाल सरकारको नीति कुनै ठिक छयन । कहिले क्या हुन्छ त कहिले क्या हुन्छ । जस्तो-जस्तो नीतिमा उनले परिवर्तन गरे, हामीले पनि आफ्नो व्यापारमा परिवर्तन गर्नैपर्छ । तपाईँलाई थाहा थियो, पहिले एक सय साठी प्रतिशतको भाउमा इम्पोर्ट लाइसेन्स खरिद गरेर हामीले काम गरेको हो । अब सरकारी नीति बदलियो । एक्सपोर्टको बोनस नदिने हिसाब बैठायो । कहाँबाट हाम्रो काम चल्ने ? जस्तो सरकारको नीतिमा बदल हुन्छ, हाम्रो पनि त्यही हुनुपर्ने । त्यसैले आफ्नै फर्म रजिस्ट्रेसन गरेँ । आफूलाई चाहिने माल आफैँ मगाउँछु । लाइसेन्स आफैँ झिक्छु । काम चलाउनैपऱ्यो । भन्नुहोस्, क्या गर्ने !"

मैले उनीसँग सोधेँ – "के सरकारको नीति परिवर्तन भइरहन्छ ? एउटा कुनै ठोस नीति रहँदैन ?"

उनले जवाफ दिए – "कहाँ एउटा नीति रहन्छ ? कहिले बोनसमा इम्पोर्ट लाइसेन्स दिन्छ त कहिले डलरलाई बाह्र र सोह्र गरी दुई विनिमय रेट कायम गरेर इम्पोर्ट फ्री गर्छ । कहिले सोह्रलाई घटाई चौध गर्छ । जे गरे पनि हामी व्यापारीलाई नुक्सान दिनचाहिँ सक्तैन । हाम्रै सल्लाहअनुसार त

सब हुन्छ !"

मैले उत्सुकतापूर्वक सोधेँ – "कसको सल्लाहअनुसार ?"

"हाम्रो ग्रुपको सल्लाहअनुसार ।"

"तपाईँहरूको ग्रुप कस्तो छ ?"

उनले उपहासको हाँसो हाँस्तै मलाई भने – "यो कुनै तपाईँले देख्ने ग्रुप हुन्छ ? हामी नेपालमा कसरी टिकेका छौँ? क्या तपाईँ सम्भनुहुन्छ मै एक्लै काम गरिरहेछु ? हामी ठुला-ठुला व्यापारीको एउटा ग्रुप छ । त्यसमा शक्तिशाली पावरका व्यक्ति पनि छन् । हामीलाई आवश्यक भयो भने साना-ठुला सरकारी कर्मचारी पनि मिलाउँछौँ । हाम्रो भेटघाट धेरइ टेलिफोनमा हुन्छ । तपाईँलाई मै ग्रुप देखाउन सक्तिनँ ।"

उनको भनाइअनुसार नेपालको व्यापार उनको मुठीभित्र छ । उनले जे गर्न पनि सक्छन् । उनले धक फुकाएर बयान गरेको सुन्दा म उनको कुरामा कुनै शङ्का गर्ने ठाउँ पाउँदिनँ । मेरै आँखाले आज सरकारी कार्यालयमा उनलाई गरेको इज्जत देखेको छु । उनले मलाई 'मेरो मान्छे' भनेको भरमा काम टुङ्गिने कुरा पनि बताएका थिए । यसैले यो होइन, हुन सक्तैन भन्ने पक्षमा मैले सोच्ने कुरै रहेन । म टोलिएर उनको कुरा सुन्दै जान्छु ।

उनी भन्दै जान्छन्– "तपाईँले देख्नुभयो आजको मेरो काम ? मै जानेसाथै सबै काम हुन्छ । हामी कुनै पनि काम गर्दा ढिलासुस्ती मन पराउँदैनौँ । हामीले सबै हाकिमहरूलाई आफ्नो कामका बारेमा फोनबाट जानकारी दिन्छौँ । काम चाँडो सक्छौँ ।"

उनी भन्दै जान्छन् – "मलाई लाग्छ, तपाईँको त्यो आपिसमा धेरइ दिनदेखि काम अलमलमा छ । क्या काम हो, मलाई भन्न सक्नुहुन्छ ?"

उनले स्पष्टतासाथ सबै कुरा बताउँदै छन् भने मैले आफ्नो काम लुकाउनु पनि मनासिब देखिनँ र भनेँ – "काम त ठुलो होइन । मैले एउटा कामका लागि तीन सय पच्चिस रुपियाँ बुभ्काएको थिएँ । नियमअनुसार त्यो काम हुन सकेन भनेर मैले जानकारी पाएँ । काम नभएपछि आफूले राखेको धरौटी रुपियाँ फिर्ता पाउने नियम रहेछ । त्यही पैसा फिर्ता लिन गएको हुँ ।"

"कति पटक जानुभयो ?"

"जान त धेरै पटक गएँ ।"

"धेरइ पटकको मतलब चार-पाँच पटक ?"

"होइन, त्योभन्दा पनि धेरै ।"

"तब तो तपाईंले सजिलो हिसाबले पाउनुहुन्न । सम्झनुहोस्, तपाईंले पाउने रुपियाँमध्ये दस-पन्ध्र प्रतिशत उनलाई दिन मन्जुर हुनुहुन्छ भने तुरुन्त पाउनुहुन्छ ।"

"किन, आफ्नो रुपियाँ लिन पनि उनलाई कबुल्नुपर्छ ।

"क्या गर्नुहुन्छ ! तपाईंको आपिसको नियमै त्यस्तो छ । दिन मन्जुर गर्नुहोस् या सबै छोडिदिनुहोस् ।"

"मैले त्यस्तो कुरा कसरी गर्ने कार्यालयमा ?"

"सोझै भन्नुहोस् या घुमाएर भन्नुहोस् । तपाईंले नबोलेसम्म उसले बुझ्दैन । नबुझेसम्म काम गर्दैन । आपिसमा एक्लै पारेर भन्नुहोस् या सडकमा भेटेर भन्नुहोस् । त्यति भनेपछि मन्त्र गरेजस्तो काम भइहाल्छ । मै तो यहीँ बोलाउँछु आफ्नो कामका लागि ।"

उनले गरिरहेको व्यवहार म गर्न सक्तिनँ । उनलाई थाहा भएको कुरा मलाई थाहा छैन । त्यसैले त उनमा र ममा ठुलो अन्तर छ । उनले पाँच वर्षमा गरेको प्रगति मेरो जिन्दगीभरमा हुँदैन । उनको भनाइ मेरो भलाइका लागि हो । उनका अनुसार गर्ने मेरो साहस छैन । साथै मेरो क्षमताभन्दा बाहिरको कुरा म गर्न पनि सक्तिनँ । यसै सन्दर्भमा म उनलाई भन्छु – "के तपाईंको कामका लागि बोलाउँदा सरकारी कर्मचारी यहीँ आउँछन् ?"

उनले हाँस्तै भने – "लौ ! क्या भन्नुभयो ? आउनैपर्छ ! नआई उनको कामै चल्दैन । कति आपिसको मानिसलाई हामीले तलब दिएर राखेका छौँ । मेरो मतलब सरकारी तलब होइन, हाम्रो काम गरेबापत हामीबाट पाउने तलब । यदि हामीले अलग तलब नदिएमा हाम्रो काम ढिला भैजान्छ । ढिला भयो कि काम बिग्रियो । व्यापारमा चाँडो-चाँडो काम हुन चाहिन्छ । अच्छा !तपाईंले भन्नुहोस्, हाम्रो सम्पर्कको आपिसको मान्छे अहिले बोलाऊँ? हामीले

धेरइ बोलाएपछि सबै काम छाडी यहाँ आउँछन् । यसमा त उनलाई फाइदा छ । हामीले धेरइ बोलाएपछि धेरइ पैसा उनले पाउँछन् । क्या कुरा गर्नुभएको तपाईंले !"

टेलिफोनको घन्टीले उनको कुरा रोकिन्छ । उनी टेलिफोनमा कुरा गर्न लाग्छन् – "हेलो... क्या दस लाख... ठिक... ठिक ... एक लाख घाटा... के कुनै भयो... हाँ... ठिक... अच्छा !"

उनको टेलिफोन नसकिँदै गरम कफी टेबलमा आइसकेको छ । टेलिफोनको रिसिभर राख्तै मलाई कफी लिन हातले इसारा गर्छन् । कफीको कप हातमा लिँदै म भन्छु– "महेशकुमारजी ! साँच्चै तपाईं यहाँ कुनै सरकारी कर्मचारी बोलाउन सक्नुहुन्छ ?"

"तपाईंले मलाई अविश्वास गर्नुभयो ?"

"विश्वास नगरेको त होइन । यो कार्यालय-समयमा सरकारी कर्मचारी तपाईंकहाँ कसरी आउँछन् भन्ने विषयमा मलाई शङ्का भने निश्चय छ ।"

"भन्नुहोस् तो, त्यसो भए कुन आपिसको बुलाऊँ ?"

उनको कुराले झन् मलाई आश्चर्यचकित बनायो । उनी मलाई 'कुन अफिस' भनेर सोध्दै छन् । यसको मतलब सबै अफिससँग उनको सम्पर्क छ । अब म कुन भनूँ, मलाई नै अप्ठ्यारो स्थिति पैदा भयो । मैले उनलाई फेरि सोधेँ– "जुनसुकै अफिसको ? मतलब नेपालमा भएका सबै अफिसको ?"

"त्यो होइन ! तपाईं भन्नुहोला युनिभर्सिटीको मास्टर बुलाऊ । म बुलाउन सक्तिनँ । हाम्रो व्यापारसँग सम्बन्धित सबै आपिस भनेको मैले ।"

तत्काल दिमागमा त्यही कार्यालय अगाडि आयो जुन कार्यालयमा आज म गएको थिएँ । मैले भनेँ– "अघि हामी भेट भएको कार्यालयको अफिसरलाई बोलाउनुहोस् । फाँटवालालाई होइन नि !"

"कुन अफिसरलाई ?"

फेरि मलाई फसाद पर्‍यो । को भन्नु ! चिनेको कोही छैन । मैले विचार गरेँ, फाँटवालाभन्दा माथिको व्यक्तिसँग परिचय भयो भने आफ्नो तीन सय पच्चिस पनि आउने । त्यसैले मैले भनेँ – "फाँटवालाभन्दा माथिको कोही पनि

अफिसर बोलाउनुहोस्, जो तपाईंले भन्दा तुरुन्त आउँछन् ।"

'ठिक छ ! तपाईंको शङ्का दूर गरिदिन्छु' भन्दै उनले टेलिफोन मिलाए । टेलिफोनमा कुरा गर्दै भने – "हेलो ... को बोल्नुभयो ... आपिसरसाहेबहरू कोही हुनुहुन्छ ? ... हुन्छ ... मै महेशकुमार, न्युरोडबाट .... तपाईं मैकहाँ अहिले आउन सक्नुहुन्छ ? ... आउनुस् है, मै बसिरहेको छु ।"

टेलिफोन राख्तै उनले भने – "आपिसर दुई-तीन जना मिटिङमा बाहिर गएका रहेछन् । एउटा आपिसर भेटेँ, बोलाएको छु ।"

महेशकुमारले मसँग व्यापारका सम्बन्धमा कुरा छेडे । जुन कामका लागि उनी मसँग सल्लाह गर्न चाहन्थे, त्यही विषयमा बिस्तारै उनले कुरा निकाले । उनले मप्रति सहानुभूति राख्तै विदेश-व्यापार सुरु गर्ने सल्लाह दिन थाले । उनले यो पनि भने – "यो मौकामा हामीसँग मिलेर काम गर्दा धेरै नै फाइदा हुने छ ।"

उनको भनाइअनुसार मैले सरकारी नीतिका विरुद्ध केही गर्नु थियो, जो म गर्न सक्तिनथेँ । जब उनको पूर्ण आशय बुझेँ, त्यसपछि उनलाई मैले सोझै जवाफ दिएँ– "यो मबाट हुन सक्तैन, यसरी रुपियाँ कमाउने मलाई आवश्यकता पनि छैन ।"

मेरो यत्तिकै जवाफमा उनी चुप रहेनन् । उनी झन् जोसिँदै हिन्दी भाषामा रुपियाँको महत्त्वका बारेमा मलाई धेरै सम्झाए ।

हाम्रो कुराकानीको दौरान नटुङ्गिँदै एक जना अपरिचित व्यक्ति कोठामा प्रवेश गर्दछन् । महेशकुमार उनलाई स्वागत गर्दै भन्दछन्–"आउनुहोस्, आउनुहोस् ! बढी चाँडै आउनुभयो, बस्नुहोस् !"

महेशकुमारले परिचय गराए । तिनी त त्यही सरकारी कार्यालयका शाखाअधिकृत शिवराम पो रहेछन्, जुन कार्यालयमा म बिसौँ दिन धाउँदा कुनै कर्मचारीलाई मसँग एक मिनेटसम्म बोल्ने फुर्सद थिएन ।

महेशकुमारले मेरो काम अलमलिएको बारेमा सुनाए र हुन सक्छ भने कामका लागि मद्दत गर्न समेत अह्राए ।

अधिकृतले मतर्फ फर्कंदै भने – "कति दिन भयो काम अलमलिएको ?

कसको फाँटमा छ ?"

"करिब तीन महिना भयो मैले रुपियाँ बुझाएको । मलाई रुपियाँ फिर्ता गर्ने भनेको अढाई महिना भयो होला । धेरै पटक कार्यालयमा धाएँ । फेरि भोलि बोलाएका छन् । भोलि काम हुन्छ कि ?"

"भोलि तपाईँ कार्यालय आउनुहुन्छ भने पहिले मलाई भेट्नुहोस् । जुनसुकै फाँटमा भए पनि म काम टुङ्ग्याइदिन्छु ।"

महेशकुमार मलाई सम्बोधन गर्दै भन्छन् – "तपाईँ निश्चिन्त रहनुहोस्, काम भयो । उहाँले भनेजस्तो आपिस जानेबित्तिकै उहाँलाई भेट्नुहोस् । सब काम भइहाल्छ ।"

अधिकृत महेशकुमारको कुरालाई पुष्टि दिँदै भन्छन् – "हँ-हँ, सबै काम भइहाल्छ । चिन्ता गर्नुपर्ने कुरै छैन ।"

जुन कुरा म हृदयदेखि चाहन्नथेँ, त्यही भयो । मैले चाहेर होइन, नचाहेर पनि यो वातावरण नै अनायास सृजना भयो ।

अधिकृत र महेशकुमार बिच आपसी सन्चो-बिसन्चोबारे कुरा भयो । मानौँ यी दुईको गहिरो मित्रता छ । महेशकुमारले आज कार्यालय आएको र डाइरेक्टर साहेबलाई भेट्न नसकेको कुरा पनि अधिकृतलाई भने । अरू कामका विषयमा अधिकृतले सोधेको प्रश्नका उत्तरमा महेशकुमारले भने – "उहाँको कामका लागि मात्र तपाईँलाई दुःख दिएको ।"

अधिकृतलाई जुनसुकै कारणले बोलाएको भए पनि बाठा महेशकुमारले भने–"यस्तो कुरा फोनबाट भन्न मनासिब नभएको हुँदा तपाईँलाई दुःख दिएको हुँ ।"

प्रतिउत्तरमा उनले भने – "ठिक गर्नुभयो ! कुनै पनि कुरा भेटघाटमै गर्नु राम्रो हुन्छ ।"

महेशकुमारले उनलाई चिया पिउन आग्रह गरे, तर उनले चिया नपिएर नै जाने विचार व्यक्त गरे । महेशकुमारको उनीसँग कुनै काम छैन । उनले त मेरो शङ्काको निवारण गर्न मात्र अधिकृतलाई डाकेका हुन् । संयोगले त्यही कार्यालय पर्न गएको हुँदा मेरो काम पनि बिचमै झुन्डियो । अन्यथा यो अवस्था

नै आउने थिएन ।

महेशकुमारले अधिकृतलाई बिदा दिँदै भने – “भोलि साँझ मेरो घरमा आउनुहोस्, डाइरेक्टरसाहेबलाई केही सामान पठाउनु छ ।”

‘भोलि साँझ ? हुन्छ’ भन्दै अधिकृत कोठाबाट निस्किए ।

एक क्षणको मौनतापछि महेशकुमार भन्छन्– “देख्नुभयो नोटको तागत ?”

मेरो ओठबाट एक वाक्यसम्म फुट्तैन । म टोलिएर उनलाई मात्र हेरिरहेको छु । उनले जो भने त्यो सत्य रहेछ । म मनमनै सोच्छु हिजोको महेशकुमार र आजको महेशकुमारलाई । दुवै महेशकुमार मेरो आँखाको वरपर घुमिरहेछ । एउटा विदेशी अर्काको देशमा आएर जो हिम्मत र साहस देखाइरहेको छ, त्यो अनुकरणीय हो वा होइन ? मैले छुट्याउन सकिरहेको छैन । मेरो मौनतापछि बिउँझाउँदै उनी भन्छन्– “तपाइँ केही गर्नुहोस् । गर्नुभएन भने पछि पछुताउनुहोला । तपाइँका छोराछोरीले पछि श्राप देलान् ।”

मैले बिस्तारै आफ्नो विचार व्यक्त गरेँ – “केही गर्न त मलाई पनि इच्छा छ । तर तपाइँले जो भन्नुभयो त्यो गर्न भने मलाई मन छैन भनूँ वा हिम्मत छैन । बरु अर्कै सरल र योग्य काम बताउनुहोस्, म गर्न तयार छु । तपाइँसँग मिलेर गरूँ या म एक्लै गरूँ, त्यो पछि विचार गरौँला । व्यापार नगरी त मेरो पनि घर चल्न मुस्किल छ ।”

उनले मेरो कुरा काट्तै भने – “तपाइँ सिधासाधाले नोट बनाउन सक्नुहुन्न । टेढो अङ्गुली लगाएर मात्र केही चिज निस्कन्छ । म जो भन्छु तपाइँ मान्नुहोस् । मान्नुभएन भने केही दिनमा गाडी बिकिजान्छ । केही वर्षमा घर बिकि जान्छ । भोलि बच्चाबच्चीलाई दुःख दिनुहुन्छ । आज त तपाइँ पेट्रोल खरिद्न नसकेर गाडी चढ्न सक्नुहुन्न । यस्तै भोलितक गाडी मेन्टन गर्न सक्नुहोला भन्ने मलाई विश्वास छैन । त्यसैले आँखा चिम्म गरी आउनुहोस् ।”

उनको कुरामा मैले आफ्नो प्रतिक्रिया जनाउँदै भनेँ – “हेर्नुहोस् महेशकुमारजी ! तपाइँले भनेको कुरा म मान्दछु । पैसाले सबै थोक हुन्छ तर पनि म तपाइँले भनेको कुरा गर्न तयार छैन । कारण, यो मेरो जन्मस्थल हो । यहाँ मेरा इष्टमित्र, नाता-कुटुम्ब र चिनेजानेकाहरू छन् । रुपियाँको फेरोमा कहीँ-कतै मेरो इज्जतमा दाग लाग्यो भने रानीपोखरीमा गएर हामफाल्नेबाहेक

अरू कुनै बाटो रहँदैन । जुन आफ्नो समाज छ, त्यो समाजबाट घृणित भएर म बाँच्न चाहन्नँ । त्यसैले मेरो इच्छा छ, सिधा काम गर्छु । जो छैन, त्यसको खोजी गर्दिनँ । तपाइँ पो आफ्नो देशबाट बाहिर हुनुहुन्छ, आफ्नो समाजबाट बाहिर हुनुहुन्छ । तपाइँको एउटै लक्ष्य हुन्छ रुपियाँ कमाउने । तपाइँको चौबिसै घण्टा तनमन त्यसैमा लागेको छ । कथंकदाचित् कुनै नराम्रै भयो भने तपाइँको इज्जतमा भने धब्बा लाग्दैन, किनकि तपाइँका देख्ने मानिस कोही हुँदैनन् । तपाइँ आफ्नो घरमा रुपियाँको पोको बोकेर जाँदा तपाइँको झन् बढी इज्जत हुन्छ । त्यसैले महेशकुमारजी !जति तपाइँ आफ्नो इज्जतको वास्ता नराखी निश्चिन्त भएर काम गर्न सक्नुहुन्छ, म सक्तिनँ । यो मेरो कमजोरी सम्झनुहोस् वा नैतिक सिद्धान्त ।"

मेरो कुरा टुङ्गिन नपाउँदै कोठामा दुई जना मानिस प्रवेश गर्छन् । महेशकुमारकै समान वर्गका देखिने ती दुई व्यक्ति टेबलका अगाडि साइडमा रहेको मेचमा बस्छन् र आफ्नै भाषामा व्यापारको कुरा गर्न थाल्छन् । म चुपचाप तीनै जनाको मुख एक-एक गरी हेर्न थालेँ । करिब पाँच मिनेटको उनीहरूको कुराकानीपछि ती दुवै व्यक्तिको ध्यान मप्रति आकृष्ट भयो । एक जनाले महेशकुमारलाई 'यो को ?' भनेर उनकै भाषामा सोधे । मैले नबुझेजस्तो आफ्नो आँखा तर्काएँ । महेशकुमारले उनकै भाषामा भने- "यो स्थानीय मान्छे हो । यसबाट ठुलो काम लिन सकिन्छ । मूर्खले बुझिरहेको छैन, सम्झाउँदै छु । यदि यसले साथ दियो भने हामी यो साल काफी पैसा फाइदा गर्न सक्छौँ । जो पायो उहीलाई सुम्प्यौँ भने हामीलाई नै लगेर फसाइदिन्छ । मैले सोचेको छु यिनीद्वारा काम गर्ने । यिनलाई म धेरै वर्षदेखि चिन्दछु । रुपैयाँमा धोका हुँदैन ।"

अर्काले थपे – "हेर्दा मलाई पनि त्यस्तै लाग्यो ।"

यति कुरा टुङ्ग्याएपछि महेशकुमारले मलाई ती दुई व्यक्तिको परिचय दिँदै भने – "उहाँहरू ठुला व्यापारी हुनुहुन्छ । उहाँ शान्तराम जेटिया र उहाँ किसुन केवडीवाला । उहाँहरू अहिले नेपालका ठुला व्यापारीमा गनिनुहुन्छ ।"

शान्तरामले भने – "महेश हो ठुलो व्यापारी, हामी होइन ! हामी त साना व्यापारी ! आफू पन्छेर हामीलाई ठुलो बनाउँछ ।"

महेशकुमारले बर्मेली कुरा सुरु गरे । तीनै जना बर्मेली भाषामा कुरा गर्न लागे । मैले सहजै अनुमान गरेँ, यी तीनै एउटै मूलका रहेछन् । सायद साथै काठमाडौँ प्रवेश गरेका हुन् । करिब पन्ध्र मिनेटसम्म त्यही कुरा चल्छ, जो एक शब्दसम्म बुझ्न सक्तिनँ । उनको गोप्य कुरा टुङ्गियो होला अथवा मैले असजिलो मानेको महेशकुमारले महसुस गरे होलान्, अब हिन्दीमा कुरा गर्न लागे ।

किसुनको पानी जहाजमा आएको सामान हराएछ। इन्स्योरेन्सलाई क्लेम गर्नु-नगर्नु बेकार भएछ, कारण अन्डर इन्भ्वाइसमा ल्याएको माल हराएकोमा क्लेम गर्दा आफ्नो मोल नउठ्ने रहेछ। पचास लाखको माललाई पाँच लाखको इन्भ्वाइस बनाएर ल्याएकोमा इन्स्योरेन्स कम्पनीले पूरा जाँचपडतालपछि मात्र पाँच लाख मात्र दिने भएकोले क्लेम गर्नु-नगर्नु बेकार भएछ ।

कुरा सुन्नेबित्तिकै मेरो त होसै गुम भयो । सोझै पैँतालीस लाख घाटा परेको किसुन केवडीवाला चिन्तारहित हाँसी-हाँसी कुरा गर्दै छन् । मेरो त गोजीबाट एक रुपियाँसम्म गुम भयो भने पनि म त्यति प्रसन्न रहन सक्तिनँ, जति पचास लाखको गुमाइमा केवडीवाला प्रसन्न छन् । उनीहरूको कुराअनुसार त्यो पाँच लाखको पनि इन्स्योरेन्स कम्पनीसँग क्लेम नगर्ने विचार छ । शान्तरामको चाहिँ दस प्रतिशत माल मात्र गुम भएको रहेछ । त्यो पनि हिजो मात्र वीरगन्ज भन्सारमा माल आइपुगेपछि पो थाहा भएछ । शान्तरामलाई पनि सात लाखको नोक्सानले कुनै फरक परेको देखिँदैन ।

माल हराएको उल्लेख गर्दै केवडीवाला भन्छन् – "हङकङबाट हिँडेको जहाज तीन महिनासम्म गायब भयो । मैले त रुपियाँ त्यसै बखत माया मारिसकेको थिएँ। कोरियामा अनलोडमा परेको हुन सक्छ। तर कसरी खोज्नु ? कोरियाबाट लोड क्लियर गरेर हिँडिसकेपछि माल त्यहाँ कहाँ पाउन सकिन्छ ? त्यसैले माया मार्नुबाहेक अरू कुनै उपाय नै छैन ।"

नेपालमा यति ठुला व्यापारी छन् भनेजस्तो मलाई लागेको थिएन । यो काठमाडौँ हेर्दा मात्र सानो, यहाँका व्यापारीको छाती त योभन्दा ठुलो रहेछ ।

उनको चित्त बुझाउने कुरा पनि सुनेँ । केवडीवालाले ओभर इन्भ्वाइसमा जति कमाए, त्यसको दस प्रतिशत पनि नोक्सान भएनछ । शान्तरामले त

चिट्ठा नै पारेछन्, पहिले पनि कमाइ, अहिले पनि कमाइ । कुराको सिलसिला नचलेको भए पनि म अनुमान गर्न सक्छु, महेशकुमारको पनि त्यस्तै होला जो शान्तरामको छ ।

यत्तिकैमा फोनको घन्टीले सबैको ध्यान खिच्छ । महेशकुमार फोन शान्तरामलाई दिँदै भन्छन्– "तिमी यहाँ हुन्छु भनेर भनेका थियौ ?"

फोनमा कुरा गर्दै शान्तराम भन्छन्–"हेलो...के भयो शर्माजी ?...काम नगर्ने भयो ?...भन्नुहोस् न सालेलाई दुई लात खालास् ...मान्दैन : सालेलाई तीन लातभन्दा नदिनुहोस् ... त्यसो भए म यहीँ महेशको अफिसमा छु, आउनुहोस् ...राखिदिऊँ ?"

शान्तराम फोन राख्तै भन्छन्–"सालेहरूको मुख बढी ठुलो भइसक्यो । पहिले हजारले हुने काम अहिले लाखले हुँदैन ।"

केवडीवालाले भने– "सिकायौ तिमीले लाखको चाल, खेल्न त खेल्छन् !दस लाख कमाउँछौ त एक लाख दिन्छौ !"

शान्तरामले भने– "नब्बे प्रतिशत खान पनि मुस्किल छ । तिमीहरूलाई थाहै भएको कुरा हो नि तीन महिना अगाडिको सिमेन्टको लाइसेन्स सम्बन्धमा दस लाखको कुराकानी टुङ्गिएको कुरा लम्बे-चौडे हुँदै सचिव, मन्त्री सबैतिरबाट च्यापिएर तिस लाखमा गई टुङ्गो लाग्यो । अब अहिले मुनाफा हिसाब गर्दा पच्चिस लाखसिवाय वचत नहुने भयो ।"

उनको कुरा काट्तै महेशकुमारले भने– "त्यसो भए पच्चिस लाखमा मै सकार्छु, दिने हो ?"

शान्तरामले हाँस्तै भने– "कसरी दिने ? महिनौंदेखि बैङ्क एलसी खोलिराखेको बैङ्क-कमिसन, रुपियाँको ब्याज, कामदारको ज्याला, अझ फुटकर खर्च कसले बेहोर्ने ? मेरो मतलब सबै कट्टा गर्दा पच्चिस लाखमा तिमीलाई दिन सक्छु । तिमीले सकार्ने नै हो भने तिस लाख गधाहरूको खाना, बैङ्क-कमिसन र ब्याज तीन महिनाको हिसाब गर्दा दस लाख कामदारको ज्याला छोडिदिऊँ, अरू फुटकर खर्च पाँच लाख, पच्चिस लाख मेरो खुद मुनाफा र दस लाख उपरको सलामी जम्मा सत्तरी लाख देऊ, सकार ! म दिन मन्जुर छु ।"

केवडीवाला महेशकुमारलाई उत्तेजित पार्दै भन्छन् – "महेश ! सत्तरी लाखमा तिमी सकार ! तिमीलाई शतप्रतिशत मुनाफा हुन्छ। यसमा तिमीले कुनै चिन्ता गर्नुपर्ने कुरै छैन । तिमीलाई थाहा छ ? सिमेन्टको भाउ वर्ल्डमार्केटमा बढ्दै छ । बाहिर सिमेन्टको भाउ बढेपछि यहाँको सिमेन्ट कारखानाले पनि बढाउनैपर्छ । होइन भने हामी बढाउने उपाय गरौँला । शान्तरामको सिमेन्ट पुरानो भाउमा आइसकेको छ। सिमेन्टको भाउ पन्ध्रदेखि बिस प्रतिशत बढ्छ। त्यस बखत तिमीलाई खुद नाफा असीदेखि नब्बे लाख हुन्छ । यसमा कुनै चिन्ता मान्ने कुरा नै छैन । नेपालको कुल आवश्यकताको तिस प्रतिशत पनि पूर्ति गर्न सकको छैन सिमेन्ट कारखानाले । सत्तरी प्रतिशत त तिम्रै हातमा हुन्छ। भाउ हामी जसरी पनि तय गरौँला। निर्धक्कसँग सकार।"

महेशकुमार भन्छन्– "किसुन ! तिमी गर्छौ त आधा हिस्सा ? यदि तिमीले आधा लियौ भने मैले सकारेँ ।"

केवडीवालाले तुरुन्तै सकार गर्छन्। शान्तरामलाई तुरुन्तै लाखौँफाइदा हुन्छ । कुरा सुन्दा मेरो मनस्थिति ठाउँमा रहेन । मलाई यो व्यापार होइन गफ गरेजस्तो लाग्यो । शान्तरामले लामो सास फेर्दै भने– "पैसा मैले कहिले पाउने ?"

महेशकुमार र केवडीवालाले आँखा-आँखामा कुरा गरे । त्यत्तिकैमा महेशले चेकबुक निकाली शान्तरामको नाउँमा दस लाखको चेक अग्रिम पेस्कीका रूपमा दिन्छन् ।

यसैबिच एक व्यक्ति कोठामा प्रवेश गर्छन् । मैले उनलाई देख्नेबित्तिकै चिनेँ । उनी तोयनाथ शर्मा हुन् । करिब पैँतालीस-पचास वर्ष उमेर भएका शर्माजीलाई म आदरपूर्वक नमस्कार गर्छु। उनी मसँगैको मेचमा आई बसे। शर्माजी केही वर्षअगाडि सरकारी नोकरीमा थिए । आफ्नो नोकरीका क्रममा उनी उपसचिव, सहसचिव र एक-दुई कार्यालयका डाइरेक्टर पनि रहिसकेको मलाई थाहा छ । जहाँसम्म मलाई थाहा छ, शर्माजीको आफ्नो समयमा उनी एक इमानदार र दक्ष प्रशासकमा गनिन्थे । मैले सोचेँ, सायद शर्माजीले अवकाश-जीवन व्यापारमा बिताउँदै छन् ।

शर्माजी आएर बस्नेबित्तिकै ब्रिफकेसबाट केही कागजात निकाली

शान्तरामलाई दिन्छन् । शान्तराम कागज हेर्न तल्लीन हुन्छन् । शर्माजी मतर्फ फर्कँदै भन्छन्– “भाइलाई आनन्दै ? यहाँ कताबाट ?”

“बेसै छ, महेशकुमारजीकहाँ आएको ।”

“काम पनि गर्दै हुनुहुन्छ कि

“अहँ, काम त केही गरेको छैन ।”

“केही काम त गर्नुपर्‍यो नि !”

“सोचौँ, भन्नेबित्तिकै त हुँदैन ।”

शान्तराम बिचैमा भन्छन्– “शर्माजीले चिन्नुहुन्छ उहाँलाई ? हाम्रो शर्माजीले नचिन्ने मान्छे पनि कोही छैनन् काठमाडौँमा ।”

शान्तराम फेरि शर्माजीलाई भन्छन्– “के तीन लाखले मानिरहेको छैन ?”

“हजुर !”

“तब कति माग्दै छन् त

दस ।”

“जाबो त्यति कामका लागि दस लाख ! नगर्ने, छोडिदिनुहोस् । गोल्छाले नै गरुन् !”– शान्तराम झन्झट मान्दै भन्छन्– “यिनीहरूले सोचेका होलान् हाम्रो काम छैन, त्यसैले हामी उनका पछि-पछि धाएका छौँ । मलाई कामको खाँचो छैन ! दस लाख म तिर्दिनँ ! दुई वर्षअघि केडियाले एक लाखमा मिलायो । पोहर साल अढाई लाखमा गोल्छाले मिलायो । यो साल तीन लाख दिँदै छु । मैले नपाउने ? नगर्ने शर्माजी, नगर्ने !”

शर्माजीले बिस्तारै भने– “हामीले यो साल जसरी पनि लाइसेन्स निकाल्ने भनेर चारैतर्फबाट दाल एकट्ठा गर्‍यौँ । लाइसेन्स अर्काको हातमा पर्‍यो भने त भाउ पनि उसैले बसाल्छ । उसको भाउमा दाल नदिई हामी एक साल गोडाउन राख्न पनि सक्तैनौँ । फेरि सिङ्गापुरको पार्टीबाट लिएको दुई लाख डलर एड्भान्स पनि छ हाम्रा अगाडि । मेरो विचारले त यो सालको लाइसेन्स छोड्नु हुँदैन ।”

शर्माजीको कुराले शान्तरामलाई शोचनीय स्थितिमा पार्छ । उनले आवेशमा आएर जो चाहिँदैन भनेका थिए, त्यसमा उनी अड्न नसक्ने स्थितिमा

छन् । एकै छिन सोचेर उनले भने– "दस लाख तलदेखि माथिसम्म सबैका लागि मागेका हुन् कि अरू कुनै फुटकर खर्च पनि लाग्छ ?"

"अरू फुटकर खर्च लाग्दैन होला ।"

"तब तपाईंको त्यस्तै विचार छ भने आठ लाखसम्ममा तय गर्नुहोस् । निकासी लाइसेन्स भने तुरुन्त चाहिन्छ ।"

शर्माजीले भने– "हस्, म कोसिस गर्छु । त्यतिसम्ममा त हुनुपर्ने हो ! जाऊँ पनि !"

शर्माजी हामी सबैसँग बिदा भएर जान्छन् । शर्माजी जानेबित्तिकै मैले शान्तरामलाई सोधेँ– "सेठजी ! शर्माजीसँग तपाईंको पार्टनरसिप हो ?"

उनले हाँस्तै जवाफ दिए– "यिनी त मेरो नौकर हो ।"

ताजुब हुँदै सोधेँ – "नोकर ?"

"हँ-हँ नौकर ! कामदार ! मेरो कार्यालयसम्बन्धी काम हेर्छन् । पुराना साथी हुन् । उनको नोकरी गयो । पेन्सनले खर्च चलेन । उनको दुःखको स्थिति मलाई बताएपछि मलाई उनीप्रति दया आयो । मैले काफी रुपियाँ तलब दिएर काममा लगाएँ ।"

"शर्माजी कति तलब पाउँछन् ?"

"अठार सय महिनाको दिएको छु । त्यसको अलावा घुमफिर गर्न एउटा गाडी । रुपियाँ सबै उनकै हातबाट खर्च हुन्छ । बडा इमानदार छन् ।"

मैले मनमनै भनेँ, किन शर्माजीलाई यस्तो कुबुद्धि लागेछ ! अठार सय महिनाको खाएर अर्कालाई अठार लाख कमाउने मौका दिइरहेछन् ! एउटा प्रभावशाली प्रशासक कसरी हुन पुग्यो व्यापारीको नोकर !

मेरो मनको उत्सुकता निभाउँदै शान्तरामलाई मैले विस्तारै सोधेँ – "सेठजी ! तपाईं यहाँ नागरिकता नलिईकन कसरी विदेश-व्यापार गर्नुहुन्छ ?"

मेरो कुरा सुन्नेबित्तिकै उनी मसँग झनक्क रिसाएर भने– "तपाईं मूर्ख हुनुहुन्छ ? के कुरा गरेको मसँग ? यो प्रश्न आजसम्म कसैले सोध्न सकेन, तपाईं सोध्ने को हो ?"

उनले मसँग नराम्रो वचन गरे पनि मैले त्यसतर्फ केही नसोची आफ्नो

अनुहार हँसिलो बनाउँदै भनें– "सेठजी ! मूर्ख सम्झनुहोस् वा अनजान, मेरो प्रश्नप्रति नराम्रो लाग्यो भने म फिर्ता लिन्छु । यसमा तपाइँ अन्यथा नसम्झनुहोस् ।"

उनी जोसिँदै भन्न लागे– "यहाँ को नागरिक, को अनागरिक ! नोट जसको साथमा छ त्यो नागरिक ! नोट जसको साथमा छैन त्यो अनागरिक ! यहाँका रुँगटा या अग्रवाल, दुगड या फुगड, फौनिहार या रौनिहार, टिबडेवाल या केवडीवालालाई यहाँ घर छैन ! केवल यिनको यहाँ कारोबार छ । नोट बनाउने ठाउँ हो यो । नोट बनाउँछन्, भोलि हिँड्छन् । यहाँ यिनीहरूका जो घर देख्नुहुन्छ, त्यो त केवल बहाल बचाउने तरिका मात्र हो । जानुहोस् जयपुर, गाउँ-गाउँ घुम्नुहोस्, तब तपाइँलाई पता चल्छ वास्तविक उनको घर कहाँ छ । त्यसैले तपाइँलाई मेरो यो सल्लाह हो कि कसैलाई यो नागरिक हो कि होइन सोध्ने कोसिस नगर्नुहोस् ।"

महेशकुमार सम्झाउँदै भन्छन्– "शान्तराम ! शान्त होऊ । तिमीलाई ब्लडप्रेसर छ । धेरै बोल्नु ठिक छैन । उहाँले कुनै नराम्रो भावले सोध्नुभएको होइन । उहाँले तिमीलाई नचिनेको हुनाले सोध्नु ठिकै छ ।"

शान्तराम शान्त नभएर अझ झोकिँदै भन्दै जान्छन्– "तपाइँलाई थाहा छ, तपाइँको नेपालमा हामी आएर फरेन ट्रेड कति माथि पुऱ्याइदियौँ ? यति माथि त यसअघि कहिल्यै थिएन । जो पैसा मार्केटमा आज देख्नुभएको छ, त्यो हाम्रै कारणबाट भएको हो । तपाइँको सरकारी रेकर्डमा गएर हेर्नुहोस्, दस वर्षयता कति फरेन ट्रेड बढेको रहेछ ! हामीले नै यहाँका भोट्याहरूलाई यस काममा सरिक गरायौँ । आज तपाइँको काठमाडौँ हङकङ बनाइदिएका छौँ । मलाई प्रश्न गर्नुहुन्छ नागरिकताका सम्बन्धमा ?"

महेशकुमार उनको कुरा बिचैमा काट्तै भन्छन् – "शान्तराम !तिमी धेरइ नबोल । उहाँलाई तिमीले चिनेका छयनौ । उहाँको कुरा कुनै नेगेटिभ होइन । तिमी बुझ्ने प्रयास गर, बर्ता नबोल ।"

शान्तराम फेरि मनको तीव्र वृत्ति झल्काउँदै भन्छन् – "म यसै बसेको हो यो देशमा ? मलाई अनुरोध गरी राखिएको छ । म प्रतिवर्ष बिस लाख आयकर बुझाउँछु । मजस्ताले बुझाएको आयकर मात्र हिसाब गर्दा करौडौँ

हुन्छ । हामीले सरकारी ढुकुटी भरिदिएका छौँ । यसै बसेका छैनौँ ।”

महेशकुमार फेरि उनलाई रोक्तै भन्छन् – “भयो-भयो, धेरइ कुरा नगर ! तिमीले बिस लाख आयकर तिरेका छौ भने करोडौँ कमाएका पनि छौ । तिमीले यो देशलाई कुनै एहसान गरेका छैनौ । तिमीलाई बरु यो देशले एहसान गरेको छ । अब धेरइ नबोल । उहाँलाई यी सब कुरा बताउनुपर्ने आवश्यकता छइन । चुप लाग !”

शान्तराम महेशकुमारपट्टि फर्कँदै भन्छन् – “के भनेको ? यो देशले एहसान गरेको छ हामीलाई ? कुन आधारमा तिमीले भनेको ? मलाई बताऊ ।”

महेशकुमारले कुरा टुङ्ग्याउन खोजेका हुन्, तर शान्तराम भने महेशकुमारतर्फ खनिए । सायद महेशकुमारलाई नराम्रो लाग्यो होला शान्तरामले मेरो बेइज्जत गरेकोमा । किनभने आज म महेशकुमारको पाहुनाका रूपमा उनको अफिसमा गएको हुँ ।

शान्तरामलाई महेशकुमारले काठमाडौँका पुराना दिनहरू सम्झाउँदै भने – “आज पशुपतिनाथको जो कृपाले यति पैसा कमाएका छौ, घमन्ड नगर ! यो देशले तिमीलाई एहसान गरेको छ । अर्को नसोच । बरु यति भन जिन्दगीका सबैभन्दा आरामका दिनहरू काठमाडौँमा गुज्रिए । मै त्यो पशुपतिनाथसँग यही प्रार्थना गर्छु, सारा जीवन यस्तै व्यापारमा गुज्रियोस् । यहाँको जस्तो नोट छपाइ संसारको कुनै पनि मुलुकमा छयन ।”

शान्तराम एक छिनसम्म केही बोल्दैनन् । महेशकुमारको भनाइलाई केवडीवालाले पनि दोहोऱ्याउँछन् र यो पनि जोड्दै भन्छन्– “यहाँको मान्छेमा चेतना नआएसम्म हामीले बटुलिसक्नुपर्छ ।”

एक छिनको मौनतापछि शान्तराम भन्दै जान्छन्–“यो देशको आर्थिक स्तर उठाउन यहाँका ठुला-ठुला मान्छेले हाम्रो आवश्यकता महसुस गरे । यसै कारणले हामी यहाँ टिक्न सक्यौँ । दुवैतर्फलाई फाइदा हुने गरी हामी आफ्नोचालअनुसार काम गर्दैछौँ । यो नसम्झनुहोस् तपाइँ, हामी आफ्नै फाइदाका लागि मात्र यहाँ बसेका छौँ । यो देशको आर्थिक नीतिलाई तपाइँ के सम्झनुहुन्छ ? बालुवाले बनाएको घर हो, जो कुनै पनि समयमा कणकण छुट्टिन सक्तछ । त्यसैले त्यसलाई सिमेन्ट भर्न हाम्रो खाँचो छ । साथै, तपाइँले

नागरिकताको प्रश्न गर्नुभयो, यस विषयमा पनि म तपाईंलाई क्लियर गर्छु,सुन्नुहोस् । मलाई नागरिकताका लागि तीन-तीन पटक अफर आयो, झट्टै लिने विचार गरेको थिइनँ । यही पछिल्लो साल मात्र मैले यो देशको नागरिकता स्विकारेँ, जब बोनस सिस्टम अन्त भएको थियो । म तपाईंसरह यो देशको हकदार छु । बस्, यति सम्झनुहोस् अहिले म यो देशको नागरिक हुँ ।"

मैले हाँस्तै भनेँ– "यही त मेरो भनाइ हो ! व्यापार नेपाली नागरिककै हैसियतले गरेको हुनुपर्दछ ! अनागरिकताको हैसियतले तपाईंले व्यापार गर्नुभयो भन्ने मेरो भनाइ होइन । मेरो मतलब यहाँले बुझ्नुभएन, यसै रिसाउनुभयो ।"

मेरो जवाफ केवडीवालाले दिँदै भने– "यिनको स्वभाव यस्तै छ । फेरि ब्लडप्रेसर पनि छ । एकै वेगमा रिसाउँछन् । यिनले रिसाएर भने पनि नराम्रो नमान्नुहोस् ! हामी व्यापारीलाई कोहीसँग रिसाएर केही फाइदा छैन ।"

टेलिफोनको घन्टी बज्छ । महेशकुमारले टेलिफोन उठाई शान्तरामलाई दिन्छन् । शान्तरामलाई उनको अफिसमा एक जना भूतपूर्व मन्त्री भेट्न आएको खबर पाउनेबित्तिकै महेशकुमारसँग छुट्टी लिँदै शान्तराम र केवडीवाला बाहिर निस्कन्छन् ।

शान्तरामले हिँड्ने बेलामा मसँग केही बोल्न सकेनन् । आँखाले मात्र जान लागेँ भन्ने इसारा गरे । शान्तराममा धनको तेज देखेँ । यदि म महेशकुमारको कार्यालयमा महेशकुमारका अगाडि नभइदिएको भए मेरो त सातोपुत्लो उडाउने रहेछन् । के गर्नु, सहनुपर्ने ! स्थिति यस्तै छ ।

महेशकुमारले भने– "बेकारमा तपाईंले शान्तरामलाई प्रश्न गरेर गर्मागर्मी भयो ।"

मैले उनलाई भनेँ – "यो प्रश्न मेरो मनमस्तिष्कमा खुलदुली गरिरहने प्रश्न हो, जो मैले तपाईंलाई पहिले पनि सोधेको थिएँ । तपाईंले जवाफ दिनुभएन ।"

उनले हाँस्तै भने– "हाँ-हाँ, यो कुरा मैलाई पनि तपाईंले सोध्नुभएको थियो । तर मैले जवाफ दिइनँ, किन ? त्यो बताउन तपाईंलाई आवश्यक सम्झिनँ । मैले नबताएसम्म तपाईंलाई थाहा हुँदैन । थाहा नभएपछि मेरो

व्यापार गोप्य रहन्छ । कुनै पनि व्यापारीको मुख्य कुरा नै गोपनीयता हो । सबैले थाहा पायो भने त काम बिग्रन्छ ।"

"त्यसो हो भने मलाई सुन्न पनि आवश्यक छैन ।"

"नसुन्नु तपाईंले बेस हुन्छ । तपाईंलाई थाहै छ, मै भारतीय नागरिक हुँ । अहिलेसम्म पनि त छु, भोलि पनि रहने छु । मै शान्तरामको जस्तै गैरकानुनी नागरिकता प्राप्त गर्न चाहन्नँ । यदि मैलाई आवश्यक भयो भने इमानदारीपूर्वक आफ्नो देशको नागरिकता छोडी बस्छु । डबल नाउमा पैर राख्तिनँ ।"

"बडो राम्रो विचार !"

"मै तो यही जान्दछु, हामीलाई यहाँ बढी स्वतन्त्रतापूर्वक व्यापार गर्ने मौका प्रदान गरिएको छ । हाम्रो जातका पुराना बासिन्दाले पनि हामीलाई ज्यादै ठुलो सघाउ पुऱ्याएका छन् । सबै क्षेत्रबाट हामीलाई सहयोग छ । हामी यति घुलमिल भइसक्यौँ अब हामीलाई कसैले औँल्याउन सक्ने स्थिति नै छयन ।"

उनले नयाँ कार्यसम्बन्धमा जोड गर्दै भन्न लागे– "धेरै राम्रो हुन्छ, तपाइँ मसँग मिलेर काम गर्नुहोस् । तपाईंले देखिहाल्नुभयो शान्तरामको फुर्ति । यो सब नोटको करामत हो ।"

"महेशकुमारजी ! कुनै पनि काम सोचविचार नगरी गर्नु ठिक छैन । फेरि सरकारी नीतिको विरोधमा गर्नुपर्ने काम त झन् डरलाग्दो हुन्छ । त्यसैले म आज 'हुन्छ' भन्ने पक्षमा छैन ।"

"मैले यति जोड गर्दा पनि तपाइँ मानिरहनुभएको छयन । तपाइँ ठन्डा दिमागले सोचविचार गर्नुहोस् र मलाई एक-दुई दिनमा जवाफ दिनुहोस् ।"

समय धेरै बितिसकेको हुँदा महेशकुमारको अफिसबाट छुट्टी लिने निश्चय गरी उनीसँग भनेँ– "लौ त म जाऊँ पनि ।"

उनले तुरुन्त भने– "हुन्छ ! मेरो योजना विषयमा विचार गरी भोलि खबर पाऊँ ।"

म बसेको मेचबाट उठ्तै मैले भनेँ– "धेरै-धेरै धन्यवाद तपाईंको

कफीका लागि । तपाईंको अफिसमा केही समयको बसाइमा पनि धेरै कुरा जानकारी पाएँ । त्यसका लागि पनि धन्यवाद !"

यति भनेर म ढोकातर्फ बढ्छु । म कोठाको ढोकामा नपुग्दै उनी भन्छन्– "शान्तरामको कुरामा माइन्ड नगर्नुस् ! भोलिसम्ममा पक्का खबर पाऊँ है !"

'केही छैन, बातचितका क्रममा यस्तै त हुन्छ नि' भन्दै म कोठाबाट बाहिर निस्किएँ । बाहिर कोठामा तीन जना नेपालीहरू आ-आफ्ना टेबलमा बसेर काम गरिरहेको देखें । त्यसमध्ये मैले चिनेकी एउटी केटी देखें जसलाई म राम्रो गरी चिन्दछु । सुश्री शशी राणाले अर्थशास्त्रमा एम.ए. गरेर पनि नोकरी पाएकी थिइनन् । मैले उनलाई देख्नेबित्तिकै मेरा पाइला उनका टेबलतर्फ बढे । उनको टेबलमा हात राख्तै मैले भनें – "बहिनी ! तिमी यहाँ ?"

"नमस्ते दाइ ! तपाईं यहाँ किन ?"

"महेशकुमारजीसँग कुराकानी गरी निस्किएको । तिमी कहिलेदेखि यहाँ ?"

"तीन महिना हुन लाग्यो । एक वर्षदेखि नोकरी खोजेको, बल्ल यहाँ काम पाएँ ।"

"ए, ल त म जाऊँ है?"

"हस् ! नमस्ते दाइ !"

म सडकमा आइपुगें । मेरो दिल-दिमाग भने महेशकुमारकै अफिसमा छ । उनको अफिसमा भएका एक-एक कुरा मेरो मस्तिष्कमा आउँदै जान्छन् । बहादुर नेपालीले सेवा पुऱ्याएको महेशकुमार ! शर्माजीजस्तो अनुभवी नेपालीले सेवा पुऱ्याएको शान्तराम ! टेबलमा कुराकानी गरेको भरमा लाखौंलाखको कारोबार ! मैले अझ रहस्य बुझ्न सकेको छैन । मैले उनको वास्तविकता खुट्याउनै सकेको छैन ।

मेरो आँखाका अगाडि विशाल बजारको बोर्ड पर्छ । यो बजार खुलेदेखि म पसेको छैन । अनायास मेरो पाउ त्यसतर्फ लम्कन्छ । म बजारको मध्यभागमा पुगी आफ्नो आँखालाई चारैतिर कुदाउँछु । शान्तरामको एकै वाक्य मेरो कानमा गुन्जन्छ– "आज तपाईंको काठमाडौं हडकड बनाइदिएका छौं ।"

# बुधवार

"दाइ ! दाइ !!" मेरो कानमा गुन्जन्छ । म झस्केर बिउँझन्छु । मेरो आँखा मेरो भाइको अत्यासपूर्ण अनुहारमा पर्छ । उनले मलाई सोधे – "के भयो दाइ ? के भयो ? के भयो ?"

म केही सोच्न सक्तिनँ, किन मलाई सोधिरहेछन् । मैले जवाफ दिने ठाउँ पनि छैन । म घडीतर्फ आफ्ना आँखा बढाउँछु । पौने छ बजेको रहेछ । साधारणतया म छ बजे बिउँझन्थेँ । मेरो समयअनुसार पनि केवल पन्ध्र मिनेटको मात्र फरक पाएँ । म आफ्नो टाउकोसम्म सिरानीबाट उठाई भाइलाई सोधेँ– "किन ? के भयो ?"

"तपाईं कोसँग कुरा गर्न लागेको ?"–उत्सुकतापूर्वक भाइले सोधे – "म यहाँ कोठामा पस्ता 'नमस्ते हजुर ! नमस्ते ! मलाई चिन्नुभएन ? बिर्सनुभयो ?' भनेर भन्दै हुनुहुन्थ्यो । कोसँग कुरा गर्नुभएको ?"

भाइको कुराले मलाई आश्चर्यमा पाऱ्यो । मैले कुनै कुरा गरेको सम्झना छैन । फेरि सबेरै बिछ्यौनामा कसैसँग भेट्ने कुरा पनि भएन । पक्कै मैले सपनाको क्रममा कसैलाई केही भने हुँला । एक छिन आँखा चिम्ली सम्झन कोसिस गरेँ । मेरो आँखामा सपनाका घटनाहरू खेल्न थाले । मैले भाइलाई भनेँ– "सपना देखेको रहेछु ।"

भाइले हाँस्तै सोधे– "कस्तो सपना देख्नुभयो 'नमस्ते हजुर ! नमस्ते !' भन्नुपर्ने ? पक्कै पनि तपाईंले ठूलै मान्छेको सपना देखेको हुनुपर्छ ।"

"हो ! एउटा मानिस हिजो मैले रेस्टुराँमा भेटेको थिएँ। उनले आफूलाई भूतपूर्व मन्त्री भनेका थिए। उनी धेरै पटक मन्त्री भइसकेका रहेछन्। हो, तिनै पूर्वमन्त्रीले फेरि मन्त्री हुने कुरा पनि मलाई विश्वास दिलाएका थिए । उनै भूतपूर्व मन्त्री फेरि मन्त्री भएको सपना देखेँछु ।"

मेरा भाइ मेरो कुरामा चाख लिँदै बिछ्यौनामा बस्न आए । मैले खुट्टा खुम्च्याई उनलाई बस्ने स्थान दिएँ । भाइले मलाई सोधे– "हिजो के तपाईं होटल जानुभएको थियो ?"

"हो, एउटा न्युरोडको रेस्टुराँमा ध्रुवनाथले मलाई हिजो डिनर दिएका थिए ।"

मेरा भाइ साँझ धेरै अबेर घर पस्छन्। आजभोलि परीक्षाको तयारीका लागि साथीकहाँ व्यस्त छन् । हाम्रो भेट बिहान हुन्छ । दिनभरको कार्यक्रम त्यसै बेला तयार हुन्छ। उनले चिने-जानेको व्यक्तिको नाम सुन्नेबित्तिकै उनले भने– "ए ! हाम्रा ध्रुवदाइ ?"

"हो । उसको प्रमोसन भएको उपलक्ष्यमा मलाई होटलमा खान डाकेको ।"

"अनि तपाईंहरू दुई जना मात्रै ?"

"दुई जना मात्रै गएको त हो नि !"

"अनि को मन्त्रीको कुरा गरेको त ?"

भाइलाई हिजोको घटना आद्योपान्त सुनाउन मलाई कर लाग्यो। हाम्रो चिया पनि आएको छैन । हामी दुवै भाइ चियाको प्रतीक्षामा छौँ । हिजोको घटना मेरो मस्तिष्कमा ताजै छ । उनको उत्सुकतालाई पूरा गर्न पनि मैले हिजोको घटना बताउन थालेँ ।

"ध्रुवनाथको प्रमोसन भएकोमा उनले मलाई एउटा राम्रो होटलमा डिनर दिने कबुल गरेका थिए । अचानक हिजो साँझ पौने आठ बजे यहाँ

आएर भन्न लागे – "लौ होटल जानुपऱ्यो, आज मलाई फुर्सद छ। भोलिदेखि पन्ध्र दिनसम्म पाउँदिनँ। फेरि तिमी ढिलो भएकोमा रिसाउँछौ। आजै जाने निश्चय गरी म आएको !"

घरमा खाना खाने बेला भइसकेको थियो, म द्विविधामा परेँ। उनको आग्रहलाई काट्न पनि सकिनँ।

हामी होटलमा पुग्दा करिब नौ बजिसकेको थियो। रेस्टुराँ विदेशी पर्यटक र नेपालीहरूले खचाखच भरिएको थियो। टेबल कुनै खाली थिएन। एक चक्कर लगाई काउन्टरमा आई सोध्यौँ– "खोइ, खाली रहेनछ नि

उनले औँल्याउँदै एउटा टेबल देखाए जहाँ एक जना मात्र बसिरहेका थिए। टेबलको तीन सिट खाली थियो। हामी त्यसतर्फ अघि बढ्यौँ र ती भलादमी देखिने व्यक्तिसँग खाली मेचमा बस्नका लागि आज्ञा माग्यौँ। उनले तलदेखि माथिसम्म हामीलाई एक-एक गरी हेरेर रेस्टुराँको अरू भागमा नजर घुमाएपछि बस्नका लागि आज्ञा दिए।

त्यो टेबलमा केवल तीन ओटा प्लेट छन्, जो एउटा उनको अगाडि र दुई ओटा हाम्रो अगाडि पर्न आएको छ। हाम्रातर्फ दुई खाली ग्लास पनि छन्। आधा रक्सी बाँकी नै रहेको एउटा ग्लास हाम्रो अगाडिका व्यक्तिले दाहिने हातले मुठ्याएर राखेका छन्। किङसाइजको सिग्रेट बायाँ हातमा च्यापेका छन्। उनको ध्यान रेस्टुराँको बाँकी भागमा छ। हामी दुवैको ध्यान उनीप्रति नै आकर्षित छ। ध्रुवनाथजी पनि उनका विषयमा त्यस बखत अनेक विचार गर्न थालेका हुन सक्छन्। मैले त उनका बारेमा धेरै-धेरै कुरा सोच्न थालेँ। हेर्दा भलादमी देखिने ती मान्छे यही र यहीँका हुन् भनेर छुट्याउन सकिनँ। बोली सुन्दा नेपाली देखिने तिनको रूपरङ्ग र ढङ्गबाट नेपाली नै हो भनेर निश्चित गर्न मुस्किल थियो। समय-समयमा हामी दुई मुखामुख गर्थ्यौँ। ती अगाडि बसेका व्यक्तिका बारेमा निश्चित कुरा पहिल्याउन हामी विचारमग्न थियौँ। विनाभाषाप्रयोगले कुराकानी गर्थ्यौँ।

बेरा टेबलमा आई खाली प्लेट उठाउन उनीसँग आज्ञा माग्यो। उनले खाली दुई ग्लास पनि लाने इसारा गर्दै एक पेग ल्याउन अर्डर दिए।

अब टेबलमा एउटा एस्ट्रे र उनको मुठीभित्रको एउटा ग्लास मात्र छ। सभ्य र शान्त देखिने ती व्यक्तिले पुरानो सिग्रेटलाई एस्ट्रेमा मिच्दै नयाँ सिग्रेट सल्काउँछन् । सिग्रेट र सिग्रेटलाइटर मेरो आँखामा पर्छ । सोच्न थालेँ, पाँच सय पचपन्न सिग्रेट कति समुद्र पार गरी यिनलाई आनन्द दिन आएको होला । त्यो सङ्गीतमय लाइटर कुन देशमा बनेको होला जो यिनलाई क्षणिक आनन्द प्रदान गरिरहेछ !

केही मिनेटको पर्खाइपछि अडरकिपर हाम्रो सामु खडा हुन्छ। ध्रुवनाथजी आफूलाई मन पर्ने शाकाहारी खाना मगाउँछन् । खाना तयार हुन केही समय लाग्ने कुरा अडरकिपरले बताएपछि तयार रहेको टमाटो सुप एक-एक पट मगाई समय बिताउने निधो गर्छौं ।

हाम्रा अगाडिका व्यक्ति हामीलाई बिस्तारै नियाल्न थाल्छन् । उनका आँखामा लाली चढिसकेको छ । हामीतर्फ हेर्दै उनी मुसुक्क हाँस्छन् । प्रतिउत्तरमा हामी दुवैले हाँसेर औपचारिकता पूरा गर्छौं । उनी हामीसँग केही भन्न सक्तैनन् । बोल्न खोजेर पनि उनको मुख खुल्दैन, किनभने हामी दुवै उनीसँग अपरिचित थियौँ ।

हाम्रो सुपको अनुपातमा नै उनको रक्सीको ग्लास रित्तिँदै जान्छ। उनी एक-एक पेग माग्दै जान्छन् । हाम्रो सुप समाप्त नहुँदै खाना आइपुग्छ । उनी पनि चिकेन चिल्ली मगाउँछन् ।

अर्को एक पेग मगाएको प्रतिउत्तरमा अडरकिपर आई आदरपूर्वक भन्छन् – "हजुर ! स्कच सिद्धिसक्यो । कन्ट्रिलिकर टक्र्याऊँ ?"

उनी अडरकिपरलाई तलदेखि माथिसम्म हेरेर भन्छन् – "म यहाँको रक्सी खान्नँ भन्ने थाहा छैन ? खाने भए अघि नै खान्थेँ नि ! जसरी पनि ल्याऊ । यदि तिमीकहाँ छैन भने बाहिरबाट मगाऊ ।"

उनले आदरपूर्वक अनुरोध गरे– "हामीकहाँ सिद्धियो, फेरि दस बजिसक्यो । स्कच जहाँ पायो उहीँ पाइँदैन । हाम्रो यत्रो स्टार होटलमा त सकियो भने अरू कहाँ पाइएला ?"

अडरकिपरको अनुरोधलाई कुनै वास्ता नगरी ती व्यक्तिले आफ्नो

मागलाई जोड दिँदै भने– "मलाई स्कच नै चाहिन्छ। जहाँबाट ल्याऊ, मलाई मतलब छैन । या त अघि नै खान बस्ने बेलामा यति पेग मात्र स्कच छ भन्नुपर्थ्यो । अब खान थालेपछि बिचैमा छैन भन्न मिल्छ ? माथि होटलको स्टोर खोलेर पनि ल्याऊ । मलाई स्कच चाहिन्छ ।"

अडरकिपर फर्केर जान्छ। हामी आफ्नो खानामा व्यस्त हुन्छौँ। एक्कासि हामीलाई सम्बोधन गर्दै उनी भन्छन्– "नन्सेन्स ! खाँदाखाँदै छैन भन्छन् । जहाँबाट ल्याओस् न, हामीलाई खान देओस् । हामी ग्राहकलाई त खानासँग मतलब छ, होइन त ?"

हामीलाई उनको कुराको जवाफ दिने कुनै औचित्य नै छैन । अपरिचित व्यक्ति, त्यसमा पनि उनी नसामा मस्त छन् । त्यसैले सानो मुस्कानका साथ सहमतिसम्म जनाउँछौँ आफूलाई मन नलागेर पनि ।

उनी भन्दै जान्छन् – "म जतिसुकै बेला भए पनि पुग्दो नलिई जाँदै जान्नँ । यस्तो अधकल्चो लिने आफ्नो बानी नै छैन ।"

काउन्टरमा बसिरहेका रेस्टुराँ-सुपरभाइजर आई उनलाई अनुरोध गर्न लागे – "साढे दस बज्न लाग्यो हजुर ! अनफर्च्युनेट्ली आज स्कच सिद्धियो । प्लिज ... माफ गर्नुहोस् आजलाई !"

हातको ग्लास टेबलमा ठटाउँदै भन्न लागे– "छैन भन्ने कुरै नगर्नुहोस् । मलाई स्कच ल्याउनुहोस् । तपाईंलाई पैसासँग मतलब हो, मलाई स्कचसँग । दस बजोस् कि बाह्र, मलाई समयसँग मतलब छैन ।"

"के गरूँ हजुर ! उपायरहित छु आज ।"

उनी ठुलो-ठुलो स्वरले कराउन थाले– "मलाई केही सुन्नु छैन ! तपाईं दिनुहुन्छ या दिनुहुन्न, यत्ति भन्नुहोस् ।"

सबै ग्राहकहरूको केन्द्रबिन्दु हाम्रो टेबल हुन गयो ! सबैले हामीलाई हेर्न लाग्दा हामीलाई समेत लाज महसुस भयो । अर्को टेबलमा जाऊँ भने खाना सिद्धिएको छैन । हाम्रो खाना खल्लो हुँदै छ ।

यत्तिकैमा बिलसहित मेनेजर आएर उनका अगाडि उभिएर बिल दिँदै

भने – "महाशय ! तपाईंले मात्र पैंतिस पेग स्कच खानुभएछ । कृपापूर्वक यो हेरिदिनुहोस् । आज हाम्रो स्टक निल भयो । माफ गर्नुहोस् ।"

मेनेजरतर्फ फर्कंदै गर्जंदै उनले भने – "पैंतिस पेग स्कच मैले मात्र खाएको भन्नुहुन्छ ? मेरा अरू दुई साथी पनि त थिए !"

"जे होस्, तपाईंको बिलमा पैंतिस पेग छ ।"

"म स्कच नपाएसम्म यो बिल पेमेन्ट गर्दिनँ' भन्दै मेनेजरको हातबाट बिल उनले थुते । झगडा बढ्दै गयो । हामीले आफ्नो खाना खाँदाखाँदै छोड्यौं । तबसम्म रेस्टुराँका तीन-चार स्टाफ हाम्रो टेबलको वरपर बसिसकेका थिए । मेनेजरले उनलाई भने– "पेमेन्ट नगरी यो रेस्टुराँबाट बाहिर जान पनि सक्नुहुन्न । यो पनि ख्याल राख्नुहोस् !"

उनले आफ्नो हात टेबलमा पछार्दै भने– "मलाई चिनेको छस् ! म त भूतपूर्व मन्त्री हुँ । मात्र मन्त्री होइन, क्याबिनेट मन्त्री ! मलाई धम्की दिन्छस् ? देखाइदिऊँ तँलाई ?"

मेनेजरले नम्रतापूर्वक भने – "मन्त्रीजी ! छैन, हजुर छैन ! नभएको कुरा के गर्नु ! एघार बज्न लागिसक्यो । जहाँ पायो उहीं पाइने भए पो हजुरलाई टक्र्याउनु !" उनले दाह्रा किट्तै भने– "मेरो मुख खोलाइस् ! म चुपचाप पिउँदै थिएँ । अब अरू म जान्दिनँ ! मेरो इज्जतका लागि पनि मैले पिएरै जानुपर्छ । मलाई स्कच ले !"

मेनेजर र कर्मचारी खासखुस गर्दै काउन्टरतिर लाग्छन् ।

सबै विदेशीहरू 'हि इज एन एक्स मिनिस्टर अफ दिस कन्ट्री' भन्दै गुनगुनाउन थाले । कति त टेबल छोड्दै हिंड्न लागे । हामी पनि आफ्नो खाना बाँकी नै भए पनि नखाने निधोमा पुगिसक्यौं । अभाग्यवश हामी यो टेबलमा कसरी आयौं ? अब हामी फुत्कने दाउमा मात्र छौं ।

उनले हामीलाई भने– "भाइ ! यो रेस्टुराँले के फुर्ति गर्छ ! सालेलाई भोलि बन्द गराइदिन्छु । ब्ल्याकबाट स्कच ल्याएर बेच्छ, हामीलाई थाहा छैन र ! एक पेग स्कचको साढे छब्बिस रुपियाँ लिन्छ । उसले भनेजति तिरेर पनि

हामीले खान नपाउने ?"

हामी दुवै मुखामुख गर्छौं, उनको कुराको जवाफ दिन सक्तैनौं। उनको हातबाट बिल टेबलमा झर्छ। बिलको अन्तिम अङ्क तेह्र सय पचास रुपियाँ पच्चिस पैसामा मेरो नजर पर्छ। कसरी भयो होला यत्रो रकम भनी मनमनै हिसाब लगाएँ। छब्बिस रुपियाँ पचास पैसाको दरले स्कच नै नौ सय सत्ताइस रुपियाँ पचास पैसाको हुँदो रहेछ। त्यसमा पच्चिस रुपियाँ प्याकेट पाँच सय पचपन्न, स्न्याक्स, अरू तीन जनाको खाना र दस प्रतिशत सर्भिस चार्ज गर्दा ठिकै लाग्यो।"

मेरा भाइले बिचैमा कुरा काट्तै भने– "एउटा मान्छेले एक साँझमा तेह्र सय पचास रुपियाँ पच्चिस पैसा खर्च गऱ्यो ?"

मेरा भाइ जो विद्यार्थी जीवन बिताइरहेछन्, उनले घरबाट फुर्मास खर्च साठी रुपियाँ पाउँछन्। त्यो साठी रुपियाँबाट बस खर्च, चिया खर्च र सिनेमासमेत भ्याउनुपर्छ। उनलाई अचम्म लाग्नु स्वाभाविक हो। साथै उनले त्यति ठुलो रकम देखेका पनि त छैनन्! मैले उनलाई सम्झाउँदै भनें – "अझ उसले कति खाने थियो होला! होटलवालाले दिइराखेको भए त्यो रकम अझ बढ्ने थियो।"

अर्थशास्त्रको विद्यार्थीका नाताले मेरा भाइ जिज्ञासापूर्वक मलाई सोध्छन् – "प्रतिव्यक्ति वार्षिक आय हाम्रो देशको कति छ ?"

"करिब आठ सय पचास पुग्न खोज्छ।"

"तब एक साँझको मनोरञ्जनमा एक जनाले अर्काको अठार महिनाको खाना खायो त ?"

उनको प्रश्नमा मेरो उत्तर छैन। म उनलाई यसका सम्बन्धमा व्याख्या गर्न पनि सक्तिनँ। उनी फेरि मलाई प्रश्न गर्छन्– "यस्ता भूतपूर्व मन्त्री नेपालमा कति होलान् ?"

मैले हिसाब नलगाई भनिदिएँ– "होलान् करिब एक सयभन्दा बढी। तर यो नसोच सबै यस्तै छन्।"

उनले भने– "सबैलाई मैले यस्तै भन्न खोजेको पनि होइन। जो आफ्नो

अगाडि छ उसको त हिसाब लगाउन सकिन्छ ।”

“त्यो त सकिन्छ ।”

“तब तिनकै कुरा लिऊँ । तिनी एक जनाको वर्षभरिको मनोरञ्जनले अरू करिब दुई सय नेपालीको पेटमा वर्षभरि लात हान्छ भन्ने कुरा त तपाइँ मान्नुहुन्छ ?”

उनको तर्कपूर्ण कुरासँग म असहमत छैन, तर उनको कुरामा सही लगाउने पक्षमा पनि छैन । म मौन रही उनको अनुहार मात्र नियालिरहेको छु ।

उनी भन्दछन् – “दाइ ! तपाईँलाई थाहा छ यो देशमा निरपेक्ष गरिबीको रेखामुनि कति प्रतिशत छन्?

योजना आयोगबाट प्राप्त रिपोर्टअनुसार मैले भनिदिएँ– “चालिस प्रतिशतभन्दा बढी ।”

उनले तुरुन्त मेरो वाक्यांशलाई समाते – “भन्दा बढी भन्नाले कति बुझाउँछ ? मलाई स्पष्ट गर्न सक्नुहुन्छ तपाईँ ?”

म परेँ फसादमा । ‘भन्दा बढी’ भन्नाले जति पनि हुन्छ । अब योजना आयोगका अनुसार मैले भनिहालेँ । प्रतिशत बढाउने मलाई कुनै आधार छैन, जसको आधारमा म किट्न सकूँ । यसैका आधारमा मैले भनेँ– “चालिस प्रतिशतभन्दा बढी भन्नाले लगभग चालिस प्रतिशत नै मान्नुपर्छ ।”

“होइन !” – उनले मेरो कुरा काट्तै भने – “काठमाडौँसमेत यो देशका अरू सहरलाई बिर्सेर, त्यो तराईको मैदान जहाँ उब्जनी कम हुन्छ, त्यो पहाडको अनुत्पादित पखेरो जहाँ ढुङ्ग्यानसिवाय छैन, लाई सम्झनुहोस् अनि हिसाब लगाउनुहोस् । तपाईँलाई छर्लङ्ग हुन्छ । म एउटा अर्थशास्त्रको विद्यार्थीको नाताले किटेर भन्न सक्छु, निरपेक्ष गरिबीको रेखामुनि यहाँ असी प्रतिशत छन् ।”

“हुन सक्छ ।”

“कुनै आयोगले निकालेको हिसाबमा पनि विश्वस्त हुने यहाँ ठाउँ छैन । उत्तरी र दक्षिण ध्रुवको जति फरक हुन्छ चालिस र असीको, तर उनीहरूको

हिसाबमा भने त्यो फरक मान्दैनन् ।”

“जुन कार्यको जिम्मा जसले लिएको छ, त्यसको हिसाबलाई पनि त मान्नुपर्छ !”

“कसरी मान्ने, जो हिसाब आँखामा छारो हाल्ने मात्र छ !”

उनले आफ्नो बहसका क्रममा देशमा सञ्चालित भूमिसुधार योजनासम्बन्धमा सङ्क्षेपमा प्रकाश पारे । मेरो आँखाअगाडि गुज्रेको कुरा मैले मान्न करै लाग्यो । यही स्थितिमा अब सय वर्षमा पनि यो देशमा शोषणरहित समाजको सृजना नहुने तथ्यलाई उनी औंल्याउँछन् । मैले उनको तर्कलाई काट्ने आवश्यकता देखिनँ । म चुपचाप उनको विचार सुन्दै गएँ ।

यत्तिकैमा हामी दुवैको हातमा चियाको कप आइपुग्छ । उनले आफ्नो बहसको क्रम रोक्छन् । केही विचारमग्न भई चिया पिउन थाल्छन् ।

मेरो हिजोको बयान टुङ्गिएको छैन । उनी मलाई सम्झाउँदै भन्छन् – “अनि ती भूतपूर्व मन्त्रीले पछि स्कच खान पाए कि पाएनन् ?”

“अँ, कहाँ खानु ! उनले मन्त्रीको पोज दिएर टेबल ठटाउन लागे । बिचरा रेस्टुराँका मेनेजरसमेत कर्मचारी स्कच खोज्न बाहिर गए क्यारे । तर स्कच ल्याएनन् ।

रेस्टुराँ प्रायः शून्य हुन लागिसकेको थियो । मन्त्रीजी उठ्ने तरखर गर्दैनन्, न हामीलाई नै उठ्न दिए । मन्त्रीजीलाई स्कचको प्रतीक्षामा रेस्टुराँमा बस्नु थियो, त्यसैले हामीलाई पनि उठ्न नदिई कुरामा अलमल्याउन थाले ।

उनी भन्थे– “मलाई पैसाको केही मतलब छैन । आफूले चाहेको कुरा पाउनुपर्छ । यो देशमा चार पटकसम्म मन्त्री भएँ । सहायक मन्त्री, राज्यमन्त्री र क्याबिनेटमन्त्री भएँ । कोही एक पटक पाउँदैनन्, मलाई भने यो देशले चार- चार पटक आवश्यकता महसुस गऱ्यो । यो कम कुरा हो, ल भन्नुहोस् ? मलाई विश्वास छ फेरि मन्त्री बन्छु ।”

ध्रुवनाथजीले मन्त्रीसँग परिचय गर्दा राम्रै हुन्छ भन्ने सम्झी होला आफ्नो परिचय दिएर सोधे– “हजुरको कुन मन्त्रालय थियो ?”

उनले आफ्नो आँखालाई बटार्दै भने– "मैले धेरै मन्त्रालयमा काम गरेँ। कुनको मात्र नाम लिनु ! सम्झँदै भन्नुपर्छ।"

"होइन, हजुर क्याबिनेटमन्त्री छँदा कुन मन्त्रालय थियो कुन्नि

"ए ! त्यो त वन हो।"

समय बित्दै जाँदा मन्त्रीजीको स्थिति पनि बिग्रँदै गएको मैले देखेँ। मैले अनुरोधपूर्वक मन्त्रीजीलाई भनेँ– "हजुरले आराम गर्ने बेला पनि भयो। अब घर गइबक्से पनि बेस हुन्थ्यो।"

मेरो अनुहारमा मदमत्त आँखा पिर्लिक्क हेरेर भने– "खोइ, स्कच नल्याउने भएछ ?"

"स्कच ल्याएर पनि हजुरले पिउनु ठीक छैन।"- मैले भनेँ- "हजुरको घर जाने साधन केही छ कि ?"

"मेरो गाडी बाहिर होला !" – मुन्टो उठाउँदै हातले ढोकातर्फ औँल्याउँदै बिस्तारै भने – "कहाँ पुग्ने हो तपाईंहरू ? तपाईंहरूलाई पनि म पुर्‍याइदिन्छु।"

उनी फेरि भन्दै जान्छन् – "तपाईंहरूले मलाई चिन्नुभएको थियो ? चिनजान थिएन भने पनि अब भइहाल्यो ! मन्त्री भएँ भने जरुर भेट्नुहोला मलाई। म तपाईंहरूलाई पनि केही गरूँला। यसैगरी भेट भएका मेरा धेरै साथीहरूलाई मैले बनाइदिएको छु।"

म मनमनै खुसी भएँ एउटा वर्तमान मन्त्री नभए पनि भूतपूर्व मन्त्री साथी हुन आएकोमा। उनको भनाइअनुसार चार पटक मन्त्री भइसकेका छन्। मेरो भाग्यले साथ दियो भने पाँचौँ पटक पनि हुन्छन् नै। मैले भनेँ – "अब मन्त्री हुनुभयो भने कुन मन्त्री हुनुहुन्छ होला ?"

"उद्योग-वाणिज्यमा काम गर्ने रहर छ।"

"उद्योग-वाणिज्यमा हामीले गर्ने कुरा के छ र ?"

"मूल धन नै त्यहीँ त छ !"

"काम के पाउँछौँ त ?"

"कोटा दिउँला, लाइसेन्स दिउँला ! गर्न सके काम गर्नुहोला, नसके त्यो बेच्नुहोला ।"

ध्रुवनाथ खुसी हुँदै मन्त्रीजीलाई भन्छन्– "अब मन्त्रीज्यूसँग हाम्रो परिचय भइहाल्यो । बिर्सिनु त हुन्न मन्त्रीज्यू ?"

"के बिर्सिन्थेँ । बिर्सिहालेँ भने पनि एकान्त ठाउँमा यो होटलमा भेट भएको भनी सम्झाइदिनुहोस्, सम्झिहाल्छु ।"

मैले आफ्नो शङ्काको निवारण गर्न भनेँ – "होइन, अहिले तपाईं मन्त्री हुनुहुन्न त हामी जहाँ पनि, जसरी पनि भेटौँला । भोलि मन्त्री भएपछि त तपाईँलाई हामी यति सजिलोसँग कसरी भेट्न सक्छौँ ? घर र अफिसमा मान्छेको भिड, मोटरमा गार्ड र ड्राइभर, अनि कुन बखत तपाईँलाई फुर्सद हुन्छ र एकान्त गर्नु ?"

"कुरा मनासिब भन्नुभयो, तर उपाय छ। हामी तपाईँहरूजस्तै जनताका प्रतिनिधि हौँ । हामीलाई कहीँ-कतै प्रतिबन्ध छैन भेट र कुरा गर्नलाई । बस्, तपाईँ यत्ति भन्नुहोस् 'मन्त्रीजीसँग मेरो गोप्य छ' । समय निकाली तपाईँसँग भेटिहाल्छु ।"

उनकै मुखबाट सुनेको उपायमा मेरो शङ्का निवारण हुन्छ। करिब एघार बजेर पन्ध्र मिनेट भइसक्यो । मन्त्रीजीको स्कच आएको छैन । यति खेर हामी मन्त्रीजीलाई छाडेर जाने पक्षमा पनि छैनौँ ।

करिब एघार बजेर तिस मिनेट गएपछि हामीछेउ रेस्टुराँका मेनेजर आई आदरपूर्वक मन्त्रीजीलाई भन्दछन्– "हजुर ! धेरै कोसिस गरेँ । सबै कर्मचारीलाई खोज्न पठाएँ ! आफूकहाँ नभएपछि सबैकहाँ शून्य भयो । पाउन सकिनँ हजुर, माफ गरिबक्स्योस् ।"

यसैबिच मैले पनि कुरा थपेँ – "मन्त्रीज्यूलाई पुगिसकेको छ । अब पिउनु ठिक पनि छैन । रात धेरै बितिसक्यो ।"

उनले मेरो अनुहार नियालेर हेर्छन् अनि मुसुक्क हाँस्छन् र भन्छन् –

“अब मेरो टेबलकै साथीले त्यसो भनेपछि भइहाल्यो । कति भयो ? हिसाब ल्याउनुहोस् ।”

मेनेजरले झुक्तै दुई हात माड्दै भने– “मैले हिसाब अघि नै टक्र्याइसकेँ। त्यहीँ होला बिल ।”

बिल टेबलमा छैन । मन्त्रीजीले आफ्नो गोजीमा छाम्दै गोजीमा भएका कागज र नोटहरू टेबलमा राख्तै गए । बिल पाउन सकिएन । मेनेजरले काउन्टरबाट नक्कली बिल ल्याए । मन्त्रीजीले बिलबमोजिम भुक्तानी गर्न टेबलमा छरिएका रुपियाँहरू मतर्फ बढाइदिए । करिब बिस-पच्चिस हजार अनुमान गर्न सकिने रुपियाँबाट एक हजारको एक नोट र सयका चार नोट निकाली अरू सबै मन्त्रीजीलाई दिएँ । मन्त्रीजीले त्यो नोट मेनेजरलाई दिन इसारा गर्दै भने – “यी भाइहरूको पनि त्यसैबाट कटाउनू र बाँकी बेराहरूलाई बाँडिदिनू ।”

‘हवस्’ भनेर मन्त्रीजीलाई सलाम गर्दै मेनेजर काउन्टरतर्फ लागे ।

मन्त्रीजीले गरेको निर्णयको विपरीत जाने हाम्रो साहस भएन । ध्रुवनाथजीले मेरो मुख मात्र हेरिरहे, केही बोल्न सकेनन् । ‘हाम्रो रुपियाँ हामी नै तिर्छौं, मन्त्रीज्यूलाई केको दुःख’ भन्नेसम्म पनि हामीले भन्न सकेनौँ । मन्त्रीजीसँगको मित्रतामा अझ हाम्रो विश्वास बढ्यो ।

मैले उनलाई घर जान आग्रह गरेँ । मेरो अनुरोधमा उनी मेचबाट उठ्न खोजे, तर उठ्न नसकी त्यही मेचमा थचारिए । मैले सोचेँ – ‘यिनलाई काफी रक्सी लागिसकेको छ । यिनलाई भर गरी होटेलबाहिर पुऱ्याइदिऊँ !’

मेरो इसाराअनुसार ध्रुवनाथजीले उनको दायाँ पाखुरामा भर दिए र पछि मैले बायाँ पाखुरामा भर दिई टेबलबाट उठायौँ र बिस्तारै फुटपाथमा ल्यायौँ । सडक प्रायः शून्य छ । एक-दुई गाडी मात्र समय-समयमा गुज्रिरहेछन् । मैले भनेँ– “हजुरको गाडी कुन हो ?”

उनले पार्किङ गरिरहेको गाडी एक-एक गरी नजिकै गई नियाल्न लागे । हामीले उनलाई छाडेका छैनौँ । एउटा गाडीको छेउमा गएर भने – “यही हो मेरो गाडी ।”

गोजीबाट साँचो छ्यामछ्याम-छुमछुम गरी निकाले र साँचो मलाई दिँदै भने – "ल ! गाडीको साँचो यही हो कि होइन, हेर्नुहोस् त ! गाडी खोल्नुहोस् !"

उनले दिएको साँचो गाडीकै रहेछ । गाडी खोलिदिएँ अनि उनलाई मैले भनेँ – "ड्राइभर छैन ?"

"छैन ।"

"कसले गाडी हाँक्छ त ?"

"मै हाँक्छु ।"

उनले गाडी हाँक्न सक्छन् भन्नेमा मलाई शङ्का पैदा भयो । गाडीको साँचोसम्म ठम्याउन नसक्नेले कसरी गाडी घर पुऱ्याउलान् ?

मैले उनलाई गाडीमा बस्न अनुरोध गरेँ । उनी गाडीमा बस्न ध्रुवनाथजीलाई हटाउँदै गाडीमा पस्न खोजेका थिए, तर उनी गाडीको ढोकामा ठक्कर खाई लडे । हामी दुवैले फेरि भर दिएर उनलाई उठायौँ र गाडीमा बस्न अनुरोध गऱ्यौँ । उनी यो पटक गाडीको ढोकालाई अँगालो मार्न पुगी ढोकामै झुन्डिए । यस्तो अवस्थामा उनलाई उनको गाडीमा नपठाउने निश्चय गऱ्यौँ । यसैबिच ध्रुवनाथजीले मेनेजरलाई बोलाएर भने – "यो गाडी भोलि मन्त्रीजीको ड्राइभर लिन आउँछ । आज यहीँ रहन्छ, रेखदेख गरिदिनुपऱ्यो ।"

गाडीको पूर्ण रेखदेख हुने कुरामा मेनेजरले हामीलाई विश्वास दिलाए ।

मन्त्रीजीलाई मेरो गाडीमा बसालेँ । गाडी स्टार्ट गर्दै सोधेँ – "हजुरलाई कहाँ छोडिदिऊँ

उनी निद्रामा पर्न लागिसकेका रहेछन्, झस्कँदै भने– "हँ ! सिंहदरबार हुँदै नयाँ बाटो निस्कनुहोस् न थापाथलीको !"

गाडी अगाडि बढाएँ । केही छिनमै उनले मलाई भने– "त्यहाँ क्यासेट प्लेयर खोल्नुहोस् त !"

"मेरो गाडीमा क्यासेट प्लेयर छैन ।"

"के यो तपाईंको गाडी हो ? मेरो गाडी खोइ त ?"

“हजुरको गाडी उहीँ होटलबाहिर छ । मेनेजरलाई रेखदेख गर्न लगाई आएका छौँ । भोलि बिहान ड्राइभर पठाए भइहाल्छ । राम्रो गरी हेर्नू भनेर मेनेजरलाई भनेका छौँ ।”

‘राम्रो गरी भन्नुभएको छ होइन ? ठिक छ !’ भन्दै उनले सोधे – “यो कहाँ आइपुगियो ।

ध्रुवनाथजीले जवाफ दिए – “हामीले भरखर न्युरोड छोड्यौँ हजुर !”
“भद्रकाली पुगेपछि मलाई भन्नुहोस् है !”

“हस् !” – ध्रुवनाथजीले जवाफ दिए ।

भद्रकाली पुगेपछि गाडीको स्पिड कम गर्दै भनेँ– “मन्त्रीज्यू ! भद्रकाली आइपुग्यो ।”

भद्रकालीको उत्तरतर्फ आएपछि ‘यहीँ रोक्नुहोस्’ भने, गाडी रोकिदिएँ । गाडीबाट हामी दुवैलाई ओराल्दै उनी सडकमा उत्रिए । मैले भनेँ – “किन, यहाँ के काम छ र ?”

‘होइन, तपाईँहरू पिसाब नगर्ने :’ भन्दै सडकको किनारमा गए । नाम सुन्नेबित्तिकै हामीलाई पनि च्याप्यो र हामी दुवै एक-एकतर्फ काम समाप्त गर्नलाग्यौँ ।

हामी फर्केर आइसक्ता पनि उनी नआउँदा हामी दुवै उनी भएको ठाउँमा गयौँ । उनको बिजोग देख्ता हामीलाई हाँसो उठ्यो । उनले त पाइन्ट नै फुकाउन भ्याएनछन् र फुकाउन पनि सकेका रहेनछन् । उनलाई दुवैले घिच्याउँदै मोटरको छेउमा ल्यायौँ । टक्क रोकिएर भन्न लागे – “यो फ्ल्यागपोस्ट देख्नुभयो ।

ध्रुवनाथजीले भने – “हजुर ! देख्यौँ ।”

“हो, अस्ति मेरो मोटर त्यहीँ ठोकियो ।”

ध्रुवनाथजीले सोधे – “अनि के भयो त ?”

“के हुन्थ्यो ? एक्सिडेन्ट ! बेकार वर्कसपमा पाँच हजार रुपियाँ बुझाउनुपर्‍यो ।”

ध्रुवनाथजीले सोद्धै गए – "हजुरलाई त केही भएन ?"

"लौ ! भएको भए आज तपाईंहरू भेट्नुहुन्थ्यो ?"

"होइन, मेरो मतलब घाउ-चोट ?"

"मलाई त केही भएनछ । भोलिपल्ट घरमा आफूलाई ठिक पाएँ । भनेँ नि, मोटर अलिकति बिग्रिएको रहेछ ।"

"अनि राति हजुर कसरी घर गइबक्सियो त ?"

"त्यो त थाहा छैन ।"

आजका जस्ता घटना उनको दैनिक कार्यतालिकाभित्रका नियम रहेछन् । उनका कुरा सुन्दा हामीलाई एकतर्फ हाँसो उठ्यो त अर्कोतर्फ त्यस्ता उच्च ओहदा सम्हाल्ने व्यक्ति यस्ता भएकोमा चिन्ता लाग्यो ।

रात धेरै भइसकेको थियो । उनको कुरा सुन्न हामी इच्छुक थिएनौँ । उनी भन्न र कुरा गर्न धेरै चाहन्थे । उनले चाहँदाचाहँदै पनि हामी रोक्तै थियौँ । यसैबिच एउटा गाडी एकाएक हाम्रो अगाडि आई रोकियो । तीन-चार जना मानिसहरू सडकमा निस्किए र हामीतर्फ आएर सोधे – "तपाईंहरू के गर्न लागेको ?"

ती त घुम्ती प्रहरी पो रहेछन् ! तिनीहरूलाई मैले जवाफ दिएँ – "हामीहरू घर जान लागेका, त्यो मान्छेलाई पनि घर पुऱ्याउनु छ ।"

ती प्रहरीमध्येका एक जनाले भने – "को ? जँड्याहा हो ?"

अर्काले भने – "जँड्याहा भए हामीलाई छोडिदिनुहोस् !"

फेरि अर्काले भने – "हाम्रो डिउटी पनि अफ हुन्छ । हुन्छ, लगौँ ।"

ध्रुवनाथले मन्त्रीजीलाई समाति राखेका छन् । मैले प्रहरीलाई समात्दै भनेँ – "होइन, त्यस्तो नराम्रो जँड्याहा त होइन !"

तुरुन्तै एक जना प्रहरीले भने – "जँड्याहा पनि राम्रो नराम्रो हुन्छ र ?

अर्काले भने – "जँड्याहा राम्रो-नराम्रो पहिल्याउने यो को हो ?"

फेरि अर्काले त्यसै कुरासँग थप्तै भने– "यसलाई पनि लगौँ न

जँड्याहासँगै ।"

अर्काले मेरो पाखुरामा ट्याप्प समातेर भने– "हो-हो ! लगौँ यसलाई पनि !"

मैले केही बोल्न नपाउँदै घिच्याएर उनका गाडीको छेउमा पुऱ्याए । मोटरको झ्यालबाट टाउको निकालिरहेको अफिसरलाई सलाम गर्दै 'जँड्याहाहरू रहेछन् सर !' भनेर सोधे । ती अफिसरले 'त्यो मोटर कसको रहेछ त ?" भनेर भने । मैले केही भन्न नपाउँदै 'यी जँड्याहाहरूकै हो सर !' भनेर भने यसै मौकामा मैले भनें –"मोटर मेरो हो, म जँड्याहा होइन ।"

मेरा र प्रहरीका बिचमा कुरा बाझिएको हुँदा ती अफिसर मेरो नजिकै आउन मोटरबाट उत्रिएर भने– "तपाईँको मोटर हो ?"

"हो ।"

"कहाँ गएर आउनुभएको ?"

मैले होटलमा डिनर खान गएको वृत्तान्त बिस्तार गर्दै एक जना ज्यादै नशामा भएको हुँदा घर पुऱ्याउन मैले सहयोग पुऱ्याएको कुरा सुनाएँ । यसैबिच बाँकी तीन जना प्रहरीले ध्रुवनाथजीसमेत दुई जनालाई घिच्याउँदै हामी भएको छेउमा ल्याए । ती मन्त्रीजीले 'ए, मलाई चिनिनस् ! ए मलाई चिनिन्स !' भन्दाभन्दै प्रहरीले आफ्नो कर्तव्य पालना गऱ्यो ।

प्रहरीअफिसरले ती मन्त्रीजीलाई चिनेका रहेछन् । ती अफिसरले मन्त्रीजीलाई सम्बोधन गर्दै भने – "ओहो ! हजुर पो ? किन यति बेलासम्म यहाँ ?"

"हेर्नुहोस् न, यसो रमाइलो गरी आएको । साथीहरूसँग घर जान लागेको । अझ केही सोधपुछ छ ?"

"छैन हजुर, गइबक्सियोस् ।"

'हस्, गुडनाइट' भन्दै ध्रुवनाथजीलाई समाती मेरो मोटरतर्फ उनीहरू लम्किए ।

प्रहरीजवानलाई मोटरमा बस्न अर्डर गर्दै ती अफिसर भन्दछन् –

"माफ गर्नुहोस् है ! तपाईंहरूको सुरक्षा गर्नु हाम्रो कर्तव्य हो । हवस् त ! राम्रो गरी उहाँलाई लगिदिनुहोस् ।"

यति भनी ती अफिसर गाडीमा चढ्छन् । प्रहरीको गाडी अगाडि बढ्छ । म आफ्नो गाडीमा फर्कन्छु । म केही कुराकानी गर्ने पक्षमा छैन । ध्रुवनाथजीलाई उनलाई गाडीमा राख्न लगाएर आफ्नो गाडी बढाएँ ।

मन्त्रीजीले आफ्नो घर औँल्याउँदै मलाई गाडी रोक्न हातले इसारा गरे । एउटा भव्य भवनका अगाडि मेरो गाडी रोकियो । मन्त्रीजी उत्रँदै भन्दछन् – "यही हो मेरो कुटी ।"

मैले भनेँ – "मन्त्रीजी ! यो भवन तपाईंको होइन र ?"

उनले फेरि भने – "यही त हो मेरो कुटी ! कुटी भन्नुहोस् न कुटी, केको भवन !"

ध्रुवनाथजीले भने – "मन्त्रीजी ! फेरि भेट हुँदा नबिर्सिबक्सियोस् ।"

ध्रुवनाथजीतर्फ उनले भने– "केको बिर्सिने तपाईंहरूलाई ! आज तपाईंहरूले यत्रो सहयोग गर्नुभयो मलाई ! यो कहिल्यै बिर्सन नसक्ने गुन लाउनुभयो ।"

"त्यसो त नभनिबक्सियोस् न !" – ध्रुवनाथजीले हात जोडे ।

"आज रात पऱ्यो । तपाईंहरूलाई मेरो कुटीमा एक कप चियासम्म पनि खान दिन सकिनँ । भोलि बिहानै दुवै जना पक्कै आउनुहोस्, सँगै चिया खाउँला ।"

हामी दुवै जनाले केही जवाफ दिन सकेनौँ । फेरि उनले जोड दिँदै भने– "पक्का आउनुहोस् है ! तपाईंहरू नआएसम्म म चिया नै नखाई बस्छु ।"

ध्रुवनाथजीले स्वीकृति दिँदै भने– "कति बजे आउँदा हजुरको अनुकूल समय होला ?"

"आठदेखि दस बजेसम्म जति बेला आउनुहोस्, स्वागत छ । तर पक्कै आउनुपर्छ ।"

मन्त्रीजीको आग्रहमा पनि 'हस्' भन्न कर लाग्यो। मन्त्रीजीको 'गुडनाइट' भनाइको सँगसँगै मैले आफ्नो गाडी बढाएँ । ध्रुवनाथजीलाई घर पुऱ्याउनु थियो । उनको घर हुँदै म घर फर्किएँ ।"

भाइले मलाई सोधे– "दाइ फर्कँदा धेरै रात भइसकेको थियो ? मैले त थाहा नै पाइनँ ।"

"रात त धेरै भइसकेको थियो ।"

"अनि सपना के देख्नुभयो नि ?"

"के हुन्थ्यो, त्यही ! हिजोका मन्त्रीजी फरररर झन्डा हल्लाउँदै एउटा विशाल भवनमा प्रवेश गर्दै रहेछन् । म पनि त्यही विशाल भवनको ढोकामा उभिएर बसेको रहेछु । मन्त्रीले मसँग बोल्लान्, 'के छ ?' भनेर सोध्लान् भन्ने आशा बोकी, वरपर उभिएर बसेकाहरूका अगाडि इज्जत नै आउने भयो भन्ने सम्झी झन् गजक्क फुलेर बसेका थिएँ । उनी त मसँग बोल्दै नबोली, देखेको नदेख्यै गरी सरासर भवनभित्र प्रवेश गरे । मैले सोचेँ देखेनन् होला । अनि कार्यालयमै गएर भेट्छु भनेर पछिपछि गएँ । म उनको नजिकै पुग्न आँटेको थिएँ, उनी कार्यालयको ढोकाभित्र पस्छन्, ढोका बन्द हुन्छ । मन्त्रीजीलाई भेट्न म लाइनमा बस्छु । भेट्न आउने मान्छेको घुइँचो छ । एकपछि अर्कोको भेट्ने पालो आइरहेको छ । घन्टौँ कुरिसकेँ, आफ्नो पालो आउँदैन । चिनेजानेका व्यक्ति हुँदा मलाई स्वागतै गर्लान् भन्ने सम्झी पालै नआए पनि जबर्जस्ती कोठामा प्रवेश गरेछु । मन्त्रीजी लचकदार घुमाउने मेचमा लेटेर बसेका रहेछन् । मैले उनलाई नमस्कारका साथ अभिवादन गरेँ । उनले नमस्कारसम्म फर्काएनन् । मैले धेरै किसिमबाट सम्झाउँदा पनि उनले मलाई चिन्न इन्कार गरिदिए । त्यत्तिकैमा तिमीले आई बिउँझाइदियौ ।"

मैले सुनाएको हिजोको घटना र रातिको सपना एक-एक सुनेपछि एक क्षणको मौनतापछि भाइले भने– "तपाईंले सत्य सपना देख्नुभयो । वास्तविकतामा पनि तपाईं यही पाउनुहुन्थ्यो जो सपनामा पाउनुभयो ।"

"अँ, मलाई पनि त्यस्तै लाग्यो । हुन त उनको हिजोको कुराअनुसार हाम्रो गहिरो मित्रता कायम रहन्छ । तर म विश्वास गर्ने पक्षमा भने छैन ।"

भाइले भने– “त्यस्ता अनैतिकसँग मित्रता गरेर पनि के फाइदा ?”

मैले उनलाई सम्झाउँदै भनें– “नैतिक र अनैतिकको कुरा होइन । तिमीले अनैतिक सम्झेको कुरा उनले नैतिक सम्झेको पनि हुन सक्छ । जे होस्, हामीलाई उनको व्यक्तिगत आदतसँग कुनै मतलब छैन । उनले कति काम गर्न सक्छन् भन्ने कुरासँग मात्र हामीलाई मतलब छ ।”

हाम्रो कुरा नटुङ्गिँदै ध्रुवनाथजी मकहाँ हतारिँदै आइपुगे । कोठामा प्रवेश गर्दै उनले भने– “अहो ! अहिलेसम बिछ्यौनामै ? मन्त्रीजीकहाँ जान अबेर भएन ?”

मैले हाँस्तै उत्तर दिएँ– “हिजोको घटना भाइलाई सुनाइरहेको ।” उनले मलाई सम्झाउँदै भने– “हिजोको कुरा याद छ ? उनले हामी नपुगी चिया पनि पिउँदिनँ भनेका छन् ।”

मलाई हिजोको मन्त्रीजीको निमन्त्रणा सम्झना भयो । ध्रुवनाथजी मन्त्रीजीकहाँ जान तयार भएर आएका रहेछन् । मैले ‘जान्नँ’ भन्न सकिनँ । एक छिन ध्रुवनाथजीलाई बस्न लगाई म आफ्नो बिहानको कार्यबाट फुर्सद लिन बाथरुम पसेँ । उनीसँग मेरो भाइले हिजोकै घटनाका सम्बन्धमा अझ बढी जानकारी हासिल गर्दै रहेछन् । म जति सक्यो चाँडो घरबाट फुर्सद लिई ध्रुवनाथजीसँग मन्त्रीजीकहाँ जान निस्किएँ ।

हामी दुवै मन्त्रीजीको क्याम्पभित्र पुग्यौँ । ढोकामा पहरा गरिरहेको आएलसेसन कुकुरको डरले घरतर्फ बढ्ने हिम्मत गरेनौँ । मेरो नजर क्याम्पको चारैतिर फिँजिन लाग्यो । मैले खुला ग्यारेजमा हिजोको गाडी देखेँ । ध्रुवनाथजीलाई गाडी देखाउँदै भनेँ– “हिजोको गाडी आइसकेको रहेछ ।”

गाडी बिहानै आइपुगेकोमा ध्रुवनाथजीलाई कुनै आश्चर्य नलागेको कुरा उनको अनुहारले बताएको छ । उनको नजर भवनको पहिलो र दोस्रो तल्लामा केन्द्रित छ । चारैतर्फ कोही पनि देखिँदैनन्, केवल एउटा कुकुरबाहेक । म पनि समय-समयमा भवनका झ्यालहरूमा नजर दौडाउँछु ।

निकै बेरपछि एक जना त्यही घरका कामदारजस्ता देखिने व्यक्ति दुवै हातमा झोला बोकी बाहिरबाट क्याम्पभित्र प्रवेश गर्छन् । हामी उनीतर्फ बढ्दै

भन्छौँ – "भाइ यो घरको मान्छे हो ?"

"हजुर, के भन्नुपर्‍यो ?"

"मन्त्रीजी हुनुहुन्छ ?"

"हुनुहुन्छ होला ।"

"हुनुहुन्छ भने बाहिर मान्छे भेट्न आएका छन् भनिदिनुहोस् ।"

'हवस्' भन्दै उनी भवनभित्र प्रवेश गरे । करिब पाँच मिनेटपछि फेरि तिनै व्यक्ति बाहिर निस्किए । हामी दुवै उनको छेउमा गई उत्सुकतापूर्वक सोध्यौँ – "के भन्नुभयो ?"

'ए मैले त भन्नै बिर्सेछु' भन्दै फेरि फर्किएर गए । करिब पाँच मिनेटपछि आएर 'मन्त्रीज्यू त बाथरुममा हुनुहुन्छ, एक छिन पर्खनुहोस्' भन्दै उनी क्याम्पबाहिर गए ।

मन्त्रीजी घरैमा हुनुहुँदो रहेछ । भेट हुने त हामीलाई पूर्ण आशा भयो, ढिलो र चाँडो मात्र । हामी कुर्दै गयौँ । अझै कोही व्यक्ति देखिएका छैनन् । हामी दुई त्यो भवनको विषयमा आफ्नो अनुमान सुरु गर्न लाग्यौँ । मैले ध्रुवनाथजीलाई बिस्तारै भनेँ – "यो भवन कहिले बनेको होला ?"

"हालसालै बनेको जस्तो देखिन्छ । हेर्नुहोस् न, सबै नयाँ छन् ।"

"कति स्क्वायर फिटमा बनेको होला, तपाईँ अनुमान गर्न सक्नुहुन्छ ?"

"करिब पाँच हजार स्क्वायर फिटमा बनेको होला ।"

"तीन तल्ला भएपछि यसको स्पेस पन्ध्र हजार स्क्वायरफिट भयो, होइन ?"

"हो, पन्ध्र हजार स्क्वायरफिट भयो ।"

"तब पन्ध्रै जना जहान भए पनि प्रतिव्यक्ति एक हजार स्क्वायरफिट स्पेस पर्न आयो । तपाईँ अनुमान गर्न सक्नुहुन्छ ध्रुवनाथजी, यो घर कति रकममा बन्यो होला ?"

"खोइ, भित्रको सजावट देख्न पाइएको छैन । यसो बाहिरी रूपले विचार गर्दा दसदेखि पन्ध्र लाखको अनुमान गर्न सकिन्छ ।"

हाम्रो कुरा टुङ्गिएको छैन । त्यत्तिकैमा ती पहिलेकै व्यक्ति फेरि एक हातमा झोला बोकेर प्रवेश गरे । हामीनजिकै आई 'ए, भेट्नुभएको छैन ? म तुरुन्त खबर पुऱ्याएँछु' भन्दै हतारिँदै घरभित्र पसे । करिब दुई मिनेटपछि उनी फेरि बाहिर निस्किए, हामीलाई घरतर्फ आउने इसारा गरे । उनले औँल्याइदिएको कोठामा प्रवेश गऱ्यौँ । भव्य बैठकमा कोही पनि देखेनौँ । ती व्यक्ति आई भने– "तपाईँहरू एक छिन बस्तै गर्नुहोस् । मन्त्रीज्यू आउनुहुन्छ ।"

एउटा लामो सोफामा हामी दुवै गई सँगै बस्यौँ । बैठकको ढोका बन्द भयो । बैठकमा हामी दुई जना मात्र छौँ । हामीलाई यहाँ कुरा गर्न मनभित्र त्रास पैदा भयो । दुवै केही नबोली चुपचाप बैठकको सजावट मात्र हेर्न व्यस्त रह्यौँ ।

करिब पन्ध्र मिनेटको प्रतीक्षापछि एकान्तलाई चिर्दै मन्त्रीजी बैठकमा प्रवेश गरे । हामी दुवै उठी अभिवादन गऱ्यौँ । हाम्रै छेउको सिङ्गल सोफामा आई उनी बसे । प्रसन्न र खुसी अनुहारमा उनले हामीलाई भने– "यहाँहरूलाई केही बेर कुराएँ । माफ गर्नुहोस् ! यहाँहरू सन्चै हुनुहुन्छ ?"

हामी दुवैले मुखामुख गऱ्यौँ । उनले हामीलाई ठ्याम्मै चिन्न सकेका छैनन् । उनको सन्चो-बिसन्चो हामीले सोध्नुपर्नेमा उनले हामीलाई सोधे । उनले कूटनीतिक तरिकाले हामीसँग राम्रै व्यवहार त गरे, तर उनले हामीलाई राम्रै गरी चिनेर होइन ।

केही क्षणपछि हामी दुवैले एकै चोटि भन्न पुग्यौँ– "राम्रै छ ! यहाँलाई ?"

"के हुन्थ्यो ? बाँचेकै छु भन्नुपऱ्यो ।" – उनले भने– "के सेवा छ मेरोलायक, भन्नुहोस् !"

मन्त्रीजीले हामीलाई सम्झन सकेनन्, तर पनि उनको अभिनयमा कुनै कमी छैन । यही अभिनयको कारणले त उनले यत्रो सफलता हाँसिल गरे । ध्रुवनाथजी चिनिने पक्षमा गई भन्न लागे– "मन्त्रीजीले हिजो हामीलाई चिया पिउन डाक्नुभएको थियो, होइन र ?"

"हो-हो ! किन होइन ?"– उनका शरमले भरिएका आँखा हामीबाट अन्यत्र पार्दै भन्छन् – "त्यसैले त तपाईँहरूलाई कुरिराखेको !"

उनी नजिकको कलिङबेलको बटम दबाउँछन् । कामदार बैठकमा प्रवेश गर्नेबित्तिकै तीन ओटा गरम कफीको आदेश गर्दै भन्छन् – "मलाई तपाईंहरूले हिजो खुब ठुलो मदत गर्नुभयो । त्यसका लागि म तपाईंहरूप्रति आभारी छु । भन्नुहोस् मेरोलायक कुनै सेवा छ भने, म तपाईंहरूलाई पनि गर्ने छु ।"

मन्त्रीजीबाट यति कुरा सुन्नेबित्तिकै हाम्रो हृदय प्रफुल्लित हुन्छ । तत्काल हामीले उनीबाट पाउने आशा त गरेका छैनौँ, तर पनि हामीले भन्यौँ – "त्यस्तो कुनै दुःख दिनुपर्ने खण्ड आयो भने हामी आइहाल्छौँ । हजुरलाई नभने हामीले कसलाई भन्ने ?"

"तपाईंहरूले अप्ठ्यारो नमानी भने हुन्छ ।" – उनले भने – "मैले जो सक्छु गरिदिन्छु ।"

यही मौकामा मैले आज देखेको सपनाका सम्बन्धमा कुरा सुनाएँ । मन्त्रीजीले चिन्न इन्कार गर्नुभएको पनि भनेँ । मेरो कुरा सुन्नेबित्तिकै उनी खुला दिल गरेर हाँस्न लागे । हाँस्ताहाँस्तै उनले भने – "म त्यस्तो रहेछु त ? भन्नुहोस् ! तपाईंको सपना गलत हो ।"

उनको प्रामाणिक कुरालाई मैले मान्न करै लाग्यो । यसै सन्दर्भमा मैले सोधेँ – "हजुर कहिले मन्त्री हुने त ?"

"यही समय भनेर त कसरी भन्नु ! तर हुन्छु जरुर । हेर्नुहोस् न, आजकालका मन्त्रीहरू कस्ता-कस्ता अनुहारका छन् ! यिनले कति दिन चलाउन सक्ने हुन् र ? हामी नै आउनुपर्छ । यसमा म निश्चिन्त छु ।"

आफ्नो कुरामा जोड दिँदै उनले भने– "अब हेर्नुहोस् न ! मजस्ताले चलाएको ठाउँमा अहिले एउटा पुरानो लकडीकै व्यवसायी ल्याएर राखिएको छ । अब भन्नुहोस्, उसले आफूले पाएको स्वाद बिर्सन सक्ला ? पोहोरसम्म पनि काठमाडौँका उडवर्क्सका मालिकहरू सुनचाँप खोज्न उनको घरमा धुइरो लागेको मैले आँखाले देखेको छु । मैले सुनेको थिएँ, एक पटक त उनले जिल्लाभरिको सुनचाँपलाई आफ्नै घरबारीको भनी स्वीकृति लिई जिल्ला निकासी गरेका थिए । यो कुरा हो कि होइन भनी जिल्ला टुरमा जाँदा बुझेको थिएँ । वास्तविकता त्यही रहेछ जो मैले सुनेको थिएँ । कति कुरा कागजी

प्रमाण नभएर पनि प्रत्येक व्यक्ति-व्यक्तिको हृदयमा छाप परिसकेको हुन्छ, जसलाई थुन्न र छेक्न सकिन्न । अब भन्नुहोस्, यस्ता व्यवसायीले अधिकार पाएपछि बाँकी राख्छन् नेपालको जङ्गल ?"

हामीले बुझ्न नसक्ने कुरा उनी बयान गर्दै छन् । हामी यी कुराहरूमा अनभिज्ञ छौँ जो उनी सुनाउँदै छन् । तर पनि हामी विषयवस्तु बदल्न सक्तैनौँ । हामी उनको बयान सुनिरहन्छौँ । उनी भन्दै जान्छन् – "मेरो पालामा त चाँजोपाँजो सबै मिलाएर नियम-नीतिभन्दा बाहिर नगई बडो विचार पुऱ्याएर जङ्गल बचाएको थिएँ । अहिले हेर्नुहोस् ! प्लटका प्लट बिदेसिँदै छन् । कुनै चट्टा नेपालको गाउँ-सहरमा पसेको छैन । यही क्रमले यिनीहरूले गर्दै जाने हो भने केही वर्षमै नेपालले दैवी प्रकोपको मुकाबिला गर्नुपर्छ ।"

उनी भन्दै जान्छन्– "हिजो एउटा मान्छेले आएर मलाई भन्यो – 'हजुर ! हजुरले हालका मन्त्रीज्यूलाई आज्ञा दिनुपऱ्यो, धमाधम जर्नानिकासीको आदेश दिँदै छन् । मलाई धेरै चाहिने होइन, दुई सय ट्रक जर्नानिकासीको आदेश भए पुग्छ । आदेश लिएर गलगलिया स्टेसन पुग्नेबित्तिकै प्रतिट्रक पाँच सय भारु पाइन्छ । आफूले नलगाई एक लाख भारुको बचत हुन्छ । हजुरले भनिदिनुपऱ्यो ।' मैले 'हेर्नुहोस्, मेरो हातमा केही छैन । मैले भनेको मान्दैनन् । हाल म यो कामका लागि उपायरहित छु' भनी फर्काएँ । यसबाट यो बुझ्न सकिन्छ कि त्यहाँ मनपर्दो गरिरहेको छ ।"

उनी एक छिन मौन रही फेरि जोसिँदै भन्दछन् – "कति दिन टिक्ने हो र यो ? हामीलाई यिनले ल्याउनैपर्छ !"

मन्त्रीज्यूकै कुराको सिलसिलामा मैले बिस्तारै भनेँ– "यसरी मनपर्दो गरेकोमा कुनै कहीँ कार्यवाही गर्ने अड्डा छैन र ?"

"त्यो त किन छैन ? छ नि !"

"भए त हेर्नुपर्ने होइन र ?"

"हेरेकै त छ नि ! आँखा चिम्लेको छैन !"

बडो नाटकीय ढङ्गले उनले यो वाक्य प्रयोग गरे । हामी सबै हाँस्यौँ । यत्तिकैमा कफी आइपुग्छ । मन्त्रीजीको घरको गरमागरम कफीको स्वाद

हामीले नौलो पायौँ । विषयवस्तु बदलिएर कफीतिर केन्द्रित हुन्छ । यो कफी उनले लन्डनबाट मगाएका रहेछन् । उनका धेरै बानीहरू विदेशी वस्तुहरूमा भएको हामीले सहजै अनुमान गऱ्यौँ ।

मन्त्रीजीले माग्नुभएअनुसार हामी दुवैले पूर्ण परिचय दियौँ । आफूले गरिरहेको काम र आफ्नो परिवारका बारेमा पनि जानकारी दियौँ । अब हामीलाई मन्त्रीज्यूका बारेमा जानकारी पाउन बाटो खुल्यो । मैले सोधेँ – "मन्त्रीज्यूका जहानबच्चा कति छन् कुन्नि ?"

"यसो त जहानबच्चा आठ जना छौँ । यहाँ नोकरहरूबाहेक चार जना छौँ ।"

"अरू कहाँ छन् त ?''

"गाउँमा दुई जना छन् । दुई जना बाहिर पढ्न गएका छन् ।"

"अनि के गाउँमा दुई जना बच्चा मात्रै कि ...?"

"होइन, मेरी जहान छिन् ।"

"ए ! त्यसो भए यहाँ मन्त्राणीज्यू बस्नुहुन्न ?"

"गाउँमा एक जना, यहाँ दुई जना बस्छन् । अहिले मेरा तीन जना जहान छन् ।"

आश्चर्यपूर्वक मलाई 'ए !' भन्न आयो । उनी साधारण किसिमबाट जवाफ दिँदै छन् । फेरि मैले सोधेँ– "दुई जना बाहिर पढ्न गएका बच्चाहरू ?"

'हो, एउटा छोरा र एउटी छोरी । ठुली छोरी लन्डनमा पढ्छिन्, ठुलो छोरा दार्जिलिङमा पढ्छ' भन्दै उनी गम्भीर मुद्रामा भन्छन्– "आगे साल छोरो पनि लन्डन पठाउँदै छु ।"

मन्त्रीजी र हाम्रोबिचमा भएको कुराकानीदेखि हामी पूर्ण सन्तुष्ट छौँ । उनी धेरै कुरामा स्पष्ट देखिन्छन् । उनीसँग कुराकानी गर्दा हामीले उनलाई हिजो मात्र चिनेजस्तो हामीलाई महसुस भएन । हामीलाई लाग्यो हामी बसौँ पुराना साथी हौँ ।

उनी आफ्ना पुराना कुरा निकाल्दै भन्छन् – "मेरो पालामा मैले काम

गर्दा कुनै नराम्रो काम गरिनँ । देश र जनताका लागि नै मैले मरिमेटी काम गरेँ । फेरि म जनताका बिचबाट आएको एउटा जनप्रतिनिधि पनि त हुँ ! जनताको एउटा सेवक पनि त हुँ ! जसले जनताको सदैव हित चिताउनुपर्छ । त्यहीअनुरूप मैले काम गरेँ । हेर्नुहोस् ! मेरो पालामा एउटासम्म पनि नराम्रो काम गऱ्यो भनेर उजुरसम्म परेन । भन्नुहोस् ! यो भाग्यको कुरा होइन ? मैले आफूले काम गर्दा तलदेखि माथिसम्म अनुपात मिलाएर काम गर्दथेँ । नीति-नियममा बाधा नपर्ने गरी काम टुङ्ग्याउँथेँ । अलिअलि बाधा नै पर्ने स्थिति भए पनि छेउ-पुच्छर बचाएर कामलाई समाप्त गर्दथेँ । लौ भन्नुहोस् ! कसैले भन्न सक्छ मैले कुनै बदमासी गरेको छु भनेर ? कसैले भन्न सक्तैन । यो मलाई पूरा विश्वास छ । त्यसैले त मलाई यो पनि विश्वास छ यो देशमा मेरो फेरि आवश्यकता पर्दछ ।”

उनको कुरा नटुङ्गिँदै फेरि कफी आइपुग्छ । हामी सबै कफी पिउन व्यस्त हुन्छौँ । उनको कुरा अझै टुङ्गिएको हुँदैन । धेरै समय बितिसकेको र कफी पिएपछि बिदा दिने उनले निश्चय गरेका हुँदा उनी मौन रहन्छन् । कफीको समाप्तिका साथसाथ हामी बिदा माग्छौँ । उनले स्वीकृति दिँदै भन्छन् – “आउँदै गर्नुहोस् ! अर्को नसम्झिनुहोस् !”

सोफाबाट उठ्दै ध्रुवनाथजीले भने– “फेरि-फेरि आई हजुरसँग बात गरौँला । हजुरसँग बिहान त सबै दिन भेट हुन्छ होला ?”

“अँ, सबै दिन । कुनै पनि समय आउनुहोस्, स्वागत छ !”

उनको बेसारे बोलीले मलाई केही क्षण प्रभावित पाऱ्यो नै, तर त्यसमा लुकेको कृत्रिमताको झल्कोले मलाई झ्वास्स घोच्यो । यत्तिकैमा हामी दुवै नमस्कार गर्दै निस्क्यौँ ।

# बिहीबार

बिहानको खाना खानुअघि नै पुलचोकसम्म गई मोटर देखाएर आऊँ भन्ने विचार हुँदाहुँदै पनि म खाना नखाई घरबाट निस्कन पाउन्नँ । 'सधैँभरि चिसो भात कति खान मन लागेको ?' भन्ने घरको कचकच सुन्न मन लागेन । त्यसैले जतिसुकै अबेर भए पनि खाना खाएर निस्कने निश्चय गरेँ । एकै दिनको 'गोरखापत्र' को विज्ञापनले मेरो मोटर बिक्ने स्थितिमा पुगेको हुँदा म मनमनै प्रसन्न छु । मलाई कहिले गएर मोटर देखाऊँजस्तो भइरहेछ । घरका सबै जहानलाई पानी बोक्न लगाई मोटर साबुनपानीले धोएर चिल्लो बनाइसकेको छु । केवल मलाई 'दोर्जेसदन' पुग्न बेर छ । टेलिफोनबाट मलाई भनेअनुसार दोर्जेसदन पुलचोक दोबाटोकै ओल्टेकोल्टे हुनुपर्छ ।

म मनमनै विचार गर्न लागेँ– 'दोर्जेसदन मलाई बोलाइएको छ, तर टेलिफोनमा नाम भने 'छिरिङ' भनिएको छ । हुन सक्छ 'छिरिङ दोर्जे' उनको नाम होला र आफ्नो पछिल्लो नामबाट घरको नाम राखिएको होला । बिहानै टेलिफोन गर्नुको अर्थ छिरिङ दोर्जेलाई मोटरको ज्यादै नै आवश्यक भएको हुनुपर्छ ।' अनि मैले निश्चय गरेँ– यो पटक त एक-दुई हजार घटी नै मूल्य तोके पनि मोटर छोडेर आउने छु ।

मलाई पुलचोक पुग्न ज्यादै हतारो भएको हुँदा चाँडो-चाँडो खाना खाई भान्साबाट फुर्सद लिन्छु । हतार-हतार कपडा लगाई पुलचोकका लागि प्रस्थान गर्छु । बाटोभरि सोच्न लागेँ– 'मोटरको मूल्य कति बताउने ? धेरै बताउँदा कुरै नगरी पठाउने हो कि ? थोरै बताउँदा आफूलाई नोक्सान हुने ।' यो पटक मैले मोटरको मूल्य नबताउने निश्चय गरेँ । यदि उनले मोटरको मूल्य सुन्ने

धेरै नै इच्छा गरे भने यति मात्र भन्छु– 'यही कम्पनीले बनाएको नयाँ मोटरको दाम तपाईंलाई थाहै छ, अब यो त दसौं वर्ष पुरानो भइसक्यो । तपाईं नै मूल्यनिर्धारण गर्नुहोस् !' यति भनेपछि उनलाई केही न केही मूल्य बताउन कर लाग्छ । उनले तोकेको मूल्यमा एक-दुई हजार नहेरी आँखा चिम्लिएर फालिदिन्छु ।

पुलचोक दोबाटोमा मोटर अड्याई बाटो हिँडिरहेको एउटा व्यक्तिलाई सोधेँ – "दाइ ! दोर्जेसदन कहाँ छ ।

उनी हिँड्दाहिँड्दै टक्क अडिए र सोच्तै भने– "दोर्जेसदन ? यहीं पुलचोकमा भनेको थियो !"

"हो, पुलचोक दोबाटोबाट अलिकति भित्र भनेको थियो ।"

उनले तुरुन्त भने– "ए ! स्मगलर दोर्जे ? हो, पुलचोकमा हो ! यो बाटो जानुहोस्, दाहिनेपट्टि विशाल रङ्गीचङ्गी घर देख्नुहुन्छ । त्यही हो ।"

उनलाई धन्यवाद दिँदै म आफ्नो मोटरतर्फ बढेँ । मैले सोचेको थिएँ, मात्र छिरिङ दोर्जे । यहाँ एक व्यक्तिबाट सुनेँ । दोर्जे मात्रले नचिनिने । ती मलाई बिहान टेलिफोन गर्ने व्यक्तिको मेरो हृदयमा जुन रूप कोरिएको थियो, 'स्मगलर' भन्ने शब्द नामका अगाडि जोडिएको सुन्नेबित्तिकै उनीप्रतिको मेरो पहिलेको सोचाइ टुक्रियो । मेरो दिमागले उनको रूपलाई कल्पना गर्न सकेन । बरु मेरो मस्तिष्कमा नाना किसिमका प्रश्नहरू आउन थाले – 'यी दोर्जे कस्ता होलान् ? रूप, जीउ-डाल तिनको कस्तो होला ? उनको विचार कस्तो होला ? उनले मसँग कस्तो व्यवहार गर्लान् ?'

यत्तिकैमा म निर्दिष्ट ठाउँमा पुग्छु । बाहिरी ढोकामै 'दोर्जेसदन' लेखिएको छ । ढोकाकै छेउमा 'पत्रमञ्जुषा' र 'कुकुरदेखि सवधान' लेखिएको छ । मोटरको स्टार्ट बन्द गरी हर्न लगाउन थालेँ । एक व्यक्ति ढोकाबाट बाहिर निस्कँदै भन्छन् – "कसलाई खोज्नुभएको ?"

"छिरिङ दोर्जेलाई ।"

"छिरिङसाहेबलाई कि दोर्जेसाहेबलाई ?"

उनको कुरा सुनेर म अलमल्लमा परेँ । मैले सोचेको थिएँ, छिरिङ दोर्जे

एकै होलान् । मलाई बिहान टेलिफोन त छिरिङले गरेका थिए । यही सोची मैले भनेँ – "छिरिङलाई ।"

'हुन्छ, म छिरिङसाहेबलाई सोधेर आउँछु । बोलाउनुभयो भने भेट्नु होला' भन्दै उनले मलाई सोधे – "तपाईँ कहाँबाट आउनुभएको ?"

"बिहान टेलिफोन गरेको मानिस भनेर भनिदिनुहोस् ।"

'हस्' भन्दै उनी ढोकाभित्र पस्छन् । म दोर्जेलाई भेट्न सक्तिनँ, ती व्यक्तिको भनाइअनुसार छिरिङलाई मात्र भेट्न पाउँछु । पुलचोक दोबाटोमा भेटिएको व्यक्तिको एक शब्दको प्रयोगले मलाई दोर्जेसँग भेट गर्ने इच्छा बढिरहेछ ।

बाहिरी ढोका खोलेर मलाई पहिलेकै व्यक्तिले स्वागत गर्छन् । म आफ्नो मोटर भित्र क्याम्पमा प्रवेश गराउँछु । ती व्यक्तिले मलाई बाहिरी खुला बैठकमा बस्न भन्छन् । म गई बाहिरी बैठकको एक गद्दादार मेचमा बस्छु । तीनतर्फबाट फूल र लहराहरूले सम्पूर्ण बैठकलाई ढाकेको छ । मानौँ यो 'बैठक-बगैँचा' हो ।

एक युवक बैठकमा प्रवेश गर्दै भन्छन्– "यहाँलाई नै हो मैले बिहान फोन गरेको ?"

"हो, तपाईँ छिरिङ हुनुहुन्छ ?"

"हजुर" भन्दै हात मिलाउन मतर्फ बढेर नजिकैको मेचमा बस्दै उनले भने–"गाडी यही हो ?"

"हजुर, यही हो ।"

"यो त ज्यादै थोत्रो रहेछ ।"

"थोत्रो होइन, पुरानो पक्कै हो ।"

"कति मोल राख्नुभएको छ ?"

"के मोल राख्ने पुरानो मोटरको ! चलाई हेर्नुहोस् ! इन्जिन सबै बनाएको छु । टायर सबै नयाँ छन् । मोटर हेरेर आफैँ मोल गर्नुहोस् । "

उनी मोटरको साँचो माग्दै भन्छन् –"जाऊँ न स्टार्ट गरिहेरौँ ।"

हामी दुवै मोटरतर्फ जान्छौँ । उनी ड्राइभरसिटमा बसी स्टार्ट गर्न थाल्छन् । मेरो नजर क्याम्पको चारैतर्फ फिँजिन थाल्छ । एकाएक मेरो आँखा मोटरग्यारेजमा पर्छ । एकसेएक चम्किला र नयाँ मोडेलका चार ओटा कारहरू देख्छु । ती मोटरको दाँजोमा मेरो त मोटर नै भन्न नमिल्ने किसिमको छ । मलाई लाज लाग्न थाल्यो । घरमा चार-चार ओटा मोटर भएर पनि किन मोटर किन्न खोजे ? यसमा मलाई आश्चर्य लाग्यो । मोटरको हेरदेखपछि छिरिङ र म फेरि बैठकमा आयौँ । मेरो टाउको लाजले निहुरियो । म केही सोध्न नसक्ने स्थितिमा पुगेँ । 'आफैँले मोटर हेर्नुहोस्' भनेर हेर्न लगाएको छिरिङसँग 'कस्तो छ त ?' भनेर सोध्न सकिनँ । उनले नै सोधे–"मोल कति राख्नुभएको छ ?"

मैले उनको कुरा काट्तै बिस्तारै भनेँ– "त्यो ग्यारेजको मोटर तपाईंकै होइन ?"

"गाडी त हाम्रै हो । यी सबै दोर्जेसाहेबका मन परेका गाडी हुन् । प्रायः उहाँ मात्र चढ्नुहुन्छ । नयाँ गाडी लिन लागेको उहाँको मेनेजरका लागि हो ।"

उत्सुकतासाथ मैले सोधेँ– "यो दोर्जेसाहेब को हुनुहुन्छ ? मैले त सोचेको थिएँ, तपाईंको नाम नै छिरिङ दोर्जे होला भनेर । टेलिफोनमा छिरिङ भन्नुभयो, घर 'दोर्जेसदन' भन्नुभयो ।"

"दोर्जेसाहेब मेरा बोस हुनुहुन्छ । म उहाँको सेक्रेटरी हुँ ।"

"ए, दोर्जेसाहेब यहीँ बस्नुहुन्छ ?"

"हो, यहीँ बस्नुहुन्छ काठमाडौँ बस्ता ।"

"मतलब उहाँ अरू ठाउँमा पनि बस्नुहुन्छ

"उहाँका न्युयोर्क र ह्यामबर्गमा पनि घर छन् ।"

"ए, यसको मतलब धेरै समय उतैतिर रहनुहुन्छ ?"

"वर्षभरि नै भन्नुहोस् न ! यहाँ त वर्षको आठ-नौ खेप आउनुहुन्छ । हप्ता-पन्ध्र दिन बस्नुहुन्छ ।"

"अहिले कहाँ हुनुहुन्छ उहाँ ?"

"अहिले त यहीँ हुनुहुन्छ ।"

दोर्जेका बारेमा मैले जति कुरा सुनेँ, त्यसबाट मेरो उनीसँग भेट्ने इच्छा झन् बढ्दै गइरहेछ । म कसरी भेट्ने इच्छा व्यक्त गरौँ ! सोझै छिरिङलाई मैले दोर्जे भेट्ने इच्छा व्यक्त गर्दैमा भेट्न पाइएला भन्नेमा म विश्वस्त छैन । तैपनि मैले छिरिङलाई बिस्तारै भनेँ – "के दोर्जेसाहेबलाई म भेट्न सक्छु ?"

उनले मेरो प्रश्न नै नबुझी जवाफ दिए– "यो एउटा गाडी खरिद गर्न मै सक्छु । उहाँले मलाई यस्तो सानोतिनो काम गर्ने फुल पावर दिनुभएको छ । दोर्जेसाहेबसँग कुरा गर्नुपर्ने आवश्यकता नै छैन ।"

मैले उनको सबै कुरा बुझेँ, तर मेरो कुराको आशय उनले बुझेनन् । मैले उनलाई विचार बदल्दै आफ्नो राय व्यक्त गरेँ– "यो ज्यादै पुरानो मोटर छ । फेरि दोर्जेसाहेबजस्ताले उहाँका मेनेजरलाई खरिद गरेर दिने मोटर राम्रै हुनुपर्‍यो । बरु कतिसम्म तिर्ने यहाँको विचार छ, म साथीहरूलाई भनिदिउँला ।"

"त्यो त गाडी हेरेर भन्ने कुरा हो । राम्रो गाडी भएमा एक लाखसम्म तिर्न सकिन्छ ।"

मैले मनमनै भनेँ– 'यो रकमले त मेराजस्ता पाँच-छ ओटा गाडी खरिद गर्न सक्छ । जो सम्झेर म घरबाट निस्केको थिएँ, त्यसमा असफल भएँ ।'

यहाँ आइपुगेपछि ती महापुरुष, जसको अमेरिका र जर्मनीमा पनि घर छ, सँग भेट्ने अभिलाषा भित्री मनमा जागिरहेछ । म अब त्यही योजना बनाउनमा व्यस्त छु । म सोच्तै गएँ– धेरै समय युरोप र अमेरिकामा बस्ने दोर्जेको घरको बगैँचा र यो महलको बाहिरी आकृति पूर्ण युरोपीय शैलीमा देखिरहेछु, घरको भित्री सजावट कस्तो होला ? जो म कल्पनासम्म पनि गर्न सक्तिनँ ।

छिरिङ र मेरो कुराकानीबाट मेरो मोटर उनका लागि अयोग्य साबित भइसकेको छ । म अब मोटर बेच्ने पक्षमा छैन । मेरो उद्देश्यमा परिवर्तन आइसक्यो । म यस घरको वातावरणसम्बन्धमा जानकारी लिने पक्षमा छु । मैले छिरिङलाई सम्बोधन गर्दै भनेँ– "तपाईंको कुरा गराइबाट तपाईं दार्जिलिङको जस्तो देखिनुहुन्छ, हो ?"

"हजुर, त्यतै हो, कालिम्पोङ ।"

"यहाँ कति भयो काठमाडौँ बस्नुभएको ?"

"दुई वर्ष हुन लाग्यो ।"

"दुई वर्षदेखि नै दोर्जे साहेबकहाँ हुनुहुन्छ ?"

"होइन, डेढ वर्ष भयो । त्यसभन्दा अगाडि एउटा बोर्डिङ स्कुलमा पढाउँथे । छ महिना स्कुलमा शिक्षक भई काम गरेँ ।"

मैले काठमाडौँको स्थिति अगाडि राख्तै उनलाई भनेँ-"हो, शिक्षणपेसाले काठमाडौँमा बाँच्नै कठिन छ । तपाईंले पनि अनुभव गर्नुभयो । कस्तो लाग्यो तपाईंलाई ?"

"त्यही कारणले त मैले शिक्षणपेसा छाडेको ! हुन त जुन बोर्डिङमा म पढाउँथेँ, त्यो बोर्डिङले मलाई राम्रै तनखा दिएको थियो । तर महिनाको छ सय पचास रुपियाँले म एक्लोलाई पनि नपुग्ने ! काठमाडौँको स्ट्यान्डर यही हो । के गर्नु, बाँच्नैपर्‍यो !"

"दोर्जेसाहेबकहाँ त तपाईंलाई राम्रै होला नि

"एकदम राम्रो । बस्न यहीँ बस्छु । खाना पनि फ्री छ । मोटरको सुविधा छ । तलब पनि हेन्डसम छ । काम पनि त्यति भिड छैन ।"

उनले साधारण किसिमबाट आफ्नो स्थिति मेरा अगाडि राखे पनि मेरा लागि दोर्जेसाहेबको महत्त्व झन् बढ्दै छ । दोर्जेसाहेबसँग भेट्ने उपाय रच्तै मैले छिरिङलाई भनेँ – "दोर्जेसाहेबसँग भेट्ने मलाई साह्रै ठुलो इच्छा छ । उहाँको नामका सम्बन्धमा परिचित थिएँ । आज संयोगले यहीँ आइपुगियो । चिनाजानी भयो भने म पनि उहाँलाई कुनै सेवा पुऱ्याउन सक्थेँ कि ?"

उनले एक छिनसम्म केही जवाफ दिएनन् । केही बेरपछि उनले भने – "हुन त परिचय हुनु ज्यादै राम्रो कुरा हो । गाडी त तपाईंसँग मिलेन, तर हाम्रो चिनाजानी त गाडीकै माध्यमबाट भयो । तपाईंले जो दोर्जेसाहेबसँग भेट्ने कुरा गर्नुभयो, त्यो म अहिले भन्न सक्तिनँ ।"

विनम्रतापूर्वक छिरिङलाई आफ्नो आशय व्यक्त गरेँ – "तपाईंसँग परिचय भयो । अब एक-अर्कालाई परिआएको समस्याप्रति सक्तो सहयोग

पनि निश्चय प्राप्त हुन्छ । त्यसैले चिनाजानी भनेको ठुलो कुरा हो । उहाँको नामले गर्दा मलाई धेरै समयदेखि उहाँसँग चिनाजानी गर्ने इच्छा थियो । आज साँच्चै भनूँ भने मोटर देखाउन मात्र होइन, म उहाँलाई पनि भेट्न आएको हुँ । छिरिङजी, कृपापूर्वक तपाईँले मद्दत गर्नुभयो भने मेरो बर्सौंको इच्छापूर्ति हुन्छ ।"

उनी मेरो कुरा सुनेर टोलिए । केही भन्न सकेनन् । सायद उनले सोचे होलान् – 'यो को हो ? किन भेट्न चाहन्छ उनको मनको शङ्कालाई हटाउँदै मैले भनेँ –"छिरिङजी ! तपाईँ दोर्जेसाहेबलाई यत्ति भनिदिनुहोस् 'एकजना अपरिचित स्थानीय व्यक्ति भेट्न आएका छन् । तपाईँलाई सहयोग गर्छु भन्ने इच्छा व्यक्त गर्छन् । भेट्टाऊँ कि नभेट्टाऊँ ?' यसोभन्दा उहाँले भेट्ने इच्छा व्यक्त गर्नुभएन भने नभेटुँला । यहाँले त्यति कष्ट गरिदिनुपर्‍यो मेरा लागि ।"

'ठिक छ, तपाईँको यही इच्छा हो भने म एक पल्ट भनिदिन्छु, एक छिन बस्नुहोस्' भन्दै बैठकबाट बगैँचातर्फ लागे ।

दस मिनेटपछि उनी आई मसँग मेराबारेमा सोध्न लागे – तपाईँको नाम के ? कहाँ बस्नुहुन्छ ? किन भेट्ने ? के काम गर्नुहुन्छ ? मैले छिरिङलाई एक-एक प्रश्नको उत्तर दिएँ । आफ्नो कामका सम्बन्धमा विशेष केही नभएको हुँदा 'काम त केही गर्दिनँ' भनेर भनेँ । यो पनि जोडेँ कि राम्रो कामको खोजीमा छु । उनी फेरि मलाई त्यहीँ एक्लै छाडी गए ।

पाँच मिनेटपछि छिरिङ प्रसन्न मुद्रामा मेरा सामु आएर भने– "हिँड्नुहोस्, तर उहाँसँग धेरै टाइम त छैन ।"

हामी दुवै खुला बैठकबाट बगैँचातर्फ झर्‍यौँ । मैले मनमनै छिरिङलाई धन्यवाद दिएँ । उनले मैले भनेभन्दा लम्बेचौडे फुर्का नजोडीकन दोर्जेसाहेबले भेट्ने इच्छा व्यक्त गरेका छैनन् । निश्चय पनि उनको काममा सम्मिलित हुन आएको कुरा छिरिङले दोर्जेसाहेबलाई बताएको हुनुपर्छ । मलाई त केवल दोर्जेसाहेब कस्ता छन्, उनको रहनसहन कस्तो छ, पुलचोकमा भेटेको व्यक्तिले भनेको शब्द र वास्तविकतामा कति मेल छ, जान्नु छ ।

हामी एउटा ठुलो हलमा प्रवेश गर्‍यौँ । यो मुख्य बैठक रहेछ । त्यहाँ एक छिन बस्न लगाई छिरिङ त्यसभन्दा भित्रको कोठातर्फ लाग्छन् । यो बैठकको

चारैतर्फ पूर्ण आरामी सोफाहरूले घेरिएको छ । यसको बिच भागमा आगो बाल्ने आतसखाना र वरपर नेपाली शैलीका मूर्तिहरू र हस्तकलाका सामानले बैठकका भित्ताहरू सिँगारिएका छन् । बैठकको सबैजसो भाग ऊनको गलैँचाले छोपिएको छ ।

एकै छिनमा छिरिङ बाहिर आउँदै मलाई भित्र कोठामा आउने इसारा गर्छन् । म भित्रको कोठामा प्रवेश गर्छु । मैले त्यहाँ कुनै दोर्जेसाहेबलाई देखिनँ । सिङ्गल सोफामा एउटा मानिस बसिरहेको मात्र देखेँ, जसलाई म राम्ररी चिन्दछु । मैले सोचेँ– उनी पनि दोर्जेसाहेबलाई नै भेट्न आएका होलान् । दोर्जेसाहेबको प्रतीक्षामा मजस्तै उनी पनि छन् । मैले त्यसतर्फ ध्यान नदिएर छिरिङतर्फ हेर्दै भनेँ – “दोर्जेसाहेब अझ यहाँभन्दा पनि भित्र ?”

मेरो प्रश्न सुन्नेबित्तिकै छिरिङ अलमलिए । एक छिन् केही भन्न सकेनन् । एक छिनपछि उनले भने– “उहाँ नै हुनुहुन्छ दोर्जेसाहेब !”

मेरो विश्वासको विपरीत उनले भनेकोमा म पनि एक क्षण अलमलिएँ । मैले दोर्जेसाहेब को-को न होलान् भनेको त एउटा साधारण मानिस पो रहेछन् ! त्यसमा पनि मैले पहिल्यैदेखि चिनेका !

दोर्जेसाहेब भनिएका व्यक्ति आजभन्दा आठ वर्षपहिले मैले चिनेको हुँ । तिब्बतियन शरणार्थीका रूपमा नेपाल प्रवेश गर्ने यी व्यक्तिले नेपाली भाषा नजानेका हुँदा यिनलाई मैले मदत गरेको थिएँ । क्षेत्रपाटीमा दुई सय रुपियाँ प्रतिमहिनामा डेरा खोजेर मैले नै व्यवस्था गरिदिएको थिएँ । यिनको र मेरो त्यसैताक दुई वर्षसम्म बाटोघाटोमा बराबर भेट भइरहन्थ्यो । पाँच-छ वर्षदेखि यिनलाई मैले देखेको थिइनँ । आज देखेँ दोर्जेसाहेबका रूपमा ।

मैले उनीतर्फ बढ्दै भनेँ– “तपाईँ हो दोर्जेसाहेब ? मलाई चिन्नुभयो ?”

“किन नचिन्नु !” – शान्त स्वभावमा उनले भने – “बस्नुहोस् !”

उनले मलाई चिनेकोमा खुसी लाग्यो । ढोकानजिकै उभिएर बसेका छिरिङलाई दोर्जेले बाहिर जाने इसारा गर्छन् र छिरिङ बाहिर निस्कन्छन् । कोठामा म र दोर्जे मात्र हुन्छौँ ।

मैले दोर्जेलाई पुरानो सम्झना दिलाउँदै भनेँ – “होइन, तपाईँको नाम

दुक्पा होइन र !"

"हो "

"कसरी दोर्जे भयो त ?"

"दुक्पा लामा काठमाडौँको गल्लीमा मरिसक्यो । यो त दोर्जे बाँचेको छ ।"

उनको कुरा सुनेर म हाँस्न पुगेँ । उनले पनि मेरो हाँसोमा स्वर मिलाउँदै हाँस्तै भने– "दुःखको दिन दुक्पाको थियो, सुखको दिन दोर्जेको हुन्छ ।"

हुन त उनको र मेरो कुनै घनिष्ठता थिएन । उनी जब तिब्बतबाट भारत हुँदै नेपाल प्रवेश गरे, त्यसबखत उनी नेपाली भाषा पटक्कै बोल्न जान्दैनथे । एक जना साथीकहाँ उनको र मेरो परिचय भयो । त्यसताका प्रायः उनी अङ्ग्रेजी नै बोल्दथे । हिन्दी बुझ्थे, बोल्न सक्तैनथे । उनीसँग बाँच्नेसम्मको केही पैसा थियो होला । उनले क्षेत्रपाटीमा डेरा गरेर बसेपछि पनि काठमाडौँका सडक-गल्लीमा प्रायः भेट भइरहन्थ्यो । उनी के काम गर्थे, मैले उनलाई कहिल्यै सोधिनँ । मैले यति जानेको थिएँ उनी काठमाडौँमा तिब्बतियन शरणार्थीका रूपमा छन् । आज एकाएक यस अवस्थामा देख्ता मैले उनलाई दोर्जेसाहेब भनेर तुरुन्त स्वीकार नगर्नु स्वाभाविक हो ।

मैले उनलाई सुस्तरी सोधेँ – "दोर्जेजी ! यत्रो प्रगति कसरी गर्नुभयो ?"

मेरो प्रश्नलाई रोक्तै उनले भने– "छोडिदिनुहोस् यो कुरा । के पिउनुहुन्छ ? बियर या स्कच ?"

"धन्यवाद ! म पिउँदिनँ ।" –मैले उनलाई भनेँ –"हुन सक्छ भने एक कप कफी ।"

'बस्, कफी मात्र ?" भन्दै इन्टरकमसेटबाट दुई ओटा कफीको आदेश दिन्छन् अनि मलाई सम्बोधन गर्दै भन्छन्–"तपाईं के गर्दै हुनुहुन्छ ?"

"काम त विशेष केही छैन ।"

"केही काम नगरी काठमाडौँमा बाँच्ने कसरी ?"

"खेतीपातीबाट आएकोबाट जसरी पनि पुऱ्याएर ।"

"पुऱ्याउने कसरी ?अमेरिका र युरोपभन्दा काठमाडौँमा खाना महँगो छ ।"

"जस्तो भए पनि बेहोर्नैपर्छ । खानका लागि हामी बाँचेका भए पो खानलाई धेरै खर्च हुन्छ । हामी त बाँच्नका लागि खान्छौँ । हामीलाई थोरै भए पनि चल्छ ।"

मेरो विचार उनलाई मनासिब लागेछ क्यारे, उनी रमाउँदै भन्छन् – "ठिक भन्नुभयो । त्यस्तो दिन मैले पनि गुजारेँ । मेरो मतलब काठमाडौँमा साधारण खाने वस्तु पनि अरू ठाउँको तुलनामा महँगो नै छ ।"

यसैबिच फोन आउँछ । उनी फोनमा कुरा गर्न थाल्छन् – "हेलो, दोर्जे स्पिकिङ... गुडमर्निङ एस.पी. साहेब भन्नुहोस्... के पक्डाउ खायो ? कहाँ ? हाम्रो एयरपोर्टमा ? ... बैङ्कक एयरपोर्टमा त हुनै नपर्ने ... के एयरपोर्टमा सुटकेस जम्मा नगरी सिटी गएछ ? ... आज सिङ्गापुरबाट टेलेक्स आउँछ भनेर कुरेर बसेको ... ब्याड न्युज ... थ्याङ्क्यू, ओ.के. बाई !"

टेलिफोन राख्तै मतर्फ फर्कदै भन्न लागे – "कच्चा मान्छेलाई काम लगाएपछि धोकामा परिन्छ ।"

वास्तविकतासँग अनभिज्ञ भए पनि एकोहोरो टेलिफोनिक वार्तालापबाट केही अनुमान गर्दै मैले दोर्जेलाई भनेँ – "कस्तो मूर्ख रहेछ ?"

मेरो प्रश्नको उत्तर दिन उनलाई कर लाग्यो । उनी मलाई तलदेखि माथिसम्म हेर्दै भन्छन् – "त्यही त भनेको ! कच्चा मान्छे, बैङ्कको रमझम, साँझ बिताउन हतारिएर निस्कियो होला । पक्डाउ खायो । त्यो पनि आजै इन्टरपोलले खबर गरेको रहेछ । जानकारी त छिटै पाएँ । अहिले म के गर्न सक्छु र !"

उनको नोक्सानीप्रति सहानुभूति देखाउँदै भनेँ– "धेरै नै पऱ्यो कि ?"

उनले आफ्नो खुट्टा कफी टेबलमा सोझ्याएर दुवै हात मुखनजिकै लगेर विचार गर्दै भन्न लागे – "होइन, धेरै त होइन, सिङ्गापुर पुगेको भए पाँच लाख यू.एस. डलरको थियो । अब नपुगेको हुँदा पाँच लाख रुपियाँको माल खरिद र आठ लाख रुपियाँ मिसलिनस खर्च गर्दा तेह्र लाखको नोक्सान भयो ।"

मैले बिस्तारै सोधेँ – "माल के थियो कुन्नि ?"

उनी मेरो कुरामा ध्यानै नदिई विचारमग्न भएर सोफामा लेटिरहेका

छन् । एकै छिनमा इन्टरकमसेटबाट छिरिङलाई बोलाएर भन्छन् – "अहिले सिङ्गापुर कन्ट्याक्ट गरेर माल नआइपुग्ने कुरा पार्टीलाई बताइदेऊ, साथै जुम्ला र दाङमा पनि खबर पठाऊ । सात दिनभित्र त्यति नै माल तयार हुनुपर्छ ।"

"माल सिङ्गापुर नपुग्ने भयो ? गुरुङ कहाँ गएछ ?"

"पक्डाउ खाएछ बैङ्कक एयरपोर्टमा । इन्टरपोलले यहाँ खबर गरेछ । मैले भर्खर खबर पाएँ । खबर त चाँडो पाएँ, तर के गर्न सक्छु र ! त्यसैले माल तुरुन्त पठाउनुपऱ्यो ।"

छिरिङले दोर्जेलाई सम्झाउँदै भने– "सोनामसँग पनि दस लाखको माल छ भनेर अस्ति खबर गरेका थिए । त्यो बुक गरिदिऊँ

"हुन्छ । त्यो पनि खरिद गर र जुम्ला र दाङमा पनि अडर गर ।"

छिरिङ बाहिर जान्छन् । दोर्जे आफ्नै कामविषयमा सोचिरहेका छन् । यत्तिकैमा कलकत्ताबाट ट्रङ्कल आउँछ । उनी टेलिफोनमा कुरा गर्दै भन्छन् – "हेलो दोर्जे स्पिकिङ हियर ... एस ... काठमाडौँ ... ओ.के. ... हो, दोर्जे बोलेको ... चलिसक्यो ? ... डाइरेक्ट जर्मनवाला सिप होइन ? ... ठिक छ ल, राम्रो ... तिमी आजै काठमाडौँ आए हुन्छ ... ओ.के. !"

उनी लामो सास फेर्दै भन्छन् – "एउटा ठुलो हेड्याक पार भयो ।"

उनको मनको कुरा म बुझ्न सक्तिनँ । उनी मसँग स्पष्ट कुरा गर्न चाहिरहेका छैनन् । जति एकोहोरो कुरा सुनेँ त्यसबाट केही अन्दाज लगाउन सके पनि म यस विषयमा उनीसँग कुरा गर्न सक्तिनँ । मेरा एक-दुई प्रश्नको उत्तर दिन पनि उनी हिच्किचाएका छन् । यस विषयमा मैले पूर्ण जानकारी नपाउने निधो गरी म अर्को विषयमा प्रवेश गर्छु र सोद्धछु– "दोर्जेजी ! तपाइँको न्युयोर्क र पश्चिम जर्मनीमा पनि कारोबार छ भन्ने कुरा सुनेको थिएँ । त्यहाँको कारोबार कस्तो चलेको छ ?"

"कसरी थाहा पाउनुभयो ?"

"दोर्जेजी !तपाइँको नाम त ज्यादै ठुलो व्यापारीमा गनिन थालेको छ । तपाइँको रूपसँग परिचित नभए पनि धेरै मानिसले तपाइँको नाम सुनेका

छन् । यति कुरा किन थाहा नपाउनु ?"

उनले मेरो कुरा सुनेर छक्क पर्दै भने– "के म यस्तो प्रचारमा आइसकेको छु ? तब त मुस्किल पर्‍यो !"

"केको मुस्किल ? नाम चल्नु त राम्रै हो !"

"प्रचारमा आएपछि मैले त्यति पैसा कमाउन सक्तिनँ जति प्रचारमा नआउँदा कमाउन सक्छु । मैले सोचेको थिएँ, केवल म तारे होटेल र प्रहरीसँग मात्र परिचित छु । त्यसो भए तपाईं पनि मलाई भेट्न आउनुभएको प्रचारको कारणले नै हो त ?"

उनको शङ्का निवारण गर्दै मैले म आएको कारण बताएँ । मेरो मोटर छिरिङले मन नपराएको र काम नलाग्ने पुरानो भएकोले खरिद-बिक्री नभए पनि घरको मालिकसँग भेटूँ भन्ने इच्छा पैदा भएको हुँदा भेट भएको कुरा बिस्तारसँग प्रस्तुत गरें ।

विस्तृत रूपमा म भेट्न आएको कारण बताइसकेपछि उनले भने– "हो, ह्याम्बर्ग र न्युयोर्कमा कारोबार छ । यही हाम्रो नेपाली हस्तकलाका सामान र तिब्बेतियन र नेपाली गलैंचाको बिक्रीकक्ष खोलेको छु । सबैतिर आफैंले हेर्नुपर्छ । वर्षमा धेरैजसो उतै बस्छु । सानो-सानो फ्ल्याट पनि छ । केटाकेटीहरू पनि उतै बस्छन् ।"

मैले उनलाई सोधें– "त्यसो भए तपाईं उतैतिरको नागरिक बनिसक्नुभयो कि ?"

"होइन, यहींको नागरिक छु । त्यहाँको नागरिक हुन स्टेटका फर्मालिटिज पूरा गर्नुपर्छ । बढी गाह्रो छ । यहाँको जस्तो होइन ।"

"ए, यहाँको नागरिकता लिइसक्नुभएको छ ?"

"लौ ! नलिए यति ठुलो व्यापार मैले कसरी गर्ने ? लिइसकें । यसैबाट त मैले यति ठुलो कारोबार गर्ने मौका पाएँ ।"

उनले विषयवस्तु बदल्दै मलाई भने– "के तपाईं मसँग काम गर्न चाहनुहुन्छ ? तपाईं मेरो पुरानो परिचयको मान्छे । तपाईंलाई मेरो पहिलेको

सबै कुरा थाहा छ । जतिसुकै म धनी भएर दोर्जेसाहेब भए पनि तपाईँको नजरमा दुक्पा लामा नै छु । तपाईँको मनमा परिवर्तन मसँग मिलेर काम गरेपछि मात्र हुन्छ । तपाईँले मलाई साथी सम्झेर मसँग काम गर्नुभएमा तपाईँलाई ठुलो लाभ हुने छ ।"

मैले काम खोज्न दोर्जेलाई भेट्न चाहेको होइन । मलाई त केवल दोर्जेको काम कस्तो छ, त्यही बुझ्नु थियो । स्थिति ठिक आएको हुँदा मैले उनलाई भनेँ– "हेर्नुहोस् दोर्जेजी ! काम गर्छु मात्र भनेर हुँदैन । त्यसका साथै समयले पनि साथ दिनुपर्छ । फेरि मसँग पैसा छैन । यति ठुलो काम, म तपाईँसँग मिलेर कसरी गर्न सक्छु ? मलाई तपाईँले उपहास गरेजस्तो लाग्यो । न म गर्न सक्छु, न तपाईँ गराउनुहुन्छ ।"

दोर्जे मलाई सम्झाउँदै भन्छन्– "केवल तपाईँ गर्न इच्छा मात्र गर्नुहोस्, बाँकी बन्दोबस्त म सबै मिलाउँछु । तपाईँजस्तो स्थानीय व्यक्तिको मलाई धेरै आवश्यकता छ । त्यसमा पनि तपाईँ मेरो पुरानो परिचित व्यक्ति । तपाईँलाई सहयोग नगर्ने कुनै कारण छैन । यो लाइनको काम पैसा भएर मात्रै गर्ने काम होइन । यो त बुद्धि र चालबाट कसैको सहयोगद्वारा गरिने काम हो । यो लाइनमा प्रवेश गर्न भित्री दिललाई बाँधेर आफूलाई यसमा समर्पित गर्नुपर्छ, तब जादू गरेजस्तो दिन दोब्बर रात चौबर प्रगति हुँदै जान्छ । फेरि यो देशमा यो काम गर्न बडो सजिलो छ । यो मौका सधैँ रहँदैन ।"

उनी भन्दै जान्छन्– "हेर्नुहोस्, तपाईँलाई थाहै भएको कुरा हो म काठमाडौँ आउँदा कुन स्थितिको थिएँ । तपाईँहरूले नै मदत गर्नुपर्ने मेरो स्थिति थियो । आज मैले ... गर्दै गएँ र म यो हैसियतमा पुगेँ । त्यसैले ... गर्नका लागि एउटा अठोट बनाउनुपर्छ र गर्दै जानुपर्छ । समय आफैँ सृजित भई हाम्रो सामु खडा हुन्छ । समयले हामीलाई बनाउने होइन, हामीले समय बनाउनुपर्छ ।"

दोर्जेको मनसाय मैले बुझेँ । मेरो माध्यमबाट अरू कुनै काम गर्न चाहन्छन् । उनलाई अझ रुपियाँले पुगेको छैन । यो रुपियाँ कमाउने मानिसको नशा कहिले नटुङ्गिने क्षितिजजस्तो हुँदो रहेछ । यिनलाई यत्रो धन-दौलत भएर पनि यिनले काम छोडेका छैनन् ।

म उनको विचारको प्रतिकूल जान चाहन्नँ । उनको विचारलाई बढावा दिँदै भनेँ– "दोर्जेजी ! यहाँको विचार शतप्रतिशत ठिक हो । समय हामीले बनाउनुपर्छ । समयले हामीलाई चलायो भने त हामी केही गर्न सक्तैनौँ ।"

उनी मप्रति आकृष्ट हुँदै छन् । पहिले केही नबताउन चाहेका दोर्जे अब आफ्नो गाँठो बिस्तारै फुकाउँदै छन् ।

यसैबिच एउटी भर्खरकी केटी दुवै हातमा ट्रे समातेर कफीपट ल्याई हाम्रो अगाडि राखिदिन्छिन् र दोर्जेको आदेशनुसार दुवै कपमा कफी बनाइदिन्छिन् । हामी दुवै कफी चुस्न थाल्छौँ । युवती कोठाबाट बाहिर निस्किन्छिन् ।

कफी पिउँदापिउँदै दोर्जे भन्दछन्– "हेर्नुहोस् ! यो व्यापारका बारेमा तपाईंलाई म सानो नमुना पेस गर्छु, जो मेरो जीवनसँग सम्बन्धित छ । तपाईंले पनि मेरो प्रगतिबारे सोध्नुभयो । त्यसैले तपाईंलाई कुनै कुरा नलुकाई भन्छु । किनभने तपाईंले मेरा हिजोका दिनहरू पनि देख्नुभएको छ । मेरो जीवनमा घटेको घटना बताउँछु, सुन्नुहोस् । जब म काठमाडौँको गल्ली चहारेर साँझ एउटा रेस्टुराँमा शान्तिका लागि रक्सी पिउन थाल्थेँ, त्यहाँ मैले धेरै विदेशी साथीहरू बनाउँदै गएँ । अकस्मात् एक दिन मेरो टेबलको साइडमा एक जर्मन बसेर नक्सा कोरिरहेको देखेँ । उनको र मेरो बिचमा कुरा हुन लाग्यो । घन्टौँसम्म कुरा भएपछि उनको र मेरो दोस्ती कायम भयो । उनले लेखेको नक्साबारेमा उनको होटलको कोठामा गई सम्झाउने इच्छा व्यक्त गरेअनुसार म त्यहीँबाट उनको होटलको कोठामा गएँ । उनले मलाई देवताको मूर्ति देखाउँदै भने– 'यो यहाँ छ, मन्दिरमा यति ओटा ढोका छन्, ढोका यस किसिमबाट लाग्छ, यति समयदेखि यति समयसम्म मानिस रहन्छन् ।' सब वैज्ञानिक तरिकाले विश्लेषण गरेको कागज दिए र भने– यदि यो मूर्ति काठमाडौँमै हेन्डओभर गरे पचास हजार दिने, जर्मनीमा पुऱ्याइदिए तीन लाख दिने । पचास रुपियाँ गोजीमा नभएको म त्यस मन्दिरमा घुम्न लागेँ । निकै दिनको प्रयासपछि एउटा स्थानीय व्यक्तिको सहयोगले मेरो डेरामा मूर्ति आइपुग्यो । जसले सहयोग गऱ्यो, त्यसलाई एक हजार दिएँ । सम्झौताअनुसार जर्मनले मलाई दिएको पैसाबाट मैले आफ्नो बिजनेस जमाउन थालेँ । पछि म बिजनेसको क्रममा जर्मनी पुगेको थिएँ । जर्मनीमा एक जना साथीको

ड्इङ रुमको आकर्षणको केन्द्र भई त्यो मूर्ति रहेको रहेछ । मैले उनलाई मूर्तिका बारेमा सोधखोज गरेँ, एकजना फ्रेन्चले एक लाख मार्कमा बेचेको रहेछ । मैले उनलाई 'अब कति पाए बेच्छौ' भन्दा 'छ लाख मार्क पाए बेच्छु' भने । म न्युयोर्क गई त्यही मूर्तिको पाँच लाख डलर तय गरी आएँ । पछि जर्मनीबाट त्यो मूर्ति न्युयोर्क पुऱ्याई पाँच लाख डलरमा बेचेँ । अब भन्नुहोस् यो बिजनेसको कुनै सीमा रहेछ ? हुन सक्छ त्यो मूर्ति अझ कतिमा बिक्ने हो ! जुन मूर्तिको सर्वप्रथम एक हजार मूल्य निर्धारण भएको थियो, त्यही मूर्ति मैले दुई पल्ट बेचेँ । प्रत्येक पटक स्थितिअनुसार म्याक्सिमम मुनाफा कमाएँ । साँच्चै भनूँ भने मेरो लाइफ नै त्यही मूर्तिले बनायो ।"

उनी भन्दै जान्छन्– "तपाईंलाई के भन्ने ! यो काममा हामीलाई सबैतर्फबाट सहयोग छ । साथै काठमाडौँका जति पनि ठुला भनी भन्नुहुन्छ, प्रायः सबैले यस्तै अवैध भनिएका काम गरेका छन् । किनभने रुपियाँ यसैमा छ ! रुपियाँमा इज्जत छ । सम्झनुहोस्, काठमाडौँमा चम्कने कार चिप्लाउने व्यक्तिका आँखामा हेर्नुहोस्, स्पष्टसँग तपाईंले अवैध व्यापार चम्किरहेको देख्न सक्नुहुने छ । सानो अवैध ! ठुलो अवैध ! बस्, फरक यत्ति छ ।"

उनको कुरा नटुङ्गिँदै इन्टरकमसेटको घन्टी बज्छ । उनी सेटमा कुरा गर्न थाल्छन्– "हैलो... राजासाहेब... भित्र पठाइदेऊ ।"

दोर्जेले रिसिभर नराख्तै एक व्यक्ति कोठामा प्रवेश गर्छन् ।

"आउनुहोस् ! राजासाहेब आउनुहवस् !"– दोर्जे ती व्यक्तिको स्वागत गर्दै भन्छन्– "धेरै समयपछि दर्शन पाइयो हजुरको !"

म बसेको ठिक अगाडिको सोफामा बस्तै उनी मलाई नियाल्न थाल्छन् । मलाई विश्वास छ, मलाई उनी चिन्दैनन् । तर म उनलाई चिन्दछु, किनभने उनी नेपालका एक कहलिएका समाजसेवी हुन् । 'ठुलो बाबुसाहेब' भनेपछि पश्चिमाञ्चलका बच्चाबच्चाले चिन्दछन् । काठमाडौँमा पनि उनलाई धेरैले चिन्दछन् । कुन त्यस्तो सामाजिक संस्था नेपालमा होला, ठुलो बाबुसाहेबले योगदान नगरेको ! मैले उनलाई आदरको दृष्टिले हेर्ने गरेको थिएँ, तर एकाएक यहाँ देखेर म छक्क परेँ । मेरो परिचय दिँदै दोर्जेले बाबुसाहेबलाई भने– "उहाँ मेरो पुरानो साथी हो । उहाँ पनि मसँग काम गर्न लाग्नुभइरहेछ ।"

बाबुसाहेबको परिचय दिँदै दोर्जेले भने– “राजासाहेब हाम्रा संरक्षक भने पनि हुन्छ । उहाँकै सहयोगबाट हामीले काम गरिरहेका छौँ । तपाईँलाई यो पनि भनिदिऊँ, राजासाहेबकै सहयोगबाट मैले नागरिकता बनाएको हो ।”

दोर्जेको स्पष्ट कुराले बाबुसाहेबलाई अप्ठ्यारो भयो । उनले आफ्नो लज्जित अनुहारलाई प्रसन्न बनाउँदै भने– “के कुरा गरेको दोर्जेसाहेबले पनि ? तपाईँ मनाङमा जन्मनुभएको मानिसलाई नागरिकता बनाउन केको मदत गर्नुपर्छ ? त्यो त तपाईँको जन्मसिद्ध अधिकार हो !”

बाबुसाहेबले मेरा अगाडि केही कुरा गर्न चाहेनन् । त्यसैले उनले दोर्जेलाई अर्को कोठामा गई गोप्य गर्ने आशय व्यक्त गरे । दोर्जेले मलाई एकै छिन बस्न भन्दै दुवै अर्को कोठातर्फ गए । करिब पन्ध्र मिनेटपछि दोर्जेले म बसेको कोठामा प्रवेश गर्दै भने– “राजासाहेब हिँड्नुभयो । यिनीहरूलाई ब्यालेन्समा राख्न बडो मुस्किल छ । काम गर्छन् छेरुवा तालले, खान खोज्छन् शेरको छाँटले ।”

मैले बुझ्न सकिनँ उनको भनाइको अर्थ, कोट्याउने पनि कुरा भएन । मैले बाबुसाहेबका बारेमा कुरा निकाल्ने ठाउँ नै छैन । म चुपचाप नै रहेँ । दोर्जे आफ्नो स्थानमा आई बसेर भने– “म काठमाडौँ एक हप्ता बसेँ भने तीन-चार लाख त बाँड्दै ठिक हुन्छ । तर जे होस्, खाएअनुसार आजसम्म राम्रै गरेका छन् ।”

मैले उनको कुरालाई बढावा दिँदै भनेँ– “यसरी दिन सक्ने आफूसँग क्षमता हुनु राम्रै हो । फेरि तपाईँको नुन खाएपछि तपाईँको सोझो पनि त चिताउँछन् !”

मेरो कुरा नटुङ्गिँदै उनले सहमति जनाउँदै भने– “ठिक भन्नुभयो । यहाँका मान्छे त साह्रै सिधा छन् । एक छाक मात्र खान पाए पनि दिनभर सलाम ठोकेर बस्छन् । दिन र खुवाउन सक्नुपर्छ, यिनले बाबुआमा बराबर मान्यता दिन्छन् र यति इमानदार छन् जति एउटा मालिकप्रति कुकुर हुन्छ ।”

दोर्जेको यो वाक्य मेरो चेतन मस्तिष्कले स्वीकार्न सक्तैन । मलाई कता-कता नराम्रोसँग बिझ्दछ । त्यस शब्दको विरोधमा म भीषण प्रतिक्रिया जनाउन खोज्छु । तर केवल दोर्जे र म मात्र भएको बन्द कोठामा म बौलाहा

साबित हुन सक्छु । मैले आफू सम्हालिँदै शिष्ट भाषामा दोर्जेलाई भनेँ– "दोर्जेजी ! तपाईँ यहीँ बसेर यहीँको नागरिकका रूपमा संसारमा चिनिनु भएको छ, तर यहाँका मानिसहरूलाई तपाईँ किन यति निच सम्झनुहुन्छ ?"

जवाफमा उनले भने– "मैले त यहाँका मान्छेको इमानदारीको एग्जाम्पल दिएको । मेरो भनाइ यहाँका मान्छेमा इमानदारी काफी छ । यो कुरा छोडिदिऊँ ! कामको विषयमा कुरा गरौँ ।"

दोर्जेले मेरो मनको भावना बुझेर विषयवस्तुलाई पन्छाउँदै अर्को विषय उल्लेख गर्न लागे ।

मैले सोचेँ– यिनीसँग मात्र यस विषयमा बहस गर्नु बेमनासिब हो । जो उनको अनुभव थियो, त्यो व्यक्त गरे । अनुत्तरदायी नागरिक भएको यो समाजमा एकले अर्काको प्रतिनिधित्व गर्न सक्तैन । आ-आफ्नो डम्फूले नचाइरहेछ सबैलाई चाहेर होस् या नचाहेर पनि । दोर्जेले बदलेको विषयवस्तुमा मैले चाख नदेखाउँदा पनि उनी भन्दै जान्छन्– "बुझ्नुहोस् र विचार गर्नुहोस् तपाईँ ! यो हाम्रो काम कैयाँहरूले गरेजस्तो देश खोक्रो पार्ने काम होइन । हामी कृत्रिम अभाव खडा गरी मूल्यलाई उतार-चढाव गर्दैनौँ । पाँच प्रतिशतको खर्चमा लाइसेन्स निकालेर शतप्रतिशत जनताद्वारा निकाल्दैनौँ । राजस्वलाई धक्का दिँदैनौँ । हाम्रो त फियर बिजनेस छ । सडेपडेर जाने जङ्गलका वस्तुहरू उपयोगमा ल्याउँछौँ । अनुत्पादित मूल्यहीन वस्तुको मूल्यनिर्धारण गर्छौं, जसबाट कसैलाई बेफाइदा छैन । जसले यो काम गर्छ, त्यसलाई फाइदैफाइदा छ ।"

दोर्जे आफ्नो कामलाई अरूको कामसँग दाँज्दै भन्दै जान्छन्– "हेर्नुस् ! हामी त्यस्तो काम गर्दैनौँ, जसले यो देशलाई नोक्सान होस् ! आफ्नो दायित्व र अख्तियारलाई बिर्सेर धनको लालचमा आँखा चिम्लेर सहिछाप गरेर देशलाई धोका दिँदैनौँ । जनप्रतिनिधि भनाउँदाले जस्तो 'मुखमा रामराम बगलीमा छुरा' राख्नु हामीलाई पर्दैन । हाम्रो काम त स्ट्रेट फरवार्ड छ । त्यसैले यसमा काम गर्न हिच्किचाउनुपर्ने कुनै कारण छैन ।"

दोर्जेको दृष्टिकोण मेरा सामु स्पष्ट आइसक्यो । निर्भीकताका साथ उनले आफ्नो विचार व्यक्त गरे । उनको काममा उनी पूर्ण सन्तुष्ट छन् ।

अरूको कामभन्दा उनको काम स्वच्छ र निर्मल छ भन्ने पनि उनी घमन्ड गर्छन् । उनको भनाइअनुसार मैले उनीसँग प्रश्न गर्ने कुनै ठाउँ पाउँदिनँ । म चुपचाप उनको भनाइ मात्र सुन्दै गइरहेछु ।

उनी भन्दै जान्छन्– "यहाँका मान्छेमा हिम्मत छैन ! सम्झनुहोस्, बुद्धि छैन । हुन त म यसै कारणले नै दुक्पाबाट दोर्जे भएँ, केही वर्षमा नै मेरो यति हैसियत भयो । मेरो व्यक्तिगत लाभको दृष्टिकोणले त यो हुनु राम्रै हो,तर पनि म चाहन्छु सबै मजस्तै हैसियतवाला हुन सकून् । केही यहाँका इज्जतदारहरू त यो काममा सरिक छन् । त्यसैले म तपाईंलाई जोड गर्छु कि प्रवेश गर्नुहोस् तपाईं यो काममा आँखा चिम्लिएर ।"

म टोलिएर उनको कुरा सुनिरहेको छु । म उनको कुरामा असहमति जनाउन सक्तिनँ । उनको आग्रहलाई स्वीकार गर्न पनि सक्तिनँ । उनको भनाइ जति स्पष्ट भए पनि मेरो नजरमा उनको काम अवैध छ । यही आफ्नो विचारलाई स्पष्ट गराउने इच्छाले म बिस्तारै भन्छु– "दोर्जेजी ! जो यो काम भन्नुभयो, यो ऐन-नियमको विपरीत काम कसरी गर्ने ? फेरि कानुनी बन्धनबाट उम्कन सधैँ सकिँदैन !"

मैले आफ्नो विचार पूरा गर्न नपाउँदै उनी भन्न थाले– "तपाईं मलाई बताउन सक्नुहुन्छ कि यस्तो काम गर्ने मानिस कहिले र कहाँ कानुनको नजरमा परेको छ ?"

"समाचारपत्रमा कहिलेकाहीँ पढेको छु ।"

"के त्यो समाचारपत्रमा छापेको खबरअनुसार पक्डाउ खाएको मानिस हामीजस्तो हो ?"

"त्यो त भन्न सक्तिनँ"

"तब ? हेर्नुहोस्, ती त साधारण कामदार हुन् जसलाई हामी एक या दुई हप्तामा कानुनबाट मुक्त गराइछोड्छौँ । कहिले त काम गरेको देखाउन हामीसँगै सोधी पक्डाउ गर्छन् । यो त केवल पराईजस्तो साधारण मान्छेको आँखामा छारो हालेको हो । त्यसले कानुनको नजर यसमा पनि छ भनेर

साबित गराउने गर्छ । कोही यसै विषयको आधारमा सजाय पाएर बसेका छन् भने ती सबै परिबन्दमा फसाइ राखिएका हुन् । जो वास्तविक रूपमा यो काम गर्छ, त्यो कहिल्यै फस्न सक्तैन । म यो दावाको साथ भन्न सक्छु, विश्वास गर्नुहोस् ! हाम्रो ग्याङमा तलदेखि माथिसम्म सेटिङ मिलाएका छौँ । हालको स्थितिमा हामी सबै क्षेत्रबाट संरक्षित छौँ । हामीलाई कसैले केही गर्न सक्तैन । तपाईँलाई थाहा छ ? केही महिनाअघि पाँच लाखको अवैध सामान पक्डाउ खाएको व्यक्ति अहिले आरामसँग हिँडिरहेछ । उसलाई कानुनले कुनै छेकथुन गर्न सकेन । भन्नुहोस्, अब यो कामलाई सरकारले नियन्त्रण गर्न सक्छ ? बन्द गराउन सक्छ ?तपाईँलाई म विश्वास दिलाउन चाहन्छु र म स्पष्ट भन्छु कि यो हामीसम्म पुग्नै सक्तैन । तपाईं जो अवैध भन्नुहुन्छ त्यो वैध हो, किनभने कानुनको नजरमा हामी सधैँ सफा छौँ ! राम्रा छौँ ! असल छौँ !"

दोर्जेको विचारको प्रतिकूल म विवाद खडा गर्न चाहन्नँ, किनभने उनले वर्तमान स्थितिलाई पूरा बुझ्ी तर्क प्रस्तुत गरेका छन् । उनको भनाइ कत्तिको ठिक हो भनी म वर्तमानसँग तुलना गर्न थाल्छु । उनको भनाइ शतप्रतिशत मिल्दो छ मेरो समाजको वर्तमान स्थितिसँग ।

मैले दोर्जेसँग बिदा माग्दै भनेँ– "दोर्जेजी ! धेरै समय तपाईँको लिएँ ! परिचय भयो । फेरि आउँदै गरौँला, अब जाऊँ पनि ।"

उनको कुरामा सहमति मैले नजनाएको हुँदा उनले त्यस कुरालाई फेरि दोहोऱ्याउन थाले । उनीसँग मिलेर काम गर्ने उनको आग्रह बारम्बार दोहोऱ्याउन थाले । मैले उनलाई यति नै भनेँ – "दोर्जेजी ! अब परिचय भयो, आउँदै गर्छु । तपाईँसँग मिलेर काम गर्नेबारेमा केही दिन म विचार गरूँ । केही दिनपछि फेरि म आउँछु ।"

त्यसपछि उनले मलाई रोक्न सकेनन्, अन्तमा उनले यही भने – "जरुर आउनुहोला ! सदैव तपाईँलाई स्वागत छ !"

दोर्जेसँग बिदा हुँदै म भित्री कोठाबाट निस्कँे । बाहिर बैठकमा चार-पाँच जना बसिरहेका देखेँ । एकाएक म ती व्यक्तिहरूको अनुहार नियाल्न पुग्छु । मैले कहिल्यै नदेखेका अनुहारहरू पनि मलाई निशाना लगाउँछन् । छिरिङको

खोजीमा मेरा आँखा फेरि बैठकका चारैतर्फ दौडन्छन् । म छिरिङलाई देख्तिनँ ।

बाहिर बगैँचामा अर्का एक व्यक्तिसँग कुरा गरिरहेका छिरिङले मलाई देख्नेबित्तिकै अनौठो अनुहार लगाउँदै मतर्फ बढेर भने– "अहो ! तपाईंले त धेरै टाइम पाउनुभयो । यहाँ दोर्जेसाहेबलाई भेट्न कति मानिस आइसक्नुभयो । कुराकानी कस्तो भयो ? फ्रुटफुल ?"

"अँ, भन्नुपर्‍यो ।"

"तब त आउँदै गर्नुहोला ।"

"हेरूँ !"

"हेरूँ के ? आउनुहोस् जरुर ! हाम्रा साहेब यति लामो समयसम्म कहिल्यै कुरा गर्नुहुन्नथ्यो । बढी गर्नुभयो भने पाँच-दस मिनेट । आजको तपाईंहरूको बसाइ देखेर त म सहजै अनुमान गर्न सक्छु कि तपाईंहरूले एउटा विशेष योजना तयार गरेको हुनुपर्दछ ।"

"होइन, कुनै योजना बनेको छैन ।"

"जे होस्, तपाईं आउनुपर्छ ।"

"हस् ।" – मैले हाँस्तै औपचारिकता पूरा गरेँ ।

म दोर्जेसदनबाट आफ्नो घरतर्फ लागेँ । बाटोभरि मलाई दोर्जेको त्यो अर्ध उज्यालो बन्द कोठाभित्र नै बसिरहेको अनुभव भयो । मेरो मनभित्र उत्तररहित प्रश्नहरू आउन लागे – इमानदारी ? नैतिकता ?? सत्यता ???

# शुक्रबार

विक्रमको प्रतीक्षामा आजको मेरो पूरा शुक्रबार बिहान बितिसक्यो, अझ पनि आएका छैनन् । कहीँ बाहिर निस्कूँ भने पनि आइपुग्लान् भन्ने आशाले निस्कन खोजेर पनि निस्कन सकेको छैन । खाना खाने समय भयो । मैले निश्चय गरेँ– खाना खाउन्जेलसम्म पनि विक्रम आएनन् भने कतै बाहिर निस्कन्छु ।

विक्रम काठमाडौँमा हुर्केका केटा । सानै उमेरदेखि आफ्नो काम गरी आफ्नै खुट्टामा उभिएका ठिटा । उमेरमा मभन्दा सानै भए पनि परिपक्व र पाको विचार भएका विक्रम कुरा गर्दा दिल खोलेर आफूलाई पेस गर्छन् । वास्तवमा भनूँ भने म उनीसँग कुरा गर्न रुचाउँछु । उनीसँग मेरो भेट हुँदा म साह्रै रमाएको हुन्छु । हुन त उनको र मेरो कुनै लेनदेन व्यवहार छैन, केवल मित्रता मात्र हो । साथै उनी मेरो भाइको साथी हुँदा मलाई उनले 'दादा' भनी सम्बोधन गर्छन् । मैले उनलाई भाइको सङ्ज्ञा दिए पनि मित्रका रूपमा स्वीकारेको छु ।

विक्रमको व्यवसाय निर्माणसेवा हो । उनले करिब बाह्र वर्षदेखि निर्माणकार्यको ठेक्का लिने काम गरिआएका छन् । विकासोन्मुख देशमा निर्माणकार्य धेरै नै चल्ने हुँदा विस्तृत क्षेत्रको दृष्टिकोण राखी उनले यो व्यवसाय अपनाएका हुन् । उनले स-सानो कटेरोको निर्माण र मन्दिरहरूको जीर्णोद्धारको कामबाट आफ्नो कार्य सुरु गरेका हुन् । क्रमशः उनले आफ्नो कार्यक्षमताको विकास गर्दै बाटोघाटो, कलभर्ट-पुल र विशाल भवनहरू

पनि बनाइसके । उनको भनाइअनुसार यो देशमा सबैभन्दा राम्रो व्यवसाय निर्माणसेवा हो । साधारणतः उनी इमानदार र नैतिक व्यक्तिमध्येका हुन् । तर यस व्यवसायभित्र आफ्नो इमानदारी र नैतिकता जोगाउन नसकेको कुरा पनि उनले समय-समयमा बताएका छन् ।

विक्रमसँग मेरो बराबर भेट भइरहन्छ । उनको र मेरो भेट भएपछि एक-दुई घण्टा बित्नुमा कुनै आश्चर्य छैन । स्पष्टवक्ता विक्रम कुराकानी गर्दा सम्पूर्ण शरीर फ्याँकेर वातावरणलाई रमाइलो तुल्याउँछन् । त्यसैले उनीसँग कुराकानी गर्न म ज्यादै नै रुचाउँछु ।

म खाना खाइसकेर कपडा लगाउँदै छु । एक्कासि ड्रइङरुममा गुन्जेको हाँसो मेरो कानमा पर्छ । हतारिँदै कपडा लगाई म ड्रइङरुममा पुग्छु ।

"दादा नमस्कार !"– विक्रम सोफाबाट उठ्तै मलाई अभिवादन गर्छन् ।

उनीसँग बसिरहेका एक अपरिचित व्यक्तिलाई सङ्केत गर्दै म विक्रमलाई भन्छु– "उहाँलाई मैले चिन्न सकिनँ !"

'उहाँ हाम्रो साइटका इन्जिनियरसाहेब हुनुहुन्छ, दादालाई परिचय गराऊँ भनेर ल्याएको' भन्दै विक्रम मेरो परिचय दिन्छन् ।

तीर्थरत्नले मेरो नाम मात्र सुनेका रहेछन् । धेरै दिनदेखि मलाई भेट्ने इच्छा व्यक्त गरेअनुसार विक्रमले तीर्थरत्नलाई ल्याएका रहेछन् । हुन त तीर्थरत्न एक इन्जिनिएर, उनको र मेरो विषय अलग-अलग भए तापनि विक्रमको मप्रति श्रद्धा र विश्वासले तीर्थरत्नलाई मसँग भेट्ने उत्कण्ठा जागेको रहेछ, जो मैले पहिलो कुराकानीको थालनीमै थाहा पाएँ ।

विक्रमले तीर्थरत्नका बारेमा धेरै सुनाए । उनी एक भलादमी र इमानदार इन्जिनियर रहेछन् । भारतको रुड्कीमा सिभिल इन्जिनियरिङको डिग्री प्राप्त गरेका तीर्थजीले दस वर्षदेखि श्री ५ को सरकारको सेवा गर्दै आएका रहेछन् । उनलाई एउटै दुःखले सताएको रहेछ । त्यो हो प्रमोसन । उनका साथीहरूमध्ये उनी मात्र असिस्टेन्ट इन्जिनियरको पदमा बस्नुपरेको छ । तीन जना त सुपरिटेन्डिङ इन्जिनियर भइसकेका रहेछन् । डिभिजन इन्जिनियर हुने प्रबल इच्छा राखेका तीर्थजी आफ्नो मान्छे माथि नभएको हुँदा प्रमोसन नभएको कुरा

बताउँछन् ।

तीर्थजीका बारेमा अझ जानकारी लिने आशाले मैले सोधेँ– “तीर्थजी ! तपाईंले यो दस वर्षको अवधिमा कुन-कुन कार्यालयमा काम गर्नुभयो ?”

उनले गम्भीर मुद्रामा जवाफ दिए– “भारतबाट आउनेबित्तिकै म खानेपानीमा खटिएँ । तीन वर्ष त्यहाँ काम गरेर खानेपानीका सम्बन्धमा केही जानकारी हासिल गरिसकेको थिएँ, सिँचाइ मन्त्रालयअन्तर्गत विभिन्न योजनामा काम गर्ने गरी सरुवा गरिदियो । खानेपानीमा काम गरिरहेकोलाई सिँचाइमा खटाएपछि मैले कसरी काम देखाउने ? कमसेकम एक-दुई वर्ष त नयाँ काम बुझ्नै लाग्छ । मैले सिँचाइमा केही काम देखाउन सकिनँ । फेरि दुई वर्ष पनि नपुग्दै विद्युत विभागअन्तर्गत जलविद्युत् आयोजनामा काम गर्ने गरी खटिएँ । यसै गरी सडक विभाग र स्थानीय विकास विभाग हुँदै अहिले भवन विभागमा छु । जहाँ गएँ, म त्यहाँ नयाँ रहेँ । केही जान्न र थाहा पाउन थालेपछि म हुत्तिन्थेँ एउटा सिकारु खेलाडीको खुट्टाबाट फुटबल हुत्तिएजस्तो ।”

उनी भन्दै जान्छन्– “हेर्नुहोस् न, यी माथिल्लो दर्जामा बस्नेहरूले के सोच्ता रहेछन् भने इन्जिनियर पढेर आउनेबित्तिकै सबै कुरा गर्न जानेको छ । कुनै ठाउँमा काम गर्दा त्यहाँको विषयमा सबै कुरा जानकारी भएपछि नै काम गर्न सकिन्छ । यो कुरा बुझ्ने होइनन्, जाने-बुझेर मैले काम नगरेको भनी चार्ज लगाउन मात्र सिपालु छन् । मेरो मान्छे माथि भइदिएको भए म आजसम्म चिफ इन्जिनियर भइसक्थेँ होला । किनभने एकै विभागमा बसेर काम गर्न पाएको भए त्यस कामको सम्बन्धमा मैले विशेष ज्ञान प्राप्त गर्ने थिएँ । अनुभवी र पुरानो हुँदै गएको आधारमा प्रमोसन दिनेलाई पनि सजिलो हुन्थ्यो । जुनसुकै कार्यालयमा म नयाँ र मेरा लागि कार्यालय नयाँ हुँदै गयो ।”

मैले आफ्नो विचार व्यक्त गर्दै उनलाई भनेँ– “यसरी सबै अड्डा घुम्न पाउँदा सबै क्षेत्रको अनुभव हुन्छ, होइन र?”

उपहासका साथ मेरो विचारलाई काट्तै भने– “हो, ज्यादै अनुभव हुन्छ ! त्यही अनुभव गराउन त लोकसेवाले भेटनरी डाक्टरलाई स्वास्थ्यसेवामा खटाएको र हर्टिकल्चर पढेर आउनेलाई डिपार्टमेन्ट अफ कल्चरमा खटाएको ।”

तीर्थजी लामो सास लिँदै गोजीमा चुरोट खोज्छन् । यत्तिकैमा विक्रमले आफ्नो गोजीबाट चुरोट निकालेर तीर्थजीलाई दिन्छन् । चुरोटको धुवाँ कोठाभरि छर्दै उनी भन्दै जान्छन् – "तपाईंले यहाँ कस्तो बुझ्नुभएको छ कुन्नि, मैले बुझेसम्म त यहाँ प्रशासनिक कुनै ठोस नीति नै छैन । निगाहमा बाँच्नुपर्छ । कसले के गर्न सक्छ, के गर्न सक्तैन, कुनै छानबिन छैन । जसले जसलाई जे गरे पनि हुन्छ । सुनवाइ कहीँ छैन । साँच्चै भनूँ भने मलाई यहाँ नोकरी गर्ने मन नै छैन ।"

तीर्थजस्तो एउटा देशको योग्य र जिम्मेवार व्यक्तिले यसरी असन्तुष्टि व्यक्त गरेकोमा मलाई नरमाइलो लाग्नु स्वाभाविक हो । यसअघि उनलाई मैले भेटेको पनि थिइनँ । यो पहिलो भेटघाटमै उनले आफ्नो बह पोखे । हुन त उनको मनको पीर म कुनै प्रकारले पनि हटाउन सक्तिनँ । मात्र सुनेर उनीप्रति सहानुभूति जनाउनेबाहेक मसँग कुनै उपाय छैन । यो कुरा उनले थाहा पाएर पनि उनी भन्दै जान्छन्– "मेरा पिताजीले मलाई भन्नुभएको थियो – 'यो नेपालमा बाँच्नलाई बाङ्गो रुखलाई सोझो भन्नुपर्छ र कालोलाई सेतो भन्नुपर्छ, तर तँ त्यसो नभनेस् ।' उहाँले यो पनि भन्नुभएको थियो– 'अनुचित फाइदा उठाउने काम नगर्नू, त्यसबाट राष्ट्रलाई ठुलो घात पर्छ ।' यही उहाँको आज्ञालाई पालना गरी मैले आजसम्म कुनै अनुचित फाइदा उठाउने काम गरिनँ, जसको फलस्वरूप मेरो ग्रुपमा म सबै पक्षमा गिरेको छु ।"

बिचैमा विक्रमले भने – "अहो ! उहाँ इन्जिनियरसाहेबको त के कुरा गर्नु ! मैले पनि ठेक्कापट्टाको काम गरेको दसौँ वर्ष हुन लाग्यो । सयौँ इन्जिनियर र ओभरसियरको सङ्गत गरेँ, तर उहाँजस्तो भने पाइनँ । दादालाई थाहा छ मैले धनकुटाको अस्पतालभवनको ठेक्का लिएको ? जम्मा छ लाखको ठेक्कामा दुई लाख पचास हजार त इन्जिनियरले मात्र लिए । म ठेकेदार, मलाई नै त्यो घर बनाएको चित्त बुझेको छैन । के गर्नु, आफूले भनेजस्तो नहुने ! उनले सिकाएजस्तो नगरे भवन पास पनि नहुने । उहाँ इन्जिनियरसाहेबलाई पनि यो सुनाइसकेँ । उहाँले मलाई भन्नुभयो, मबाट यो हुँदैन । ठिक छ ! उहाँले जे भन्नुहुन्छ हामीले गर्नु नै पर्छ ।"

विक्रमको कुराको सिलसिलामा तीर्थजी मलाई सम्बोधन गर्दै भन्छन् –

“म भवनअन्तर्गत आजकल विक्रमजीले बनाउन लागेको भवनमा खटिएको छु । त्यस भवनको जगमा कङ्क्रिटिङ नगरी चार फिटको जगमा तीन फिट मात्र जग हालूँ, करिब चालिस हजार बचत हुन्छ, बिस हजार तपाइँ लिनुहोस् भनी उहाँले भन्दा मैले मानिनँ । कारण मैले यस्तो काम गर्ने विचार आफ्नो दिमागमा राखेकै छैन र आजसम्म गरिनँ पनि । यही मेरो कमजोरी भएको कारणले त कुनै योजनाको भाग मैले माथि पुऱ्याउन सकिनँ । मबाट उनीहरूले केही प्राप्त गर्न सकेनन् । त्यसैले म अयोग्य भएँ ! केही नजान्ने भएँ !”

मैले उनलाई सम्झाउँदै भनें – “तीर्थजी ! यो त आ-आफ्नो प्रकृति र सिद्धान्तको कुरो हो । आज जसले अनुचित तरिकाले धन-सङ्कलन गरेका छन्, यस क्षणका लागि उनले आफूलाई खुबै बुद्धिमान् र बाठा सम्झेका होलान् । तर त्यो दिन पनि आउँछ, जुन दिन उनले शिर निहुराएर मर्नुपर्छ । तपाइँले आफ्ना पिताजीको आज्ञानुसार जो सिद्धान्त प्रतिपादन गर्नुभएको छ, त्यसमा तपाइँलाई आत्मगौरव हुनुपर्छ । सत्यनिष्ठा सधैँका लागि हुन्छ भने झूटो क्षणका लागि मात्र हुन्छ । त्यसैले जो तपाइँले सत्यतालाई अँगाल्नुभएको छ, त्यो नै तपाइँको विजय हो, हार होइन । ठिक छ, तपाइँलाई केही दिन दुःख दिए, प्रमोसन भएन, एउटा स्थिर र स्थायी कार्य भएन । तथापि अधैर्य नहुनुहोस् ! त्यो दिन पक्कै आउँछ ! त्यस्ता अत्याचारलाई प्रत्येक व्यक्तिले थुकेर समाज-बहिष्कार गर्छन् । तिनका अनुहार र छातीमा खाली खुट्टाले कवाज खेल्छन् र तिनका प्रत्येक रगतका थोपासँग यहाँको माटोले बदला लिन्छ । त्यति खेर तपाइँजस्ता इमानदारको कदर हुन्छ ।”

मेरो विचारलाई पुष्टि गर्दै विक्रमले भने – “हो, ठिक हो । हरेक कुराको सीमा हुन्छ । सीमा नाघेपछि कसैले सहन सक्तैन । यति भ्रष्टाचार भइरहेछ कि यो देशमा, बताएर साध्य छैन । काम गर्नेले अलिअलि खानु वा खान खोज्नु भन्ने कुरा साधारण हो । यहाँ त मूलबाटै उखेली जरैसमेत खान थाले । कसैलाई डर भएन । हुनु पनि कसरी ? सबै खान व्यस्त छन्, शुद्ध कोही छैनन् ।”

ठेकेदारीको अवधिमा विक्रमले विभिन्न मनोभावना भएका मानिसहरू भेटेको हुनुपर्छ । उनलाई यहाँको वर्तमान स्थितिको पूर्ण ज्ञान छ । हुन पनि

किन नहुनु ? कामदार र श्रमिकहरूबिचमा रही चौबिसै घण्टा काम गर्नुपर्छ, ठेक्काको काम पूरा गर्न कर्मचारीको चाकरी गर्नुपर्छ । फेरि यो भ्रष्टाचारको मूल पनि त ठेकेदारी त हो ! सानो ठेक्कामा हजारको भयो भने ठुलो ठेक्कामा करोडको हुन्छ । त्यसैले विक्रमलाई यससम्बन्धमा पूरा ज्ञान छ ।

म विक्रमलाई सम्बोधन गर्दै भन्छु– “भाइ ! कुन त्यस्तो ठेक्कामा तिमीले बढी फाइदा उठायौ ?”

“कुन भन्नु खोइ, सानो-ठुलो गरी बिसओटाजति योजनाको काम गरेँ । धेरैमा त फाइदा भएन नै भने पनि हुन्छ । तीन-चार ओटा योजनामा त सोचेको भन्दा पनि बढी फाइदा भयो । त्यसैले सन्तुलनसम्म मिलेकै छ भन्नुपर्‍यो । जहाँसम्म बढी फाइदा उठ्ने कुरा छ, त्यहाँ नैतिकता र इमानदारीलाई छोड्नुपर्छ, फाइदैफाइदा छ ! यही योजना भन्ने कुरा छैन । आजसम्म मैले गरेको योजनामा उहाँ तीर्थ इन्जिनियरसाहेबबाहेक कोही इमानदार देखिनँ । उहाँलाई ‘इन्जिनियर अपवाद’ भने पनि हुन्छ । अरू जति पनि इन्जिनियर र ओभरसियर भेटैँ, खाने दाउबाहेक काम पक्कै छैन । हामीलाई कमभन्दा कम खान दिएर आफू बढीभन्दा बढी खान्छन् । यसैले कामको जिम्मेवारीका दृष्टिले विचार गर्ने हो भने यसै योजनामा बढी फाइदा भयो भन्न सकिन्न । नगदको दृष्टिले भन्ने हो भने सबै योजनामा फाइदै छ ।”

विक्रमको कुरा बिचैमा काट्तै तीर्थजी भन्छन्– “किन नकमाउनु ? जताततै कमाइ नै कमाइ ! ठेकेदारले होस्, इन्जिनियर एवं ओभरसियरले होस् या योजनासँग सम्बन्धित अरू अधिकारी र लेखापालले होस्, सबै त कमाइकै फेरमा छन् । योजनाको लक्ष्य एकतर्फ हुन्छ भने त्यसलाई पूरा गर्ने जिम्मेवारी लिएकाको स्वार्थ अर्कोतर्फ हुन्छ । परिणाम, योजना तहसनहस हुन्छ । हेर्नुहोस्, म दावाका साथ भन्छु, अहिले दस-पन्ध्र वर्षयता अधिराज्यभरि जति पनि भवन बनेका छन्, ती भवनहरूको कुनै ‘ग्यारेन्टी’ छैन । कुनै पनि समयमा चर्कनु, भत्कनुका साथै तुरुन्त पाताल हुन पनि सक्छन् । तपाईंले हालसालै खबरपत्रिकामा छापिएको समाचार पढ्नुभएको होला अथवा सुन्नुभएको होला, काठमाडौंको एउटा भवनमा बसेको मन्त्रालय र त्यसअन्तर्गतका कार्यालयहरू रातारात त्यो भवन छोडी अर्को भवनमा सरेछन् । त्यो भवनमा कुनै पनि

समयमा भत्कने लक्षणहरू देखापरेका छन् । भन्नुहोस्, कसले गरेको काममा को जिम्मेवार छ ?"

विक्रमले जानकारी पाएका रहेछन् त्यससम्बन्धमा । उनले तीर्थजीको भनाइमा सहमति जनाउँदै भने – "हो ! त्यो भवनका बारेमा मलाई पनि थाहा छ । करिब दस वर्षअघि मात्र सरकारी अमानतमा निर्माण गरिएको भवन हो । त्यस समयको खर्च र निर्माण भइरहेको भवन हेर्दा सयौँ वर्ष केही हुनु नपर्ने हो । अब यसबाट सहजै अनुमान गर्न सकिन्छ कि भवनमा निर्धारित लागतको पैँतिस प्रतिशत पनि लागेको छैन । बाहिरी रूप मात्र सिँगारेर चटक्क पारेको रहेछ । मैले पूरा अनुमान गरिसकेँ, भवनको कुन-कुन भागको काम नगरेर व्यक्तिगत स्वार्थको पूर्ति गरे ।"

ठेकेदार विक्रमलाई थाहा नहुने कुरै छैन । उनले सही ठेकेदारी गरेर कुनै हालतमा पनि पैसा कमाउन सक्तैनन् । उनले बारम्बर मलाई भन्थे – "के गर्नु दादा ! यो काम छोडेर अर्को काम गर्नुपर्‍यो ! यो चोरी-लुच्याइँ काम कति दिन गर्ने ? टेन्डर लड्न गयो, सबैभन्दा घटी नभई टेन्डर पास हुँदैन । काम नभएको झोकमा घटी नै दर कायम गरेर पनि काम लिनैपर्‍यो । नक्सा इस्टिमेटअनुसार काम गरौँ भने आफ्नो घरको पैसा लाग्छ । अनि के गर्नु, मनले नमानेर पनि देशलाई धोका दिनुपर्छ ।"

समय-समयमा विक्रमले गरेका अरू कुराहरू पनि मलाई सम्झना आउँछन् । एउटा ठेक्कामा उनले इन्जिनियरलाई मिलाउन नसकेकाले पचास प्रतिशत आफ्नो घरघरानाबाट नोक्सान परेको कुरा पनि मलाई बताएका छन् । विक्रमलाई यो ठेकेदारी लाइनको पूरा अनुभव छ – एउटा योजनाबाट सम्बन्धित अधिकारीले कति पाउँछन्, लेखापालले कति पाउँछन्, ठेकेदारले कति बचाउँछन् ।

केही क्षणको मौनतापछि मैले तीर्थजीलाई सोधेँ– "तीर्थजी ! तपाईंले धेरै कार्यालयमा काम गर्नुभएको रहेछ । तपाईंको अनुभवमा कुन कार्यालय तपाईंको अनुकूल हुन सक्यो ?"

मेरो प्रश्नले उनलाई अप्ठ्यारो पारेजस्तो लाग्यो । उनी निहुरिएर सोच्न

लागे । फेरि मैले भनें – "तीर्थजी ! मेरो प्रश्न केवल ... !"

मेरो कुरा टुङ्गिन नपाउँदै उनले भने– "होइन ! यहाँलाई म भन्दै थिएँ । हेर्नुहोस्, साँच्चै भनूँ भने मेरो अनुकूल कुनै कार्यालय र योजना मैले पाइनँ । मैले अनुचित काम गरे सबै मसँग मिल्न सक्ने र सबैका लागि म राम्रो पनि । म तपाईंलाई स्पष्ट भन्छु, यो देशमा मेरो अनुकूलको कार्यालय पाइनँ र त्यस्तो कार्यालय छैन नै भने पनि हुन्छ । यसैले त कहिलेकाहीँ मलाई लाग्छ विदेशमा गई काम गरौँ ।"

उनी भन्दै जान्छन्– "हाम्रो देशमा जस्तो लुट त संसारको कुनै पनि मुलुकमा छैन । जति लुटे पनि छुट छ ।"

मैले उनलाई सम्झाउँदै भनें – "यो चरम सीमामा पुगिसक्यो । यसलाई कसैले सहन गर्न सकिरहेको छैन । यसका लागि विशेष व्यवस्थाको खोजीमा सबै लागिरहेका छन् । यसको अन्त्य हुने समय आइसकेको छ । तपाईंले जस्तै व्यक्ति-व्यक्तिले असन्तोष व्यक्त गर्न थालिसकेका छन् । यसको आयु लामो छैन ।"

मेरो कुराको प्रतिक्रिया जनाउँदै विक्रम भन्छन्– "दादा ! जो तपाईं भन्नुहुन्छ, त्यो हुन सक्तैन यो देशमा । यहाँका जनता हेर्नुहोस्, यहाँका हुनेखाने मानिसको मनोवृत्ति हेर्नुहोस् र जिम्मेवार अधिकारीको चित्तवृत्ति बुझ्नुहोस् । कुनै हालतले पनि यहाँ यसको अन्त्य हुँदैन । अझ यहाँ त होडबाजी चल्छ कसले बढी कमाउने भनेर । तपाईं कुन वर्गलाई बढी नियन्त्रण गर्न सक्नुहुन्छ र कुन पक्षमा बढी निगरानी राख्न सक्नुहुन्छ ? असम्भव ! तपाईंलाई हाम्रो समाजका जान्ने-सुन्ने व्यक्तिहरूको अन्तस्करणको अभिप्राय के छ, थाहा छ ? मेरो छोरो पढे-लेखेर डाक्टर बनोस् या इन्जिनियर बनोस् । यदि प्राविधिक बन्न सकेको छैन भने प्रशासक बनेर धेरै पैसा कमाउने अड्डामा जाओस् भन्ने हुन्छ । यसैअनुसार जो गएका छन् यो देशमा हुने-खानेका रूपमा गनिन पनि पुगेका छन् । अब तिनका छोराछोरीलाई पनि त्यही बाटो डोऱ्याउँदै छन् । यो क्रमबद्ध चल्दै जान्छ । हेर्नुहोस् दादा ! कुनै पनि समाजमा धन हुनेको बढी बोलवाला चलेको हुन्छ । आजको समय धनको समय हो । तपाईंसँग धन छ

भने सर्वशक्ति तपाईंसँग झुक्छ । म तपाईंको कुराप्रति विश्वस्त छैन ।"

मेरो साधारण विश्लेषणले जे देखें, त्यो भनें । विक्रमको तर्कपूर्ण कुरासँग म असहमत छैन, तथापि मलाई मेरो स्थितिको विश्लेषणप्रति पनि पूर्ण विश्वास छ । आज मेरो घरमा तीर्थजी आएर जो अवस्था मेरासामु राखे, निश्चय पनि यो सहन योग्य होइन । वर्तमान अवस्था वास्तविकतामा निन्दनीय स्थितिमा पुगेको छ । सम्पूर्ण समाजले यो अवस्थालाई सहन सकिरहेको छैन ।

तीर्थजी आफ्नो राय व्यक्त गर्दै भन्दछन् – "धेरै समयसम्म यही स्थिति रहिरहला भन्नेमा त म पनि विश्वास गर्दिनँ । यो वर्षाको भेल हो ! वर्षासम्म मात्र पानी धमिलो रहला । जब हिउँद आउँछ, आफैं निर्मल, कञ्चन हुन्छ !"

मैले तीर्थको रायलाई पुष्टि गर्दै भनें– "ठिक भन्नुभयो तीर्थजीले । जब चारैतर्फ पानीको अभाव र हाहाकार हुन्छ, सबै मूलहरू बन्द हुन्छन्, खोल्सा र खहरेहरू सुकेर जान्छन्, तब मात्र पानी निर्मल र शुद्ध हुन्छ ।"

यसैबिच तीर्थजी र विक्रमका लागि चिया आइपुग्छ । चियाका साथमा तीर्थजी चुरोट सल्काउँछन् । केही क्षणका लागि मेरो ड्रइङरुम मौन छ । केवल चियाको चुस्कीको मधुर ध्वनि मात्र गुन्जिरहन्छ । तीर्थजी चिया पिउँदा पनि केही सोचिरहेका छन् । म उनको अनुहार हेरेर सहजै अनुमान गर्न सक्छु कि उनी मसँग धेरै-धेरै आफ्ना व्यथा पोख्न चाहन्छन् ।

चियाको कप टेबलमा राख्तै विक्रम भन्दछन्– "यही विषयमा एउटा बडो रमाइलो घटना सुनाउँछु । कसरी चाँजोपाँजो मिल्ने रहेछ, सुन्नुहोस् ! करिब चार वर्षअगाडिको कुरा हो । कर्णाली अञ्चलको एउटा जिल्लामा एउटा झोलुङ्गे पुल बनाउनुपर्ने रहेछ । काठमाडौंबाट त्यस पुलको निर्माणको ठेक्का बन्दोबस्त भयो । करिब दस लाखमा मेरै साथी नजरमानले ठेक्का सकारे । त्यस योजनाका लागि एक जना ओभरसियर पनि खटिए । दुर्गम क्षेत्र भएको हुँदा ठेकेदारले केही पेस्की पनि पाए । बाँकी रकम ओभरसियर र दुई जना जनप्रतिनिधिको जिम्मा लगाई विभागले योजना सुरु गऱ्यो । ठेकेदार काठमाडौंबाट बाहिर जानुपरेन । ओभरसियर बिदा मनाउन आफ्नो तराईको घरतर्फ तीन महिना बसेर आए । जनप्रतिनिधि प्लेन चढी दुई-तीन पटक

जिल्ला ओहोरदोहोर गरे । पुल बनेर मानिसलाई सुविधा भएको कुरा पनि रेडियोले जिल्ला समाचारमा प्रसारित गऱ्यो । फेरि पुल खोलाले बगाएको कुरा राजधानीबाट प्रकाशित हुने समाचारपत्रले छाप्यो । नजरमानसमेत चार जनाले बराबर हिस्सा बाँडे । पुल बनेको छैन भनेर कसैले प्रमाणित गर्न सक्ने कुरै भएन । पुल ठेक्का भएदेखि पुल बनेर खोलाले बगाएसम्मको प्रमाण दुरुस्त बनाएपछि कसले के गर्न सक्ने ? यसरी प्रमाण पुऱ्याएर कार्य गरेपछि कसरी भ्रष्टाचार गरेको ठहर्छ ?"

विक्रमको भनाइले तीर्थजीलाई नमिठो हाँसो फुटायो । विक्रमसँग यसविषयमा अझ जानकारी लिन तीर्थजीले सोधे–"होइन, ठेकेदार र ओभरसियर योजनास्थलमै नपुगीकन पैसा पचाए ?"

"हो, किन पुग्नुपऱ्यो योजनास्थलमा घरमा बसी-बसी सबै प्रमाण बनेपछि ? जनप्रतिनिधिले साबिकको काठको साँघु खोलामा फालेर, साँघु खोलाले बगाएको सरजमिन मुचुल्का तयार गरे । झुट त कहाँ गरे र ? सानो काठको पनि साँघु नै हो, ठुलो फलामको पनि साँघु नै हो ! साँघु खोलाले बगाएको पनि पक्कै हो !" मैले जान्न खोजेँ – "त्यसो भए रेडियो-प्रसारण र समाचारको छपाइ आधिकारिक समाचार होइन रहेछ ?"

"हो !"

"कसरी प्रसारण भयो त ?"

"जसरी पहिलेदेखि भइआएको छ ।"

तीर्थजीले मलाई सम्झाउँदै भने – "हो ! यस्तो प्रमाण त मैले पहिले पनि पाएको हुँ ।" छोडिदिऊँ यो कुरालाई । म तपाईंहरूलाई अर्को रमाइलो कुरा सुनाउँछु ।

एक विभागले कुनै ठेकेदारलाई एउटा निश्चित ठेक्का पूरा गर्न सम्झौता गऱ्यो । काम सुरु पनि भयो । ठेकेदार विदेशी थिए । उनले सोचे, मौकाको फाइदा किन नउठाउने ? यिनीहरूसँग पैसा छ, बुद्धि छैन । यसैबिच मन्त्रालयमा आवेदन गरेर सचिवजीसँग साँठगाँठ मिलाएछन् । दिनेले आफ्नो घरको सम्पत्ति दिनुपर्ने होइन । एक करोड रुपियाँ अर्कै विदेशी कम्पनीसँग

ऋण झिकी ठेकेदारलाई मेसिन-औजार किनिदिएछन् । सम्झौता-सर्तअनुसार ठेकेदारले उक्त मेसिन-औजार चलाएबापत तोकिएबमोजिम बहाल बुझाउनुपर्ने रहेछ । नयाँ मेसिन-औजार चलाई ठेकेदारले काम पूरा गरे । 'तिम्रो जुत्ता तिम्रै थाप्लोमा' भनेजस्तो बहाल न सहाल, थोत्रो फलामे माल छोडी ठेकेदार चम्पट भएछन् ।"

तीर्थजी भन्दै जान्छन्– "कति गरूँ यस्तो कुरो, जति गरे पनि सकिँदैन । जता हेर्‍यो यस्तै छ । म खानेपानीमा छँदा त्यस्तै भयो । पानीको पाइप राख्नुपर्ने हेभी, राख्छन् लाइट । मतलब कम मूल्यको । 'किन यसो गरेको' भन्दा 'यो माटोमुनि रहने त हो नि, जस्तो राखे पनि केही वर्षमा फेर्नु नै पर्छ' भन्ने जवाफ पाएपछि के गर्ने ? मैले यही देखेँ । कसैमा पनि नैतिकता छैन । यो केवल फटाहा, लुच्चाले मात्र बस्ने ठाउँ रहेछ । म त अब विदेशतिरै गएर काम गर्छु ।"

विक्रम बिचैमा बोल्छन्– "हाम्रा इन्जिनियरसाहेब सधैँ यही भन्नुहुन्छ । आखिर जहाँ गए पनि काम नगरी खान पाइने होइन । तपाईंजस्ता इन्जिनियर यो देशमा थोरै छन् । तपाईंको यहाँ जति इज्जत हुन्छ, अन्यत्र हुँदैन । तपाईं यहाँको हावामा मिल्नुभएको छैन । मिलेपछि छोड्न पनि सक्नुहुन्न ।"

"हेर्नुहोस् विक्रमजी ! मैले आफ्नो नैतिकता बेच्ने हो भने पहिले नै बेचिसक्थेँ । आजसम्म आफूलाई बचाएर राखेको छु । म एक्लो परेकोले नै विदेशिन खोजेको हुँ । सुन्न र देख्न नपरेपछि सन्चै हुन्छ ।"

मैले तीर्थजीलाई सान्त्वना दिँदै भनेँ – "तपाईं जो सोच्दै हुनुहुन्छ, त्यो तपाईंको कमजोरी हो । तपाईंले बस्नुपर्छ यो देशमा, त्यो तपाईंको जीत हो ! समयको प्रतीक्षा गर्नुहोस्, त्यो मौका जरुर आउँछ !"

उनी बिस्तारै भन्छन् – "यहाँले ठिक भन्नुभएको हो ! तर के गर्नु, दस वर्षदेखि बिनाधागोको चङ्गा भएर घुमिरहेको छु ।"

यसैबिच विक्रम सोफाबाट जुरुक्क उठी घडीतर्फ हेर्छन् र हतारिँदै भन्छन् – "अहो ! आज दोस्रो तलाको ढलानका लागि सिमेन्ट र छड ल्याउनुपरेको थियो ।"

मैले उनलाई भनेँ – "आज दिनभर फुर्सद लिएर आएको होइन र ? भर्खर एक बज्यो, केको हतार ?"

"एक घण्टाजति नै बसिएला भनेर आएको, तीन घण्टा भइसकेछ। मैले रुपियाँ छोडेको छैन । अरु इन्जिनियर भएको भए मसँग भएको तीन सय बोरा सिमेन्टले नै काम चलाउँथे । के गर्नु, तीर्थ इन्जिनियर साहेब मान्नु हुन्न । फेरि मलाई लप्पन-छप्पन गर्न मन पनि लाग्दैन ।"

उनको कुरालाई जोड दिंदै मैले भनें- "हो नि थोरै सिमेन्ट प्रयोग गरेर ढलान गर्दा फर्मा झिक्दा ढलान ओइरियो भने अर्को आपत !

उनले हाँस्दै भने– "ए, त्यस्तो त हुँदैन । पचहत्तर प्रतिशतसम्म सिमेन्ट कटाउँदा पनि ढलान त बस्छ, तर जति टिकाउ हुनुपर्ने हो त्योचाहिँ हुँदैन । तपाईँलाई साधारण नमुना दिऊँ । कोठा या घरको प्लास्टर गर्दा एक- चारको हिसाबले सिमेन्ट लाउनुपर्छ । तपाईं एक-आठले लगाउनुहोस्, त्यति फरक पर्दैन । यसरी पचास प्रतिशत सिमेन्ट बच्न आउँछ । यो हिसाब ठेकेदारीको हो । आफ्नो घरमा भने प्रयोग गर्नुहुँदैन ।"

विक्रम हतारिन थालिसके । म भने तीर्थजीसँग अझै केही कुरा गर्ने पक्षमा छु र तीर्थजी पनि मसँग कुरा गर्न उत्सुक देखिन्छन् । विक्रमलाई रोक्तै मैले चियाको बार हालेँ ।

"ठिक छ, बरु चाँडो गरूँ ।" – विक्रम फेरि सोफामा बस्दै भन्छन् – "तपाईंहरूको आज कुरा टुङ्गिएन भने अर्को दिन भेटघाट गर्ने निश्चित गरौँला, हुन्न ?"

मैले तीर्थजीलाई सम्बोधन गर्दै भनेँ – "सबैभन्दा बढी खर्च गर्ने कार्यालयहरू कुन-कुन होलान्, यहाँलाई थाहा छ कि ?"

उनले तुरुन्त जवाफ दिए–"सडक विभाग त हो नि ! यो वर्ष मात्र करिब पौने एक अरब रुपियाँ खर्च गर्ने निधो थियो ।"

"कस्तो प्रगति भएको छ ?"

"कस्तो प्रगति भन्नु, ढाँटका निम्ति खाइपत्याएका छन् ।"

“मतलब बुझिनँ मैले ।”

“कुरा सीधा छ । ठोस काम भएको कुनै देखिँदैन । योजनाको रकम पचास प्रतिशत पनि योजनामा सदुपयोग हुँदैन, के भन्नु ?”

उनी फेरि भन्दै जान्छन् – “यसै विभागअन्तर्गत चलेको एउटा ठेक्काको सम्बन्धमा तपाईँलाई बताउँछु । महेन्द्र राजमार्गको एउटा सानो खण्डलाई भएको बाटो बढाई पिच गर्न एउटा विदेशी कम्पनीलाई नौ करोडको ठेक्का दिइयो । काम लिएको एक वर्षमा काम समाप्त गरी भुक्तानी लिएर ठेकेदार हिँड्नेबित्तिकै बनाएको सबैजसो बाटो फुट्न-भत्कन थाल्यो । यस्तै छ ! जहाँको बयान गरे पनि सकिँदैन । सम्झँदै गयो झन् आफूलाई डाहा हुन्छ । देखेपछि भन्न मन लाग्छ । भने वैरी भइन्छ । यसैले त यहाँ मलाई बस्न मन लागिरहेको छैन ।”

तीर्थजी सुस्केरा हाल्दै गोजीबाट चुरोट निकाल्छन् र सल्काउँछन् । चुरोटको धुवाँमा आफ्नो आँखालाई अलमल्याएर बस्छन् । सायद हतारिएर होला । विक्रम चिया चाँडो भन्न ड्र‌इङरुमबाट बाहिर निस्के ।

एक छिनमै विक्रम सँगसँगै तीन कप चिया हाम्रो टेबलमा आइपुग्छ । म र विक्रम दुवैले चियाको कप समातिसक्यौँ । तीर्थजीको हातमा चुरोटको ठुटो सल्कि नै रहेको छ । तीर्थजीलाई बिउँझाउँदै मैले भनेँ– “तीर्थजी ! चिया लिऊँ । आज विक्रमलाई अबेर भएको छ । दुई-चार दिनपछि धेरै समय बस्ने गरी आउनुहोस्, फेरि बसौँला ।”

यो देशमा आफूलाई मिलाउन नसकेका तीर्थरत्नजी विदेशिने तरखरमा छन् । उनको प्रत्येक भनाइमा निराशा र असन्तोष व्याप्त छ । हुन पनि तीर्थजीजस्ता इमानदार व्यक्तिको खाँचो यो देशले बुझेको छैन अहिले । साथै, तीर्थजीले यो देशमा आफ्नो मूल्य सम्झेका छैनन् । फेरि मैले भनेँ – “तीर्थजी ! दुई-चार दिनपछि जरुर आउनुहोला ।”

दुवै नमस्कार गर्दै मसँग बिदा हुन्छन् । तीर्थजीले पिएर उडाएको ड्र‌इङरुमभरि छरिएको धुवाँमा म एक्लै केही क्षणका लागि हराउँछु ।

# शनिबार

म आज पशुपतिनाथजीको दर्शनका लागि बिहानै घरबाट निस्कने तरखरमा छु। म पशुपतिमन्दिरमा नगएको महिनौँ भइसक्यो। दुई वर्षअघिसम्म मैले प्रत्येक हप्ता कम्तीमा एक पटक जाने गरेको थिएँ। त्यो क्रम अविच्छिन्न रूपमा दस वर्षसम्म चल्यो । पशुपति नगएको हप्ता म आफैँलाई फिका लाग्दथ्यो । पशुपति गएपछि एक-दुई घण्टा मन्दिरको वरपर बिताउने नियम नै बनिसकेको थियो। तर दुई वर्षयता म पशुपति मन्दिर गएकै छैन भने पनि हुन्छ । यो अवधिमा म मुस्किलले पाँच पटक मात्र पुगेको हुँला । हिजोआज किन हो किन मलाई त्यस मन्दिरमा जाने फुर्सद छैन र जाने रहर पनि मेटिएको छ । साँच्चै भनूँ भने पशुपतिनाथजीको मलाई सम्झना नै आउन छोडिसकेको छ ।

बिहानको आफ्नो नित्य काम समाप्त गरी म पशुपतिनाथजीको मन्दिरमा जान तयार छु । बाहिर निस्कने बखतमा दैनिक आवश्यकताका सामानहरू किनमेल गर्न आफ्नी श्रीमतीबाट प्रायशः एउटा सानो टिपोट र झोला पाउने गरेको हुन्छु । त्यही प्रतीक्षामा म ढोकानजिकै उभिएर बसेँ । मेरी श्रीमतीले आएर भनिन्– “आज आमालाई भेटेर मात्र बाहिर जानुहोस् ।”

श्रीमतीको हातमा झोला नभएको देख्ता म मनमनै खुसी हुन्छु आज किनमेल रहेनछ भनेर। मलाई किनमेल गर्न ज्यादै झन्झट लाग्छ। किनमेलको टिपोट नलिई घरबाट निस्कन पाउँदा मलाई विशेष आनन्दको अनुभव हुन्छ। श्रीमतीलाई म सम्झाउन खोज्दिनँ उनले झोला र टिपोट कागज बिर्सेकोमा।

म चुपचाप केही नबोली आमाको कोठातर्फ लाग्छु ।

आमा मलाई देख्नेबित्तिकै भन्नुहुन्छ– "होइन, त्यो बाबुबाजेको छालामा अर्काले रजाइँ गरोस् ? तिमीहरूलाई एक मिनेटसम्म पनि फुर्सद छैन ? साथी ठुलो वकिल बनिसक्यो भनेको सुनेकी थिएँ । उनैसँग गएर पनि सल्लाह गरे हुने थियो । के गरेर खान्छौ खोइ ?"

आमाले यस विषयमा मलाई धेरैपटक भन्नुभइसक्यो । मलाई फुर्सद थिएन र जान पनि सकेको थिइनँ । मलाई त्यो घडेरीको माया नलागेको पनि होइन । भक्तपुर नगरक्षेत्रभित्रको त्यो घडेरी अहिले बिसौँ हजार रुपियाँले पनि प्राप्त हुन सक्तैन । रुपियाँको मात्र कुरा होइन, आफ्नो बाबुबाजेको सम्पत्ति मैले संरक्षण नगरिदिए आफ्ना सन्ततिले कसरी पाउँछन् ? मलाई सबै कुरा थाहा भएर पनि त्यो घडेरीको रक्षा गर्नेतर्फ भने मैले आफ्नो पाइलो चालेको छैन ।

लटँकुमार भनिने रत्नकुमारले आफ्नो 'घर पाताल' भनी त्यसै घडेरीमा घर बनाउन नक्सापास गराइसकेको छ । म एक दिन आफैँ गई घर बनाउनसम्म रोक लगाएर आएँ । मसँग त्यो घडेरीको कुनै प्रमाण-कागज छैन । लटँकुमारसँग भने घर बनाउने नक्सापास गरेको प्रमाण-कागज छ । छरछिमेकी र साँधियारहरूले मेरो जग्गा होइन भनेर भन्नसकेका छैनन् । यसैका आधारमा मात्र मेरो जग्गा मेरो हातबाट फुत्कँदैन भन्नेमा म विश्वस्त छु ।

म आमालाई सम्झाउँदै भन्छु – "अस्ति गएर घर बनाउन रोकिहालेँ । आज-भोलि फुर्सदै छ । अब वकिलकहाँ गएर कानुनी सल्लाह गरी त्यहीअनुसार आफ्नो जग्गा मिलाइहाल्छु नि ! किन धेरै चिन्ता गर्नुहुन्छ !"

"देखादेख आफ्नो पुर्खाको सम्पत्ति अर्कोले खान लागिसक्यो ! अनि पीर नगरेर के गर्नु?"

आमाको आशय हो यसमा मैले दत्तचित्त दिएर चाँडो काम गर्नु । त्यसैले मैले आमालाई विश्वास दिलाएँ कि म आजै वकिलकहाँ गएर कानुनी सल्लाह गर्छु ।

सबेरै भएको हुँदा बाटोमा त्यति धेरै मानिसहरू देखिँदैनन् । सोचेँ, पशुपतिनाथको मन्दिरमा आज होलैसँग दर्शन गर्न पाइएला । आज धेरै दिनपछि

म मन्दिर जाँदै छु । पशुपतिनाथप्रति अगाध श्रद्धा र विश्वास छ मेरो हृदयमा र म उनका अनन्य भक्तहरूमध्येको एक हुँ । तर पनि यी दिनहरूमा मैले उनलाई सेवा पुऱ्याउन सकेको छैन । मेरो मन मरेर गएको छ, हृदयमा श्रद्धा भएर पनि । किनभने एकदिन उनका पुजारीले मसँग अप्रिय व्यवहार गरेका थिए । त्यसैले त्यस दिनदेखि उनको र मेरो सम्बन्धमा ह्रास आउन थालेको थियो । म आज भित्री हृदयदेखि प्रसन्न छु महिनौँपछि मेरो मनमा पशुपतिनाथजीको दर्शन गर्ने इच्छा जागरण भएकोमा ।

बत्तीसपुतलीको लामो बाटोको पछिल्लो किनारसम्म मेरो आँखाको पहुँच पुग्दछ । एकतर्फ लामा-लामा आकासिँदै गएका रुखहरू देख्छु र अर्कोतर्फ झापा र मोरङका झोडा फाँडिएजस्ता नाङ्गा र छोटा ठुटाहरू मात्र देख्छु । मलाई पूरा सम्झना छ, करिब तेह्र वर्ष अगाडि मात्र बाटोका दुवै किनारमा एकै पटक वृक्षरोपण भएको थियो । दुवैतर्फ रुखहरू यसैगरी बढेका भए यो बाटो कति सुन्दर हुन्थ्यो होला भन्ने विचार गर्दागर्दै मेरा आँखा विद्युत् प्रसारण लाइनमा पर्छन् । मैले यकिन गरेँ, बिजुलीको तार माथिबाट हिँडेको हुँदा तलका बोट-बिरुवा काटेको हुन सक्छ । मेरो मस्तिष्कमा एउटा कुराको यकिनका लागि अनेक प्रश्न आउँछन्, के वृक्षरोपण गर्दा यी बिजुलीका खम्बाहरू थिएनन् ? बिजुलीका खम्बा गाडिएकै थिए भने वृक्षरोपण गर्दाको अवस्थाका स-साना बोट-बिरुवाहरू ठुला र अग्ला हुन्छन् भन्ने थाहा थिएन ? विद्युत् प्रसारण लाइन र वृक्षरोपण लाइन कसरी एउटै रेखामा पर्न गए ? मेरो गिदीले प्रश्नको जवाफ खोज्न भ्याउँदैनन् । निर्दिष्ट स्थानमा पुग्ने उद्देश्यले त्यही बाटोमा म लम्केर हिँडिरहेछु ।

एकाएक मेरो अगाडि साइकल रोकिन्छ । साइकल चालक 'नमस्ते' भनेर मेरो अगाडि उभिएपछि म उनलाई चिन्छु । उनलाई देख्नेबित्तिकै मलाई आमाले अह्राउनु भएको काम सम्बन्धमा सम्झना हुन्छ । नमस्ते फिर्ता गरिसकेपछि म सोध्दछु– "विष्णुकान्तजीसँग अहिले नौ बजेतिर कहाँ भेट हुन्छ ?"

सोमनाथले जवाफ दिए – "आफ्नै फर्ममा ।"

"मलाई आज उनीसँग भेट्नु छ । म नौ बजेतिर आइपुग्छु भनेर

भनिदिनुहोस् न, ल !"

"हस् ! कता हिँड्नुभएको, टाढै ?"

"होइन, पशुपतिसम्म मात्र !"

सोमनाथ मसँग छुट्टिएर गए । म आफ्नो गन्तव्यस्थानतर्फ लागें । सोमनाथ विष्णुकान्तको सहायकका रूपमा काम गर्छन् ! विष्णुकान्त नेपालका नाम चलेका वकिलमध्येका हुन् । वकालत पेसा गरेको पन्ध्रौं वर्षभित्रमा विष्णुकान्तले आफ्नो इज्जतलाई धेरै माथि उठाइसकेका छन् । जुन पायो उही मुद्दा लिँदैनन् । जो लिन्छन् त्यसलाई सफल पनि बनाउँछन् । त्यसैले पनि उनी उच्च कोटिको वकिलका रूपमा चिनिन थालेका छन् ।

पशुपति मन्दिरको चोकमा मानिसको भिड छ । पश्चिमढोका मात्र खुलेको हुँदा दर्शन गर्न नपाएर अलमलमा परेकाहरू त्यसै मोहडातर्फ रल्लिएर बसेका छन् । म पनि एक चक्कर लगाई अवसर लिने फेरमा त्यसैतर्फ आएँ । आज बिदाको दिन परेकोले होला यो भीड भएको । बडो मुस्किलले आफ्नो उद्देश्यपूर्ति गरी त्यहाँबाट हिँडें ।

दिएको समयभन्दा केही मिनेट अगाडि नै म विष्णुकान्तको घरमा पुगें, जहाँ उनको आफ्नो निजी अफिस पनि छ । म उनको अफिसकोठामा प्रवेश गरी उनको टेबलको छेउमा गई टुसुक्क मात्र बसेको छु । यसैबिच 'बत्तीसका बत्तीस झारिदिन्छु यिनका दाँतहरू ! के खुत्याउँछन् यिनले' भन्दै विष्णुकान्त एक्कासि ममाथि खनिए ।

विष्णुकान्त ममाथि रिसाएका आँखाले हेर्न लागे । मदेखि रिसाउनुपर्ने कुनै कारण नै छैन । यसरी रिसाउनुपर्ने रहस्य मैले बुझिनँ । उनीसँग मेरो मित्रता भएको पनि पन्ध्रौं वर्ष भइसक्यो । उनको ठट्टा गर्ने बानीबाट म अनभिज्ञ छैन । तर यसरी रिसाएको भने मैले कहिल्यै देखेको थिइनँ । आज यी विष्णुकान्तलाई के भयो, मैले बुझ्न सकिनँ ।

मैले केही भन्न नपाउँदै फेरि उनले आफ्ना सहायकलाई भने– "ए सोमनाथजी ! के हेरिरहेको, ल्याउनुस् न सनासो ! फुकालिदिऊँ यिनका दाँत ! खुबै मोतीका दानाजस्ता भनेर धक्कु लाउँथे । मोतीका दाना रहेछन् कि मकैका

दाना रहेछन्, देखाइदिऊँ !"

मैले विष्णुकान्तलाई सम्बोधन गर्दै विनम्रतापूर्वक सोधेँ– "होइन विष्णु ! के भनेको तिमीले ? कसको दाँतको कुरा गरेको ?"

मतर्फ फरक्क फर्कंदै मलाई नै खाउँलाझैँ गरी भने – "तिम्रा दाँत ! तिम्रा !"

उनको झम्टाइबाट म पनि उत्तेजित भएँ र उनको भनाइलाई आक्रमण गर्दै सोधेँ – "के भनेको तिमीले ? तिमी पागल त भएनौ ? के दाँतको कुरा गरिरहेको ?"

'हो, म पागल हो ! अरू केही भन्नु छ ? ल्याउनुहोस् न सनासो । तपाईँले कान सुन्नुभएन ?"

विष्णुकान्तको आदेशअनुसार सोमनाथले सनासो ल्याई टेबलमा राखिदिन्छन् । विष्णुकान्त सनासो दाहिने हातले समाउँदै भन्छन् – "तिम्रा अगाडिका माथिल्ला चार ओटा दाँत झिकिदिन्छु । एक, दुई, तीन, चार गरी गनेर चार ओटा यो टेबलमा राख्छु । तिमी मलाई के गर्न सक्छौ ?"

"तिम्रो काम अब केही भएन र नचाहिँदो कुरा गर्न लाग्यौ ?''

'केही काम नभएर त तिम्रो दाँत झिक्न तम्सिएको म !' भन्दै बायाँ हातले मेरो च्यापु समाउन आइपुगे ।

विष्णुकान्तको यो तरिका देख्नेबित्तिकै मलाई झनक्क रिस उठ्यो । म जुरुक्क मेचबाट उठेर आफू पनि तयार हुँदै भनेँ– "तिमीले के खोजेको, झगडा गर्न ?"

उनले आफ्नो जोसपूर्ण अनुहारलाई अलिकति घटाउँदै बिस्तारै भने – "होइन, झगडा गर्न खोजेको होइन । केवल तिम्रो दाँत झिक्न खोजेको हो । जबरजस्ती अहिले म तिम्रो दाँत झिक्छु । तिम्रो दाँत झिकेबापत तिर्नुपर्ने दण्ड-जरिवाना तिर्छु । यीः दुई सय चालिस रुपियाँ ठिक्क पारेर राखेको छु ।"

टेबलमा दुई सय चालिस रुपियाँ र सनासो साथसाथै छ । मेरा अगाडिका चार ओटा दाँत, भनौँ सम्पूर्ण जीवनको सुन्दरता, जसको मूल्य नै छैन, त्यसलाई

दुई सय चालिस मूल्य निर्धारण गरी विष्णुकान्त झिक्ने तरखरमा छन् ।

यो वास्तविकता हो कि नाटक हो, मैले बुझ्न सकेको छैन । विष्णुकान्तदेखि मलाई रिस उठ्छ । म आवेशमा आएर उनलाई भन्छु – "तिम्रो दुई सय चालिस तिमी राख । मलाई आफ्नो सुन्दरता गुमाउनु छैन ।"

म रिसाउनेबित्तिकै विष्णुकान्तको अनुहार गम्भीर हुँदै आयो । मैले आफ्नो रिसलाई थाम्न नसकी उनलाई भन्दै गएँ – "तिम्रो दाँत झिक्छु र तिमीले दिने रकमभन्दा दस दोब्बर बढी दिन्छु । किन एउटा दाँतको साठी रुपियाँ मात्र ? म तिमीलाई छ सय रुपियाँ दिन्छु ! बेमतलबको दाँतको कुरा गरेर !म के काममा आएको थिएँ, कस्तो काममा आएको थिएँ, यत्रो जिम्मेवार मान्छे भएर नचाहिँदो कुरा गरेर बस्छौ ?"

उनी गम्भीर र शान्त हुँदै एउटा फाइल पल्टाउन थाले । केही बेरसम्म म पनि मौन रहेँ । उनी बिस्तारै हाँस्तै भन्न लागे –"यो फाइल यही केससम्बन्धी हो । तिमी आउँछौ भनेर सोमनाथले खबर ल्याए । तिमीसँग केही उपाय पाउँछु कि भनेर वातावरणको मात्र सृजना गरेको हुँ । नराम्रो नमान । मैले त ठट्टा गरेको हुँ ।"

उनले आफ्नो सफाइ पेस गरिनसक्दै एक अधबैँसे महिला हतारिँदै कोठाभित्र प्रवेश गर्छिन् । 'म त मरेँ वकिलबाजे !' भन्दै मेरै नजिकैको मेचमा आई बस्छिन् । हामी सबैको ध्यान तिनीतर्फ केन्द्रित हुन्छ । उनी आफ्नो टाउको समाउँदै भन्न थालिन्– "फेरि मुद्दा हारियो ! म के गरूँ ? अब त मरिगए पनि हुन्छ ! अठार वर्षसम्म मुद्दा गरियो । जुन आशाले बचाएको थियो, त्यो पनि रहेन ।"

विष्णुकान्तले तिनको कुरा सुनेर आश्चर्यचकित हुँदै भने– "के ? मुद्दा हारियो ? कसरी हरायो त ?"

ती महिलाले बिस्तारै भन्दै गइन्– "म र मेरो छोराले अंश नपाउने रे । सुरु अदालतले अंश पाउने ठहऱ्याएको हो तापनि 'अंश पाउने भन्ने बदर ठहर्छ' भनेर फैसला गरिदियो । अब के उपाय छ वकिलबाजे ? भन्नुहोस् !"

विष्णुकान्तले महिलालाई सम्झाउँदै भन्न लागे– "यो क्षत्रीयले हराउँदैमा मुद्दा बिग्रियो नै त भन्न सकिन्न । अझै जाऊँ भने दुई-तीन तह बाँकी नै छ । तर कानुनबमोजिम तपाईँको लोग्नेको चलसम्पत्ति अंशबन्डाका लागि दावी गरेर पाउन सक्नुहुन्न । यो कुरा तपाईँलाई मैले पहिले पनि भनिसकेको थिएँ ।"

मैले विष्णुकान्तको कुरा बिचैमा काट्तै भनेँ– "के स्वास्नीले लोग्नेको चलसम्पत्ति अंश नपाउने ?"

"हो, चलसम्पत्ति अड्डाले अंश दिलाइदिएको आजसम्म रेकर्ड छैन ।"

उपायको खोजी गर्दै ती महिलाले सोधिन्– "के त सर्वोच्चले स्वास्नी ठहराएर छोराको न्वारन गर्नुपर्ने गरेको फैसला बदर भयो त ? छोरा र स्वास्नी प्रमाणित गराउन तेह्र वर्ष लागेको यसै मेटियो त ?"

ती महिलाको कुरा म बिस्तारै बुझ्दै छु । चालिस वर्षकी जति अड्कल्न सकिने ती महिलाले झन्नै उनको जीवनको आधा भाग अदालत धाएर बिताएकी रहिछन् । उनको लोग्नेले 'स्वास्नी होइन' भनेर निकालेपछि समाजको भनाइ जोगाउन र हकका लागि पनि अदालतमा शरण लिन पुगिछन् । अठार वर्षसम्म पनि उनको हकको संरक्षण हुन नसकेकोमा स्वयं जिउँदै मरेको अनुभव गरेकी रहिछन् । कुरा गर्दै जाँदा बिचबिचमा उनी भन्दै जान्थिन्– "अब म के गरूँ ? मरूँ ?" उनको प्रश्नको समाधान छैन । उनको प्रश्न प्रश्न नै रहन्छ ।

विष्णुकान्त आज मसँग कुरा गर्न अठोट बाँधेर बसेको हुँदा ती महिलालाई भोलि बिहान आउने समय दिँदै बिदा गर्ने तरखरमा लाग्छन् । उनी ती महिलालाई सम्बोधन गर्दै भन्छन्– "दिदी, धेरै पीर नगर्नुहोस् ! हुने हुनामी नभई छाड्दैन । मैले तपाईँलाई जमान गरेको छु कि तपाईँको मुद्धा नसकिएसम्म म निःशुल्क मद्दत गर्छु । पिर नगर्नुहोस् ! आज म विचार गरूँ, भोलि बिहान यही समयमा सल्लाह गरौँ ।"

'हस्, हजुरकै भरमा छु है हजुर !' भन्दै विष्णुकान्तलाई प्रणाम गर्दै कोठाबाट बाहिर निस्कन्छिन् ।

सोमनाथले विष्णुकान्तलाई फाइल दिँदै भने – "यो भोलि दर्ता गर्नुपर्ने

मुद्दा भएकोले आजै वादी लेखिदिनुपर्‍यो ।"

"कुन मुद्दा ?"

"चाबहिलको मेघराजको खुट्टा भाँचिएको मुद्दा !"

"ए, ल्याउनुहोस् ।"

विष्णुकान्त मतर्फ हेर्दै भन्छन् – "कस्तो-कस्तो मुद्दा हो ? कस्तो-कस्तो कानुन हो ? म त बुझ्नै नसक्ने भइसकेँ । मानिस खुट्टा भाँचिएर अस्पतालमा छ । अवधिभित्र मुद्दा दायर नगरेर पनि भएको छैन । फेरि कानुनबमोजिम मुद्दा टुङ्गो लाग्दा पनि वादीलाई उसको खट्टाको लाख गुना कम पनि फाइदा हुँदैन । यस्तो मुद्दा त मलाई हेर्नै मन लाग्दैन । आफ्नो पक्षलाई फाइदा नहुने मुद्दा के हेर्नु !"

उनी मलाई सम्बोधन गर्दै फेरि भन्छन् – "हेर ! कथंकदाचित कुनै मूर्खले अङ्गभङ्ग गरिदियो भने अपाङ्ग हुनुबाहेक केही उपाय छैन ।"

म कानुनका बुँदा-बुँदा बुझ्न सक्तिनँ । तथापि विष्णुकान्तको भनाइ चुपचाप सुन्न पनि सकिनँ र मैले जिज्ञासापूर्वक सोधेँ – "के अङ्गभङ्ग भयो भने कानुनले सुरक्षा गर्दैन ?"

उनले तुरुन्त उत्तर दिए – "सुरक्षा त किन गर्दैन ? सुरक्षा अवश्य गर्छ, तर जति तिम्रो क्षति भएको हो त्यसको बराबर पुग्न सक्तैन ।"

विष्णुकान्तको कुरा सुनेपछि मेरो शरीरका प्रत्येक अङ्ग मैले असुरक्षित सम्झेँ । मेरो भित्री हृदयमा त्रास पैदा भयो – कोही मानिसले मेरो दाँत झारिदियो अथवा हात-खुट्टा भाँचिदियो भने म उपायरहित रहेछु, म अपाङ्ग बन्नुपर्ने रहेछ ...!

कानुन र व्यवहारमा आएको अन्तरका सम्बन्धमा विष्णुकान्तले मलाई धेरै सम्झाए, धेरै-धेरै समस्याहरू मेरा अगाडि राखे, जो उनले वर्तमानमा भोगिरहेका छन् । उनको भनाइ रहेछ, व्यवहार र कानुनमा सामञ्जस्य ल्याउनुपर्थ्यो । उनले देखाएका समस्यै-समस्याले मलाई उनीसँग प्रश्न गर्न बाध्य गरायो । त्यसैले मैले उनलाई प्रश्न गरेँ – "तिमी समस्या मात्र अगाडि राख्छौ कि समाधान पनि छ ?"

मेरो प्रश्न सुन्नेबित्तिकै विष्णुकान्त नरमाइलो किसिमबाट भन्दै जान्छन् – "तिमीलाई थाहा छ ? अशुद्धता त्यति खेर मात्र खुट्टिन्छ जति खेर शुद्धताको जानकारी हुन्छ। प्रत्येक समस्याको पछाडि समाधान छ, प्रत्येक त्रुटिको पछाडि सुधार। यो पूरक छ। मुख्यतः यसलाई पहिल्याउन गाह्रो छ।"

स्पष्ट रूपले अझ म बुझ्न सक्तिनँ उनले के भन्न लागिरहेका छन्। बुझ्दै नबुझेर पनि बुझ्ने चाख छैन ममा। म केवल उनीकहाँ मेरो घडेरी अर्काले बेदखल गरेकोमा कानुनी सल्लाह लिन गएको थिएँ, जो मैले एक-दुई पटक भनिसक्ता पनि विष्णुकान्तले ध्यान दिएका छैनन्।

विवादको विषय बदल्न चाहेर मैले उनलाई भनेँ – "आजकल कत्तिको अदालत जान्छौ ?"

"के जानु अदालत ? एउटा मुद्दा बहस गर्न महिनौँ धाउनुपर्दछ। कुनै दिन यस्तो छैन कि मुद्दा पेसी गरिएको दिन मुद्दा हेरिएको होस्। दिनभरि अदालतको चौरमा घाम ताप्यो, साँझ घर फर्कियो। अदालत गइन्छ भन्नु कि गइन्न भन्नु ? यस्तै छ !"

मैले कुनै शब्द बोल्न नपाउँदै उनी फेरि भन्दै जान्छन् – "के गर्नु अदालत गएर ? प्रायः यस्तो मुद्दा छैन जो अर्को तरहले विपरीत निर्णय नलिइएको होस् ! सुनेको थिएँ, राणाको पालामा डिट्ठा-बिचारीहरूले न्याय दिँदा बडो विचार पुऱ्याई जागिरलाई नै साक्षी राखी न्याय दिन्थे रे ! कारण, उनीहरूले छिनेको मुद्दा पाँच प्रतिशत मात्र उल्टियो भने पनि पगरी बुझाउनुपर्थ्यो रे ! आज त्यो छैन ! शतप्रतिशत मुद्दा उल्टे पनि केही फरक पर्दैन। एक मुद्दा अन्तिम भई पूर्ण निर्णय पुग्न दस वर्ष लाग्नु साधारण हुन लागिसक्यो। के गर्नु ! मनले नमानेर पनि अदालत जानैपर्छ। जो पेसा अपनाइयो त्यसलाई छोड्न पनि सकिँदैन। साथै कानुनी राज्यमा कानुनको मर्यादा राख्नुपर्छ। जस्तोसुकै त्रुटि भए पनि सहन गर्नु नै पर्छ। फेरि आफ्नो पेसा पनि यस्तै भयो। त्यसैले जस्तोसुकै भए पनि अदालत जानैपर्छ।"

विष्णुकान्तको मनभित्र गुम्सिएर बस्न नसकेका मनोव्यथा मैले सुन्ने नै निश्चय गरेँ। उनको अभिप्राय पनि यही छ कि मैले सुनूँ। मलाई थाहा छ, उनले पोखेको मनोविश्लेषणले उनलाई शान्ति प्राप्त हुन्छ।

विष्णुकान्त मेरा पुराना साथीमध्येका हुन् । केही वर्षअघि एउटै संस्थामा बसी कार्य गरेका हुँदा हामी दुई ज्यादै नजिकिन पुगेका हौँ । केवल उनी र म मात्र मित्र होइनौँ, हाम्रो दुवै घरका परिवारहरूको पनि एक-अर्कासँग त्यत्तिकै मेल छ । हामीले एक-अर्काको सहयोग निःस्वार्थ भावले गर्ने गरेका छौँ ।

यसैबिच एकजना नौलो मानिस कोठामा प्रवेश गर्छन् । विष्णुकान्तलाई नमस्कार गर्दै उनको टेबलको छेउ अर्थात् मेरो ठिक सामुन्नेको मेचमा बस्तै भन्दछन्– "बडो दुःख पाइयो वकिलसाहेब ! सर्वोच्चले हिजो हराइदियो !"

विष्णुकान्त अनौठो मान्दै भन्छन् – "के ? हराइदियो ? हार्नै नपर्ने मुद्दा !"

"यही आशामा बाह्र वर्ष गुज्रियो । हार्नै नपर्ने मुद्दा । मेरा पुर्खाको पालादेखि हिँडिरहेको बाटो, छरछिमेकी सबैलाई थाहै भएको कुरा हो । के गर्नु !"

मलाई सम्बोधन गर्दै विष्णुकान्त कुर्लिन्छन् – "लौ हेर्नुहोस् ! उहाँको मुद्दा क्षत्रीय अदातलमा जितेको, कानुनतः अन्तिम निर्णय नै भएको हो । फेरि अनुमतिबाट हराइदियो ।"

बिचैमा ती अपरिचित मानिस भन्छन्– "मात्र क्षत्रीय अदालतबाट जितेको हुँ र ? सुरुको जिल्ला अदालतबाट पनि त जितेको हुँ ! अञ्चलले पनि मेरो बाटो नै होइन त भन्न सकेन ! केवल पर्खाल लगाइसकेको हुँदा बाटो खोल्न नमिल्नेसम्म न भनेको हो ! सोह्रै आना मेरो सनातनको बाटोलाई बाटो नै होइन भनेर हिजो फैसला गरिदियो । अब भन्नुहोस् वकिलसाहेब, के गर्ने ?"

विष्णुकान्तले ती व्यक्तिलाई सोधे – "तपाईंको उमेर कति भयो बा ?"

"अब यो जेठले छपन्न लाग्छु ।"

"तपाईंको यो झगडा सुरु हुँदा कति उमेर थियो ?"

"पैतालीस वर्षको थिएँ ।"

"अब बाह्र वर्षपछि टुङ्गो लाग्यो भने तपाईं कति वर्षको हुनुहुन्छ ?"

ती व्यक्ति झर्कंदै विष्णुकान्तलाई भन्छन् – "के भनेको वकिलसाहेब ? बाटो नै छोडिदिऊँ ? अब मेरो पक्षमा न्याय नै हुँदैन त ?"

विष्णुकान्त सम्झाउँदै भन्छन्– "न्याय हुँदैन भनेर म कसरी भन्न सक्छु !

न्यायव्यवस्था प्रभावकारी बनाउन कैयौँ सिद्धान्तहरू प्रतिपादन भइराखेका छन् । न्याय सुलभ बनाउन अनगिन्ती प्रयोगहरू भइरहेछन् । न्यायसुधार गर्न विभिन्न आयोगहरू बनिरहेका छन् । यो कानुनी राज्यमा न्याय पाइँदैन भनेर भन्न सकिन्नँ । न्याय जरुर पाइन्छ, तर कसरी पाइन्छ त्यो तपाईँले भोग्नुभएको छ ।"

मप्रति सङ्केत गर्दै उनी भन्छन् – "अदालतमा मुद्दा जानुको अर्थ हो घटीमा पाँच वर्षको अमूल्य समयलाई नष्ट गर्नु । त्यो पनि सानोतिनो मुद्दा भयो र झगडियाले धेरै ताकिता गरे भने । होइन भनेर मुद्दाका लागि दस-बिस वर्ष भनेको मामुली हो । अहिले पनि चौबिस वर्षका दुईटा मुद्दा र पच्चिस वर्षको एउटा मुद्दा मेरो फर्ममा दर्ता छ । भन्नुहोस्, आजको जस्तो समयमा मानिसले यत्ति लामो अवधिसम्म मुद्दामा अल्झिरहनुपर्दछ ... ।"

बिचैमा कुरा काट्तै ती अपरिचित व्यक्ति भन्छन् – "न्याय व्यवस्था त राणाकै पालामा राम्रो थियो ! अरू विषयमा तिनीहरूले जेसुकै गरेको भए पनि न्याय दिन भने पछि हट्तैनथे । न्यायका लागि त 'स्वर्णिम युग' भने पनि हुन्छ । आज बाह्र वर्षमा नटुङ्गिएको काम बाह्र मिनेटमा टुङ्गो लाग्थ्यो ।" उनको कुरा काट्तै मैले भनेँ– "त्यो समयमा थोरै मानिस थिए । थोरै मुद्दाहरू हुन्थे । फेरि त्यो हुकुमी शासन, उनले बोलिदिए पुग्दथ्यो । अहिले त त्यो सम्भव छैन र हुँदैन पनि ।"

"गरे किन हुँदैन ? धेरै मानिसहरू छन् र धेरै मुद्दा छन् भने धेरै अड्डा- अदालत पनि त छन् ! यहाँ गरिने तरिका नै ठिक छैन । तपाईँले सुनिहाल्नुभयो मेरो मुद्दा परेको बाह्र वर्ष भयो । यो अवधिभित्र अड्डा-अदालत धाउँदा, वकिललाई दिँदा कति खर्च भयो होला ? वकिल साहेबको अहिलेको भनाइअनुसार अझ बाह्र वर्षमा पनि टुङ्गो लाग्ने स्थितिमा छैन । यसरी युगौँयुगसम्म अदालत मात्र धाउनुपर्ने, कस्तो हो यो परिस्थिति ?"

म जुन कामले विष्णुकान्तकहाँ आएको थिएँ, त्यस विषयको मैले कुरा नै गर्न पाएको छैन । मैले घडी हेरेँ । म आएको धेरै नै समय भइसकेको रहेछ । विष्णुकान्ततर्फ फर्कँदै बिस्तारै मैले भनेँ – "विष्णु ! म केही कानुनी सल्लाह लिऊँ भनेर तिमीकहाँ आएको ।"

उनले हतारिँदै भने – “अघि नै किन नभनेको ? भन ! भन !”

“अघि नै कसरी भन्ने ? आउने बित्तिकै नाटक देखाउन थालिहाल्यौ ।”

“छाडिदिऊँ यो कुरा ! मैले सोचेँ तिमी यहाँ कुरा गर्न आएको । भन, कस्तो कानुनी सल्लाह चाहियो ?”

“मेरो नगरक्षेत्रभित्र करिब दुई हजार स्क्वायरफिटको घडेरी जग्गा छ । पहिले पुर्खाको पालामा घर थियो रे ! हाल घरको चिह्नसम्म त देखिन्छ नै । सहरी क्षेत्रभित्र पहिले कुनै तिरोतिरान थिएन । तिरोतिरान नभएपछि कुनै कागजी प्रमाण हुने कुरा पनि भएन । यो पछिल्लो नापीमा घर पाताल मात्र जनाई नापी भएछ । त्यो नापी हुँदा कसैलाई कुनै वास्ता नराखी नापी भएको तिमीलाई पनि त थाहा छ ! त्यसैले त्यसमा कसैको नाम पनि जनिने कुरा भएन । अब अहिले आएर एक जनाले ‘यो मेरो घर पाताल हो’ भनी घर बनाउन नक्सा स्वीकृत गराई ल्याएछ । साँध-सिमानाका मानिसहरू मकहाँ आई खबर गरे । खुद मेरा पुर्खाको सम्पत्ति अर्काले खान लाग्यो । यसमा केही उपाय छ कि ?”

मेरो कुरा सुनेपछि विष्णुकान्तले ओठ लेप्प्याउँदै भने – “तिम्रो भन्ने कुराको प्रमाण छैन । थियो अरे भनेको भरमा मुद्दा जित्ने पनि कुरा छैन । हुन त जसले घर बनाउन नक्सापास गर्‍यो, त्यसको पनि त्यो जग्गामा प्रमाण छैन होला । किनभने वास्तविकतामा त्यो जग्गा तिम्रो हो । मुद्दा गर्न सकिन्छ र मुद्दा लाग्छ पनि । तर तिम्रो आफ्नो जग्गा आफ्नो गराउन दस-पन्ध्र वर्ष लाग्छ । समय मात्र त लागे केही छैन, पैसा पनि लाग्छ । मेरो विचारले त छोडिदेऊ ।”

“के मैले छोड्नु ? मेरो पुर्ख्यौली सम्पत्तिमा अर्काले घर बनाओस् ? के भनेको ?”

“बनाउन देऊ !दुई हजार स्क्वायरफिट जमिनका लागि बिसौँ हजार नगद लाग्छ । त्यति खर्च लागेर पनि पछि तिम्रै पक्षमा निर्णय हुनुपर्छ भन्ने कुनै ग्यारेन्टी पनि छैन । तिमी आफैँ भन्दै छौ प्रमाण छैन । अनि कसरी हुन्छ?”

"तिमीले कस्तो कुरा नबुझेका ! काठमाडौँ उपत्यकाभित्रको सहरी क्षेत्रमा पहिले तिरो थिएन । अनि कसरी प्रमाण हुन्छ ? मेरो हो भन्ने कुरा त्यहाँका साँध-सँधियार र छरछिमेकीले बताइहाल्छन् नि !"

"जतिसुकैले बताउन्, तिम्रो प्रमाणित नहुन पनि सक्छ । कति तह छ अदालतको ? तिमीलाई थाहै हुनुपर्छ । झोक या आवेशमा आएर मुद्दा दायर गर्न सजिलो छ, तर त्यसको परिणाम सहन गर्न गाह्रो छ । म त तिमीलाई मित्रको नाताले सल्लाह दिन्छु– छोडिदेऊ ।"

म कत्रो उत्साह लिएर विष्णुकान्तकहाँ आएको थिएँ । मेरो मित्र कानुन व्यवसायी छ भन्ने मलाई कत्रो घमन्ड थियो । मेरो विश्वासमा आँच आयो । उनको सल्लाहको विपरीत गई बहस गर्नु पनि मनासिब देखिनँ । मात्र मैले उनलाई सोधेँ– "के छोडि नै दिनु त ?"

उनले भने– "बिर्सनुमा कल्याण छ ! यो बुझ तिमी, जसको हातमा लौरो हुन्छ, उसैको हुन्छ वस्तु ।"

घडीतर्फ नजर बढाउँछु, दिनको बाह्र बज्न लागिसकेको रहेछ । समय धेरै बितिसकेको हुँदा फेरि अर्को दिन आउने विश्वास दिलाउँदै विष्णुकान्तसँग म बिदा लिन्छु ।

मध्य दिन छ । शून्य बाटोलाई आफू पछाडि छोड्दै म घरतर्फ बढ्दै छु । मलाई एक-एक गरी सम्झना आउँदै जान्छन् विष्णुकान्तले गरेको अभिनय, उनका कार्यालयको कुराकानी र मलाई विष्णुकान्तले दिएको कानुनी सल्लाह । सम्झँदै जाँदा मलाई झन् त्रास बढ्दै जान्छ । कतै केही पनि सुरक्षा देख्तिनँ । सबैतिर अँध्यारो नै अँध्यारो देख्छु ।

मेरा सबै साँझ र बिहानहरू चीलको पन्जाभित्रका चल्लाजस्ता छन् । मेरा सबै दिनहरू भोको गिद्धले घेरेका सिनोहरूजस्ता छन् । यस्तो असहाय परि स्थितिमा लपेटिएका मेरा वर्तमानका कथाहरू कहिल्यै नटुङ्गिने क्षितिजजस्ता छन् ।

# परिशिष्ट

'कालो सूर्य' उपन्यासको प्रकाशनपछि विभिन्न व्यक्तिहरूबाट प्राप्त मूलभूत प्रतिक्रियाहरू वर्णानुक्रमअनुसार यस्ता रहेका छन् –

'कालो सूर्य' उपन्यासले वस्तुतः सिङ्गो वर्तमानलाई आत्मसात गरेको पाइन्छ ।

*-अधीर*

*मधुपर्क, वर्ष १३ अङ्क २, असार २०३७*

'कालो सूर्य' समकालीन नेपालको प्रामाणिक विश्वब्रह्माण्ड नै हो ।

*– आई. के. शर्मा द ब्ल्याक सन, निराला प्रकाशन, २०४८*

भरत जङ्गमको 'कालो सूर्य' कृति नेपाली उपन्यासविधामा एउटा नयाँ सामाजिक उपन्यासका रूपमा देखापरेको छ । यसले नेपाल राष्ट्रभित्र देखिएका सामाजिक, राजनीतिक र आर्थिक विकृति र विसङ्गतिलाई उजागर गर्ने काम गरेको छ । परम्परित उपन्यासका पाराले आदिदेखि अन्त्यसम्म एउटै केन्द्रीय कथ्यमा आधारित भई उपन्यास रचना गर्ने परिपाटी यसमा छैन । प्रस्तुत उपन्यासमा सात दिनका सात ओटा खण्ड-खण्ड घटनाका झाँकीलाई समावेश गरेर नवीन औपन्यासिक संरचनामा यो उपन्यास रचिएको पाइन्छ। नायिकाविहीन प्रस्तुत उपन्यासमा लेखकले 'म' पात्रद्वारा सामाजिक यथार्थको वर्णन पनि गरेको पाइन्छ । यसरी प्रस्तुत उपन्यासले सामाजिक यथार्थवादी उपन्यासका रूपमा देखापरेर नेपाली औपन्यासिक परम्परामा थप योगदान पुऱ्याउन सकेको देखिन्छ। पात्रअनुसारको सहज, सरल र प्रवाहमय भाषाको प्रयोग र नयाँ औपन्यासिक शिल्पको प्रयोगद्वारा समाजको यथार्थ चित्रणमा नै प्रस्तुत उपन्यासको सम्पूर्ण शक्ति केन्द्रित भएको छ र यही नै प्रस्तुत उपन्यासको मूलभूत विशेषता पनि हो ।

*– इन्द्र उपाध्याय*

*साहित्यकार भरत जङ्गमको जीवनी, व्यक्तित्व र कृतित्व*

*शोधपत्र, २०५४*

सरल र रोचकतापूर्वक सबैले थाहा पाएको कुरा पङ्क्तिबद्ध गरिएको हुनाले नै 'कालो सूर्य' वर्तमान काठमाडौँको जीवित इतिहास बन्न पुगेको छ। यो पढेपछि हामी कति पतित वातावरण र निकृष्ट स्थितिमा बाँचिरहेका छौँ भन्ने कुरा छर्लङ्ग हुन्छ।

*– उत्तम कुँवर*

*रूपरेखा, वर्ष २१ अङ्क ६, कार्तिक २०३७*

सङ्क्रामक रोगकै रूपमा हाम्रो वर्तमानलाई सर्वाधिक रुग्ण तुल्याइरहेका केही समस्याहरू प्राञ्जल शब्दावलीमा प्रस्तुत गरेर अपरोक्ष रूपमा समाधानको शल्यक्रिया अपरिहार्य भइसकेको तथ्यतर्फ पाठकजगत्को ध्यान आकर्षित गर्न उपन्यासकार श्री भरत जङ्गमलाई 'कालो सूर्य' मा प्राप्त भएको सफलता अत्यन्त प्रशंसनीय छ। नेपाली समाजमा सफेदपोस राहुहरूले ग्रहण लागिरहेका रातमा सम्पन्न गर्ने गरेको काला कर्मकथाहरूको यथार्थ चित्रण प्रस्तुत भइरहेको 'कालो सूर्य'ले रचनाकारको लेखनीलाई प्रदान गरेको सिद्धि कर्म अनुकरणीय छैन।

देशलाई पतनको खाडलमा धकेलिरहेका समसामयिक समस्याहरूलाई प्रभावपूर्ण शैलीमा प्रस्तुत गरेर 'धामी पनि आफैँ, बोक्सी पनि आफैँ'को आहानलाई चरितार्थ गरिरहेकाहरूको छद्म भेषलाई उदाङ्ग पार्नमा 'कालो सूर्य' का लेखकलाई प्राप्त भएको अभूतपूर्व सफलताको म मुक्तकण्ठले प्रशंसा गर्दछु।

*– केदारमान व्यथित*

*कविनिकेतन कान्तिपथ,*

*कान्तिपुर, ८-८-२०३७*

विशुद्ध राजनीतिक नै त होइन, तर राजनीतिक अस्तव्यस्तताबाट जन्मिने सामाजिक-आर्थिक दुरावस्था तथा राजनीतिक बेइमानी, भ्रष्टाचार र स्वार्थान्धतामा भरत जङ्गमका उपन्यास अवलम्बित छन्।

*– कृष्णचन्द्रसिंह प्रधान*

*नेपाली उपन्यास र उपन्यासकार, २०५२*

उपन्यासको थालनीकालदेखि नै वर्तमान समयसम्ममा उपन्यासको आकार-प्रकार तथा रूपरेखाले जेजस्तो रूप लिएको देखिएको छ, तिनलाई ध्यानमा राख्ता प्रस्तुत उपन्यासलाई उपन्यासको परिभाषाभित्र पर्दैन भन्न सकिँदैन। यस

उपन्यासका सात बारहरूमध्ये कुनै बारलाई झिकिदिने हो भने त्यसको स्वर र स्वरको आरोह र अवरोहमा केही बाधा पर्न जाँदैन र यसको विषयले पाठकको मनःस्थितिसँग सम्बन्ध जोडि नै रहन्छ एकनाससँग, एकसुरसँग । वर्तमान नेपाली समाजका केही वर्गको आर्थिक जीवनको बाह्य पक्षलाई व्यङ्ग्यात्मक किसिमले लेखकबाट केलाउन सकिएकोले नै यस्तो हुन गएको हो । वर्तमान परिप्रेक्ष्यमा हाम्रो आकाशको सूर्यलाई कालो बनाइदिएको छ भन्ने कुरालाई लेखकले जुन सरल शैलीमा प्रस्तुत गरेका छन्, भविष्यमा उनको कलम अझै तीव्र हुने छ भन्ने मलाई विश्वास पनि छ ।

*– दौलतविक्रम बिष्ट*
*नयाँ बानेश्वर,*
*काठमाडौँ २०३७-९-६*

लेबलवाला आलोचक-समालोचकले जे भनुन्, 'म एउटा उपन्यासपाठक हुँ' को अभिमान अघि राखेर भन्छु – यो सगरमाथाभन्दा दुर्गम नयाँहिमालयका आविष्कारक साहित्यिक आरोही श्री भरत जङ्गमको अतुलनीय साहसपूर्ण पहिलो शिविरसम्मको पहुँच अत्यन्तै प्रशंसनीय छ, अत्यन्त सफल छ ।

*– नकुलकाजी वर्ष २, २०३८, विश्वदीप, क्रमाङ्क ८ र ९ बिर्तामोड,*
*झापा, मेची अञ्चल*

आजसम्म उपन्यासका अनेकौँ परिभाषा भए, तर कुनै पूर्ण भएनन् । त्यसैले भविष्यमा पनि उपन्यासका अझ परिभाषा थपिँदै जाने छन् भन्ने धारणा हामीले राख्नुपर्छ । उपन्यासको सार्वभौम मूल्य के हो ? आजसम्ममा परिभाषाकारहरूले उपन्यासलाई परिभाषित गर्दा मोटामोटी एउटै रूप देखिएको छ – जीवनलाई व्यापक रूपमा हेर्नु वा जीवन-जगत्को व्यापक प्रस्तुतीकरण । यो 'कालो सूर्य' नयाँ किसिमको उपन्यास हो । सात बार यसको फैलावट हो, तर सात बारको पुनरावृत्ति भइरहन्छ । त्यसैले जीवनको निरन्तरता र व्यापकताको सङ्केत 'बार' प्रयोगले गरेको छ भने यो शैली नौलो त छँदै छ, उत्कृष्ट पनि अनुभव हुन्छ । सारांशमा नेपाली उपन्यासका थुप्रै स्वरूपमा 'कालो सूर्य' ले पनि एउटा स्वरूप थपेको छ भन्नु बढी उपयुक्त हुने छ ।

*– नरहरि आचार्य बानेश्वर, काठमाडौँ २०३७ पुस २०*

भरत जङ्गम कवि हो, भरत जङ्गम उपन्यासकार हो र भरत जङ्गम राजनीतिज्ञ हो । 'कालो सूर्य' जस्तो नेपाल हल्लाउने उपन्यास भरत जङ्गमले लेख्नुभयो ।

*– परशु प्रधान, केही अनुहार केही क्षण, २०५१*

लेख्न त जे पनि लेख्न सकिन्छ, उपन्यासको नाउँमा चल्न पनि सक्छ । तर मेरो विचारले उपन्यासको तीन गुण प्रधान हुन्छ । एउटा मर्मस्पर्शिता, सत्यको उद्घाटन तथा औपन्यासिक रोचकता स्थिर राख्ने लेखन गुणवत्ता । प्रस्तुत उपन्यासमा उपन्यासको पृष्ठभूमि र तथ्यले दिएजत्तिका उक्त तीनै गुण विद्यमान छन् ।

*– भवानी भिक्षु बत्तीसपुतली २०३७-८-६-६*

प्राकृतिक वस्तुमा विकार उत्पन्न भएपछि उल्टो भान हुन्छ । चम्किलो र तेजिलो सूर्यमा कालोपना आउनु पनि एउटा विकार हो र त्यो राहुको छाप परेर मात्र सम्भव हुन्छ । यस तथ्यलाई उपन्यासकारले प्रतीकात्मक रूपबाट प्रस्तुत गरेका छन् । त्यो हो नेपालका कर्मचारीहरूको अर्थार्जन गर्ने एक मात्र मनोवृत्ति, हाम्रो देशमा विदेशी व्यापारीहरूको प्रमुख हात, न्यायपालिका र कार्यपालिकाबाट भएको उल्टो प्रतिक्रिया आदि विषयहरू सात बार (परिच्छेद) द्वारा स्पष्टिएका छन् । हाम्रो देशमा हामीले खपिराखेको आर्थिक असन्तुलन विषयक उपन्यासकारको यो प्रयास प्रशंसनीय छ ।

*– प्रो. पं. यदुनाथ शर्मा बानेश्वर, काठमाडौँ २०४१।२।१८*

नेपाली साहित्यमा यस्तै सामाजिक तथ्यपूर्ण, अनुभवको कसौटीमा निखरा जाँच्ने रचनाको प्रतीक्षामा म थिएँ । 'कालो सूर्य' ले सूचना दियो मेरा प्रतीक्षाका दिन क्रमशः घट्तै जाने । म यस्ता जागरूक, प्रगतिशील, संवेदनात्मक, देशप्रेमी नेपालीले आफ्नो आधुनिक समाजको चित्रण र विश्लेषण गरी लेखेका लेख हेर्न अझै चाहन्छु । 'कालो सूर्य' उदाएको देशमा छाएको सेतो अन्धकार सर्वत्र देखाइदिनुपर्छ । लेखकज्यू, म अझै आशा राख्छु, समाजलाई बेसरी घचघच्याउनुस् ।

*– रामकृष्ण शर्मा कलकत्ता हाइकोर्ट ६-६-१९८०*

भरत जङ्गमको 'कालो सूर्य' कृति नेपाली उपन्यासविधामा सामाजिक व्यङ्ग्यको नयाँ प्रयोग हो र नेपाली व्यङ्ग्यसाहित्यमा औपन्यासिक आयाममा नवीन प्रयास हो ।

*– डा. वासुदेव त्रिपाठी*
*अभिव्यक्ति,*
*पूर्णाङ्क २७, २०३७*

'कालो सूर्य' उपन्यासलाई स्तरको हिसाबले उत्कृष्ट, सर्वोत्कृष्ट केही भन्न सकिँदैन, तापनि एक चोटि यसको अध्ययन गर्नु सबैका लागि जरुरी छ । किनभने सहजतापूर्वक वर्णनात्मक तवरले नै सही, यसले कमभन्दा कम अहिलेको अन्याय, अत्याचार, भ्रष्टाचार र महँगीजस्ता निकम्मा चिजहरूमाथि तीव्र प्रहार गरेको छ ।

*– विश्वविमोहन श्रेष्ठ*
*समीक्षा,*
*वर्ष २१ अङ्क २२, जेठ २०३७*

तपाईंको उपन्यास (कालो सूर्य) लाई शासनारूढ व्यक्तिहरूले पढिदिए सायद उनीहरूको निभिसकेको नैतिक चेतना केही मात्रामा भए पनि पुनः जाग्न सक्थ्यो कि भन्ने लाग्छ । उनीहरू सायद आफ्नो एकान्त हृदयमा केही दोषी भावनाले ग्रस्त हुन सक्थे कि !

*–विश्वेश्वरप्रसाद कोइराला*
*चाबहिल, काठमाडौँ*
*१२ कार्तिक २०३७*

नेपाली समाजले भोग्नुपरेका विकृति र विसङ्गतिहरूको सजीव चित्रण भएको लोकप्रिय उपन्यास 'कालो सूर्य' ले प्रजातान्त्रिक मानसिकताको विकासमा महत्त्वपूर्ण योगदान दिएको छ ।

*–शेरबहादुर देउवा*
*प्रधानमन्त्री २०५२-६-१८*

उनको पहिलो उपन्यास वि.सं. २०३६ मा जब प्रकाशित भयो, तब त्यसले सारा देशमा तहल्का मच्चायो । पञ्चायती सरकारले यो उपन्यासलाई प्रतिबन्ध लगाएको थियो, तर त्यो धेरै दिन रहन सकेन ।

*– बङ्गाली साहित्यकार शेहाबउद्दीन अहमद*

*परिवर्तन,*

*वर्ष १५ अङ्क ४, २०५२*

यो उपन्यासको उद्देश्य हाम्रो देशको वर्तमान सामाजिक स्थितिमा उत्पन्न भएका विकारको रहस्योद्घाटन गर्ने हुँदा यसमा चरित्रचित्रण वा भावपूर्ण कथोपकथनको उति आवश्यकता छैन । यसमा लेखनको सफलताका निम्तिमा वर्णन गरिएको सामाजिक विकारप्रति पाठकका ह्दयमा अश्रद्धा तथा घृणा उत्पन्न गराउन सके त्यो विकार शनैः-शनैः हराएर गई समाज निष्कलङ्क हुँदै जान्छ । यसलाई पढ्ने पाठकले यसमा वर्णन गरिएका कुरालाई हेलाका दृष्टिले हेरी आफ्ना प्रत्येक कार्यले त्यसलाई निर्मूल पार्ने चेष्टा गरे सो अवश्य निर्मूल भई समाज न्यायपूर्ण स्थितिमा पुग्ने छ भन्ने आशा तथा विश्वासले लेखिएको यो वर्णनात्मक पुस्तकले मानिसका हृदयमा भएको लोभलाई निमिट्यान्न पार्न सफल हुने छ भन्ने मेरो आशा छ ।

*–सूर्यविक्रम ज्ञवाली*

*बानेश्वर, काठमाडौँ*

*१६ मार्ग २०३७*

कालो सूर्यले विसङ्गति र विकृति विरोधी आन्दोलनको उद्घोषण गरेको छ भने उपन्यासले उपन्यासको परिभाषालाई बिस्तार गरेको छ । यसमा औपन्यासिक रोचकता राख्ने गुणवत्ता छ। अब हाम्रो राम्रोभन्दा यो माटोले असल मान्छे जन्माउने छ भन्ने यो उपन्यासको मर्म हो ।

*-आर डी 'प्रभास' चटौत*

*शिरोवर्ती भरत जङ्गम, (पृ. ४४५)*

'कालो सूर्य' भित्र समाजमा बढ्दै गएको विकृति विसङ्गति, भ्रष्टाचार, कालोबजारी,

चाकडी चाप्लुसी, अहङ्कार र दम्भले ढाकेर कालो बनेको सूर्य प्रत्येक अध्यायमा देख्न पाइन्छ । यस्तो चरम अस्तव्यस्तता देख्दा एउटा राष्ट्रवादीलाई कसरी सह्य हुन्छ ? अनि आतुर बन्दैन ?

*-डा दयाराम श्रेष्ठ*

*शिरोवर्ती भरत जङ्गम, पृ. ५७२*

२०३६ सालमा प्रकाशित भएपछि 'कालो सूर्य' निरन्तर चर्चामा आयो । उपन्यासकारलाई पनि चर्चामा ल्यायो । यो उपन्यास तत्कालीन राजनीतिक दृष्टिकोण, आर्थिक विपन्नता र सामाजिक दृष्टिकोणभित्र डुबेर लेखिएकाले नै यसको गम्भीर्य र महत्त्व विशिष्ट रहन पुगेको छ । त्यसैले पनि होला विश्वका धेरै भाषामा अनूदित हुने पहिलो नेपाली उपन्यास बनेको ।

*-विष्णुविभु घिमिरे*

*शिरोवर्ती भरत जङ्गम, पृ. ५३८*

भरत जङ्गमले आफ्ना उपन्यासमा तत्कालीन राजनीतिका खेलाडीहरूले गरेको कुचक्र, अनैतिक आचरण, भ्रष्टता र अमानवीयतालाई केलाएर व्याख्या गरेका छन् । प्रशासनिक र राजनीतिक वृत्तभित्रका कुचक्रप्रति तिखो प्रहार गरेका छन् । उनको उद्देश्य र प्रयास राज्यसत्ता सञ्चालनमा भएका गल्तीहरूलाई निमटरा लगाउनु हो ।

*-डा. शास्त्रदत्त पन्त*

*शिरोवर्ती भरत जङ्गम, पृ. ५३९*

धेरै भाषामा अनूदित उपन्यास 'कालो सूर्य' को प्रकाशनताका नेपाली उपन्यास साहित्य र त्यसको प्रचार प्रसारका साथै लोकप्रियताको विशिष्ट स्थानमा स्थापित भएका भरत जङ्गमको अनि हाम्रो साहित्यको औपन्यासिकता त्यसको संरचनागत स्वरूपका बारेमा 'कालो सूर्य' का माध्यमले इतर पक्षले समेत अध्ययन गर्न पाएका छन् ।

*-ईश्वर वल्लभ*

*शिरोवर्ती भरत जङ्गम, पृ. ५५०*

त्यो राजनीतिक पृष्ठभूमिको उपन्यासमा समय त्रासदीको व्याख्या, राष्ट्रिय अवस्थाको चित्रण, अझ अन्तर्राष्ट्रिय परिस्थितिको आँकलन अनि सामाजिक विकृति विसङ्गतिलाई राजनीतिमा मुछेर साङ्गोपाङ्गो उदाङ्गो पार्न सक्ने खुबी भरत जङ्गमले राखेका छन् ।

*-डा. तुलसी भट्टराई*

*शिरोवर्ती भरत जङ्गम, पृ. ५७७*

समाजलाई यसरी नै घचघच्याउने भरत जङ्गमको कालो सूर्य त्यति नै पठनीय छ, मानवीय छ जति २०३६ सालमा थियो । अहिले पनि उत्तिकै पठनीय छ । त्यसैले यो सार्वकालिक उपन्यास हो ।

*-भुवन ढुङ्गाना*

*शिरोवर्ती भरत जङ्गम, पृ. ६०२*

भरत जङ्गमका उपन्यासमा विश्वका मानवले भोग्नुपरेका विकृति, विसङ्गतिलाई नेपाली पृष्ठभूमिका आधारमा औपन्यासिक रूप दिइएको छ । कालो सूर्य उपन्यास एक दर्जनभन्दा बढी भाषामा अनूदित भएको छ । त्यसैले उनी सबल नेपाली उपन्यासकार मात्र हैनन् अन्तर्राष्ट्रिय स्तरमा स्थापित नेपाली उपन्यासकार हुन् ।

*-डा. मोहन हिमांशु थापा*

*शिरोवर्ती भरत जङ्गम, पृ. ६११*

'कालो सूर्य' एक दर्जन भाषामा अनूदित हुनु भनेको राष्ट्रको समेत गौरवको विषय हो । भरत जङ्गम राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय साहित्यकार हुन् ।

*-डा.विष्णुराज आत्रेय*

*शिरोवर्ती भरत जङ्गम, पृ. ६३२*

जागरुक भरत जङ्गमले सामाजिक र साहित्यिक क्षेत्रमा देशको प्रतिष्ठा बढाउन पुऱ्याएको योगदानको मूल अर्थ राष्ट्रिय जागरण हो । यही जागरण प्रक्रियामा 'कालो सूर्य' का अतिरिक्त सेतो हिमकर चन्द्रसम्म देख्न पाइन्छ ।

*-श्यामदास वैष्णव*

*शिरोवर्ती भरत जङ्गम, पृ. ६३५*

आस्थाका धरोहर बन्नुपर्ने नेपाली समाज तथा प्रशासनतन्त्रका हरेक एकाइ भ्रष्टाचार, अनियमितता र आर्थिक-सामाजिक अपारदर्शिताका चक्रव्यूहमा फसेकाले राहुकेतुको धुम्रबिम्बबाट जगच्चक्षु सूर्य नै खग्रास बनेजस्तै नेपाली परिवेश र वातावरण पूरै विसङ्गत बनेको छ । न्यायालय न्याय सम्पादनको सट्टा अन्यायलाई वैधता दिन, प्रशासन आफ्ना नागरिकमाथि विदेशीहरूको हैकम स्थापित गर्न गराउन, राजनेताहरू जनताका रगत-पसिनामाथि रजाइँ गर्न, व्यापारीहरू गैरव्यावसायिक बनी कालोबजारी र शोषण गर्न, विविध विशेष क्षेत्रका विज्ञहरू आफ्नो  क्षेत्रमा घोटाला गर्न तल्लीन भएपछि राष्ट्ररूपी अस्थिपञ्जरको के अस्तित्व रहला भन्ने गम्भीर यक्षप्रश्नको उठानद्वारा असङ्गति, विकृति र विकारभित्रैबाट सुसङ्गत र सभ्य समाजको कल्पना गर्दछन् उपन्यासकार । मानव समाजका भित्रभित्रै हुर्कंदै गएका खराब वा राक्षसी प्रवृत्तिको भण्डाफोर गरी सदाचार, सहिष्णु र मानवीय मूल्यसम्पन्न कल्याणकारी राज्य संरचनाको कामना उपन्यासकारको गन्तव्य देखिन्छ ।

*प्रेमनारायण भुसाल*
*पाटन प्रज्ञा विज्ञसमीक्षित शोधपत्रिका, २०७८*

सामान्य उपन्यासको आलोकमा ‘कालो सूर्य’ पृथक् छ । साहित्य समाजको अभिन्न अङ्ग हो भन्ने कुरालाई प्रमाणित गर्न सक्षम यो उपन्यासमा नेपालको वर्तमान राजनीति, राजनीतिका खलपात्रहरू र तिनका कारणले स्खलित अर्थतन्त्रको असरबाट नेपाल र नेपालीले भोग्नु परेको पिडा अभिव्यक्त भएको छ। नेपाली साहित्य, समाज, संस्कृति, परम्परा र स्वाभिमानी युगको कल्पना केन्द्रित ‘कालो सूर्य’ प्रत्यक्ष रूपमा नारी पात्र विहीन उपन्यास हो ।

*-दीनदयाल रेग्मी,*
*स्याङ्जा*
*भाद्र १०, २०८०*

**ॐ शिवम् भूयात्**